
"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"



प्रथम आवधिक नगर विकास योजना

(आ.व. २०७७/०७८-२०८१/०८२)



बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं

२०७७

प्राविधिक सहयोग :

सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि.
कोटेश्वर, काठमाण्डौं

इमेल : sbakcenter@gmail.com
वेवसाईट : www.sbak.org.np

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार,काठमाडौं
३ नं प्रदेश, नेपाल
फोन नं. ०१-४३७२७२५

मितिः २०७७।०४।१८



शुभकामना

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार नगरपालिकाको रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थिति सहित नगरपालिकाको वस्तुगत विवरण आवश्यक हुन्छ । यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि नगरपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरुलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती आवश्यक हुन्छ । यसैको परिणाम स्वरुप यस बूढानीलकण्ठ नगरपालिकको यो आवधिक नगर विकास योजना तयार गरिएको छ । नगरको दीर्घकालीन सोच **"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"** लाई साकार पार्न तयार पारिएको यो आवधिक योजना बूढानीलकण्ठ नगरपालिकाको पहिलो आवधिक योजना हो ।

नगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरु, नीजि क्षेत्र नगरपालिकाका समग्र सरोकारवालाको सहभागितामा नगरपालिकाको समग्र विकासको लागि यो आवधिक नगर विकास योजना तयार गरिएको हो । यस आवधिक नगर विकास योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु । नगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र गर्नुपर्ने कार्यहरुको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरु तय गरिएको यस दस्तावेजले नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाई मार्गदर्शन गरी आफ्नो नगरको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

अन्त्यमा, बूढानीलकण्ठ नगरपालिकाको यस आवधिक नगर विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग गर्ने परामर्शदाता सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि. र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरुको परिश्रम र योगदानको कदर गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारीहरू तथा सामाजिक कार्यकर्ताहरुले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । नगरपालिकाका सल्लाहकारज्यूहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै सल्लाहकार श्री दुर्गाप्रसाद आचार्यज्यूले गर्नु भएको विशेष सहयोगका लागि उहाँहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो आवधिक नगर विकास योजनाको पूर्ण कार्यान्वयन हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

उद्धवप्रसाद खरेल
नगर प्रमुख

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार,काठमाडौं
३ नं प्रदेश, नेपाल
फोन नं. ०१-४३७२७२५

मितिः २०७७।०४।१८



शुभकामना

नेपालको संविधानले ३ वटा तहको सरकारहरुको व्यवस्था गरेअनुसार हाल स्थानीय तहमा नगरपालिका तथा गाउँपालिकाहरु स्थानीय सरकारको रुपमा कार्य गर्दैछन् । संविधानमा नै उनीहरुको विभिन्न जिम्मेवारीहरु सुम्पिएको छ । त्यसको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सोही प्रावधान अनुसार स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने त्यसको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ। यसै आवश्यकतालाई बोध गरी यस बूढानीलकण्ठ नगरपालिकाको लागि नतिजामा आधारित यो आवधिक नगर विकास योजना तयार गरिएको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा प्रगति भई जनताको जीवनस्तर सुधार हुने अपेक्षा गरेको छु ।

नगरपालिकाको समग्र जननिर्वाचित नेतृत्व, राजनीतिक दलहरु, नीजि क्षेत्र लगायत नगरपालिकाका समग्र सरोकारवालाहरुको सहभागितामा यो आवधिक नगर विकास योजना तयार गरिएको हो । यस योजनाले यस नगरपालिकाको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, बूढानीलकण्ठ नगरपालिकाको विकासको मार्गदर्शकको रुपमा तयार भएको यो आवधिक नगर विकास योजना तयारी कार्यमा संलग्न परामर्शदाता संस्था सुशासन तथा विकास अनुसन्धान केन्द्र र सो कार्यमा समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नु हुने सल्लाहकार श्री दुर्गाप्रसाद आचार्यज्यूलाई धन्यवाद दिन चाहन्छु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सल्लाहाकारज्यूहरु, सम्पूर्ण सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारीहरूको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।
धन्यवाद ।

रमादेवी राई
नगर उपप्रमुख

"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"
बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार,काठमाडौं
३ नं प्रदेश, नेपाल
फोन नं. ०१-४३७२७२५

मितिः २०७७।०४।१८



मन्तव्य

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले मार्ग निर्देशन गरेअनुसार स्थानीय तहले आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र सोको कार्यान्वयनको अनुगमन समेत गर्नुपर्ने हुन्छ । सोको लागि स्थानीय सरकारको रुपमा रहेको नगरपालिकाले आफ्नो कार्य क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने र सोको प्रभावकारी कार्यान्वयन समेत गर्नुपर्ने हुन्छ । सोही मर्म अनुस ार नै यस बूढानीलकण्ठ नगरपालिकाले यस आवधिक नगर विकास योजना निर्माण गरेको हो । यसको कार्यान्वयनबाट यस नगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु र यसको सफल कार्यान्वयनको लागि प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु । नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरुले यसलाई आत्मसात गरी यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुहुनेछ भन्ने पनि विश्वास लिएको छु ।

नगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरु, नीजि क्षेत्र लगायत नगरपालिकाका समग्र सरोकारवालाहरुको सहभागितामा यो आवधिक नगर विकास योजना तयार गरिएको छ । यस आवधिक नगर विकास योजनाले यस नगर क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु ।

अन्त्यमा, बूढानीलकण्ठ नगरपालिकाको प्रथम नगर विकास योजना (आवधिक नगर विकास योजना) तयारीको कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता संस्था सुशासन तथा विकास अनुसन्धान केन्द्रको परिश्रम र योगदानको कदर गर्दछु । यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारी मित्रहरूको गर्नु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु ।
धन्यवाद ।

बैकुण्ठप्रसाद सापकोटा
प्रमुख प्रशाासकीय अधिकृत

कृतज्ञता

बूढानीलकण्ठ नगरपालिकाको प्रथम नगर विकास योजना (पञ्च बर्षीय आवधिक योजना) निर्माण गर्ने अवसर प्रदान गरेकोमा यस नगरपालिका प्रति सुशासन तथा विकास अनुसन्धान केन्द्र कृतज्ञता व्यक्त गर्दछ । प्रथम नगर विकास योजना तर्जुमा गर्ने सिलसिलामा आवश्यक मार्गदर्शन प्रदान गर्नु हुने माननीय प्रदेश सांसदज्यूहरु, सल्लाहकार समूहका विज्ञ पदाधिकारीज्यूहरु लगायत यस योजना तर्जुमा प्रक्रियामा सम्लग्न प्रमुख प्रशासकीय अधिकृतहरु श्री कुमारप्रसाद कोइराला, श्री नारायणप्रसाद रिसाल तथा श्री बैकुण्ठप्रसाद सापकोटाप्रति आभार व्यक्त गर्दछु । विषयगत समितिका संयोजक लगायत पदाधिकारीज्यूहरु र नगरपालिकामा कार्यरत विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरुलाई उहाँहरुबाट प्राप्त सहयोगका लागि विशेष धन्यवाद दिन चाहन्छु । नगरपालिकाका सल्लाहकारहरु, विशेषगरी यस योजनालाई अन्तिम रुप दिने बेलासम्म विज्ञको हैसियतले सहयोग गर्नु हुने नगरपालिकाका सल्लाहकार श्री दुर्गाप्रसाद आचार्यज्यूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । आवश्यक सूचना प्रदान गर्नुका साथै प्रशासनिक पक्षमा सहयोग प्रदान गर्नु हुने योजना शाखाका वरिष्ठ अधिकृत श्री महेशप्रसाद पाठक, श्री विनोद अधिकारी तथा राजस्व शाखाका श्री अच्युत खड्कालाई पनि विशेष धन्यवाद दिन चाहन्छु । अभिमुखीकरण कार्यशालामा विज्ञका रुपमा सहभागी भई सहजीकरण गरि दिनु भएकोमा नेपाल सरकारका पूर्व सहसचिव श्री रमेशकुमार अधिकारीप्रति आभार व्यक्त गर्दछु । यो प्रथम आवधिक नगर विकास योजना तयार गर्न विज्ञको रुपमा काम गर्नु हुने श्री विष्णुप्रसाद नेपाल, डा. शेषरमण न्यौपाने, श्री कृष्णमाया रिजाल, श्री बसन्त भट्टराई तथा यस कार्यमा सहयोग पुऱ्याउने संस्थाका कर्मचारी मित्रहरु श्री राजेन्द्र श्रेष्ठ र श्री एकबहादुर गुरुङ्गहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

हेमराज लामिछाने
अध्यक्ष
सुशासन तथा विकास अनुसन्धान केन्द्र,
काठमाण्डौं

श्रावण, २०७७

बूढानीलकण्ठ नगरपालिका संक्षेपमा

नाम	बूढानीलकण्ठ नगरपालिका	
केन्द्र	हात्तिगौँडा	
स्थापना	वि.सं. २०७१ साल मंसिर १६ गते	
प्रदेश	बागमती	
जिल्ला	काठमाडौँ	
वडा सङ्ख्या	१३	
सिमाना	पूर्वमा गोकर्णेश्वर नगरपालिका, पश्चिमतर्फ टोखा नगरपालिका, उत्तरतर्फ नुवाकोट जिल्ला, दक्षिणमा काठमाडौँ महानगरपालिका	
जम्मा परिवार सङ्ख्या	३२११९ (नगर पार्श्वचित्र, २०७५ अनुसार)	
कुल जनसङ्ख्या	१५६३२९ (नगर पार्श्वचित्र, २०७५ अनुसार)	
महिला	७८५७१ (नगर पार्श्वचित्र, २०७५ अनुसार)	
पुरुष	७७७५८ (नगर पार्श्वचित्र, २०७५ अनुसार)	
क्षेत्रफल .	३४.८० वर्ग कि.मि	
भूउपयोगको अवस्था	आवास तथा वस्ती क्षेत्र	१२.६७
	कृषि क्षेत्र	६.८
	वन क्षेत्र	९.८७
	घाँसे क्षेत्र	०.२२
	झाडी क्षेत्र	५.००४
	नदीनाला तथा पोखरी	०.१७
	अन्य (बगर तथा भीर क्षेत्र)	०.०२
भौगोलिक अवस्थिति	२७°४३'१९" उत्तरी अक्षांशदेखि २७°४८'५०" उत्तरी अक्षांश र ८५°२०'९" पूर्वी देशान्तरदेखि ८५°२३'२८" पूर्वी देशान्तरसम्म ।	
उचाइ	१२८९-२७३२ (समुद्र सतह देखि)	
तापक्रम	अधिकतम ३२ डिग्री सेन्टिग्रेड र न्यूनतम ३ डिग्री सेन्टिग्रेड	
हावापानी	समशीतोष्ण	
प्रमुख जातजाती	क्षेत्री, ब्राम्हण, नेवार, तामाङ, गुरुङ, राई, मगर, शेर्पा, ठकुरी, वि.क., परियार, नेपाली आदि	
प्रमुख भाषा	नेपाली, नेवारी, तामाङ, राई, गुरूङ, मगर आदि	
प्रमुख धर्म	हिन्दु, बौद्ध, इसाई, मुस्लिम आदि	
प्रमुख व्यवसाय	नोकरी, घरेलु तथा साना उद्योग, व्यापार, कृषि, वैदेशिक रोजगारी आदि	
मुख्य बाली	धान, मकै, गहुँ, आलु, कोदो, फापर र दलहन तेलहन तथा तरकारी	
सामुदायिक भवन तथा सरकारी कार्यालय	८७ वटा	
शैक्षिक संस्था		
सामुदायिक विद्यायल	१९ वटा	
सस्थागत विद्यालय	१३० वटा	
महाविद्यालय	२ वटा	
साक्षरता	९८.६९ प्रतिशत (पूर्ण साक्षर घोषणा भएको)	
सरकारी स्वास्थ्य संस्था	८ वटा	
प्रमुख खोला नदीहरु	बिष्णुमती, बागमती, धोबी खोला, ज्याम्ले खोला, रुद्रमती, यज्ञमती	
प्रमुख पर्यटकीय स्थलहरु	बूढानीलकण्ठ मन्दिर, शिवपुरी राष्ट्रिय निकुञ्ज, नागी तथा कपन गुम्बा, दृश्यावलोकनका लागि उपयुक्त अन्य क्षेत्रहरु	

नोट : जनसंख्या तथा घरपरिवार संख्या २०७५ को घरधुरी सर्वेक्षणको आधारमा राखिएको छ ।

प्रथम नगर विकास योजना (२०७७/७८-२०८१/८२) को सारसंक्षेप

दीर्घकालीन सोच	"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"
लक्ष्य (प्रभाव तहको नतिजा)	नगरवासीको आर्थिक तथा सामाजिक अवस्थामा सुधार भएको हुने ।
उद्देश्य (असर तहको नतिजा)	(१) नगरवासीको आय आर्जनका अवसरहरुमा वृद्धि भएको हुने, (२) नगरवासीको शिक्षा, स्वास्थ्य, तथा सामाजिक सुरक्षाको अवस्थामा सुधार भएको हुने, (३) स्तरीय पूर्वाधारमा नगरवासीहरुका पहुँच वृद्धि भएको हुने, (४) वन, भूमि जलाधार तथा जैविक विविधताको दिगो उपयोग र नगरवासीको विपद् उत्थानशील क्षमतामा वृद्धि भएको हुने, (५) नगरपालिकाको सेवा प्रवाहको थप प्रभावकारी हुने र सुशासन अभिवृद्धि भएको हुने ।
अग्रणी क्षेत्र	• पर्यटन • सेवामुलक व्यवासाय
नगर विकासका मुख्य निर्देशक सिद्धान्तहरु	• दिगोपना • समावेशिता • उत्थानशीलता • हरियाली • प्रभावकारिता • भूउपयोग, वस्ती विकास र व्यवस्थित शहरीकरण • सहभागितामूलक विधि र नागरिक भावनाको सम्मान • सूचना, सञ्चार तथा आधुनिक प्रविधिको अवलम्बन • सुशासनको प्रवर्द्धन • वातावरण सन्तुलन र दीगो विकास • मानव अधिकार र सामाजिक न्याय • सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी
योजनाका प्राथमिकता क्षेत्रहरु	• भौतिक पूर्वाधार विकास • शिक्षा र स्वास्थ्यको विकास • पर्यटन विकास • घरेलु तथा साना उद्योग, व्यवसाय • कृषि तथा पशुपालन प्रवर्द्धन • सुशासन प्रवर्द्धन • कोभिड-१९
नगर विकासको प्रमुख रणनीति/ कार्यनीतिहरु	(क) नगरमा रहेका विद्यमान पूर्वाधारहरुको दीगो उपयोग तथा आवश्यक थप पूर्वाधारहरुको सन्तुलित विकास गर्ने, (ख) भू-उपयोग योजनामा आधारित भएर वस्ती विकास गर्ने तथा यसको नियमन गर्ने, (ग) भौतिक, सामाजिक/आर्थिक एवं वातावरणीय पूर्वाधार विकासमा स्थानीय स्रोतको परिचालन तथा सार्वजनिक निजी साझेदारीको अवधारणा लागु गर्ने, (घ) घरेलु तथा साना उद्योग, कृषि र व्यापारमा आधारित आर्थिक गतिविधिहरु बढाउन तथा लगानीका अवसरहरु सृजना गर्न आवश्यक नीति नियमहरु तथा पूर्वाधारहरुको निर्माण गर्ने, (ङ) विकासका कार्यक्रमहरु सञ्चालन गर्दा जनसहभागिता वा सामुदायिक परिचालन तथा स्थानीय सरकारी तथा गैर सरकारी निकायहरुको सक्रिय सहभागिता र परिचालनमा जोड दिने, (च) नगरपालिका भित्र रहेका मूर्त तथा अमूर्त कला र संस्कृतिहरुको पहिचान, संरक्षण र प्रचार प्रसार गर्ने,

(छ) पर्यटनलाई नगरको आर्थिक सम्भाव्यताको पहिलो प्राथमिकताको क्षेत्रको रुपमा विकास गर्न पर्यटन व्यवसायलाई उद्योगको रुपमा विकास गर्ने र निजी लगानी अभिवृद्धि गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने,

(ज) आवधिक योजना कार्यान्वयनका लागि आवश्यक आर्थिक श्रोतको सुनिश्चित गर्न नीजि, गैरसरकारी र सहकारी क्षेत्रसँगको साझेदारीलाई विस्तार गर्ने,

(झ) आन्तरिक राजस्व वृद्धिका लागि राजस्व सुधार कार्ययोजनाले सुझाएको विषयहरुलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने,

(ञ) आवधिक योजनाले लिएका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न वार्षिक योजना आवधिक योजनासँग तादत्म्यता हुने गरी तयार र कार्यान्वयन गर्ने,

(ट) वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक ढंगबाट तयार गर्ने,

(ठ) आवश्यकताको आधारमा योजना तर्जुमा र कार्यान्वयनमा गर्ने परिपाटीमा जोड दिने,

(ड) अनुगमन तथा मूल्याङ्कन कार्यलाई नतिजामूलक बनाउने ।

खर्च अनुमान

विषय क्षेत्रगत	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२	जम्मा	प्रतिशत
आर्थिक विकास	२०३६४०	२२४२५९	२०७३४०	२१९३५४	२२८२७२	१०८२८६५	**१६**
सामाजिक विकास	३३१३३६	३९६६१०	३६३८२१	३१८२८३	३४२३५१	१७५२४००	**२६**
पूर्वाधार विकास	६२५६००	६५२४६०	५६४६०६	५४२३६७	५८५१०३	२९७०१३६	**४४**
वन, वातावरण तथा विपद् व्यवस्थापन	१२९५००	१३३५५०	१०९९४५	११९८९०	१२६८७८	६१९७६३	**९**
संस्थागत विकास तथा सुशासन	१००१८०	६४७८०	६४८२९	७४४८३	७८९९२	३८३२६४	**६**
जम्मा	**१३९०२५६**	**१४७१६५९**	**१३१०५४०**	**१२७४३७६**	**१३६१५९७**	**६८०८४२७**	**१००**
प्रशासनिक खर्च	३०००००	३४५०००	३९६७५०	४५६२६३	५२४७०२	२०२२७१४	**२३**
कुल जम्मा	**१६९०२५६**	**१८१६६५९**	**१७०७२९०**	**१७३०६३८**	**१८८६२९८**	**८८३११४१**	**१००**

संक्षिप्त रूप (Abbreviation)

(क) नेपालीमा

आ.व.	:	आर्थिक वर्ष
कि.मि.	:	किलो मिटर
गाविस	:	गाउँ विकास समिति
गैसस	:	गैर सरकारी संस्था
व.कि.मि.	:	वर्ग किलो मिटर
बू.न.पा.	:	बूढानीलकण्ठ नगरपालिका
न.पा.	:	नगरपालिका
प्र.अ.	:	प्रधानाध्यापक
वि.व्य.स.	:	विद्यालय व्यवस्थापन समिति
रायोआ	:	राष्ट्रिय योजना आयोग
रु.	:	रुपैया
लि.	:	लिटर
हे.	:	हेक्टर

(ख) अंग्रेजीमा

CSC	:	Community Score Card
COVID-19	:	Corona Virus Disease-2019
DPR	:	Detail Project Report
EMP	:	Environment Management Plan
EIA	:	Environmental Impact Assessment
GESI	:	Gender Equality and Social Inclusion
IEE	:	Initial Environmental Examination
IOE	:	Institute of Engineering
KM	:	Kilo Meter
MoE	:	Ministry of Education
MTMP	:	Municipal Transport Master Plan
NA	:	Not Available
NPC	:	National Planning Commission
NUDS	:	Nation Urban Development Strategy
O & M	:	Organization and Management
PTA	:	Parent Teacher Association
SIP	:	School Improvement Plan
WASH	:	Water, Sanitation and Hygiene

विषय सूची

१ परिच्छेद एक : परिचय १

१.१ पृष्ठभूमि १
१.२ आवधिक विकास योजनाको औचित्य २
१.३ योजनाका विशेषताहरू ४
१.४ उद्देश्यहरू ५
१.५ आवधिक योजना तर्जुमाको क्षेत्र ६
१.६ अध्ययनका सीमाहरू ६

२ परिच्छेद दुई : आवधिक योजना तर्जुमा प्रक्रिया तथा विधि ७

२.१ योजना तर्जुमा सम्बन्धी पूर्वतयारी ७
२.२ पूर्वतयारी र दीर्घकालीन सोच कार्यशाला सञ्चालन ७
२.३ विषयगत कार्यशालाहरू ८
२.४ वडा तहको परामर्श तथा छलफल कार्यक्रम १०
२.५ सरोकारवालाहरूसँगको छलफल १०
२.६ मस्यौदा दस्तावेज तयारी १०
२.७ मस्यौदा दस्तावेज माथि छलफल कार्यक्रम १०
२.८ मस्यौदा दस्तावेज माथि अन्तिम छलफल कार्यक्रम १०
२.९ नगर कार्यपालिकाबाट दस्तावेजको अनुमोदन ११
२.१० नगरसभाबाट दस्तावेजको अनुमोदन ११
२.११ योजना तर्जुमा प्रक्रियाको सारसंक्षेप ११

३ परिच्छेद तीन : नगरपालिकाको समग्र अवस्था विश्लेषण १३

३.१ नगरपालिकाको सामान्य परिचय १३
३.२ जनसंख्याको अवस्था १३
३.३ नगर विकासको अग्रणी क्षेत्रहरू १५

४ परिच्छेद चार : आवधिक योजनाको अवधारणा १९

४.१ पृष्ठभूमि १९
४.२ परिमाणात्मक लक्ष्य २०
४.३ एकीकृत नतिजा खाका २१
४.४ नगर विकासका मुख्य निर्देशक सिद्धान्तहरू २८
४.५ प्राथमिकताका क्षेत्रहरू ३०
४.६ सहयोगी निकाय तथा क्षेत्रहरू ३३
४.७ नगर विकासको समग्र रणनीति तथा कार्यनीति ३४

५ परिच्छेद पाँच : आर्थिक विकास योजना ३७

५.१ पृष्ठभूमि ३७
५.२ अवसर र सम्भावना विश्लेषण ३९
५.३ समस्या विश्लेषण ४०
५.४ नतिजा खाका ४२
५.५ रणनीति तथा कार्यनीति ४४
५.६ प्रमुख कार्यक्रमहरू ४६
६ परिच्छेद छ : सामाजिक विकास ५७
६.१ पृष्ठभूमि ५७
६.२ अवसर र सम्भावना विश्लेषण ६१
६.३ समस्या विश्लेषण ६२
६.४ नतिजा खाका ६५
६.५ रणनीति तथा कार्यनीति ७४
६.६ प्रमुख कार्यक्रमहरू ७८
७ परिच्छेद सात : भौतिक पूर्वाधार विकास योजना ९१
७.१ पृष्ठभूमि ९१
७.२ अवसर र सम्भावना विश्लेषण ९२
७.३ समस्या विश्लेषण ९२
७.४ नतिजा खाका ९५
७.५ रणनीति तथा कार्यनीति ९८
७.६ प्रमुख कार्यक्रमहरू १००
८ परिच्छेद आठ : वन, वातावरण तथा विपद् व्यवस्थापन १०३
८.१ पृष्ठभूमि १०३
८.२ सवल तथा अवसर र कमजोर तथा बाधाहरूको विश्लेषण १०४
८.३ समस्या विश्लेषण १०५
८.४ नतिजा खाका १०६
८.५ रणनीति तथा कार्यनीति १०८
८.६ प्रमुख कार्यक्रमहरू १११
९ परिच्छेद नौ : संस्थागत विकास र सुशासन ११५
९.१ पृष्ठभूमि ११५
९.२ अवसर र सम्भावना विश्लेषण १२०
९.३ समस्या विश्लेषण १२१
९.४ नतिजा खाका १२२
९.५ रणनीति तथा कार्यनीति १२६
९.६ प्रमुख कार्यक्रमहरू १२९
१० परिच्छेद दश : लागत तथा श्रोत अनुमान १३१

१०.१ पृष्ठभूमि.....१३१
१०.२ राजस्व परिचालनको अवस्था विश्लेषण.....१३१
१०.३ खर्चको अवस्था विश्लेषण.....१३२
१०.४ चालु खर्चको अवस्था विश्लेषण.....१३३
१०.५ लागत अनुमान.....१३५
१०.६ राजस्व अनुमान.....१३७
११ परिच्छेद एघार : अनुगमन तथा मूल्याङ्कन योजना.....१३९
११.१ पृष्ठभूमि.....१३९
११.२ अनुगमन संयन्त्र.....१३९
११.३ अनुगमन विधि.....१४०
सन्दर्भ सामाग्रीहरु.....१४३

तालिकाहरू

तालिका २.१ : आवधिक योजना तर्जुमाका मुख्य मुख्य क्रियाकलापहरू.....११
तालिका ३.१ : जनगणना २०४८ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण.....१४
तालिका ३.२ : जनगणना २०५८ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण.....१४
तालिका ३.३ : जनगणना २०६८ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण.....१४
तालिका ३.४ : घरधुरी सर्वेक्षण २०७५ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण.....१५
तालिका ३.५ : उमेर समूह अनुसार जनसंख्याको विवरण.....१५
तालिका ४.१ : योजनाको परिमाणात्मक लक्ष्य.....२०
तालिका ४.२ : एकीकृत नतिजा खाका.....२१
तालिका ४.३ : संक्रमण रोग लक्षित विशेष कार्यक्रम.....३२
तालिका ५.१ : आर्थिक विकास सम्बन्धी अवसर र सम्भावना विश्लेषण.....३९
तालिका ५.२ : आर्थिक विकास सम्बन्धी समस्या विश्लेषण.....४०
तालिका ५.३ : आर्थिक विकास क्षेत्रको क्षेत्रगत नतिजा खाका.....४२
तालिका ५.४ : आर्थिक विकास सम्बन्धी रणनीति तथा कार्यनीति.....४४
तालिका ५.५ : कृषि विकास उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....४६
तालिका ५.६ : पशु विकास उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....४८
तालिका ५.७ : घरेलु तथा साना उद्योग व्यवसाय उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....५०
तालिका ५.८ : पर्यटन विकास उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....५१
तालिका ५.९ : सहकारी तथा वित्तीय संस्था उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....५५
तालिका ६.१ : सामाजिक विकास सम्बन्धी अवसर र सम्भावना विश्लेषण.....६१
तालिका ६.२ : सामाजिक विकास सम्बन्धी समस्या विश्लेषण.....६२
तालिका ६.३ : सामाजिक विकास क्षेत्रको क्षेत्रगत नतिजा खाका.....६५
तालिका ६.४ : सामाजिक विकास सम्बन्धी रणनीति तथा कार्यनीति.....७४
तालिका ६.५ : शिक्षा उपक्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....७८
तालिका ६.६ : स्वास्थ्य उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....८०
तालिका ६.७ : खानेपानी तथा सरसफाई उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....८२
तालिका ६.८ : महिला, बालबालिका तथा लक्षित समुह उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....८३
तालिका ६.९ : युवा तथा खेलकुद विकासका उपक्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....८८
तालिका ६.१० : धर्म तथा संस्कृति उपक्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान.....८९

तालिका ७.१ : भौतिक पूर्वाधार विकास सम्बन्धी अवसर र सम्भावना विश्लेषण ९२
तालिका ७.२ : भौतिक पूर्वाधार विकास सम्बन्धी समस्या विश्लेषण ९३
तालिका ७.३ : भौतिक पूर्वाधार विकास सम्बन्धी क्षेत्रगत नतिजा खाका ९५
तालिका ७.४ : भौतिक पूर्वाधार विकास सम्बन्धी रणनीति तथा कार्यनीति ९८
तालिका ७.५ : भौतिक पूर्वाधार विकास क्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान १००
तालिका ८.१ : वन, वातावरण तथा विपद् व्यवस्था सम्बन्धी अवसर र सम्भावना विश्लेषण १०४
तालिका ८.२ : वन, बातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी समस्या विश्लेषण १०६
तालिका ८.३ : वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रगत नतिजा खाका १०६
तालिका ८.४ : वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी रणनीति तथा कार्यनीति १०८
तालिका ८.५ : वन वातावरण उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान १११
तालिका ८.६ : भू–संरक्षण तथा विपद् जोखिम व्यवस्थापन उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान ११३
तालिका ९.१ : संस्थागत विकास र सुशासन सम्बन्धी अवसर र सम्भावना विश्लेषण १२०
तालिका ९.२ : संस्थागत विकास र सुशासन सम्बन्धी समस्या विश्लेषण १२१
तालिका ९.३ : संस्थागत विकास र सुशासन सम्बन्धी क्षेत्रगत नतिजा खाका १२२
तालिका ९.४ : संस्थागत विकास र सुशासन सम्बन्धी रणनीति तथा कार्यनीति १२६
तालिका ९.५ : संस्थागत विकास र सुशासन क्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान १२९
तालिका १०.१ : नगरपालिकाको राजस्व परिचालनको अवस्था (रकम रू.) १३१
तालिका १०.२ : नगरपालिकाको खर्चको अवस्था विश्लेषण (रकम रू.) १३३
तालिका १०.३ : नगरपालिकाको चालु खर्चको विवरण (रकम रू.) १३४
तालिका १०.४ : आवधिक योजनाको क्षेत्रगत लागत अनुमान १३५
तालिका १०.५ : आवधिक योजना कार्यान्वयनको लागि शीर्षकगत राजस्व अनुमान (रकम रू. हजारमा) १३७
तालिका ११.१ : अनुगमन खाका १४०

अनुसूचीहरू

अनुसूची १ : पूर्वतयारी कार्यशाला गोष्ठीको संक्षिप्त प्रतिवेदन १४७
अनुसूची २ : पूर्वतयारी कार्यशाला गोष्ठीको कार्यक्रम तालिका १५३
अनुसूची ३ : आवधिक नगर विकास योजना तर्जुमा पूर्वतयारी कार्यशालाका सहभागीहरू १५४
अनुसूची ४ : दुरदृष्टि निर्माण कार्यशालाका सहभागीहरूको विवरण १५८
अनुसूची ५ : वडास्तरीय छलफलमा पहिचान भएका समस्याहरू र प्राप्त सुझावहरू १५९
अनुसूची ६ : वडास्तरीय छलफलका सहभागीहरू १६४
अनुसूची ७ : अन्तिम कार्यशालाका सहभागीहरू १६७
अनुसूची ८ : आवधिक योजना तर्जुमाका सन्दर्भमा भएका विभिन्न छलफल तथा बैठकहरूको विवरण १६९
अनुसूची ९ : निर्वाचित जनप्रतिनिधिहरुको विवरण १७०
अनुसूची १० : नगरपालिकाका सल्लाहकार समूहका सदस्यहरू १७२
अनुसूची ११ : सुशासनका औजारहरू सम्बन्धी जानकारी १७३
अनुसूची १२ : कार्यक्रम तथा कार्यशाला गोष्ठीका केही झलकहरू १७७

परिच्छेद एक : परिचय

१.१ पृष्ठभूमि

योजना भनेको कुनै खास लक्ष्य वा उद्देश्य हासिल गर्नको लागि एउटा प्रणालीबद्ध रुपमा सञ्चालन गरिने क्रियाकलापहरुको समूह हो जसले के गर्ने कति गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसरी गर्ने जस्ता प्रश्नहरुको उत्तर दिन्छ। विकास योजना भनेको कुनै खास समय भित्र खास उद्देश्य हासिल गर्नको लागि प्राप्त स्रोतहरुको व्यवस्थित व्यवस्थापन हो । योजनाबद्ध विकासको अवधारणा सबैभन्दा पहिले सन् १९२८ मा पूर्व सोभियत संघमा शुरु भएको थियो । सन् १९२० को दशकको महामन्दिसँगै योजनाबद्ध विकासको अवधारणा संसारभर लोकप्रिय बन्दै गयो र संसारका थुप्रै देशहरु तीब्ररुपमा आर्थिक गतिविधिहरु सञ्चालन गर्न बाध्य बनेका थिए । उनीहरुले आफ्नो देशलाई वैदेशिक उत्पादनसँग प्रतिस्पर्धी बनाउन, घरेलु उत्पादनको संरक्षणमा जोड दिनको लागि योजनाबद्ध विकासलाई जोड दिए ।

सन् १९२८ मा सोभियत संघबाट शुरु भएको योजनाबद्ध विकासको अवधारणाको शुरुवात नेपालमा भने वि.सं. २०१३ मा भएको थियो । विभिन्न कारणले विभिन्न समयमा केहि त्रिवर्षीय योजना पनि कार्यान्वयनमा आएका थिए । हाल नेपालले १५ औं पञ्च बर्षीय योजना कार्यान्वयन गरिरहेको छ । बीसौँ शताब्दी पहिलो आधा शताब्दीसम्म योजना तर्जुमा कार्य विकासलाई नयाँ रुपमा निर्देशित गर्ने एउटा राष्ट्रिय वा स्थानीय कानूनको रुपमा युरोप भरि फैलियो र युरोपियन सरकारहरु प्रत्यक्ष रुपमा श्रमिक वर्गको लागि घरहरु निर्माण र आवास निर्माणको लागि स्थानहरुको छनौटमा संलग्न भए । अमेरिकामा भने स्थानीय योजना न्ययोर्क सिटि जोनिङ कानूनको रुपमा शुरु भयो । अध्ययनको हिसाबले सन् १९०० को दशकमा स्थानीय योजनाको रुपमा शहरी योजना अध्ययनको एउटा विधाको रुपमा देखा पऱ्यो । यसको शुरुवात बेलायतमा सन् १९०९ मा लिभरपुल विश्वविद्यालयमा भएको थियो भने अमेरिकाको हावर्ड विश्वविद्यालयमा सन् १९२४ मा यसको पढाई शुरु भएको थियो । विश्वविद्यालय अनुसार यसको पाठ्यक्रममा व्यापक मात्रामा विविधता रहेको पाइन्छ । कुनै शहरी योजनाको अध्ययनको पाठ्यक्रमले भौतिक संरचनाहरुको ढाँचा (Physical Design) र भू-उपयोगमा जोड दिइको पाईन्छ भने अरुहरुले विशेषगरी विद्यावारिधी पछिको अध्ययनमा भने सामाजिक विज्ञानलाई जोड दिएको पाइन्छ ।

सन् १९५० को दशकमा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता लिए पश्चातमात्र नेपालमा अन्तर्राष्ट्रिय प्रभावहरु पर्न थालेको हो । सन २००० देखि २०१५ सम्मको लागि सहश्राब्दी विकासका आठवटा लक्ष्यहरु कार्यान्वयनमा आएको थियो र यसमा नेपालले राम्रो प्रगति पनि गरेको थियो । हाल कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्यको दस्तावेजले सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना (Envision) गरेको छ । सन् २०३० सम्मको लागि तय गरिएको लक्ष्यमा पुग्नका लागि नीजि तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने र जिम्मेवार बनाउने भूमिका तिनै तहको सरकारको हो । दिगो विकास लक्ष्यहरु अन्तरगत १७ वटा लक्ष्यहरु र १६९ वटा परिमाणात्मक लक्ष्यहरु निर्धारण गरिएकाछन् ।[१]

[१] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरु वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-३०, डिसेम्बर, २०१७

राष्ट्रिय वा प्रादेशिक वा स्थानीय तहको लागि तर्जुमा गरिने योजना दीर्घकालीन (२० देखि २५ वर्ष)को सोच, लक्ष्यमा आधारित हुनु पर्दछ । त्यसको लागि मध्यमकालीन (सामान्यतया ५ देखि ७ वर्षको) योजना निर्माण गर्नु आवश्यक हुन्छ भने त्यसको कार्यान्वयन वार्षिक योजना मार्फत गरिन्छ । यसको साथै आवधिक योजना कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने प्रावधान पनि नेपालको प्रचलित योजना तर्जुमा पद्धतिमा व्यवस्था गरिएको छ ।

नेपालको संविधान, २०७२ मा संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था रहेको छ । तीनै तहका सरकारका अधिकार तथा जिम्मेवारीको व्यवस्था संविधानको अनुसुचि ६ देखि ९ सम्म गरिएअनुसार स्थानीय तहको अधिकार तथा जिम्मेवारी सम्बन्धी व्यवस्था अनुसुचि आठ (एकल अधिकार) र अनुसूची नौं (साझा अधिकार) मा गरिएको छ । यिनको कार्यान्वयनका लागि विभिन्न ऐन तथा नियमावलीहरुको निर्माण गर्ने तथा कार्यान्वयन गर्ने प्रक्रिया कायमै रहेका छन् । स्थानीय तहको जिम्मेवारीहरुको व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विस्तृत रुपमा व्याख्या गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्रको विकासका लागि योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । सो दफाको उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन, दीर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ । यहि कानूनी प्रावधानको परिपालना गर्न तथा जनताको विकासको आकांक्षा पुरा गर्न बूढानीलकण्ठ नगरपालिकाले नगरको समग्र विकासको लागि आगामी ५ वर्ष विकासको दिशा निर्दिष्ट गर्ने उद्देश्यले ५ वर्षे आवधिक नगर विकास योजना तर्जुमा गरेको छ ।

स्थानीय योजना स्थानीय विकासको लागि मात्र होइन की राष्ट्रिय विकासको लक्ष्यहरु प्राप्त गर्न सहयोग पुऱ्याउने एउटा औजार पनि हो । त्यसैले **"प्रथम नगर विकास योजना"** (आर्थिक बर्ष २०७७/७८ देखि २०८१/८२) नाम दिइएको यो योजना तयार गर्दा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादात्म्यता हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई समेत ध्यान दिइएको छ । नतिजामा आधारित यो आवधिक योजनाले आगामी ५ वर्ष पछिको नगरपालिकाको विकासको अवस्था निर्धारणको गर्नुको साथै सोको लागि आवश्यक रणनीति तथा कार्यनीतिहरु, सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा परियोजनाहरु र त्यसका लागि आवश्यक पर्ने स्रोतहरुको समेत अनुमान गरिएको छ । नगरपालिकाको समग्र विकास तथा कानूनी परिपालना लागि नगरपालिकाले वार्षिक रुपमा बनाउनु पर्ने र कार्यान्वयन गर्नुपर्ने वार्षिक योजना तर्जुमा गर्न यो आवधिक योजना एउटा मार्गदर्शक दस्तावेज हुनेछ ।

१.२ आवधिक विकास योजनाको औचित्य

नेपालको इतिहासमा पहिलो पटक लिखित रुपमा आर्थिक वर्ष २०१३/१४ देखि २०१७/१८ सम्मको लागि आवधिक योजना तयार गरिएको थियो जसको अनुमानित लागत रु. ३३ करोड रहेको थियो । नेपाल सरकारको अर्न्तराष्ट्रिय प्रतिबद्धता अनुरुप वि.स. २०८७ सम्ममा दिगो विकास लक्ष्या हासिल गर्नुपर्ने हुन्छ । विकासका सबै आयामहरुमा कसैलाई पनि पछि नछोड्ने प्रतिवद्धता बमोजिम दिगो विकास लक्ष्यहरुलाई नगरपालिकाको आवधिक योजनामा समेत आन्तरिकीकरण र स्थानीयकरण गर्नु बाञ्छनिय हुन्छ । आर्थिक सामाजिक विकासमा छोटो अवधिमै फड्को मार्दै अगाडि बढ्दै वि.सं. २०७९ सम्ममा नेपाललाई अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नती, वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै वि.सं. २१०० साल

सम्ममा नेपाललाई उच्च-मध्यम आय भएको[२] मुलुकमा पुऱ्याई **"समृद्ध, नेपाल, सुखी नेपाली"** को साझा राष्ट्रिय आकांक्षा पुरा गर्न सहयोग पुऱ्याउने दीर्घकालीन सोच सहित नगरपालिकाको आवधिक योजनाले योगदान गर्न जरुरी हुन्छ। त्यसैले यस आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य तथा क्रियाकलापहरुले दिगो लक्ष्य हासिल गर्ने तर्फ लक्षित रहनु अपरिहार्य हुन्छ ।

दिगो विकास लक्ष्यहरुको स्थानीयकरण गरी निर्दिष्ट लक्ष्यहरु हासिल गर्न स्थानीय सरकारहरुको भूमिका अहम हुन्छ। सार्वजनिक सेवाहरु जस्तै आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपूर्ति र सरसफाई, कृषि, आधारभूत पूर्वाधारहरु र सामाजिक सुरक्षा जस्ता सेवाहरु स्थानीय तहमार्फत प्रदान गरिदै आएको छ। त्यसैगरी संविधानले दिएको राजस्व सम्बन्धी अधिकार मार्फत हुने स्रोत परिचालनले दिगो विकास लक्ष्य हासिल गर्न लगानी बृद्धि गर्न सहयोग पुग्ने अवस्था छ। त्यसैगरी विकासको असमान अवस्थालाई दृष्टिगत गर्दा दिगो विकासका लक्ष्यहरुको प्राथमिकीकरण गर्न स्थानीय तहहरु सफल हुनेछन। स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको सक्रिय सहभागिता सुनिश्चित भई प्रभावकारी सेवा वढी सुनिश्चित हुनसक्छ। साथै स्थानीय तह मार्फत कार्यक्रम कार्यान्वयन हुँदा विकासको प्रतिफलमा "कसैलाई पनि पछि पारिने छैन" भन्ने सिद्धान्तमा आधारित र विकासको परिणाम समतामूलक बनाउन गरीबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनु आवश्यक छ।[३] यसर्थ, दिगो विकास लक्ष्यहरु निर्धारित समयमा हासिल गर्न स्थानीय तहका सरकारहरुको योजनाबद्ध रुपमा नतिजामा आधारित भएको आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य भएकोले बूढानीलकण्ठ नगरपालिकाको यो आवधिक नगर विकास योजना तर्जुमा गरिएको हो ।

नेपालका पुराना शहरहरू अनियन्त्रित र अव्यवस्थित शहरीकरणका कारण यातायात, ढल, विभिन्न किसिमका प्रदूषणको साथै खुला स्थान तथा शहरी सौन्दर्यको अभाव खट्किन गएको छ। त्यस्ता शहरहरुलाई व्यवस्थित बनाउनु अहिले एउटा ठूलो चुनौती बनेको छ। यस बूढानीलकण्ठ नगरपालिकाले पनि बेलैमा विचार नपुऱ्याए त्यस्तै परिस्थितिको सामना गर्नुपर्ने छ। नगरपालिकालाई त्यस्तो अवस्थाबाट गुज्रन नदिन बेलैमा योजनाबद्ध विकासको खाँचो पर्दछ । यहि कुरालाई ध्यानमा राखी बूढानीलकण्ठ नगरपालिकाले नगरका सम्पूर्ण सरोकारवालाहरुको सहभागिता तथा सल्लाह सुझाव अनुसार यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण क्षेत्र तथा सुशासन तथा संस्थागत विकासका साथ साथै नागरिकले प्राप्त गर्ने सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी बनाउन समेत महत्वपूर्ण भूमिका खेल्ने विश्वास नगरपालिकाले यो योजना निर्माण गरेको हो । यस योजनाको कार्यान्वयनबाट शहरीकरणलाई व्यवस्थित बनाउँदै लैजान र नगरको शहरी सौन्दर्य अभिवृद्धि गर्ने तथा सहि रुपमा दिशानिर्देश गर्दै शहरीकरणलाई दीगो, स्वस्थ, समयानुकूल बनाउन समेत योगदान पुग्ने अपेक्षा गरिएको छ।

---

[२] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजना, २०७६

[३] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरु वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-३०, डिसेम्वर, २०१७

नेपाल सरकारको पन्ध्रौँ योजनामा पनि स्थानीय तहको भूमिका र सहयोगको अपेक्षा उल्लेख गरिएको छ । पन्ध्रौँ योजनाको आधार पत्रमा स्थानीय तहले संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य र उद्देश्य प्राप्ति गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार तयार गर्नेछ । त्यसैगरी सो आधारपत्रमा यसका लागि समावेशी प्रतिनिधित्व, साधनस्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँचसँगै अन्तरतह साझेदारी कायम गरिनेछ भन्ने उल्लेख छ । नागरिकलाई आधारभूत सेवा प्रवाह गर्ने कार्यमा स्थानीय तहको प्रमुख भूमिका हुनेछ । यस तहले संघ र प्रदेश तहको योजना तथा नीति अनुरुपको नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्नेछ । आवश्यकता बमोजिम स्रोत साधनको परिचालन तथा लगानीको उपयुक्त वातावरण सिर्जना गरी नागरिकको जीवनस्तर सुधारको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेछ । स्थानीय तहमा एकीकृत सोचका साथ ग्रामिण विकास र स्थानीय पूर्वाधारमा लगानी वृद्धि गरिनेछ । प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुऱ्याउनु पर्ने, शिक्षा, स्वास्थ्य, विद्युत खानेपानी तथा सरसफाई लगायत सेवा सुविधाको प्रत्याभूति गर्न स्थानीय तहको मूख्य भूमिका रहनेछ । यसका लागि स्थानीय तहले नीजि, गैर सरकारी तथा सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्नेछ । शान्ति सुरक्षा रोजगारी अभिवृद्धि तथा मानव स्रोतको क्षमता विकासमा स्थानीय तहको सहयोगी भूमिका रहनेछ । स्थानीय तहबाट प्रवाह हुने सेवालाई समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामूखी र स्वाबलम्बी बनाउँदै स्थानीय सुशासन कायम गरिनेछ ।

साथै, शुद्ध खानेपानीको पर्याप्त उपलब्धता र औसत खपतमा वृद्धि, विद्युत उपलब्धता र उपभोगको स्तरमा वृद्धि, गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि, रोजगारमूलक शिक्षाको विकास, स्वास्थ्य स्तरमा वृद्धि, अस्पताल, प्राथमिक सेवा र विशिष्टिकृत सेवा तथा जनशक्तिको उपलब्धता, कृषिमा तरकारी उत्पादन गरी रोजगारी, भूमि उपयोग र तरकारी आयत प्रतिस्थापन, पर्यटन क्षेत्रको विकास गरी रोजगार सिर्जना, लघु तथा साना उद्योगको प्रवर्द्धन जस्ता क्षेत्रको विकासका संभावना र अवसरहरुको पहिचान गरी नगरपालिकाले प्राथमिकताका आधारमा लगानी गर्न यो आवधिक योजना सहयोगी सिद्ध हुने अपेक्षा सहित यो योजना तयार गरिएको हो ।

१.३ योजनाका विशेषताहरू

यस योजना बढी भन्दा बढी यथार्थपरक र सबैको अपनत्व अभिवृद्धि हुनेगरी तयार पारिएको छ । यस योजनाका प्रमुख विशेषताहरु यसप्रकार रहेका छन् ।

- योजना तर्जुमामा सहभागितामूलक योजना तर्जुमा पद्धति (Participatory Approach) अवलम्बन गरिएको छ । नगरका विभिन्न वडाका विभिन्न लक्षित समुदायसँग सम्बन्धित क्षेत्रमा गई सहभागितामूलक ढंगमा छलफल गरी योजना तर्जुमा प्रक्रियामा समुदायस्तरसम्मको सहभागिता सुनिश्चित गरिएको छ । कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको सहभागितामा पटक–पटक छलफल, अन्तरक्रिया गरी सर्वसम्मत ढंगले सर्वोत्तम विकल्पमा साझा सहमति गर्दै योजना दस्तावेज तयारी गर्ने प्रक्रिया अघि बढाइएको थियो । यस आवधिक योजना तर्जुमाको क्रममा आयोजना गरिएको विभिन्न छलफल तथा बैठकहरुको विवरण *अनुसुचि ९* मा प्रस्तुत गरिएको छ ।
- आगामी पाँच वर्ष पछिको नगरपालिकाको अपेक्षित चित्र/अवस्था हासिल गर्नेतर्फ दिशानिर्देश गर्ने प्रयास गरिएको छ ।
- संघीय सरकारको १५ औँ योजना तथा प्रदेशस्तरको आवधिक योजनाको आधारपत्रमा उल्लेखित दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरूसँग तादात्म्यता कायम हुने गरी सूचनामा आधारित भई योजना तर्जुमा गरिएको छ ।

- उपलब्ध तथ्याङ्कहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion-GESI) को अवधारणालाई आत्मसात गरिएको छ ।
- कृषि, पर्यटन, उद्योग व्यवसाय लगायतका यस नगरपालिकाका सम्भाव्य क्षेत्रहरूमा व्यवसायिक र दीगो विकासका लागि विपद् प्रतिरोधी पूर्वाधार आवश्यक छ भन्ने मान्यतामा आधारित रही स्थान अनुकुलको ढाँचा तथा स्थानीयस्तरका प्रमुख विपद्हरू प्रतिरोध गर्नसक्ने क्षमतामा प्रस्ताव गरिएको छ ।
- नगरपालिकामा भइरहेको शहरीकरणको गतिलाई पहिले भन्दा व्यवस्थित, नियन्त्रित, दिगो र पहिले भन्दा बढी शहरी सौन्दर्य समेत हासिल गर्ने दृष्टिकोण सहितका कार्यक्रमहरूलाई समावेश गरिएको छ ।
- यो योजना नगरपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै सबै खालका योजनालाई दिशानिर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको छ ।
- स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ/नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरुका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्नसक्ने विषयहरु समेत तोकेको छ । यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरु समेतलाई ध्यान दिइएको छ ।
- यो आवधिक योजना तर्जुमा नतिजा मूलक योजना तर्जुमा पद्धतिमा आधारित भएर गरिएको छ । हरेक विषयगत क्षेत्रको प्रभाव, असर, प्रतिफल, हालको अवस्था तथा आगामी पाँच वर्षपछिको अवस्था झल्काउन सूचकहरूको प्रयोग गरिएको छ । योजनाको अनुगमन, मूल्याङ्कनका क्रममा यी सूचकहरूलाई आधार मानिनेछ । आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन गराउँदा समेत यी सूचकहरु प्रयोग गर्न उपयुक्त हुनेछ ।
- नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने जिम्मेवारी स्थानीय सरकारको पनि भएकाले यसको कार्यान्वयनमा सहयोग पुग्नेगरी यो आवधिक योजना निर्माण गरिएको छ ।

१.४ उद्देश्यहरू

प्रस्तावित अध्ययन कार्यको समग्र उद्देश्य बूढानीलकण्ठ नगरपालिकाको लागि आगामी ५ वर्षको आवधिक नगर विकास योजना तर्जुमा गर्नु हो । यस अध्ययन अन्तरगत निम्न विशिष्ठ उद्देश्यहरू रहेका छन् ।

- नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई आवधिक योजनाको महत्व, यसको तर्जुमा प्रक्रिया तथा प्राथमिकता निर्धारणका आधारहरुको बारेमा अनुशिक्षण गर्ने ।
- आवधिक नगर विकासको सन्दर्भमा वडा तहसम्म अभिमूखीकरण तथा आवश्यकताहरुको पहिचान गर्ने ।
- नगर क्षेत्र भित्रका प्रमुख सरोकारवालाहरुसँगको छलफलबाट नगरको विकासको समस्या, अवसर सम्भावना तथा चुनौतीहरुको पहिचान गर्ने ।
- बूढानीलकण्ठ नगरपालिकाको सन्तुलित विकासलाई निर्देशित गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्रतिफलहरू, सूचकहरू, तदनुसारका मुख्य मुख्य क्रियाकलाप तथा कार्यक्रमहरू पहिचान गर्ने तथा सो को लागि आवश्यक बजेटको अनुमान गर्ने ।

१.५ आवधिक योजना तर्जुमाको क्षेत्र

आवधिक योजना तर्जुमा गर्ने सिलसिलामा नगरपालिकाको समग्र वस्तुस्थितिको विश्लेषण गर्ने, नगरका विभिन्न सरोकारवालाहरुसँगको परामर्श गर्ने, आवधिक नगर विकास योजना तर्जुमासँग सम्बन्धित विभिन्न दस्तावेजहरु, नगरपालिकाले तयार पारेका विभिन्न दस्तावेजहरुको अध्ययन रहेका छन् । यसको अतिरिक्त वडा तहको परामर्श गर्नुपनि यस अध्ययनको क्षेत्र रहेको छ ।

१.६ अध्ययनका सीमाहरू

यो आवधिक योजना विशेषगरी नगरपालिकाको मौजुदा पार्श्वचित्र, सम्बन्धित शाखाले उपलब्ध गराएको तथ्याङ्क, विभिन्न कार्यशालाहरुबाट प्राप्त जानकारी तथा सुझावहरुलाई आधार मानी तयार गरिएको छ । यसका अतिरिक्त केन्द्रीय तथा प्रादेशिक तहका प्रकाशनहरुलाई पनि यस योजना निर्माण प्रक्रियामा सहयोगी सामाग्रीको रुपमा प्रयोग गरिएको छ । आवश्यकता अनुसारको सम्पूर्ण तथ्याङ्कहरू प्राप्त हुन सकेको छैन । योजनाको लागि पहिचान भएका आयोजनाहरूको चाहिने लागत अनुमानमा आधारित छ । सरकारी, गैरसरकारी र अन्य विभिन्न पक्षबाट आगामी पाँच वर्षको अवधिमा नगरपालिकामा प्राप्त हुन सक्ने स्रोतको सहि विवरण प्राप्त हुन नसक्ने हुँदा सम्भावित कुल बजेटमा आउने फरक यकिन गर्न सकिने स्थिति रहेको छैन । यद्यपि हालका वर्षहरूमा यस नगरपालिका क्षेत्रमा प्राप्त हुने गरेको वार्षिक बजेट, विगतको बजेट वृद्धि प्रवृत्ति र पछिल्लो परिवेशलाई मध्यनजर गरी सम्भावित बजेटको आंकलन गरिएको हुँदा योजना तर्जुमाका दृष्टिले अनुमानित बजेट धेरै हदसम्म यथार्थपरक रहने अनुमान गर्न सकिन्छ ।

परिच्छेद दुई : आवधिक योजना तर्जुमा प्रक्रिया तथा विधि

२.१ योजना तर्जुमा सम्बन्धी पूर्वतयारी

आवधिक योजना तर्जुमा तयार गर्नको लागि एउटा निश्चित विधि तथा प्रक्रियाको अबलम्बन गर्नुपर्दछ । यस आवधिक योजना तर्जुमा गर्दा निम्न विधि/प्रक्रियाहरु अनुसरण गरी अन्तिम रुप दिइएको छ ।

(क) आवश्यक दस्तावेजहरुको पुनरावलोकन

आवधिक योजना तर्जुमा गर्दा यससँग सम्बन्धित विभिन्न दस्तावेजहरुको पुनरावलोकन गरिएको छ । यसमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ र पन्ध्रौं योजना २०७६/०७७ देखि २०८०/०८१ सम्म, दिगो विकास लक्ष्यहरु, बागमती प्रदेशले तयार पारेको आवधिक योजनाको अवधारणा पत्र लगायत यस अध्ययनसँग सम्बन्धित दस्तावेजहरुको पुनरालोकन गरिएको छ । यो आवधिक योजना आधारभूत रुपमा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहहरुका लागि आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७५ मा आधारित भएर तयार गरिएको छ ।

(ख) नगरप्रमुख, उपप्रमूख तथा प्रमुख प्रशासकीय अधिकृत र सल्लाहकारहरुसँग परामर्श

यस आवधिक नगर विकास योजना तर्जुमाको सन्दर्भमा आवश्यक वातावरण तयार गर्न नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र नगरपालिकाका सल्लाहकारहरुसँग समेत पटक-पटक परामर्श गरिएको थियो । उक्त परामर्श बैठकको उद्देश्यहरु यस प्रकार रहेका थिए ।

- विभिन्न गोष्ठी, विषयगत तथा वडागत छलफल कार्यक्रमका लागि सम्भावित सहभागीहरुको पहिचान गर्ने ।
- त्यस्ता कार्यक्रमहरुको मिति, स्थान, समय आदिको टुंगो लगाउने ।
- कार्यक्रमहरुको लागि चाहिने आवश्यक सामाग्रीहरुको व्यवस्थापन सम्बन्धमा छलफल गर्ने ।
- कार्यशाला तथा छलफल कार्यक्रमहरुको प्रक्रिया वा कार्यक्रम तालिका तयार गर्ने ।
- आवधिक नगर विकास योजना तर्जुमाको कार्यतालिका मस्यौदा तयार पार्ने ।
- नगरपालिकाको नीति, रणनीतिहरु, कार्यनीतिहरु, प्राथमिकताका क्षेत्रहरु, प्रमुख क्रियाकलापहरु, राजस्व परिचालन जस्ता विषयमा आवश्यक सुझावहरु संकलन गर्ने ।

२.२ पूर्वतयारी र दीर्घकालीन सोच कार्यशाला सञ्चालन

(क) पूर्वतयारी कार्यशाला

आवधिक नगर विकास योजना तर्जुमाका लागि पूर्वतयारीका सिलसिलामा एक दिने पूर्व तयारी कार्यशाला सञ्चालन गरिएको थियो । यस कार्यशालाको उद्देश्य नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, सल्लाहकारहरु, कर्मचारी, नगरपालिकाको विकाससँग सम्बन्धी विशिष्ट व्यक्तिहरु तथा सहयोगी संस्थाहरूलाई योजना तर्जुमाको विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराउनु रहेको थियो । नगरपालिकाद्वारा मिति २०७६/०९/११ गते आयोजित सो पूर्वतयारी कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रदेश सभाका माननीय सांसदहरु, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू,

कार्यपालिका सदस्यहरू, नगरपालिकाका विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधि लगायत कुल ४५ जनाको उपस्थिति रहेको थियो । कुल उपस्थिति मध्ये महिलाको संख्या ८ र पुरुषको संख्या ३७ रहेको थियो । उक्त कार्यक्रमको उपस्थितिको विवरण *अनुसुचि ३* मा राखिएको छ ।

यस कार्यशालाको अपेक्षित उपलब्धीहरु यस प्रकार रहेका थिए :

- योजनाको अवधारण, किसिम, महत्व, प्रक्रियाको बारेमा सहभागीहरु जानकार भएको हुने ।
- योजना तर्जुमाको लागि आवश्यक निर्देशक तथा विषयगत समितिहरुको गठन भएको हुने ।
- योजना तर्जुमा कार्यशालाको कार्यतालिका तयार हुने ।

(ख) दीर्घकालीन सोच कार्यशाला

नगरपालिकाद्वारा मिति २०७६/१०/०८ मा आयोजित दीर्घकालीन सोच निर्माण तथा विषय क्षेत्रगत कार्यशालाले नगरपालिकाको मौजुदा दीर्घकालीन सोच "स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ" लाई नै अनुमोदन गरियो । यस कार्यशालाबाट आवधिक नगर विकास योजनाको ५ वर्षको समष्ठिगत लक्ष्य तथा उद्देश्य निर्धारण गर्नुको साथै तिनको मापन गर्ने सूचकहरुको निर्माण र ती सूचकहरुका गन्तव्यहरु (Targets) तय गरिएको थियो ।

यस कार्यशालाको लागि तय गरिएका अपेक्षित उपलब्धीहरु यस प्रकार रहेका छन् :

- कार्यशालाका सहभागीहरु नगरको वस्तुगत विवरणको संक्षेपमा जानकारी हुने,
- नगरको सवल पक्ष, कमजोर पक्ष, सम्भावना तथा अवसरहरुको पहिचान भएको हुने,
- प्रमुख सम्भावना बोकेका क्षेत्रहरु (Lead sectors) को पहिचान भएको हुने,
- नगरको दुरदृष्टि निर्माण भएको हुने,
- योजनाको लक्ष्य (प्रभाव तहको नतिजा), उद्देश्यहरु (असर तहको नतिजा) तय भएको हुने,
- रणनीतिहरु निर्धारण भएको हुने,
- प्राथमिकता प्राप्त विषय क्षेत्र (सेक्टर) हरुको पहिचान भएको हुने ।

२.३ विषयगत कार्यशालाहरू

निम्नानुसार विषयगत कार्याशालाको आयोजना गरी सम्बन्धी विषय क्षेत्रका बारेका छलफल गरी आवश्यक सूचना तथा सुझावहरु संकलन गरिएका थिए ।

(क) आर्थिक विकास कार्यशाला

आर्थिक विकास क्षेत्रका बारेमा आर्थिक विकास समितिका पदाधिकारीहरु र कृषि शाखासँग मिति २०७६/१०/०९ मा र पशु सेवा शाखासँग मिति २०७६/१०/१४ मा छलफल गरिएको थियो । कार्यशाला बैठकहरु आर्थिक विकास समितिका संयोजक श्री दुर्गा थापाज्यूको अध्यक्षतामा बसेको थियो । उपरोक्त समिति अन्तर्गतका कृषि, पशुपालन, उद्योग व्यवसाय, सहकारी र पर्यटन लगायतका विषयगत उपक्षेत्रहरूको उद्देश्य, अपेक्षित प्रतिफलहरू, सूचक तथा विद्यमान अवस्थाका बारेमा छलफल गरी सामुहिक सहमतिका आधारमा हरेक सूचकको गन्तव्य (Target) निर्धारण गरिएको थियो । साथै २०७६/१०/२१ मा नगरपालिकाका सल्लाहकार र पदाधिकारीहरुसँग उद्योग तथा पर्यटन क्षेत्रको योजना सम्वन्धमा छलफल गरिएको थियो । यसबाहेक प्रगति अनुगमनका लागि पुष्ट्याइँका आधार र जोखिमको विश्लेषण गरी पूर्वानुमान समेत गरिएको थियो ।

(ख) सामाजिक विकास कार्यशाला

सामाजिक विकास क्षेत्रको कार्यशाला बैठक उक्त समितिका संयोजक श्री राजेन्द्र सापकोटाज्यूको अध्यक्षतामा आयोजना गरिएको थियो । सामाजिक विकास क्षेत्र अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, युवा तथा खेलकुद, महिला तथा बालबालिका, सीमान्तकृत तथा अन्य लक्षित समुदाय लगायत विषयगत उपक्षेत्रहरूको उद्देश्य, अपेक्षित प्रतिफलहरू, सूचक तथा विद्यमान अवस्थाका बारेमा छलफल गरी यस क्षेत्रको विभिन्न तहका नतिजाहरु र तिनका सूचक तथा सूचकका गन्तव्य (Target) निर्धारण गरिएको थियो । यस बाहेक प्रगति अनुगमनका लागि पुष्ट्याइँका आधार र जोखिमको विश्लेषण गरी पूर्वानुमान समेत गरिएको थियो । २०७६/१०/२६ मा महिला, बालबालिका तथा सिमान्तकृत समुदायको विषयमा र मिति २०७६/१०/२८ मा शिक्षा क्षेत्रसँग सम्बन्धित विषयमा व्यापक छलफल गरिएको थियो । यसमा साथै २०७६/१०/२६ मा महिला तथा बालबालिका क्षेत्रका सम्वन्धमा उपप्रमुख तथा महिला विकास शाखाका कर्मचारीहरुसँग थप छलफल गरि सुझाव संकलन गरिएको थियो ।

(ग) भौतिक पूर्वाधार विकास कार्यशाला

भौतिक पूर्वाधार विकास क्षेत्रको कार्यशाला बैठक उक्त समितिका संयोजक श्री बालकृष्ण श्रेष्ठज्यूको अध्यक्षतामा मिति २०७६/१०/२९ मा सम्पन्न गरियो । उपरोक्त समिति अन्तर्गत सडक, उर्जा, सञ्चार, वस्ती विकास, सार्वजनिक भवन जस्ता विषयगत उपक्षेत्रहरुको विद्यमान अवस्थाका बारेमा छलफल गरी सामुहिक सहमतिका आधारमा हरेकको हासिल गर्न चाहेको नतिजा र तिनको मापनको आधारको रुपमा रहेका सूचक तथा तिनको गन्तव्य (Target) निर्धारण गरिएको थियो । यस बाहेक प्रगति अनुगमनका लागि पुष्ट्याइँका आधार र जोखिमको विश्लेषण गरी पूर्वानुमान समेत गरिएको थियो ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन कार्यशाला

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको कार्यशाला बैठक उक्त समितिका संयोजक श्री सुरेन्द्र लामाज्यूको अध्यक्षतामा २०७६ साल असार १ गते बैठक बसी आवधिक नगर विकास योजनाले वन, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रका नीति तथा रणनीतिहरु माथि छलफल गरी निर्णयमा पुगियो भने दोश्रो दिन असार २ गते निजकै अध्यक्षतामा पुनः बैठक बसी यस क्षेत्रको विकासका लागि आवश्यक पर्ने मुख्य-मुख्य क्रियाकलापहरु र सोका लागि चाहिने बजेटका बारेमा छलफल गरियो । यसका साथै, यस क्षेत्रको समग्र विकासका लागि विभिन्न तहका नतिजाहरु निर्धारण गर्नुको साथै तिसँग सम्बन्धित हरेक सूचकको गन्तव्य (Target) निर्धारण गरिएको थियो । यसबाहेक प्रगति अनुगमनका लागि पुष्ट्याइँका आधार र जोखिमको विश्लेषण गरी पूर्वानुमान समेत गरिएको थियो ।

(ङ) संस्थागत विकास तथा सुशासन कार्यशाला

संस्थागत विकास तथा सुशासन क्षेत्रको कार्यशाला बैठक उक्त समितिका संयोजक श्री शम्भु भण्डारीज्यूको अध्यक्षतामा मिति २०७६/१०/१४ मा सम्पन्न गरियो । उक्त छलफल कार्यक्रममा नगरपालिकाका सल्लाहकार श्री अर्जुन पाण्डज्यूको समेत सहभागिता रहेको थियो । उपरोक्त समिति अन्तर्गत संस्थागत विकास तथा सुशासनको अवस्थाका तथा राजस्व परिचालनको सम्बन्धी विषयमा छलफल गरी यस विषय क्षेत्रको विभिन्न तहको नतिजाहरु र तिनका सूचकहरुको गन्तव्य (Target) निर्धारण गरिएको थियो । यस बाहेक प्रगति अनुगमनका लागि पुष्ट्याइँका आधार र जोखिमको विश्लेषण गरी पूर्वानुमान समेत गरिएको थियो ।

२.४ वडा तहको परामर्श तथा छलफल कार्यक्रम

यस आवधिक नगर विकास योजना तर्जुमा प्रक्रियामा बढी भन्दा बढीको सहभागिता जुट्न सकोस, यसको बारेका तल्लो तहसम्म जानकारी हुन सकोस र जनताको वास्तविक आवश्यकता पनि योजना प्रतिबिम्बित हुन सकोस् भन्ने उद्देश्यले वडा तहका जनप्रतिनिधि सहितको वडास्तरीय छलफलको आयोजना गरिएको थियो । यस छलफलबाट निम्न अनुसारको प्रतिफल प्राप्त भएका थिए । वडास्तरीय छलफल सम्बन्धी विस्तृत विवरण *अनुसूची ५* मा प्रस्तुत गरिएको छ ।

- समस्याहरुको कारण असर विश्लेषण भएको,
- समुदायस्तरको माग पहिचान र संकलन भएको,
- समुदायस्तरको आवश्यकता पहिचान भएको हुने,
- उनीहरुको माग तथा आवश्यकताको प्राथमिकीकरण भएको ।

२.५ सरोकारवालाहरूसँगको छलफल

आवधिक नगर विकास योजना तयार गर्दा सुझाव लिनुपर्ने महत्वपूर्ण व्यक्तित्वहरु जस्तै: यस नगरपालिकाबाट प्रतिनिधित्व गर्ने प्रदेश सांसदहरु, विषय विज्ञहरु, शिक्षा विद्हरु, व्यवसायीहरुसँग पनि सामूहिक वा छुट्टाछुट्टै छलफल कार्यक्रम आयोजना गरिएको थियो । यसबाट नगरको विकासको लागि महत्वपूर्ण सुझाव तथा मार्गदर्शन प्राप्त भएको थियो । यस कार्यको प्रतिफल निम्न अनुसार रहेका थिए :

- आवधिक योजनालाई बढी कार्यान्वयन योग्य बनाउन आवश्यक सुझाव प्राप्त भएको,
- नगर विकासको दीर्घकालीन योजना तथा कार्यक्रमको सम्बन्धमा सुझाव प्राप्त भएको ।

२.६ मस्यौदा दस्तावेज तयारी

विभिन्न तहका छलफल तथा गोष्ठीहरुबाट प्राप्त सुझाव एवं विभिन्न प्रकारका दस्तावेजहरुको आधारमा आवधिक नगर विकास योजनाको मस्यौदा तयार गरिएको थियो । सो योजना दस्तावेजको ढाँचा राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको नमुना दिग्दर्शनमा आधारित रहेको छ ।

२.७ मस्यौदा दस्तावेज माथि छलफल कार्यक्रम

विभिन्न प्रक्रियाहरु पुरा गरी तयार गरिएको आवधिक नगर विकास योजनाको मस्यौदा प्रतिवेदन माथि आवश्यक सुझाव संकलनका लागि नगरपालिकामा पेश गरिएको थियो । उक्त मस्यौदालाई २०७७ साल जेष्ठ २७ गते नगरप्रमुखको उपस्थितिमा भएको एक छलफल कार्यक्रममा प्रस्तुत गरिएको थियो । प्रस्तुत मस्यौदा माथि व्यापक छलफल भई नगर प्रमुख, नपाका प्रवक्ता, प्रमुख प्रशासकीय अधिकृत, सल्लाहाकारहरु लगायतका सहभागीहरुबाट लिखित तथा मौखित सुझावहरु प्राप्त भएका थिए ।

२.८ मस्यौदा दस्तावेज माथि अन्तिम छलफल कार्यक्रम

मस्यौदा दस्तावेज माथिको छलफल कार्यक्रमबाट प्राप्त सुझावहरुलाई समावेश गरी तयार गरिएको मस्यौदा माथि छलफल गर्ने उद्देश्यले मिति २०७७ श्रावण १६ मा एक दिने छलफल कार्यक्रमको आयोजना गरिएको थियो । यस कार्यक्रमबाट प्राप्त सुझावहरुलाई समावेश गरी यस योजना दस्तावेजलाई अन्तिम रुप दिइएको थियो । उक्त छलफल कार्यक्रमका सहभागीहरुको विवरण *अनुसूची ७* मा रहेको छ ।

२.९ नगर कार्यपालिकाबाट दस्तावेजको अनुमोदन

परामर्शदाताबाट प्रस्तुत गरिएको आवधिक नगर विकास योजनाको अन्तिम मस्यौदा प्रतिवेदन आवश्यक संसोधन सहित नगर कार्यपालिकाबाट अनुमोदन गरियो ।

२.१० नगरसभाबाट दस्तावेजको अनुमोदन

नगर कार्यपालिकाबाट पारित मस्यौदा आवधिक नगर विकास योजनामाथि छलफल गरी नगर सभाबाट पारित गरियो ।

२.११ योजना तर्जुमा प्रक्रियाको सारसंक्षेप

यस आवधिक योजना तर्जुमा प्रक्रियाको विभिन्न चरणहरुलाई *तालिका २.१* मा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

तालिका २.१ : आवधिक योजना तर्जुमाका मुख्य मुख्य क्रियाकलापहरू

क्र.सं.	क्रियाकलाप	मिति	सहभागीहरु	विधि
१.	दस्तावेजहरुको पुनरावलोकन	पटक पटक	विज्ञ टोलीका सदस्यहरु	डेस्क रिभ्यु
२.	नगरप्रमुख, उपप्रमुख तथा प्रमूख प्रशासकीय अधिकृतहरुसँग परामर्श	पटक पटक	विज्ञ टोलीका सदस्यहरु तथा नपाका मूख्य व्यक्तिहरु	अन्तरक्रिया तथा छलपल
३.	पूर्व तयारी तथा दुरदृष्टि कार्यशाला	२०७६/०९/११	नगर कार्यपालिकाका सदस्यहरु, प्रदेश सभाका सदस्यहरु, नगरपालिकाका विषयगत शाखाका प्रमुखहरु, अन्य प्रमुख सरोकारवालाहरु	विज्ञद्वारा विषयवस्तुको प्रस्तुति, छलफल, विशिष्ट व्यक्तिहरुबाट सुझाव संकलन, समूह कार्य
४.	वडा तहको परामर्श	२०७६ फाल्गुण	वडा कार्य समितिका सदस्यहरु, महिला, स्थानीय बुद्धिजीविहरु, उपभोक्ता समितिका सदस्यहरु, स्थानीय संघ संस्थाका प्रतिनिधहरु आदि	छलफल तथा अन्तरक्रिया
५.	महत्वपूर्ण सरोकारवालाहरुसँगको छलफल	विभिन्न मितिमा	पदाधिकारी, सल्लाहकार तथा कर्मचारीहरु	छलफल तथा अन्तरक्रिया
६.	योजना तर्जुमा कार्यशाला गोष्ठीको आयोजना	विभिन्न मितिमा	पदाधिकारी, सल्लाहकारहरु, तथा कर्मचारीहरु	छलफल तथा अन्तरक्रिया
७.	मस्यौदा दस्तावेज तयारी	२०७६ चैत्र	पदाधिकारी, सल्लाहकारहरु, तथा कर्मचारीहरु	छलफल तथा अन्तरक्रिया
८.	मस्यौदा दस्तावेज माथि छलफल कार्यक्रम	२०७७ जेठ २७	पदाधिकारी, सल्लाहकारहरु, तथा कर्मचारीहरु	छलफल तथा अन्तरक्रिया
९.	अन्तिम मस्यौदा दस्तावेज माथि छलफल कार्यक्रम	२०७७ असार १६	पदाधिकारी, सल्लाहकारहरु, तथा कर्मचारीहरु	छलफल तथा अन्तरक्रिया
१०.	नगर कार्यपालिकाबाट दस्तावेजको अनुमोदन		नगर कार्यपालिकाका पदाधिकारीहरु	छलफल तथा अन्तरक्रिया
११.	नगरसभाबाट दस्तावेजको अनुमोदन		नगरसभाका पदाधिकारीहरु	छलफल तथा अन्तरक्रिया

परिच्छेद तीन : नगरपालिकाको समग्र अवस्था विश्लेषण

३.१ नगरपालिकाको सामान्य परिचय

बागमती प्रदेशको काठमाडौँ जिल्लामा अवस्थित बूढानीलकण्ठ नगरपालिका नेपाल सरकार, तत्कालीन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ मंसिर १६ गतेको मन्त्रीस्तरीय निर्णयबाट तत्कालीन चपली, भद्रकाली, खड्का भद्रकाली, चुनिखेल, महाङ्काल, विष्णु बूढानीलकण्ठ र कपन गरी ६ वटा गाविसहरु मिलाएर १९ वडामा विभाजन गरी बूढानीलकण्ठ नगरपालिकाको गठन गरिएको थियो । पछि नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गतेको निर्णय अनुसार साविकका १९ वटा वडाहरुलाई १३ वटा वडाहरु रहनेगरी पुनर्संरचना गरिएको छ । प्रसिद्ध धार्मिक स्थल बूढानीलकण्ठको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो ।

विश्वमान चित्रमा यस बूढानीलकण्ठ नगरपालिका २७ डिग्री ४३ मिनेट १९ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ४८ मिनेट ५० सेकेन्ड उत्तरी अक्षांश र ८५ डिग्री २० मिनेट ९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८५ डिग्री २३ मिनेट २८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ । यस नगरपालिका समुन्द्री सतहदेखि १२८९ देखि २७३२ मिटरसम्म रहेको छ र यसको कुल क्षेत्रफल ३४.८० वर्ग किमी रहेको छ ।[४]

यसको उत्तरतर्फ नुवाकोट जिल्ला र शिवपुरी राष्ट्रिय निकुञ्ज, दक्षिणमा काठमाडौँ महानगरपालिकाको वडा नम्बर ३, ४, ६, ७ र टोखा नगरपालिकाको वडा नम्बर ४ धापासी रहेको छ । त्यस्तै पश्चिमतर्फ टोखा नगरपालिका पर्दछ भने पूर्वतर्फ गोकर्णेश्वर नगरपालिका र काठमाडौँ महानगरपालिकाको वडा नम्बर ६ रहेको छ ।

यस नगरपालिकाको उत्तरतर्फ शिवपुरी पर्वत श्रृङ्खला लगायत हरियाली जङ्गल र भिरालो भू-भाग रहेको छ भने दक्षिणतर्फ बाक्लो बस्ति सहितको समथर भू-भाग रहेको छ । विष्णुमती, रूद्रमती, धोबीखोला, यज्ञमती आदि नदीनाला तथा खोलाहरु यहाँ रहेका छन् ।

काठमाडौँ उपत्यकाका थुप्रै धार्मिक स्थलहरुमध्ये बूढानीलकण्ठ पनि महत्वपूर्ण मानिन्छ । नगरपालिकाको उत्तरी भागमा रहेको र शिवपुरीको फेदीमा अवस्थित यो यस धार्मिकस्थल शैव, वैष्णव र बौद्ध धर्मालम्बीहरुको आस्थाको केन्द्र हो । यसका अतिरिक्त यहाँ रूद्रेश्वर, भद्रकाली, पञ्चकन्या, शिव, कृष्ण जस्ता देवीदेवताका मन्दिरहरु रहेका छन् । बौद्धमार्गीहरूका आस्थाका केन्द्रका रुपमा रहेका चर्चित सार्वजनिक गुम्बा श्री डाङ्यूर झयाङ्गतेरा दार्ग्यालिङ गुम्बा, आनी गुम्बा लगायत बौद्ध मठहरु पनि यहाँ रहेका छन् ।

३.२ जनसंख्याको अवस्था

यो नगरपालिका जनसङ्ख्याको आधारमा काठमाण्डौं महानगरपालिका पछिको जिल्लाकै सबैभन्दा ठूलो नगरपालिका हो । यस नगरपालिकाको जनसंख्या सम्बन्धी विवरण *तालिका ३.१* देखि *३.५* सम्म प्रस्तुत

[४] नगर पार्श्वचित्र, बूढानीलकण्ठ नगरपालिका, २०७५ ।

गरिएको छ । यसैगरी २०६८ सालको जनगणना अनुसार यस बूढानीलकण्ठ नगरपालिकामा कुल घरधुरी २६,४८५ (बार्षिक वृद्धि दर १७.७३%) र जनसंख्या १,०७,९१८ (बार्षिक वृद्धि दर १३.०८%) कायम भएको छ । हालको घरधुरी वृद्धि दरलाई हेर्दा २०७८ सालसम्म यहाँ ३७,०७९ घरधुरी हुने अनुमान गर्न सकिन्छ भने यहाँको स्थायी जनसंख्या ४.०९ सरदर घरधुरी आकार अनुसार १६२,४८३ हुने अनुमान गर्न सकिन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने गत ७ वर्षको अवधीमा यहाँको जनसंख्या ४४ हजार ४८ ले बढेको छ । यसको वृद्धिदर करिब ४० प्रतिशत रहेको छ । यसबाट यहाँको वसाई सराई दर उच्च रहेको प्रष्ट हुन्छ ।

तालिका ३.१ : जनगणना २०४८ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण

क्र.सं.	गाविस	घरधुरी संख्या	जम्मा	पुरुष	महिला
१	बूढानीलकण्ठ	१०२२	६००४	३२४७	२७५७
२	चपली भद्रकाली	५९९	२९५७	१४४१	१५१६
३	चुन्नीखेल	५३०	३१३४	१५४९	१५८५
४	कपन	८३३	४५६७	२३७०	२१९७
५	खड्ग भद्रकाली	४४८	२५४८	१२७१	१२७७
६	महाँकाल	७१०	३७९३	१९४३	१८५०
	जम्मा	**४१४२**	**२३००३**	**११८२१**	**१११८२**

स्रोत : राष्ट्रिय योजना आयोग, तथ्याङ्क विभाग, २०५८

तालिका ३.२ : जनगणना २०५८ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण

क्र.सं.	गाविस	घरधुरी संख्या	जम्मा	पुरुष	महिला
१	बूढानीलकण्ठ	२२६९	१०६३६	५३७२	५२६४
२	चपली भद्रकाली	९०३	४५४४	२२७८	२२६६
३	चुन्नीखेल	७००	३८७८	१९३९	१९३९
४	कपन	३२९३	१५३४०	७९८८	७३५२
५	खड्ग भद्रकाली	११४०	५५३९	२७५२	२७८७
६	महाँकाल	१४४४	६८०८	३४५३	३३५५
	जम्मा	**९७४९**	**४६७४५**	**२३७८२**	**२२९६३**

स्रोत : राष्ट्रिय योजना आयोग, तथ्याङ्क विभाग, २०५८

तालिका ३.३ : जनगणना २०६८ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण

क्र.सं.	गाविस	घरधुरी संख्या	जम्मा	पुरुष	महिला
१	बूढानीलकण्ठ	३७२५	१५४२१	७६०४	७८१७
२	चपली भद्रकाली	२५७४	१०८२७	५३३७	५४९०
३	चुन्नीखेल	८५९	४४४९	२२०८	२२४१
४	कपन	१२३२४	४८४६३	२४६७१	२३७९२
५	खड्ग भद्रकाली	२५८२	१०७६१	५३३६	५४२५
६	महाँकाल	४४२१	१७९९७	९०२९	८९६८
	जम्मा	**२६४८५**	**१०७९१८**	**५४१८५**	**५३७३३**

स्रोत : राष्ट्रिय योजना आयोग, तथ्याङ्क विभाग, २०५८

तालिका ३.४ : घरधुरी सर्वेक्षण २०७५ अनुसारको जनसङ्ख्या सम्बन्धी विवरण

वडा नं.	परिवार सङ्ख्या	पुरूष	महिला	जम्मा जनसङ्ख्या	प्रतिशत
१	१६९६	२९७९	२९९८	५९७७	३.८२
२	२५२४	४३१६	४३७९	८६९५	५.५६
३	१८७८	३९७२	४०१४	७९८६	५.११
४	२००५	३४६९	३५३२	७००१	४.४८
५	१६७०	२७०८	२८५२	५५६०	३.५६
६	२४५४	५९२३	५९४०	११८६३	७.५९
७	१९७२	३८५३	३८६९	७७२२	४.९४
८	२७९४	८४३३	८४५२	१६८८५	१०.८०
९	२३८३	५६३१	५६८८	११३१९	७.२४
१०	४६६६	१५९१५	१६२२४	३२१३९	२०.५६
११	२६८२	६८७३	६८५४	१३७२७	८.७८
१२	२९३०	९८८२	१००२३	१९९०५	१२.७३
१३	२४६५	३८०४	३७४६	७५५०	४.८३
जम्मा	**३२११९**	**७७७५८**	**७८५७१**	**१५६३२९**	**१००**

श्रोत : बूढानीलकण्ठ नगरपालिका, नगर पार्श्वचित्र, २०७५

त्यसै गरी उमेर समूह अनुसार जनसंख्याको विश्लेषण गर्दा सक्रिय जनसंख्याको अनुपात निष्कृय जनसंख्याको तुलनामा निकै बढी छ ।

तालिका ३.५ : उमेर समूह अनुसार जनसंख्याको विवरण

उमेर समुह	पुरूष	महिला	जम्मा	प्रतिशत
०-१	४२१	४०४	८२५	०.५३
१-५	१५७१	१४३१	३००२	१.९२
५-१०	५२२०	४९०४	१०१२४	६.४८
१०-१६	८५२६	८२९७	१६८२३	१०.८
१६-२५	१११०८१	१११२९	२२२१०	१४.२
२५-४०	२५१४६	२५४९८	५०६४४	३२.४
४०-६०	२२४२९	२३१११	४५५४०	२९.१
६०-७०	२२११	२३७४	४५८५	२.९३
७०-९०	१०७६	१३४२	२४१८	१.५५
९० भन्दा माथिका	७७	८१	१५८	०.१
जम्मा	**७७७५८**	**७८५७१**	**१५६३२९**	१००
प्रतिशत	**४९.७४**	**५०.२६**	**१५६३२९**	

श्रोत : बूढानीलकण्ठ नगरपालिका, नगर पार्श्वचित्र, २०७५, तालिका नं. ३.३

३.३ नगर विकासको अग्रणी क्षेत्रहरू

हरेक नगरपालिका वा गाउँपालिकामा आ-आफ्नै विशेषता रहेको हुन्छ । उपलब्ध स्रोत साधनको आधारमा वा त्यसको अवस्थितिको आधारमा आफ्नै विशिष्ट क्षमता रहेको हुन्छ । नगरमा हुने स्रोत साधन वा स्रोतहरु फरक फरक हुन्छन् र सोही अनुसार तिनको सम्भावना पनि विशिष्ट खालको हुन्छ । नगरको अग्रणी क्षेत्र पहिचान गर्ने मूख्य आधार उपलब्ध विद्यामान अवसर र सम्भावनाको आधारमा गरिएको हुन्छ । यस नगरपालिकाको विकासको सम्भावना र विद्यामान अवस्थालाई अध्ययन गरी निम्न क्षेत्रहरुलाई अग्रणी क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

(क) पर्यटन (Tourism)

नेपालको प्रथम राष्ट्रिय विकास योजना सन् १९५५ ले नेपालमा पर्यटन विकासको राम्रो सम्भावना रहेको र त्यसका लागि पूर्वाधार विकासको आवश्यकतालाई औल्याएको थियो । पर्यटन विकासका लागि नेपाल सरकारका तर्फबाट सन् १९५७ मा पर्यटन विकास बोर्डको स्थापना र पर्यटन ऐन, २०३५ जारी गरेको थियो । यसैगरी पर्यटनलाई नेपालको अर्थतन्त्रको प्रमुख अङ्ग मानी त्यसका लागि दीर्घकालीन योजना बन्नु पर्ने कुरामा जोड दिन थालियो । फलस्वरुप सन् १९७२ मा नेपाल सरकारले प्रथम पर्यटन गुरुयोजना तयार गऱ्यो र पर्यटन नीति २०६५ पनि लागु गऱ्यो । त्यसैगरी सन् २००९ मा नेपाल सरकारले पर्यटनको दीर्घकालीन दृष्टिकोण (टुरिजम भिजन) २०२० तयार पारी कार्यान्वयनमा ल्याएको छ ।[५]

पर्यटन क्षेत्रलाई आर्थिक पर्यटन र पर्यावरण पर्यटन गरी दुई क्षेत्रमा ब्याख्या गरिएको छ । बूढानीलकण्ठ नगरपालिकालाई प्रमुख पर्यटकीय गन्तब्यको रुपमा स्थापित गरी नगरपालिकाले पर्यटनलाई समृद्धिको मूख्य आधार मानेको छ । यस नगरपालिकाले सामाजिक, सांस्कृतिक मूल्य मान्यतालाई प्रवर्द्धन गर्नेगरी तयार गरेको पर्यटन गुरुयोजनाको कार्यान्वयनको माध्यमबाट यस क्षेत्रको समृद्धिको सपना साकार पार्ने प्रयास थालेको छ ।

(१) आर्थिक पर्यटन (Economic Tourism)

हिन्दु तथा बौद्ध धर्मावलम्बीको आस्थाको धरोहर बूढानीलकण्ठ मन्दिर यसै नगरपालिकाको वडा नं. ३ मा पर्दछ । यसै मन्दिरको नामबाट यस नगरपालिकाको नामाकरण गरिएको हो । निकुञ्जभित्र पर्ने बाग्द्वार, विष्णु पादुका, धोवीखोलको धोवीढुँगा, शिवपुरी बाबाको तपस्या स्थल (चुचुरो), कामधेनु शीला, शतरुद्रेश्वर, विष्णुमती धाम र विष्णुमती झरना जस्ता पवित्र देवस्थलहरू यहाँ रहेका छन् । नेपाल महात्म्यको हिमवत् खण्डमा उल्लेख भएअनुसार बूढानीलकण्ठ भगवानको दर्शन र पूजा गर्नाले आर्थिक सम्पन्नता हासिल हुन्छ भन्ने मान्यता रही आएको छ । विश्वमै नभएको आश्चर्य लाग्दो एउटै शीलाबाट निर्मित हरिहरस्वरूप मूर्ति २२ फिट लम्बाई र १२ फिट चौडाइ छ फिट गोलाईको छ ।

अर्कोतर्फ यस क्षेत्रमा गुम्बाहरूको संख्या धेरै देखिन्छ जसमा नागी गुम्बा, कपन गुम्बा, नाम्खा ब्योङजोङ गुम्बा, छापदोर्जे गुम्बा, डाँडागाउँ फेन्दे भाङदेवल गुम्बा गरी १९ वटा गुम्बाहरु रहेका छन् । यी बाहेक नौलीन भद्रकाली मन्दिर, रुद्रेश्वर महादेव, धर्मपुरमा अवस्थित खड्ग भद्रकाली लगायत अनेक देवालय र जात्रापर्वले सुसज्जित यो नगर सांस्कृतिक पर्यटनका लागि उचित स्थानका रूपमा लिन सकिन्छ (बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना, (२०७५/२०७६-२०७९/२०८०) ।

(२) पर्यावरणीय पर्यटन (Eco-Tourism)

बूढानीलकण्ठ रनगरपालिका राजधानी उपत्यकामा रहेतापनि प्राकृतिक सम्पदाले भरिपूर्ण नगरपालिका हो । समुद्र सतहदेखि १२८९ मिटरदेखि २६९९ मिटरसम्मको उचाईमा फैलिएको, प्राकृतिक मनोरञ्जन दिनसक्ने पर्या-पर्यटनका लागि उपयुक्त शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज यसै नगरपालिकासँग जोडिएको छ । भालु,

[५] नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय, नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना सन् २०१६-२०२५,

घोरल, मृग, नावर, लामपुच्छे, सालक, चितुवा, बँदेल, मालसाप्रो, दुम्सि, निरबिरालो जस्ता विभिन्न वन्यजन्तुहरू, कालिज, हुचिल, लाटोकोसेरो, बाज, मयूर लगायतका चराचुरुङ्गीहरू र थुप्रै प्रजातिका पुतलीहरू रहेको यो राष्ट्रिय निकुञ्ज प्रकृति प्रेमीहरुको आकर्षणको केन्द्रको रुपमा रहेको छ । चराचुरुंगी अवलोकन (Bird Watching), समशितोष्ण र उपोष्ण हावापानी तथा पृथक पारिस्थितिकीय प्रणाली र वासस्थान रहेकाले नगरपालिका जैविक विविधताले धनी रहेको छ । यी प्राकृतिक सम्पदाहरु बूढानीलकण्ठ नगरको पर्यटकीय सम्पत्ति हुन् । त्यसैले यस क्षेत्रमा पर्या-पर्यटनको राम्रो सम्भावना रहेको छ ।

काठमाण्डौ आउने आन्तरिक तथा बाह्य पर्यटकलाई मनोरञ्जन प्रदान गर्न तथा पर्यटकीय स्थलका रूपमा विकास गर्न शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जलाई खुला चिडियाखानाका रूपमा रूपान्तरण गर्नुपर्दछ । निकुञ्ज वरिपरी तारबार लगाई जङगली जनावरको वास्तविक वासस्थानका रूपमा विकास गर्न सक्यो भने पर्यटन प्रवर्द्धन हुने देखिन्छ । शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा पनि स्वदेशी र विदेशी पर्यटकको आकर्षण रहेको छ । निकुञ्ज कार्यालयको तथ्याङ्क अनुसार २०७०/२०७१ देखि २०७४/२०७५ सम्म बूढानीलकण्ठ नगरपालिकासँग रहेको क्षेत्र पानीमुहान र यसै नगरको सिमाना रहेको टोखा प्रवेशद्वारबाट कुल नेपाली पर्यटकको करिब २२ प्रतिशत कुल सार्क राष्ट्रका पर्यटकको २३ प्रतिशत कुल र अन्य राष्ट्रका पर्यटकको करीब २७ प्रतिशत र समग्रमा करिब २२ प्रतिशत पर्यटक निकुञ्ज प्रवेश गरेको विवरण रहेको छ ।[६]

(ख) सेवामूलक व्यवसाय

बूढानीलकण्ठ नगरपालिका घना बस्ती भएको नगरपालिका हो । यहाँ बसाई सरी आउने क्रम तीब्र रहेको छ । आवासीय क्षेत्रको रुपमा तीब्र रुपमा विकास हुँदै गएकाले यहाँ खेतीयोग्य जमिन घट्दै जाँदा कृषि सम्भावना पनि घट्दै गएको छ । त्यसैगरी जमिनको अभावले गर्दा ठूला तथा मझौला उद्योगको सम्भावना पनि अत्यन्तै न्यून रहेको छ । यस परिस्थितिमा यस नगरपालिकामा आयआर्जन अर्थात रोजगारीको प्रमुख सम्भावनाको क्षेत्र भनेको सेवामूलक व्यवसाय नै हो । क्रयशक्ति उच्च भएका मानिसहरु धेरै हुनु र जनसंख्या धेरै हुनुले सेवामूलक व्यवसायको सम्भावनालाई पुष्टि गर्दछ । यहाँ होटल, रेष्टुरा, शैक्षिक संस्था, स्वास्थ्य सेवा, डिपार्टमेन्टल स्टोरहरु, नर्सरी (फूलको), ट्रेनिङ्ग इन्स्टिच्यूट (कम्प्यूटर, ब्यूटिपार्लन, सिलाई बुनाई, अटोपेन्टर, सोलार पिभि), मर्मत सम्भार सेवा (मोबाईल, ल्यापटप/कम्प्यूटर जस्ता विद्युतीय सामाग्री, प्लम्बिङ्ग, बिजुली, फर्निचर आदि), अनलाईन डेलिभरी सर्भिस, अनलाईन सपिङ्ग, इन्टरनेट सेवा, ब्यूटिपार्लर, सैलुन, फनपार्क, स्ट्रिट फुड जस्ता सेवामूलक व्यवसायको राम्रो सम्भावना रहेको छ । यहाँ हाल विभिन्न प्रकारका होटलहरु, स्तरीय सेवा दिनसक्ने अस्पतालहरु, देशकै नमूना विद्यालय एवम् अन्तरष्ट्रिय स्तरमा समेत पहिचान बनाएको बूढानीलकण्ठ स्कूल लगायत नीजि स्तरमा सञ्चालन भएका शैक्षिक संस्थाहरु सञ्चालनमा आईसकेका छन् र यो क्रम अझै बढ्ने सम्भावना देखिन्छ । यसको अतिरिक्त यहाँ विभिन्न प्रकारको घरेलु तथा साना उद्योगहरुको पनि सम्भावना पनि रहेको छ ।

[६] बूढानीलकण्ठ नगरपालिकाको पर्यटन गुरुयोजना, (२०७५/२०७६-२०७९/२०८०) ।

(ग) आवासीय क्षेत्र

न्यानो हावापानी, धार्मिक तथा पर्यटकीय स्थलहरु तथा मुलुकको राजधानीमा अवस्थित (मुलुकको केन्द्रीय प्रशासनिक केन्द्र बढिमा १६ किमीको दुरी भित्र रहेको) यस नगरपालिकालाई ठूलो शहरीकरणको कारण उत्पन्न भीडभाडबाट मुक्त स्वच्छ, शान्त एवं हरियाली आवासीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । यस नगरपालिकामा उपलब्ध कम मूल्यका जग्गा, विद्यमान प्राकृतिक खोलाहरुको सञ्जाल तथा यहाँको पूर्वाधार विकासमा लाग्ने तुलनात्मक न्यून लागतले यस क्षेत्रमा आवासीय सम्भावनालाई बढाउँदछ ।

परिच्छेद चार : आवधिक योजनाको अवधारणा

४.१ पृष्ठभूमि

दीर्घकालीन सोचलाई नगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्शको रुपमा लिन सकिन्छ । दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । दीर्घकालीन सोच एउटा वा दुईवटा आवधिक योजनाको कार्यान्वयनले पुगिने अवस्था नभई लामो समयको प्रयासबाट पुग्न चाहेको अवस्था हो । वि.सं. २१०० सम्ममा **समृद्ध नेपाल सुखी नेपाली** बनाउने राष्ट्रिय संकल्पमा योगदान पुर्‍याउने गरी बूढानीलकण्ठ नगरपालिकाको दीर्घकालीन सोच तय गरिएको छ । दीर्घकालीन सोच विशेषगरी कुनैपनि ठाउँको अवसर र सम्भावनालाई हेरेर तय गरिन्छ । नगरपालिकाका सरोकारवालाहरुबाट सहभागितामूलक पद्धति अवलम्बन गरी व्यापक मात्रामा छलफल पश्चात बूढानीलकण्ठ नगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको छ । बूढानीलकण्ठ नगरपालिकाको दीर्घकालीन सोच यसप्रकार रहेको छ ।

दीर्घकालीन सोच : *"स्वच्छ, शान्त, समृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ"*

दीर्घकालीन सोचमा रहेका शब्दहरुको अर्थ तथा मर्म :

नगरका प्रमुख सरोकारवालाहरुको व्यापक छलफल पछि तयार भएको यस दीर्घकालीन सोचमा *स्वच्छ, शान्त, समृद्ध तथा पर्यटकीय* गरी चारवटा विशेषणात्मक शब्दहरु बूढानीलकण्ठ शब्दको अगाडि राखिएका छन् ।

स्वच्छ : नेपाली शब्दसागरमा स्वच्छ शब्दको अर्थ कुनै किसिमको दोष खोट नभएको, सफा, चोखो, पवित्र, शुद्ध, निश्कलङ्क, चम्किलो, स्पष्ट, निरोग तथा स्वस्थ भनी परिभाषित गरिएको छ। यहाँ स्वच्छ शब्दले विशेष गरी वातावरणीय हिसाबले सफा नगरलाई संकेत गर्दछ । अव्यवस्थित शहरीकरण र बढ्दो प्रदुषणबाट उन्मुक्तिको चाहना यसमा देखिन्छ । हरियाली वृद्धि, कम प्रदुषण गर्ने खालका औद्योगिक क्रियाकलाप तथा यातायातका साधन र सफा उर्जाको प्रयोगबाट यस्तो अवस्थामा पुग्ने परिकल्पना गरिएको छ ।

शान्त : सामान्यतः शान्त भन्नाले सुनसान, कोलाहल र ध्वनी प्रदुषण मुक्त अवस्था हो । बढ्दो यातायात तथा विभिन्न प्रकारका उपकरण एवं मानव सिर्जित अनावश्यक आवाजबाट मुक्त हुने चाहना यसमा देखिन्छ । यसको अतिरिक्त यस शब्दले द्वन्द तथा हिँसा रहित अवस्थालाई पनि संकेत गर्दछ । यस शब्दले नगरपालिका भित्रको मजबुत शान्ति सुरक्षाको अवस्थालाई संकेत गर्नुका साथै नगरबासीको समृद्धिको अवस्थालाई पनि बुझाउँदछ ।

समृद्ध : नेपाली शब्दसागरमा समृद्धको अर्थ पुगिसरी आएको, सम्पन्न, उन्नत, उन्नतीशील, भरिपूर्ण भनी परिभाषित गरिएको छ । त्यसै गरी राष्ट्रिय योजना आयोगले तयार पारेको १५ औँ योजनामा समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएको अवस्थालाई समृद्धिको अवस्था भनेर परिभाषित गरेको छ । यस नगरपालिकाको दीर्घकालीन सोचमा समाविष्ट समृद्ध शब्दले पनि सोहि अवस्थाको परिकल्पना गरेको छ ।

पर्यटकीय : बूढानीलकण्ठ नगरपालिका पर्यटन विकासको प्रचुर सम्भावना बोकेको नगरपालिका हो । यहाँका मूर्त तथा अमूर्त एवं प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको परिचालन गरी यस नगरपालिकालाई एउटा पर्यटकीय आकर्षण केन्द्रको रुपमा देख्न सकिन्छ भन्ने सोच यस नगरपालिकाले राखेको छ ।

लक्ष्य (प्रभाव तहको नतिजा) : नगरवासीको आर्थिक तथा सामाजिक अवस्थामा सुधार भएको हुने ।

उद्देश्य (असर तहको नतिजा) :

(१) नगरवासीको आय आर्जनका अवसरहरुमा वृद्धि भएको हुने ।
(२) नगरवासीको शिक्षा स्वास्थ्य, तथा सामाजिक सुरक्षाको अवस्थामा सुधार भएको हुने ।
(३) स्तरीय पूर्वाधारमा नगरवासीहरुका पहुँच वृद्धि भएको हुने ।
(४) वन, भूमि जलाधार तथा जैविक विविधताको दिगो उपयोग नगरवासीको विपद् उत्थानशील क्षमतामा वृद्धि भएको हुने ।
(५) नगरपालिकाको सेवा प्रवाहको थप प्रभावकारी हुने र सुशासन अभिवृद्धि भएको हुने ।

४.२ परिमाणात्मक लक्ष्य

बूढानीलकण्ठ नगरपालिकाको यस प्रथम नगर विकास योजनाको आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४.१ : योजनाको परिमाणात्मक लक्ष्य

क्र.स.	सूचक	आ.व. २०७५/७६ को स्थिति			योजनाको लक्ष्य आ.व. २०८०/८१		
		संघ	प्रदेश	बूनपा	संघ	प्रदेश	बूनपा
१	निरपेक्ष गरिविको रेखामुनीको जनसंख्या (प्रतिशत)	१८.७	१५.३	१२	११	७	८
२	अपेक्षित आयु (बर्ष जन्मेको समयमा)	६९.७	६९.७	६९.७	७२	७५	७५
३	मातृ मृत्युदर (प्रतिलाख जीवित संख्या जन्ममा)	२३९	-	१००	९९	-	६०
४	५ बर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित संख्या जन्ममा)	३९	-	३०	२४	-	१५
५	साक्षरता दर (१५ बर्ष माथिको)	५८	७४.८५	९०	९०	९५	९८
६	युवा साक्षरता दर (१५ देखि २४ बर्ष, प्रतिशत)	८५	-	९२	९९	-	९९
७	आधारभूत तह (१ देखि ८ कक्षासम्मको खुद भर्ना दर) प्रतिशत	९२.३	-	९५	९९.५	-	९८
८	माध्यमिक तह (९ देखि १२ कक्षासम्मको खुद भर्ना दर) प्रतिशत	४३.९	४८.२	७५	६५	५२	८५
९	उच्च शिक्षामा कुल भर्ना दर (प्रतिशत)	९.५	-	२०	२२	-	३०
१०	काम गर्ने उमेर समुहका प्राविधिक र व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या (प्रतिशत)	२५	-	५०	६०	-	७५
११	बेरोजगारी दर (प्रतिशत)	११.४	-	१०	६	-	५
१२	विद्युत सेवामा पहुँच पुगेको जनसंख्या (प्रतिशत)	९०.७	८५.५	१००		९५	१००
१३	आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या (प्रतिशत)	८८	६७	९५	९९	१००	१००
१४	उच्च मध्ययमस्तरको खानेपानी सुविधा पुगेको जनसंख्या (प्रतिशत)	२०	-	३०	४०	-	५०
१५	इन्टरनेट प्रयोगकर्ता (प्रतिशत)	५५.४	-	८०	८०	-	९०

क्र.स.	सूचक	आ.व. २०७५/७६ को स्थिति			योजनाको लक्ष्य आ.व. २०८०/८१		
		संघ	प्रदेश	बूनपा	संघ	प्रदेश	बूनपा
१६	५ बर्ष मुनिका कम तौल भएका बालबालिका (प्रतिशत)	२७	-	१०	१५	-	५
१७	मानब विकास सूचकाङ्क	०.५७४	०.५५८	-	०.६२६	०.६५०	-
१८	भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोवास गर्ने जनसंख्या (प्रतिशत)	३७.८	-	५०	६०	-	७५
१९	उजुरीको फछ्यौंट (प्रतिशतमा)	४८.१३	-	६०	९८	-	९८
२०	५ बर्ष मुनिका बालबालिकाको जन्म दर्ता (प्रतिशत)	५६	-	८०	१००	-	१००

स्रोत : नगरपालिकास्तरीय कार्यशाला, २०७५

४.३ एकीकृत नतिजा खाका

बूढानीलकण्ठ नगरपालिकाको यस ५ वर्षे प्रथम आवधिक नगर विकास योजनाको नतिजा खाका यस प्रकार रहेको छ ।

तालिका ४.२ : एकीकृत नतिजा खाका

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
समष्ठिगत लक्ष्य (प्रभाव): नगरवासीको आर्थिक तथा सामाजिक अवस्थामा सुधार भएको हुने ।	मासिक १० हजार भन्दा कम आय हुने परिवार	४२२७ (१३ प्रतिशत)	७ प्रतिशत	५ प्रतिशत	नगर प्रोफाइल	निर्धारित समयमा तोकिएका कार्यक्रमहरु सञ्चालन हुने
	अपेक्षित आयु	७२	७४	७६	मानव विकास प्रतिवेदन	स्वास्थ्य तीनै तहको सरकारको प्राथमिकतामा परेको हुने
	प्रौढ साक्षरता	९२	९६	९९	मानव विकास प्रतिवेदन	शिक्षा तीनै तहको सरकारको प्राथमिकतामा परेको हुने
	निरपेक्ष गरिवीको रेखामुनीको जनसंख्या प्रतिशत	१२	१०	८	मानव विकास प्रतिवेदन	देशको आर्थिक वृद्धि दर थप भएको हुने
असर १: नगरवासीको आय आर्जनका अवसरहरुमा वृद्धि भएको हुने ।	प्रत्यक्ष रोजगारीमा हुनेहरुको प्रतिशत	२०.१७	२५	३०	नगर पार्श्व चित्र	प्रधानमन्त्री रोजगार कार्यक्रम थप प्रभावकारी भएको हुने र नगर भित्र नयाँ उद्योग व्यवसायहरु सञ्चालनमा आएका हुने

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	व्यापारमा संलग्न हुनेहरुको प्रतिशत	८.५५	१२	१५	नगर पार्श्वचित्र	नपामा जनसंख्या वृद्धि भएको हुने
	उद्योग व्यवसायहरुको संख्या	६४५१	८०००	१००००	नगर पार्श्वचित्र	उद्योग व्यवसायको लागि थप प्रोत्साहन प्राप्त भएको हुने
	सहकारीहरुको संख्या	५३	५०	४०	सहकारी प्रतिवेदन, सहकारी विभागको प्रतिवेदन	सहकारी संस्थाहरु मर्जमा जान थप प्रोत्साहित र बाध्य भएका हुने
प्रतिफल १.१: कृषि र पशुपालन पेशा निर्वाहमुखी एवं व्यवसायमुलक भएको हुने ।	व्यवसायशायिक कृषि फर्म (थप संख्या)	NA	५०	१००	नगर पार्श्वचित्र	कृषि क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने
	कृषि संकलन तथा उपसंकलन केन्द्रको संख्या (थप)	NA	१४	२८	नगर पार्श्वचित्र	कृषि क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने
	कोल्डस्टोरको संख्या	NA	२	४	नगर पार्श्वचित्र	अर्गानिक कृषि उच्च प्राथमिकतामा परेको हुने
	अर्गानिक कृषि फर्म (थप संख्या)	NA	१०	२०	नगर पार्श्वचित्र	कृषि क्षेत्रले थप प्रोत्साहन र प्राथमिकता पाएका हुने
प्रतिफल १.२: उद्योग व्यवसायहरुको विकास र विस्तार भएको हुने ।	उद्योगको संख्या	१५९	१७०	२००	नगर पार्श्वचित्र	
	व्यापार व्यवसायको संख्या	६९२	८००	१०००	नगर पार्श्वचित्र	नगर भित्र व्यापार व्यवसायमुलक वातावरण निर्माण भएको हुने
	अन्य सेवामुलक व्यवसायको संख्या	२८	४०	४०	नगर पार्श्वचित्र	जनसंख्या वृद्धि र आर्थिक अवस्थामा सुधार भएको हुने
प्रतिफल १.३ : पर्यटन क्षेत्रको विकास र विस्तार भएको हुने ।	पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउनेको (थप संख्या)	NA	१०००	५०००	नगर पार्श्वचित्र	पर्यटन गतिविधिको विकास भएको हुने
	व्यस्थित पर्यटकीय स्थलहरु (थप संख्या)	NA	५	१०	नगर पार्श्वचित्र	पर्यटन क्षेत्रमा तीनै तहको सरकारको लगानी वृद्धि भएको हुने

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	पर्यटकीय स्तरका होटल तथा रेष्टुरेण्ट	NA			नगर पार्श्वचित्र	नीजि क्षेत्रको लगानी वृद्धि भएको हुने
	स्तर उन्नति गरिएका पर्यटकीय संपदा	NA	५	१०	नगर पार्श्वचित्र	नीजि क्षेत्रको लगानी वृद्धि भएको हुने
	नपामा भ्रमण गर्न आएका पर्यटकहरुको वार्षिक संख्या (लाखमा)	NA	१	२	नगर पार्श्वचित्र, नगर पर्यटन बोर्डको प्रतिवेदन	नपामा भएको पर्यटकीय स्थलहरुको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरु तयार भएका हुने
	तालिम प्राप्त गाईडहरुको संख्या	NA	१००	२००	नगर पर्यटन बोर्डको प्रतिवेदन	नगर पर्यटन बोर्ड थप प्रभावकारी भएको हुने
प्रतिफल १.४ : नगरभित्र वित्तीय सेवाको पहुँच वृद्धि भएको हुनेछ ।	बैकमा खाता हुने घरपरिवार (प्रतिशतमा)	NA	७५	९०	नगर पार्श्वचित्र	बैंक तथा नपाको विचको समन्वय थप प्रभावकारी भएको हुने
	बैक सेवा प्राप्त गर्ने जनसंख्या (प्रतिशतमा)	५०	६०	७५	नगर पार्श्वचित्र	
	सहकारीमा आवद्ध घरपरिवार प्रतिशत	NA	७५	९०	सहकारी शाखाको प्रतिवेदन	सहकारी अभियान थप प्रभावकारी भएको हुने
असर २ : नगरवासीको शिक्षा स्वास्थ्य, तथा सामाजिक सुरक्षाको अवस्थामा सुधार भएको हुनेछ ।	कक्षा १ भर्ना भएका मध्ये १२ कक्षा उत्तीर्ण गर्ने बालबालिकाको प्रतिशत	NA	५०	७५	नगर शिक्षा शाखाको वार्षिक प्रतिवेदन	शिक्षामा लगानी वृद्धि र अनुगमन तथा नीरिक्षण थप प्रभावकारी भएको हुने
	१-८ को खुद भर्नादर	NA		९९.५		
	९-१२ को खुद भर्नादर			७०		
	माध्यमिक शिक्षा उत्तीर्ण गर्ने मध्ये विश्वविद्यालय तहमा भर्ना हुनेको प्रतिशत	NA	५०	६५		
	सिकाइको दर (कक्षा ८ र १० को गाणित, अंग्रेजी विज्ञान र नेपालीको)	NA				
	बालमृत्युदर (प्रतिहजार जिवित जन्ममा)	३०	२०	१५	स्वास्थ्य सर्वेक्षण प्रतिवेदन	मातृ शिशु स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने
	मातृ मृत्यूदर (प्रतिलाखमा)	९९	९०	८०	स्वास्थ्य सर्वेक्षण प्रतिवेदन	
	नसर्ने रोगबाट मृत्यू हुनेको प्रतिशत	NA			स्वास्थ्य सर्वेक्षण प्रतिवेदन	नसर्ने रोग सम्बन्धी जनचेतनामा वृद्धि र बानी व्यवहारमा

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
						सुधार आएको हुने
	५ वर्ष मुनिका कम तौल भएका बालबालिकाको प्रतिशत	२४ (NPC)	२०	१५	स्वास्थ्य सर्वेक्षण प्रतिवेदन	बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने
	सरुवा रोगबाट संक्रमित हुनेको प्रतिशत		५	३	स्वास्थ्य सर्वेक्षण प्रतिवेदन	जनचेतनामा वृद्धि भएको हुने
प्रतिफल २.१: गुणस्तरीय शिक्षामा नगरवासीको पहुँच वृद्धि भएको हुनेछ ।	स्थायी बासिन्दाका विद्यालय जाने उमेरका बालबालिका मध्ये सामुदायिक विद्यालयमा अध्ययन गर्नेको प्रतिशत	३	५	१०	शिक्षा शाखाको प्रतिवेदन	सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तरमा सुधार भएको हुने
	पूर्व बाल शिक्षा विकासको अनुभव सहित कक्षा १ मा भर्ना भएको विद्यार्थी प्रतिशत	९६	९८	९९		पूर्व बाल शिक्षाको प्रचार प्रसारमा वृद्धि र लगानीमा वृद्धि भएको हुने
	आधारभूत तहको कुल भर्ना दर	१००	१००	१००		विद्यालयमा शैक्षिक वातावरणमा सुधार भएको हुने
	आधार भूत तहको खुद भर्ना दर	९५	९६	९७		
	आधार भूत तहको टिकाउ दर	८५	८७	९०	शिक्षा शाखाको प्रतिवेदन	
	कक्षा १० को टिकाउ दर	७६	८०	८५		
	कक्षा १० उत्तीर्ण हुने मध्ये कक्षा ११ मा भर्ना हुनेको प्रतिशत	९५	९६	९८		
प्रतिफल २.२ : गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीहरुको पहुँच पुगेको हुनेछ ।	लक्षित जनसंख्या मध्ये सरकारी स्वास्थ्य संस्थाहरुबाट सेवा लिने सेवाग्राहीको (प्रतिशत)	३०	५०	६०	स्वास्थ्य शाखाको प्रतिवेदन	सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात भरपर्दो सहजहुने
	लक्षित जनसंख्या मध्येस्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिलाको (प्रतिशत)	४	८	१२		
	भिटामिन ए प्राप्त गर्ने बालबालिका (प्रतिशत)	७१	८२	९०		
	परिवार नियोजनका साधनको प्रयोग दर (सिपिआर)	५३	६०	७०		
	पूर्व प्रसूति सेवा चार पटक प्राप्त गर्ने गर्भवति महिला (प्रतिशत)	२४	४०	५०		
	सबै किसिमका खोप लगाउने १६ देखि २३ महिनाका बालबालिका (प्रतिशत)	९०	९५	९५		
	महिला स्वास्थ्य स्वयम सेविका (संख्या)	१२१	१२१	१२१		
	सरकारी स्वास्थ्य सेवा संस्थाको संख्या	८	११	१३	नगर पार्श्वचित्र	स्वास्थ्य पूर्वाधारमा नपाको लगानी वृद्धि भएको हुने
	आफ्नै स्वामित्वमा जग्गा जमिन भई भवन भएका स्वास्थ्य संस्थाको संख्या	४	८	१३		
	एम्बुलेन्स सेवा उपलब्ध भएको स्वास्थ्य संस्था (संख्या)	१	५	१३		

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	प्रसूति भवन भएको स्वास्थ्य केन्द्रको संख्या	२	४	६		
	न्यूनतम सेवा मापदण्ड पुरा गरेका स्वास्थ्य संस्था संख्या	०	६	१३	स्वास्थ्य पार्श्व चित्र	स्वास्थ्य पार्श्व चित्र निर्माण भएको हुने
	प्रत्येक नागरिकको फेमिली हेल्थ फोल्डर तयार गर्ने (प्रतिशत)	०	५	१०		
प्रतिफल २.३ : सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाई सेवामा नगरवासीको पहुँच सुनिश्चित भएको हुने	खानेपानी स्रोतमा दिगो पहुँच भएका जनसंख्या प्रतिशत				नगरपार्श्व चित्र	खानेपानीको स्रोतहरुमा वृद्धि भएको हुने जस्तै मेलम्ची परियोजना सञ्चालनमा आएको हुने
	प्रतिव्यक्ति प्रति दिन स्वच्छ पानीको उपलब्धता लिटरमा		७५	१०० NUDS	नगरपार्श्व चित्र	
	आधार भूततहको खानेपानी उपलब्ध भएको घरधुरी प्रतिशत		९०	१००	नगरपार्श्व चित्र	
	एक घर एक धारा भएको घर धुरी प्रतिशत		९५	१००	नगरपार्श्व चित्र	
	लैंगिक मैत्री सार्वजनिक शौचालय संख्या		७	१०	नगरपार्श्व चित्र	नपामा निर्माण हुने संरचनाहरु लैंगिक सम्वेदनशील भएको हुने
प्रतिफल २.४: महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायत लक्षित वर्गले जीवन यापन थप सहज भएको हुनेछ ।	सार्वजनिक महत्वको विषयमा लक्षित वर्गको सहभागिताको अवस्था	भएको	थप भएको	थप भएको	नपाको वार्षिक प्रगति प्रतिवेदन	नपाको योजना तथा कार्यक्रमहरु लैंगिकमैत्री हुनुको साथै बजेटको परिमाणमा पनि वृद्धि भएको हुनेछ ।
	मानव बेचविखन तथा ओसार पसारका घटनाको संख्या	NA	नगन्य	नगन्य	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	नपामा दर्ता भएका कुल गुनासा मध्ये लक्षित वर्गको गुनासाको अनुपात	NA	नगन्य	नगन्य	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल २.५ : युवाहरु नगरको दीर्घकालीन सोच प्राप्तीमा योगदान पुऱ्याउने सक्ने जनशक्तिको रुपमा विकास भएको हुनेछन् ।	युवाहरुको नेतृत्वमा रहेको सामाजिक संघसंस्थाको प्रतिशत	NA	२५	५०	नपाको वार्षिक प्रगति प्रतिवेदन	युवाहरुका लागि भएको लगानीमा वृद्धि भएको हुने
	युवा व्यवसायीहरुबाट सञ्चालन भएका व्यवसायको प्रतिशत	NA	२५	५०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	युवाहरुको नेतृत्व रहेका उपभोक्ता समितिहरुको प्रतिशत	NA	४०	५०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल २.६ : नगरभित्र परम्परागत धर्म, संस्कृति तथा रितिरिवाजहरुको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ ।	संस्कृति परम्पराको संरक्षणमा सक्रिय समुदायहरुको संख्या (थप)	NA	२८	४२	पर्यटन बोर्ड तथा नपाको वार्षिक प्रतिवेदन	स्थानीय संस्कृति तथा परम्पराको संरक्षण तथा सम्वर्द्धनमा नपाको सकृयतामा वृद्धि भएको हुने
	संस्थागत रुपमा आयोजना गरिएका धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरुको वार्षिक संख्या	NA	४	६		
	संस्कृति तथा परम्पराको संरक्षण सम्वर्द्धनमा क्रियाशील संघसंस्थाहरुको संख्या (थप)	NA	७	१४		
असर ३ : स्तरीय पूर्वाधारमा नगरवासीहरुका पहुँच वृद्धि भएको हुने ।	कुल सडक घनत्व				नगरपार्श्व चित्र	
	जनसंख्या र सार्वजनिक यातायातको साधनको अनुपात				नगरपार्श्व चित्र	
	टेलिफोन घनत्व (प्रतिसय व्यक्तिमा)				नगरपार्श्व चित्र,	दुर सञ्चार कम्पनीले

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	इन्टरनेट ग्राहकको घनत्व (प्रतिसय व्यक्तिमा)				नगरपार्श्व चित्र	आफूलाई समसामयिक अध्यावधिक गरेको हुने
	सार्वजनिक यातायातका लागि कुर्नपर्ने सरदर समय भित्रीसडक	३० मिनेट	१५	१०	नगरपार्श्व चित्र	जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने
	सार्वजनिक यातायातका लागि कुर्नपर्ने सरदर समय मूख्य सडक	१ मिनेट	१ मिनेट	१ मिनेट	नगरपार्श्व चित्र	
	तोकिएको मापदण्ड (भवन आचार संहिता) अनुसार निर्माण भएका आवासमा वसोबास गर्ने मानिसहरुको प्रतिशत	६०	७५	९०	नगरपार्श्व चित्र	नगरबासीमा भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र नपाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुने
	निर्माणको प्रयोजन अनुसार प्रयोग भएका भवनहरुको प्रतिशत	६०	७५	९०		
	सार्वजनिक यातायातको रुट भएका वडा संख्या	११	१३	१३	नगरपार्श्व चित्र	नगर भित्र सार्वजनिक यातायात सञ्चालन गर्न यातायात व्यवसायी आकर्षित भएको हुने
	सार्वजनिक यातायातको स्टेशनहरुको संख्या	११	२०	२०	नगरपार्श्व चित्र	
	ढल सुविधाबाट लाभान्वित जनसंख्या घरधुरी प्रतिशत	८०	१००	१००	नगरपार्श्व चित्र	
	म्याद थप नगरी तोकिएको समयमा सम्पन्न भएका नगर सडक आयोजनाहरुको अनुपात	६०	६५	७०	नपाको वार्षिक प्रगति प्रतिवेदन तथा अन्य समसामयिक प्रतिवेदनहरु	अनुगमन पक्ष प्रभावकारी भएको हुने
प्रतिफल ३.१ : नगरमा गुणस्तरीय सडक सञ्जालको विस्तार भएको हुने ।	कुल सडक मध्ये नाली भएका सडकको अनुपात	८०	९०	१००	नगरको वार्षिक प्रगति प्रतिवेदन	नगरमा सडकको क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने
	कुल सडक मध्ये सडकपेटी भएका सडकको अनुपात	३०	३५	४०		
	निम्नतम् मापदण्डका सडकको अनुपात	५०	७०	९०		
	मापदण्ड अनुसार सडक बत्ति जडान भएको सडकको अनुपात	२५	४०	७०		
	बाह्रै महिना सञ्चालन भएका सडकको अनुपात	९९	९९	९९		
प्रतिफल ३.२ : नगर भित्र ढलको सुविधा विस्तार भएको हुने ।	ढलको घनत्व				नगरको वार्षिक प्रगति प्रतिवेदन	नगरमा भौतिक पूर्वाधारको क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने
	फोहोर पानीको प्रशोधन व्यवस्था सहितको ढल प्रणाली संख्या	०	२	५		
प्रतिफल ३.३ : नगर भित्र सुरक्षित र सफा उर्जाको प्रयोगमा वृद्धि भएको हुने ।	सडक वत्तिको व्यवस्था भएका सडकको लम्बाईको अनुपात	७०	१००	१००		

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रतिफल ३.४ : सञ्चार सेवा समसामयिक, गुणस्तरीय, भरपर्दो र सर्वसुलभ हुने ।	स्मार्ट फोनको प्रयोग कर्ताको प्रतिशत	५०	६०	७०		
	इन्टरनेट ग्राहकको घनत्व (प्रतिसय व्यक्तिमा)	४५	५५	६०		
असर ४: वन, भूमि, जलाधार तथा जैविक विविधताबाट दिगो पर्यावरणीय तथा आर्थिक लाभ प्राप्त हुनुका साथै विपद् उत्थानशीलतामा वृद्धि भएको हुने ।	वनको क्षेत्रफल	२८.३६	२८.३६	२८.३६	नगर पार्श्वचित्र	नगर भित्र भुउपयोग योजना कडाईका साथ पालना भएको हुने
	गुणस्तरीय वनले ढाकेको क्षेत्रफल (हे.)				नगर पार्श्वचित्र	
	संरक्षित भूक्षय संवेदनशील क्षेत्रफल (हे.)				नगर पार्श्वचित्र	
प्रतिफल ४.१ वनको हैसियत तथा शहरी क्षेत्रको हरियालीमा वृद्धि र वातावरणीय स्वच्छतामा दीगो सुधार भएको हुने ।	उत्पादित काष्ठ तथा गैरकाष्ठ वन पैदावारबाट प्राप्त आम्दानी रु लाखमा	NA	५०	७५	नगर पार्श्वचित्र	वैज्ञानिक वन व्यवस्थपनको अवधारण वन पैदावारको उपयोग भएको हुने
	नगर क्षेत्रमा दैनिक सञ्चालन हुने यातायातमध्ये स्वच्छ/विद्युतीय ऊर्जामा आधारित यातायातका साधनको प्रतिशत	NA	२०	३०	नगर पार्श्वचित्र	विद्युतीय उर्जामा आधारित यातायातको साधनले प्राथमिकता पाएको हुने
	अव्यवस्थित प्लाष्टिक लगायतका अन्य फोहोररहित टोल बस्तीको प्रतिशत	NA	५०	७५	नगर पार्श्वचित्र	वातावरण प्रति जनचेतना वृद्धि भएको हुने
प्रतिफल ४.२: भूमि तथा जलाधार क्षेत्रको गुणस्तरमा सुधार भएको हुने	पुनर्स्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल					
	वर्षैभरि नसुक्ने पानी मुहानको संख्या					
प्रतिफल ४.३: जलवायु विषमता तथा विपद्जन्य घटनाहरुबाट हुने जनधन र पर्यावरणीय क्षति, नोक्सानीमा कमी आएको हुने ।	विपद्का घटनाका कारण विस्थापित विस्थापित हुने ३ वर्षको औसत घरपरिवार संख्या	NA	नगन्य	नगन्य	नगर पार्श्वचित्र	विपद् सम्बन्धमा नपा तथा समुदाय सम्वेदनशील भएको हुने
	विपद्जन्य घटनाहरुबाट घाइते हुनेको ३ वर्षको औसत संख्या	NA	नगन्य	नगन्य	नगर पार्श्वचित्र	
	सबलीकृत गरिएका जोखिममा रहेका प्राकृतिक, भौतिक, आर्थिक, वा सामाजिक सम्पदाको संख्या	NA	५	१०	नगर पार्श्वचित्र	
	सार्वजनिक खुला क्षेत्रहरुको संख्या (थप प्रतिवडा)		५	७	नगर पार्श्वचित्र	
असर ५ : नगरपालिकामा सुशासन प्रवर्द्धन र सेवा प्रवाह प्रभावकारी भएको हुने	कुल पूँजीगत बजेट मध्ये खर्च भएको प्रतिशत	७०	८०	९०		
	सेवा प्रवाह प्रति सेवाग्राहीको संतुष्टीको तह	–	–	–	संतुष्टी मापन सर्वेक्षण	
	तोकिएको सयममा सम्पन्न भएका योजनाको प्रतिशत	८०	९०	१००	नपाको वार्षिक प्रगति प्रतिवेदन	अनुगमन प्रभावकारी भएको हुनेछ ।

विवरणात्मक संक्षेप	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	नपाको कुल बजेटमा आन्तरिक आयको प्रतिशत	१३	१७	२५	वार्षिक योजना	राजस्व सुधार कार्ययोजना प्रभावकारी ढंगले कार्यान्वयन भएको हुने
प्रतिफल ५.१ : नगरपालिकाको संस्थागत क्षमता (प्रविधिको प्रयोग सहितको) वृद्धि भएको हुने ।	संगठन संरचना अनुसार गठन भएका शाखाहरुको प्रतिशत	९०	९५	१००	नगर पार्श्वचित्र	
	उत्तरदायित्व सुनिश्चित गर्ने संयन्त्रको व्यवस्था	आलेप शाखा	आलेप शाखा	आलेप शाखा	नगर पार्श्वचित्र	
	सूचना प्रविधि प्रयोग गरी प्रदान गरिएका सेवाहरु	राजस्व	राजस्व र योजना	राजस्व, योजना, र नक्सापास	नगर पार्श्वचित्र	
	भवन, सवारी साधन लगायत आवश्यक भौतिक पूर्वाधार पर्याप्त मात्रामा भएका कार्यालय वा शाखाहरु	सबैमा भएको	सबैमा सुधार गर्दै लगिने	सबैमा भएको	नगर पार्श्वचित्र	
प्रतिफल ५.२ : पारदर्शिता र जवाहदेहिता अभिवृद्धि भएको हुने ।	सार्वजनिक सुनुवाईको वार्षिक संख्या	२	३	४	वार्षिक प्रगति प्रतिवेदन	जन प्रतिनिधिहरु जन उत्तरदायी हुने परम्पराको विकास भएको हुने
	समयमा सम्बोधन भएका गुनासो वा उजुरीको प्रतिशत	६०	७०	७५		
प्रतिफल ५.३ : मानव संसाधनको अवस्था सुदृढ भएको हुनेछ ।	दरवन्दी अनुसार कर्मचारी आपूर्ति भएको वार्षिक दिन	सबैमा भएको	आवश्यकता अनुसार थप गरिने	आवश्यकता अनुसार थप गरिने	समय समयमा सम्बन्धित मन्त्रालयमा पेश गरिने प्रतिवेदन	संघीय सरकार स्थानीय सरकार प्रति सम्बेदनशील भएको हुने र प्रदेश आयोग क्रियाशील भएको हुने
	संगठन संरचनाको अनुपातमा व्यवस्था भएको कर्मचारी प्रतिशत	सबैमा भएको	आवश्यकता अनुसार थप गरिने	आवश्यकता अनुसार थप गरिने		
	संगठन संरचना अनुसार गठन भएका शाखाहरुको प्रतिशत	सबैमा भएको	आवश्यकता अनुसार थप गरिने	आवश्यकता अनुसार थप गरिने		
प्रतिफल ५.४ : नगरपालिकाको भौतिक पूर्वाधार व्यवस्थापनमा सुधार भएको हुनेछ ।	उपयुक्त र आवश्यकमात्रामा भौतिक पूर्वाधार पुरा भएका कार्यालय र शाखाहरुको प्रतिशत	सबैमा भएको	आवश्यकता अनुसार थप गरिने	आवश्यकता अनुसार थप गरिने		
	उपयुक्त र आवश्यकमात्रामा भौतिक पूर्वाधार पुरा भएका वडा कार्यालयहरुको प्रतिशत	७०	८५	१००	नपाको वार्षिक प्रगति प्रतिवेदन	नपाको प्राथमिकतामा परेको हुने

४.४ नगर विकासका मुख्य निर्देशक सिद्धान्तहरू

नगर विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तर्फ उन्मुख गराउनका लागि देहाय अनुसारका मुख्य निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ :

(क) दिगोपना

यस आवधिक योजनाले नगरको विकास गर्दा वातावरणीय, सामाजिक र आर्थिक दिगोपनालाई बढावा दिनेछ । यसको अर्थ नगरपालिकाबाट सञ्चालित विकासका गतिविधिहरु वातावरणीय दृष्टिकोणले दिगो हुनुपर्दछ, अर्थात बाह्य नकारात्मक पक्षहरु हुनु हुँदैन र वातावरणले धान्न नसक्ने हुनु हुंदैन भन्ने हो । सामाजिक दिगोपनाको अर्थ सामाजिक पूँजीको संरक्षण तथा विकास हो जसले मानवमैत्री वातावरण निर्माण

गरि सामाजिक जीवन्तता कायम गर्न योगदान गर्दछ। आर्थिक दिगोपना भन्नाले बाह्य सहयोग प्राप्त नभएको स्थितिमा पनि वातावरण मैत्री आर्थिक गतिविधिहरुलाई प्रोत्साहन गर्दछ।

(ख) समावेशिता

नगरपालिका नश्ल, जाति, लिङ्ग तथा आर्थिक वर्ग समेतको आधारमा सामाजिक रुपमा समावेशी हुनुपर्छ। समावेशीकरणले नगरपालिकाको सामाजिक र साँस्कृतिक विविधता र संवेदनशीलताको पक्षपोषण गर्नुपर्दछ। त्यसमा पनि खास गरि विपन्न र सिमान्तकृत र अल्पसंख्यक व्यक्ति, सामान्यतया: गरीब, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको लागि गर्नुपर्दछ। समावेशिताले सामाजिक न्यायका अतिरिक्त समता र सन्तुलित विकासलाई प्रवर्द्धन गर्दछ। नगरपालिका आर्थिक हिसाबले सबै भन्दा पछाडि परेका गरीबका आवश्यकताहरु सम्बोधन गर्न, तिनको शिक्षा, स्वास्थ्य, आवास, जीविकोपार्जन र यातायात सम्बन्धी आधारभूत सरोकारलाई संवोधन गर्न गरीबमैत्री हुनेछ। विकासको प्रतिफलको बाँडफाँडमा कसैलाई पनि पछि पारिने छैन (No one left behind) को सिद्धान्तलाई अंगिकार गरिनेछ।

(ग) उत्थानशीलता

उत्थानशीलताले भौतिक र सामाजिक उत्थानशीलता दुवै जनाउँदछ। जसले गर्दा नगरपालिका वातावरणीय र आर्थिक परिवर्तनको सन्दर्भमा सुरक्षित र अनुकुल रहनु पर्दछ। नगरपालिकाले तयार गर्ने योजनाको प्रमुख ध्यान प्रकोप वा जलवायु परिवर्तनको क्षेत्रीय र विश्वव्यापी प्रभावका कारण उत्पन्न अल्प तथा दीर्घकालीन जोखिम निवारण गर्न भौतिक, सामाजिक, आर्थिक र संस्थागत उत्थानशीलतामा केन्द्रित हुनेछ। योजना तथा यसको कार्यान्वयनबाट विकसित परिस्थितिले विभिन्न प्रकारको खतरा, आघात र जोखिमको सामना गर्नसक्ने क्षमता विकास गर्न आवश्यक छ।

(घ) हरियाली

नगरपालिकाले तयार गर्ने यस योजना नगरलाई हरियालीयुक्त, शीतल र आर्द्र राख्ने तीन प्रमुख विषयबाट निर्देशित हुनेछ। हरियाली कायम राख्न, सुरक्षा र सौन्दर्य प्रबर्द्धन गर्न हरितपार्क, हरित खुल्ला स्थान, शहरी कृषि र वन जस्ता विषयमा ध्यान दिनेछ। नगरले न्यून कार्बन उत्सर्जन हुने, वैकल्पिक उर्जाको प्रयोग र तापमानको प्रभाव कम हुने भू-उपयोग प्रविधि र सामग्रीको प्रवर्द्धन गर्नेछ। त्यसैगरी नगरपालिकाले जलजीवन, शहरी जैविक विविधता र जमीनमा पुनर्जलीकरण गर्न नगरमा रहेका पोखरी, इनार, खोलानाला आदि स्वच्छ राखी जलाधारहरुको सुरक्षा र विस्तारका लागि काम गर्नेछ।

(ङ) प्रभावकारिता

प्रभावकारी, सुशासित र सुव्यवस्थित शासनबाट मात्र दिगो, समावेशी, उत्थानशील र हरित नगरको सपना पुरा हुन सक्दछ। तसर्थ नगरपालिकाले तयार गर्ने यस योजना पनि आफ्नो संस्थागत क्षमता र प्राविधिक दक्षता, नगरका कुनै पनि योजना र विकास प्रक्रियाहरुमा संस्थागत पारदर्शिता र जवाफदेहिता, नागरिक केन्द्रित सेवा प्रवाह र विकासको प्रतिफल वितरण जस्ता सुशासनका तीनवटै आधारभूत विषयद्वारा निर्देशित हुनेछ।

(च) भूउपयोग, वस्ती विकास र व्यवस्थित शहरीकरण

उपलब्ध भूमिको अधिकतम् र दीगो उपयोगका लागि भू-उपयोग योजना तर्जुमा गरी सो अनुसार वस्ती, कृषि क्षेत्र, हरियाली क्षेत्र, औद्योगिक क्षेत्र, खुला क्षेत्र तथा खेलकुदका लागि मैदानहरू पहिचान गरी सो अनुसारको

योजना कार्यान्वयन गरिनेछ। सडक, भवन लगायत पूर्वाधार निर्माणका क्षेत्रमा राष्ट्रिय तथा प्रदेशस्तरीय मापदण्डहरूसँग तादात्म्यता हुनेगरी नगरस्तरीय मापदण्डहरू तर्जुमा र कार्यान्वयन गरिनेछ।

(छ) सहभागितामूलक विधि र नागरिक भावनाको सम्मान

यस योजनाको कार्यान्वयनको क्रममा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा समेत सम्बन्धित सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ। नागरिकका अपेक्षा, आवश्यकता, परिवेश र भावनालाई ध्यान दिई योजना तर्जुमा र कार्यान्वयन गरिनेछ।

(ज) सूचना, सञ्चार तथा आधुनिक प्रविधिको अवलम्बन

नगरपालिकाबाट प्रवाह गरिने सेवामा आधुनिक प्रविधिलाई उच्च प्राथमिकताका साथ प्रयोगमा ल्याइने छ। यसबाट सेवा प्रवाह छिटोछरितो (Smart) हुनुको साथै सुशासन अभिवृद्धि गर्न सहयोग पुग्नेछ।

(झ) सुशासनको प्रवर्द्धन

सुशासनका लागि आवश्यक जवाफदेहिता, पारदर्शिता, जन सहभागिता, उत्तरदायीपनाको प्रवर्द्धन गरिनेछ। आफ्ना काम, कारवाहीप्रति सम्बन्धित सबैलाई जवाफदेहि बनाइनेछ। योजना निर्माण, कार्यान्वयन तथा अनुगमन पद्धतिलाई सूचनामा आधारित र नतिजामूलक बनाइनेछ। नगरपालिकाको काम कारबाही तथा निर्णयहरूलाई पारदर्शी बनाइनेछ।

(ञ) वातावरण सन्तुलन र दीगो विकास

विकास निर्माणका काम तथा प्राकृतिक स्रोतको उपयोग गर्दा वर्तमान तथा भविष्यका पिँढीको आवश्यकता समेतलाई मध्यनजर गरी समुचित उपयोगमा ध्यान दिइनेछ। साथै हरित बूढानीलकण्ठ निर्माण गर्न सडक पेटी सुहाउँदो वृक्षारोपण गर्न निजी क्षेत्रको सहभागितामा विरुवा बैंक स्थापना गरी फूलका विरुवाहरु सहजरुपमा उपलब्ध गराईने छ।

(ट) मानव अधिकार र सामाजिक न्याय

नगरपालिकाले विश्वव्यापी आधारभूत मानव अधिकारहरूको सुनिश्चित गर्दै न्यायपूर्ण समाजको सिर्जनामा जोड दिनेछ।

(ठ) सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी

उपलब्ध तथा सम्भावित स्रोतहरूको अधिकतम उपयोगका लागि सरकारी, निजी र गैरसरकारी क्षेत्रबीच साझेदारी अघि बढाइने छ।

४.५ प्राथमिकताका क्षेत्रहरू

नगरपालिकालाई नगरको विकासको दीर्घकालीन सोचतर्फ डोऱ्याउने प्रयोजनका लागि नगरपालिकाले आगामी दिनमा वार्षिक योजनाहरु तथा कार्यक्रमहरू तर्जुमा गर्दा निम्न विषयहरूलाई प्राथमिकता प्राप्त क्षेत्रका रुपमा स्थान दिनेछ।

(क) भौतिक पूर्वाधार विकास

भौतिक पूर्वाधार विशेषगरी सडक सबै विषयगत क्षेत्रका लक्ष्य तथा उद्देश्य हासिल गर्न पूर्व शर्तका रुपमा मानिन्छ। नगरपालिकामा हाल भौतिक पूर्वाधार खास गरी सडक विकासको अवस्था परिमाणात्मक हिसाबले सन्तोषजनक रहेतापनि गुणात्मक हिसाबले कमजोर रहेको र त्यसको वितरण पनि समानुपातिक नभएको

अवस्था छ । कृषि, उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, पर्यटन लगायत सबै विषयगत क्षेत्रहरूका विकासको लागि आवश्यक न्यूनतम गुणस्तरीय र विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण गरी अन्य विषयगत क्षेत्रको विकासमा तीव्रता दिइनेछ । यस नगरपालिकालाई उपमहानगपालिकामा स्तरोन्नती, आवाशीय शहर निर्माण र पर्यटन विकासका लागि आधार बर्ष मानी बजेट तर्जुमा गरिने, नगरपालिकालाई गल्लीरहित हुनेगरी सडक विकास गर्ने, नयाँ भवन निर्माण सम्पन्न पश्चात बाटो भएको घरको निर्माण सम्पन्न प्रमाणपत्र दिँदा मापदण्ड अनुसारको बाटो कायम गरी मात्र दिईने र नगर क्षेत्रभित्र भौगर्भिक सर्वेक्षण गरी Water Recharge Area/Liguefaction Suspectible Area पहिचान गरी Water Recharge Area मा भवन निर्माण गर्दा Recharege Pit को अनिवार्य व्यवस्था र Liquefaction Suspectible Area तरलीकरण क्षेत्रमा निर्माण गर्दा माटो परीक्षण अनिवार्य गरिने छ ।

सडक निर्माण तर्फ प्रत्येक वडामा १/१ वटा सडक पहिचान गरी १३ वटा वडामा निर्धारित मापदण्ड अनुसार गरिने, नगर यातायात गुरु योजना (Municipal Transport Master Plan -MTMP) ले निर्धारण गरेको नगर शहरी बस सञ्चालन, बस स्टैण्ड, बसपार्क, आकाशे पुल, भूमिगत क्रसिङ, ट्याक्सी स्टैण्ड एवम् पार्किङ, रिजर्भ गाडी स्टैण्ड एवम् पार्किङ तथा ट्राफिक नियम नियमनका मापदण्डलाई आधारमानी योजना तर्जुमा गरिने छ ।

(ख) शिक्षा र स्वास्थ्यको विकास

आधारभूत शिक्षा र स्वास्थ्य सेवामा पहुँच सबै नागरिकको संविधान प्रदत्त अधिकार हो । नगरपालिकाले विद्यमान शिक्षा र स्वास्थ्य सेवालाई थप गुणस्तरीयताका साथ तथा सबैको सधैंको पहुँचमा पुग्नेगरी विस्तार गर्नेछ । परम्परागत शिक्षाले मात्र देशको आजको जनशक्तिको आवश्यकता पुरा नहुने र व्यक्तिको जीविकोपार्जनमा पनि सहयोग पुग्न नसक्ने अवस्था छ । यसबाट समग्र देश तथा नगरले खोजेको समृद्धि पनि हासिल हुन नसक्ने भएकाले आगामी दिनमा प्राविधिक शिक्षामा जोड दिइने छ र नगरपालिकाको प्राथमिकता यसैमा हुनेछ । सामुदायिक विद्यालयको अवस्था हेरि गाभ्ने (Merging) नीति अवलम्बन गर्ने र त्यस्ता विद्यालयहरुमा व्यवसायिक शिक्षा प्रारम्भ गर्ने, शैक्षिक प्रणालीलाई रोजगारीसँग आबद्ध गर्न सीपमूलक, आयमूलक प्राविधिक शिक्षालाई बढावा दिने, युवा शक्तिलाई रोजगारीका क्षेत्र परिचालन गरी रोजगारमूलक बनाउन प्रशिक्षण केन्द्र स्थापना गर्ने जस्ता कार्यहरुलाई प्राथमिकतामा राखिने छ ।

(ग) सुशासन प्रवर्द्धन

नगरकार्यपालिकाको कार्यालय लगायत स्थानीयस्तरमा कार्यरत सबै सार्वजनिक संघसंस्थामा सुशासनको प्रवर्द्धन गर्न पारदर्शिता, जवाफदेहिता, विधिको शासनको प्रवर्द्धन र विद्युतीय शासन प्रणाली विस्तार जस्ता कार्यमा नगरपालिकाको लगानी वृद्धि हुनेछ । नगरपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवम् विशिष्टता समेतलाई विचार गरी आवधिक तवरमा संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण गरी नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहने संगठन संरचनाको व्यवस्था गरिनेछ भने प्रशासन यन्त्रलाई स्वच्छ, परिणाममुखी, जवाफदेही, पारदर्शी बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई थप प्रभावकारी बनाइने छ ।

(घ) पर्यटन विकास

यस नगरपालिकामा पर्यटन विकासको प्रचुर सम्भावना भएको र यसको लागि पर्यटन विकास गुरुयोजना समेत तयार भई कार्यान्वयनमा आएको छ । बूढानीलकण्ठ दर्शन गर्न आउने पर्यटकहरुलाई लक्षित गरी कार्यक्रम वा योजना बनाउन सकेमा पर्यटन प्रवर्द्धन गर्न सकिने छ । नगरपालिकामा आ.व. २०७४/०७५ मा

नगरपालिका भ्रमण गर्ने पर्यटकहरु प्रशस्तै रहेका थिए । यद्यपि प्राकृतिक रुपमा मनोरम, सांस्कृतिक, धार्मिक रुपमा महत्वपूर्ण स्थलहरू रहेका छन् । पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण यिनै सम्पदाहरूको सम्वर्द्धन र प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास गर्न नगरपालिकाले प्राथमिकता दिनेछ । पर्यटन विकासका लागि निम्न विषयहरुमा विशेष ध्यान दिइनेछ ।

१. ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक र प्राकृतिक पर्यटकीय सम्पदाहरुको संरक्षण तथा संवर्द्धन
२. प्राकृतिक, जैविक, विविधतायुक्त पर्यटकीय स्थलहरुको अध्ययन/अनुसन्धान
३. पर्यटकीय जनशक्तिका लागि तालिम, क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता
४. पर्यटकीय पूर्वाधार निर्माण, संस्थागत संरचना र सरसफाई
५. प्रचार प्रसार, प्रवर्द्धन, सूचना, सञ्चार, बजारीकरण र ब्राण्डिङ्ग
६. कानून सुरक्षा र संस्थागत सुरक्षा

(ङ) साना तथा घरेलु उद्योग, व्यवसाय

यस नगरपालिकामा ठूलाठूला उद्योग खुल्ने सम्भावना कम रहेको छ । वातावरणीय तथा जमिनको उपलब्धता दुवै दृष्टिकोणले ठूला उद्योग खुल्ने सम्भावना एकदम कम रहेको छ । उद्योग व्यवसायनै आम मानिसहरुको आयआर्जनको प्रमुख आधार भएकाले नगरपालिकाले यसको प्रवर्द्धनमा जोड दिन आवश्यक छ । यस नगरपालिकाले खासगरी साना तथा घरेलु उद्योग तथा सेवामूलक व्यवसायको प्रवर्द्धनलाई प्राथमिकतामा राखि काम गर्नेछ ।

(च) कृषि तथा पशुपालन प्रवर्द्धन

बढ्दो शहरीकरणसँगै जमिनको ह्रास भएका कारण कृषियोग्य भूमिको ह्रास हुँदै आएको छ । तथापी कृषि तथा पशुपालन कैयौँ नगरवासीको आयआर्जनको आधार रहि आएको छ र अझै केही वर्षसम्म यसको सम्भावना देखिन्छ । कृषि तथा पशुपालनलाई आधुनिक, व्यवसायिक र बढी प्रतिफलमूलक बनाउन सकिएको खण्डमा यस क्षेत्रबाट नगरपालिकाको समग्र ग्रार्हस्थ उत्पादनमा योगदान पुग्ने सम्भावना रहेकोले नगरपालिकाले आगामी पाँच वर्षसम्म कृषि तथा पशुपालन व्यवसायलाई थप आधुनिक बनाई बढी भन्दा बढी प्रतिफलमूलक बनाउने हिसावले प्राथमिकताका साथ लगानी गर्नेछ ।

(छ) संक्रमण रोग लक्षित विशेष कार्यक्रम

कोभिड-१९ जस्ता महामारीको कारणबाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको सामना गर्ने कार्य अत्यन्त चुनौतीपूर्ण भएको हुँदा यस आवधिक योजनामा संक्रमणजन्य रोगको न्यूनीकरण तथा व्यवस्थापन गर्दै जनजीवनलाई नियमित गर्नका लागि नगरपालिकाले वार्षिक योजना बनाउँदा निम्न कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गर्न सुझाव गरिएको छ ।

तालिका ४.३ : संक्रमण रोग लक्षित विशेष कार्यक्रम

क्षेत्र	कार्यक्रमहरु
१. आर्थिक	
	• मल, बीउ, कीटनाशक औषधी, भण्डारण तथा प्रशोधन कार्य गर्ने, • बजार व्यवस्थापनमा सहजीकरण गर्ने, • कृषि उपजको विस्तारका लागि सिंचाईको व्यवस्थापन गर्ने, • कृषि तथा पशु बीमा कार्यक्रममा सहयोग प्रदान गर्ने, • बाझो जग्गाको सदुपयोग गर्न भूमि बैंक स्थापनाका लागि एकीकृत तथ्याङ्क संकलन गर्ने,

क्षेत्र	कार्यक्रमहरु
	• बाझो जग्गाको सदुपयोगका लागि सहुलियत तथा अनुदानको व्यवस्थाका लागि
	• कार्यक्रम सञ्चालन गर्ने, • लघु तथा घरेलु उद्यम सम्बन्धी सीपमूलक तालिम सञ्चालन गर्ने, • विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेतको रोजगार सूचना केन्द्रको व्यवस्थापन गरी रोजगारदाताहरुसँग समन्वय गराई रोजगार सिर्जनामा सहयोग प्रदान गर्ने ।
२. **सामाजिक**	
	(क) स्वास्थ्य • स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइमा औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीको आवश्यक व्यवस्था गर्ने, • महिला स्वयंसेविकाहरुलाई आवश्यकता अनुसार परिचालन गर्ने, • स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पिपिई) को व्यवस्थापन गर्ने, • क्वारेण्टाईनको व्यवस्थापन गर्ने, • कोभिड रोकथामको लागि क्षमता विकास तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, • एम्बुलेन्स, शव-वहान, दमकल जस्ता सेवाको सञ्चालन गर्ने, • मनोपरामर्श सेवाको व्यवस्थापन गर्ने ।
	(ख) शिक्षा • नेपाल सरकारले तोकेको मापदण्ड अनुसार वैकल्पिक विधीको प्रयोग गरी पठनपाठन कार्यलाई सुचारु गर्न आवश्यक व्यवस्था मिलाउने, • सामाजिक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न पूर्वाधार निर्माण, खानेपानी, शौचालय, तथा सरसफाईको प्रबन्ध गर्ने ।
३. **वन तथा वातावरण**	
	• विपद रोकथाम तथा न्यूनीकरणका लागि पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषको व्यवस्था गर्ने ।
४. **सुशासन तथा संस्थागत विकास**	
	• सम्भावना भएका क्षेत्रहरुमा कर सहुलियतको व्यवस्था गर्ने, • व्यवसाय कर र घरवहाल करमा सहुलियतको व्यवस्था गर्ने, • आन्तरिक आय अनुमानलाई वस्तुपरक बनाउने, • राजस्व बाँडफाँट र रोयल्टीबाट प्राप्त हुने रकमको आंकलन न्यून गर्ने, • प्रशासनिक खर्च न्यूनीकरणमा जोड दिने, • निजी, सहकारी, गैसस र सामुदायिक संस्थाहरुसँगको सहकार्य र समन्वय सुदृढ बनाउने नीति कार्यान्वयनमा ल्याउने ।

४.६ सहयोगी निकाय तथा क्षेत्रहरू

आवधिक नगर विकास योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्ने कुरा नगरपालिका एक्लैको मात्रको क्षमताले गर्नसक्ने विषय होईन । नगरपालिका भित्रका सम्पूर्ण सरोकारवालाहरुको चासो र सक्रियताको विषय पनि हो । तसर्थ यसको लागि नगरपालिकाको प्रभावकारी नेतृत्व र गैर सरकारी संस्था, नीजि, सामुदायिक र सहकारी क्षेत्रहरुको सहयोग आवश्यक छ । नगरपालिकाले नगरक्षेत्र भित्र रहेका सबै सरोकारवालाहरुसँगको सहकार्य मार्फत मात्र आफ्नो विकासको लक्ष्य हासिल गर्न सक्नेछ ।

(क) नीजि क्षेत्र

नगरको समग्र विकासमा नीजि क्षेत्रको महत्वपूर्ण भूमिका हुनेछ । राज्य तथा नगरपालिकाले बनाएको नीति एवं प्रचलित कानून बमोजिम निजी क्षेत्रले आफ्नो कार्य गर्नेछ । निजी क्षेत्रले आफ्नो क्षमताको विकास गरी नगरपालिकासँगको समन्वय र सहकार्यमा सार्वजनिक निजी साझेदारी नीति अनुरुप विकास निर्माणको कार्य गर्नेछ । विशेषगरी कृषि, उद्योग, निर्माण तथा सेवा क्षेत्रमा निजी क्षेत्रको सहयोग जुटाई नगरले लिएका आर्थिक तथा सामाजिक विकासको लक्ष्य हासिल गरिने छ । त्यसमा पनि नगरपालिकाले सम्भाव्य क्षेत्रको रुपमा अंगिकार गरेको पर्यटन क्षेत्रको विकासको लागि निजी क्षेत्रले महत्वपूर्ण भूमिका खेल्ने छ ।

(ख) सहकारी क्षेत्र

नेपालको संविधानले सहकारीलाई तीनखम्बे अर्थतन्त्रको एउटा खम्बा मानेको छ । नगरपालिकाले निर्धारण गरेको लक्ष्य तथा उद्देश्य हासिल गर्नमा सहकारीको महत्वपूर्ण भूमिका हुनेछ । यसले स्थानीय स्रोतसाधन, सीप, पूँजीलाई व्यापक रुपमा परिचालन गरी रोजगारी तथा आय आर्जनमा योगदान गर्नेछ । साथै, यस क्षेत्रले स्थानीय आवश्यकता अनुसार वस्तु तथा सेवाको उत्पादन, प्रशोधन तथा बजारीकरण गरी स्थानीय नगरबासीहरुको आर्थिक तथा सामाजिकस्तर सुधार गर्नमा योगदान गर्नेछ ।

(ग) गैर सरकारी संस्था, नागरिक समाज र सामुदयिक क्षेत्र

नगरको समग्र विकासमा निजी क्षेत्र, सहकारीको अतिरिक्त गैर सरकारी संस्था, नागरिक समाज तथा समुदायको महत्वपूर्ण भूमिका हुनेछ । नगरपालिकाले लिएको लक्ष्य, उद्देश्य अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्ने, जनचेतना अभिवृद्धि गर्ने, उनीहरुको व्यवसायिक दक्षता अभिवृद्धि गर्ने कार्यमा गैसस, नागरिक समाज र सामुदायिक क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन् । सेवा प्रदायक निकायहरुको पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गरी सुशासन कायम गरी आवधिक योजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्नमा यस क्षेत्रको परिचालन गरिनेछ ।

४.७ नगर विकासको समग्र रणनीति तथा कार्यनीति

यस आवधिक नगर विकास योजनाको नगर विकास सम्बन्धी समग्र रणनीति तथा कार्यनीतिहरु तपसिल बमोजिम रहेका छन् ।

रणनीति	कार्यनीति
• शहरी भौतिक, सामाजिक/आर्थिक एवं वातावरणीय पूर्वाधार विकासमा स्थानीय स्रोतको परिचालन तथा सार्वजनिक निजी साझेदारीको अवधारणा लागु गर्ने, • घरेलु तथा साना उद्योग, कृषि र व्यापारमा आधारित आर्थिक क्रियाकलापहरुको प्रवर्द्धन गर्ने, • विकासका कार्यक्रमहरु सञ्चालन गर्दा जनसहभागिता वा सामुदायिक परिचालन तथा स्थानीय सरकारी तथा गैर सरकारी निकायहरुको सक्रिय सहभागिता र परिचालनमा जोड दिने,	• नगरमा रहेका विद्यमान पूर्वाधारहरुको उपयोग तथा आवश्यक थप पूर्वाधारहरुको सन्तुलित विकास गर्ने, • भौतिक, सामाजिक, आर्थिक तथा वातावरणीय हिसाबले बसोबासयोग्य नगर बनाउन भू-उपयोग योजनामा आधारित भएर वस्ती विकास गर्ने तथा यसको नियमन गर्ने, • घरेलु तथा साना उद्योग, कृषि र व्यापारमा आधारित आर्थिक गतिविधि बढाउन तथा लगानीका अवसरहरु सृजना गर्न आवश्यक नीति नियमहरु तथा पूर्वाधारहरु निर्माण गर्ने,

रणनीति
• पर्यटनलाई आर्थिक सम्भाव्यताको पहिलो सम्भाव्य क्षेत्रको रुपमा विकास गर्न पर्यटन व्यवसायलाई उद्योगको रुपमा विकास गर्ने र निजी लगानी अभिवृद्धि गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने, • आवधिक योजना कार्यान्वयनका लागि आवश्यक श्रोतको सुनिश्चित गर्न नीजि, गैरसरकारी र सहकारी क्षेत्रसँगको साझेदारीलाई विस्तार गरिनेछ, • योजना तर्जुमा र कार्यान्वयन गर्दा आवश्यकताको आधारमा गरिनेछ ।

कार्यनीति
• नगरपालिका भित्र रहेका मूर्त तथा अमूर्त कला र संस्कृतिहरुको पहिचान, संरक्षण र प्रचार प्रसार गर्ने, • आन्तरिक राजस्व वृद्धिका लागि राजस्व सुधार कार्ययोजनाले सुझाएको विषयहरुलाई प्रभावकारी ढंगने कार्यान्वयन गरिनेछ, • वार्षिक योजना आवधिक योजनासँग तादत्म्यता हुनेगरी तयार र कार्यान्वयन गरिनेछ, • वार्षिक योजना तर्जुमा गर्दा सहभागितामूलक ढंगबाट तयार गरिनेछ, • अनुगमन तथा मूल्याङ्कन कार्यलाई नतिजामूलक बनाइने छ ।

परिच्छेद पाँच : आर्थिक विकास योजना

५.१ पृष्ठभूमि

जनताको आर्थिक अवस्थामा सुधार ल्याउने हरेक सरकारको मूख्य उद्देश्य हुन्छ र हुनुपर्छ । विगत देखि नै जनताको आर्थिक अवस्थामा सुधार ल्याउन विभिन्न प्रयासहरु हुँदै आएको छ । यस परिच्छेद बूढानीलकण्ठ नगरबासीको वर्तमान आर्थिक अवस्थाको विश्लेषण तथा तिनमा सुधार ल्याउन गरिने प्रयासहरुसँग सम्बन्धित रहेको छ ।

बूढानीलकण्ठ नगरपालिका द्रुत गतिमा वस्ती विकास भईरहेको एउटा नगरपालिका हो । यस नगरपालिकाको आर्थिक गतिविधिमा प्रमुख तीनवटा क्षेत्रहरु जागिर, व्यापार व्यवसाय र कृषिको योगदान रहेको पाईन्छ । यो नगरपालिका औद्योगिक नगर भन्दा पनि आवासीय क्षेत्रको रुपमा बिकास भएको नगरपालिका हो । यहाँ ठूलाठूला उद्योगहरु छैनन् । घरेलु तथा साना उद्योग एवं सेवामूलक व्यवसाय गरी जम्मा ६४५१ वटा उद्योग तथा व्यवसायहरु दर्ता भई सञ्चालनमा रहेका छन् ।



यहाँको खेतीयोग्य जमिन मासिँदै गएकाले कृषि अब यहाँको कम सम्भावना बोकेको क्षेत्रको रुपमा विकसित हुँदै गएको छ । यहाँको करिब एक तिहाई क्षेत्रफल आवासीय प्रयोजनमा खपत भईसकेको अवस्था रहेको छ । तथापी अझै पनि कृषि तथा पशुपालन यहाँको आयआर्जनको वा जीवन निर्वाहको एउटा महत्वपूर्ण क्षेत्रको रुपमा कायमै रहेको छ । यहाँ सञ्चालनमा रहेका ६७ भन्दा बढी पशु फार्महरुले यस तथ्यलाई पुष्टि गर्दछ । बाक्लो जनघनत्व रहेको यस नगरपालिकामा दुध तथा दुधजन्य पदार्थको बजार राम्रो रहेको छ । यस क्षेत्रमा वसोवास गर्ने अधिकाँश मानिसहरू कृषि तथा व्यापार व्यवसायतर्फ आकर्षित भएको पाइन्छ । व्यापार व्यवसाय गर्नको लागि बजारको राम्रो सम्भावना रहको छ । यस भेगमा मानिसहरूको जनघनत्व उच्च रहेको हुँदा व्यापार व्यवसाय पनि राम्रैसँग फस्टाएको पाइन्छ । व्यापार व्यवसाय व्यवस्थित रूपमा सञ्चालन हुनको लागि नगरपालिकाको तर्फबाट आवश्यक सहजीकरण तथा प्रभावकारी नियमन गर्नु अपरिहार्य बनेको छ ।

यसको अतिरिक्त यहाँका मानिसहरु विभिन्न किसिमका जागिर तथा सेवामूलक व्यवसायमा संलग्न रहेका छन् । नगरपालिकाको वस्तुगत विवरण २०७५ अनुसार यहाँका सबैभन्दा बढी (३१.८४ प्रतिशत) मानिसहरु जागिरमा, २९.७५ प्रतिशत मानिसहरु व्यापार व्यवसायमा, ९.६१ प्रतिशत मानिसहरु कृषिमा र बाँकी मानिसहरु दैनिक ज्यालादारी लगायत विभिन्न स्वरोजगार पेशामा संलग्न रहेका छन् ।



बूढानीलकण्ठ नगरपालिकामा अबको मुख्य सम्भावना बोकेको क्षेत्र भनेको पर्यटन क्षेत्र हो । धार्मिक रूपले महत्वपूर्ण मानिएको यस बूढानीलकण्ठ नगरपालिकामा धार्मिक पर्यटकीय क्षेत्रको रूपमा बूढानीलकण्ठ रहेको छ । यो ठाउँको पर्यटन विकासको माध्यमबाट यहाँको आर्थिक विकासको क्षेत्रमा योगदान पुऱ्याउन सक्ने ठाउँको रुपमा पहिचान गरिएको ठाउँ हो । यसका अतिरिक्त यहाँ पर्यटकीय विकासको सम्भावना बोकेका अनेकौं स्थानहरु रहेका छन् । यस सम्भावनालाई ध्यानमा राखी नगरपालिकाले पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पर्यटन पूर्वाधारको रुपमा मानिने होटलहरु पनि यहाँ सञ्चालनमा रहेका छन् । हाल तारे स्तरका होटल, रिसोर्ट तथा रेष्टुराहरु गरी जम्मा २८ वटा र केहि तारे होटल सहित रिजोर्ट तथा रेष्टुरा निर्माणाधीन अवस्थामा छन् ।

यस नगरपालिकामा आम्दानीको स्तरलाई हेर्ने हो भने प्रतिव्यक्ति मासिक औषत आम्दानी रु. २०,०००।- भन्दा बढी रहेको छ । तर यहाँ मासिक रु. ५,०००।- भन्दा पनि कम आम्दानी गर्ने परिवारहरु पनि रहेका छन् । यस्ता परिवारको संख्या यहाँ ३२६४ रहेको देखिन्छ । यसबाट ज्यादै न्यून आयमा गुजारा गर्ने परिवारको सँख्या यस नगरपालिका भित्र ठूलै रहेको देखिन्छ । यसको लागि रोजगारीको अवसर सिर्जना गर्नुपर्ने अवस्थालाई देखाउँदछ । त्यसैगरी बचत गर्ने क्षमता नभएका तथा बचत गर्ने नगरेका परिवारको संख्या पनि ठूलो रहेको छ । यस्ता परिवारको संख्या यस नगरपालिकामा ८६६१ अर्थात करिब २५ प्रतिशत रहेको छ । आर्थिक अवस्थालाई विश्लेषण गर्ने एउटा आधारको रुपमा हेर्दा यस नगरपालिका भित्र अझै पनि करिब ११ प्रतिशत मानिसहरु कच्ची घरमा बसोबास गरिरहेको अवस्था छ । जुन स्वास्थ्य तथा विपद्का हिसाबले समेत जोखिमपूर्ण छ (नगर पार्श्वचित्र, २०७५) ।

यस नगरपालिका भित्र औपचारिक वित्तीय कारोबार गर्ने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई सञ्चालनमा आएका छन् । तर हालसम्म पनि वडा नं. १, २, ४, ५ र ९ मा कुनैपनि बैंक सञ्चालनमा नरहेको विवरण नगरको वस्तुगत विवरणले देखाउँछ । त्यसैगरी विषयगत ५३ वटा सहकारी संस्थाहरु यस नगरपालिका भित्र सञ्चालनमा रहेका छन् (नगर पार्श्वचित्र, २०७५) ।

संविधान प्रदत्त रोजगारीको मौलिक हकको कार्यान्वयन तथा दीगो विकास लक्ष्य २०३० ले राखेको सम्मानजनक रोजगारीका लक्ष्य प्राप्त गर्न समेत शिक्षालाई सीपसँग, सीपलाई उत्पादनसँग, उत्पादनलाई बजार तथा बजारलाई रोजगारी, अवसर र आर्थिक विकाससँग जोडन मानव संसाधन विकास योजना आवश्यक पर्दछ । आर्थिक रुपमा क्रियाशील जनसंख्यालाई व्यवसायिक, प्राविधिक तथा सीपमुलक तालिमको माध्यमबाट दक्ष जनशक्तिमा परिणत गरी स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्नसक्ने तुल्याउन जरुरी हुन्छ । तसर्थ नगरपालिकाले पनि नगरपालिका क्षेत्रभित्रै उपलब्ध रोजगारीका अवसर यहाँका नागरिकहरुले नै उपयोग गर्नसक्ने तथा स्वरोजगारी सिर्जना हुनसक्ने वातावरण निर्माण गर्न अतिनै आवश्यक हुन्छ ।

५.२ अवसर र सम्भावना विश्लेषण

अवसर भन्नाले कुनैपनि कार्य गर्नको लागि वा कुनैपनि क्षेत्रको विकासको लागि सहयोगी वातावरण वा तत्वहरु हुन् । हरेक ठाउँले केहि न केहि अवसरहरु लिएर आएको हुन्छ । त्यसको परिचालनबाट त्यस क्षेत्रको विकासलाई अगाडि बढाउन सकिन्छ । यस बूढानीलकण्ठ नगरपालिकाको आर्थिक विकास अवसरहरु त्यसको उचित परिचालनका सम्भावनाहरुलाई तलको तालिकामा विश्लेषण गर्ने प्रयास भएको छ ।

तालिका ५.१ : आर्थिक विकास सम्बन्धी अवसर र सम्भावना विश्लेषण

अवसरहरु	सम्भावनाहरु
कृषि	
कृषियोग्य तथा उर्वर जमिन रहेको (करिब २० प्रतिशत क्षेत्रफल)	विशेषगरी तरकारी खेतीको उच्च सम्भावना व्यवसायिक कृषिको सम्भावना तरकारीमा आत्म निर्भर हुन सकिने सम्भावना
सरकारले कृषिलाई उच्च प्राथमिकता राखेको अवस्था	कृषि पेशाले थप प्रोत्साहन र सहुलियत पाउन सक्ने र कृषि व्यवसाय विस्तार हुन सक्ने
तरकारी तथा अन्य कृषि उपजको लागि बजारको पर्याप्तता	कृषि व्यवसाय प्रतिमानिसको आकर्षण बढ्न सक्ने
उच्च आय भएका तथा अन्य रोजगारमा रहेका मानिसहरुको संख्या ठूलो रहेको	कृषि तथा पशुजन्य पदार्थ सजिलै विक्री गर्नसकिने
उद्योग व्यवसाय सञ्चलानको लागि आवश्यक जनशक्ति तथा बजार	उद्योग तथा व्यवसायहरु सञ्चालन गर्न सकिने
सडक तथा विद्युत जस्ता पूर्वाधार रहेको	कृषिको उत्पादन तथा बजारीकरणमा सहज हुने
देशकै राजधानीमा अवस्थित नगरपालिका	उपत्यकाका अन्य पर्यटकीय क्षेत्रलाई गन्तव्य बनाइ आएका पर्यटकहरु यहाँ पनि आउन सक्ने
विभिन्न वित्तीय संस्थाहरुको उपस्थिति तथा कार्य सञ्चालन	कर्जा प्राप्त गर्न तथा बचत सुरक्षित गर्न सहज हुने पर्यटकका लागि एटिएम/भिसा कार्ड समेतको सुविधा
विभिन्न सहकारी संस्थाहरु सञ्चालनमा रहेका	विभिन्न सहकारीमा आवद्ध भई मानिसहरुले आफ्नो आर्थिक गतिविधिहरु सञ्चालन गर्न सक्ने
कृषि विमाको व्यवस्था	कृषि पेशाप्रतिको आकर्षण बढ्ने
पशु सेवा	
अथाह बजार छ ।	उचित मूल्यमा सजिलै विक्री गर्न सकिने विचौलियाको हस्तक्षेप नहुने
कम लागतमा व्यवसाय शुरु गर्न सकिने	साना पूँजीबाट पनि व्यवसाय शुरु गर्न सकिने
दक्ष प्राविधिक तथा प्रविधिहरु पर्याप्तता	समयमै उपचार पाउन सकिने, कम आर्थिक क्षति,
कुनै पनि उन्नत नश्लका प्रजातीको उपलब्धता र पालन सम्भावना	प्रति इकाइ उत्पादन बढ्ने
पशुजन्य पदार्थको प्रशोधन विधिहरु सजिलै उपलब्ध रहेको	प्रति इकाइ लागत कम हुने, लामो समय सुरक्षित गर्न सकिने, ढुवानी कम हुने र ठूलो वजार प्राप्त हुने
सानो क्षेत्रफलमा शुरु गर्न सकिने पेशा	पशु व्यवसायको विस्तारको सम्भावना
पशु विमाको व्यवस्था	
उद्योग	
उद्योग व्यवसायको लागि बजार प्रसस्त रहेकोले सञ्चालन गर्ने अवसर	बजारको मागलाई हेरी व्यवसाय सञ्चालन गर्दा व्यवसाय सफल हुने सम्भावना रहेको
वित्तीय संस्थाहरु स्थापना हुँदै गएको र प्रतिस्पर्धी बन्दै गएको	व्यवसाय सञ्चालन गर्न आवश्यक पूँजी तुलनात्मक रुपमा सहज र सहुलियतमा पाउन सकिने
उद्यमशीलता तथा सीप विकास सम्बन्धी क्रियाशीलता बढाउने	तालिम प्रदान गरी बजारको अवस्था र आफ्नो दक्षता एवम क्षमता अनुसारको व्यवसाय सञ्चालन गर्न सक्ने

अवसरहरु	सम्भावनाहरु
स्थानीय सरकार पनि केहि सहजीकरण गर्न सक्ने अवस्थामा रहेको	व्यवसायहरु सञ्चालन गर्न सहज हुने ।
पर्यटन	
नगरपालिका भित्र ऐतिहासिक/पौराणिक/पुरातात्विक महत्वका बूढानीलकण्ठ मन्दिर, बागद्वार, नौलिङ्गेश्वर, धरमपुर वस्ती, रुद्रेश्वर तथा कपन गुम्बा, नागी गुम्बा लगायत अनगिन्ती मूर्त तथा अमुर्त सांस्कृतिक सम्पदा रहेको र नेवा: संस्कृतिको क्षेत्र चुनीखेल जस्ता स्थानहरु रहेको	धार्मिक तथा बुद्धिष्ट पर्यटनको विकासको सम्भावना
बूढानीलकण्ठ मन्दिर तथा पर्यावरणका लागि शिवपुरी नागार्जुन निकुन्ज, गुम्बाहरु जस्ता महत्वपूर्ण गन्तव्य स्थल रहेको	पर्यटकीय व्यवसायहरुको सम्भावना
तामाङ तथा नेवारी समुदायको आफ्नै संस्कृति रहेका	यस्ता समुदायहरुको साँस्कृतिक सम्पदाको संरक्षण तथा सम्बर्द्धन हुने गरी कार्यक्रमहरु सञ्चालन गर्ने
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको ठूलो हिस्सा रही पर्याबरण/जिवजन्तु जस्तो महत्वपूर्ण प्राकृतिक सम्पदा रहेको	पर्यावरण, मनोरम दृश्यावलोकन र ट्रेकिङ रुट तथा साइक्लिङ रुट आदि निर्माण गरी पर्यटक आकर्षण गर्न सकिने
काठमाडौंको घनावस्तीबाटै नजिकै रहेको पर्यटकीय सहर काठमाडौंबाट नजिकै रहेको	काठमाडौंका आन्तरिक पर्यटक र काठमाडौं आएका पर्यटकहरुलाई लक्षित गरी पर्यटन सम्बन्धी योजना बनाउने र कार्यान्वयन गर्न सकिने
सडक तथा होटल जस्ता पूर्वाधार तयार भएको	भएका पूर्वाधारहरुलाई उपयोग गरी पर्यटनको विकास गर्न सकिने ।
चिसेनी, डाँडागाउँ, पञ्चकन्या वन जस्ता दृश्यावलोकनका लागि उपयुक्त स्थानहरु रहेको	पर्यटकीय क्षेत्र घोषणा गर्न सकिने

स्रोत : नगरपालिकास्तरीय योजना तर्जुमा कार्यशाला, २०७६

५.३ समस्या विश्लेषण

कुनैपनि ठाउँ वा व्यक्तिका लागि अवाञ्छित अवस्था वा परिणामलाई समस्याको रुपमा बुझ्न सकिन्छ । उदाहरणको लागि सामान्य तया मानिसहरुले एउटा खेती गर्ने किसानले चाहने भनेको राम्रो उत्पादन तथा उत्पादकत्व हो । यसो हुनु नसक्नु वा त्यसबाट लाभ प्राप्त गर्न नसक्नु उसको लागि एउटा ठूलो समस्या हो ।

विद्यालयमा विद्यार्थी भर्ना भएपछि मानिसहरुले अपेक्षा कुरा भनेको उनीहरुले तोकिएका कुराहरु जान्ने र एउटा दक्ष जनशक्तिको रुपमा उत्पादन भइ आफ्नो जीवन सहज बनाउने तथा देश वा समाजको लागि आवश्यक योगदान पुऱ्याउने हो । यदि विद्यार्थीहरुले तोकिएका कुरा सिक्न नसक्नु एउटा समस्या हो भन्न सकिन्छ । यहाँ आर्थिक क्षेत्रमा रहेका समस्या तथा तिनका कारणहरुको विश्लेषण गरिएको छ ।

तालिका ५.२ : आर्थिक विकास सम्बन्धी समस्या विश्लेषण

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
कृषिको उत्पादन तथा उत्पादकत्व कम हुनु	– कृषि पेशा प्रतिको अनाकर्षण – युवाहरुको विदेश पलायन	– कृषि पेशा मर्यादित हुन नसक्नु तथा तुलनात्मक हिसाबले कम आम्दानी हुनु	– कृषि पेशालाई मर्यादित बनाउनु पर्ने – टनेल खेतीको विस्तार गरी बेमौसमी तरकारी/फूल उत्पादनमा जोड
	– कृषियोग्य भूमिको क्षयीकरण तथा खण्डीकरण र खाली जमिनको उपयोग	– तिव्र तथा अनियन्त्रित गतिमा भएको वस्ती विकास	– भूउपयोग योजना बनाइ लागु गर्नुपर्ने

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
	– असन्तुलित रुपमा विषादी तथा रासायिनक मलको प्रयोग	– बढी नाफामूखी बन्नु – विषादीको नकारात्मक प्रभावको बारेमा राम्रो जानकारी नहुनु – अनुगमन तथा नियमन प्रभावकारी नहुनु	– अनुगमन कार्य प्रभावकारी बनाउनु पर्ने – भूपयोग नीति कार्यान्वयन गर्ने – भूमि बैंकको अवधारणा कार्यान्वयनमा ल्याउने
		– समाज प्रतिको दायित्व बोध नहुनु – बैकल्पिक विधिहरुको ज्ञान नहुनु	– रसायनियक मल र विषादी प्रयोग तथा प्राङ्गारिक मल सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने
पशु व्यवसाय			
पशु आहारको कमी	– पशु आहार उत्पादन हुने जग्गाको अभाव	– जग्गा घडेरीमा परिणत हुँदै जानु	– सार्वजनिक जमिनहरुलाई पशु आहार उत्पादनको लागि उपयोगमा ल्याउने
मरेका पशुको व्यवस्थापनमा कठिनाई	– गाढ्ने ठाउँको अभाव, – गाढ्ने वा विसर्जन गर्ने मानिसको अभाव	– बस्ति बाक्लो हुँदै जानु – नजिक ठाउँ नहुनु र कामलाई सम्मान गर्ने संस्कार नहुनु	– मरेका जीव जन्तुको व्यवस्थानलाई सहज बनाउन आवश्यक जनशक्ति, साधन तथा स्थानको व्यवस्था मिलाउनु पर्ने
सामुदायिक पशुहरुको संख्या बढ्दो	– विशेष गरी गाईको बाच्छाहरु सडकमा छोड्ने प्रवित्ति रहेको	– गाईको बाच्छा मासुको रुपमा प्रयोग गर्न नहुने मान्यता भएको अन्य प्रयोजन नभएको	– बाच्छीमात्र जन्माउने प्रविधिलाई प्रयोगमा ल्याउनुपर्ने
पेशा प्रतिको आकर्षण नभएको	– पशु व्यवसायबाट कसरी फाइदा लिन सकिन्छ भन्ने बारेमा जानकारी नभएको । – ऋण तथा अन्य सुविधा प्राप्त गर्न झन्झटिलो भएको र सोझा साझाको पहुँचमा नभएको – पशु व्यवसायलाई प्रोत्साहन नीतिले सबैलाई समेट्न नसकेको	– आवश्यक तालिम तथा प्रशिक्षणको अभाव – किसानहरुलाई ऋण दिने विधि प्रक्रियामा सुधार हुन नसकेको – पशु व्यवसायलाई प्रोत्साहन गर्ने गरी नीतिमा आवश्यक परिमार्जन हुन नसकेको	– नगरपालिकाको तर्फबाट पशुव्यवसाय प्रति चाख भएकाहरुको लागि आवश्यक तालिम प्रदान गर्ने, सहुलियत ऋणको लागि सहजीकरण र अनुदानको समेत व्यवस्था मिलाउनु पर्ने
बचत गर्न नसक्नु	– समाज बढी उपभोक्तावादी बन्दै जानु भड्किलो जीवन शैलीको विकास हुनु	– नक्कल गर्ने प्रवृत्ति रहेको – घाँटी हेरी हाड निल्ने मान्यता हराउँदै गएको	– अनिवार्य बचतको बानीको विकास गराउनु आवश्यक नीतिको व्यवस्था गर्नुपर्ने
सहकारीहरु सहकारीको आधारभूत मूल्य मान्यता तथा सिद्धान्त अनुसार नचल्नु	– उद्यमशीलताको विकास हुन नसक्नु	– आवश्यक तालिम तथा सचेतनामूलक कार्यक्रमको अभाव	– सहकारी सम्बन्धी तालिम सञ्चालन गर्नुपर्ने
सहकारीहरु उत्पादन तथा स्वरोजगारमा भन्दा बढी बचत तथा ऋण कारोबारमा लागि पर्नु	– स्वरोजगार पेशा सञ्चालन गर्न भन्दा सजिलो भएको – जोखिम कम भएको	– पेशा सञ्चालन गर्न जोखिम भएको र झन्झटिलो भएको	– सहकारीलाई रोजगार सिर्जना गर्नमा परिचालन गर्नमा लगाउनु पर्ने

स्रोत : नगरस्तरीय योजना तर्जुमा कार्यशाला, २०७६

५.४ नतिजा खाका

आर्थिक क्षेत्रको विषयगत क्षेत्रको नतिजा खाका *तालिका ५.३* मा प्रस्तुत गरिएको छ ।

तालिका ५.३ : आर्थिक विकास क्षेत्रको क्षेत्रगत नतिजा खाका

नतिजा विवरण	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रभाव (लक्ष्य) : नगरवासीको आय आर्जनको अवसरमा वृद्धि भएको हुने ।	प्रत्यक्ष रोजगारीमा हुनेहरुको प्रतिशत	२०.१७	२५	३०	नगर पार्श्वचित्र	नगरमा आर्थिक गतिविधिहरुमा सुधार भएको हुने
	व्यापारमा संलग्न हुनेहरुको प्रतिशत	८.५५	१२	१५	नगर पार्श्वचित्र	
	उद्योग व्यवसायहरुको संख्या	६४५१	८०००	१००००	नगर पार्श्वचित्र	
	सहकारीहरुको संख्या	५३	५०	४०	नगर पार्श्वचित्र	
असर (उद्देश्य) १ : कृषि र पशुपालन व्यवसायमुलक तथा निर्वाह दुवैका रुपमा सञ्चालन भएको हुने ।	कृषि तथा पशुपालन पेशालाई व्यवसायिक रुपमा अबलम्बन गर्नेको कृषकको प्रतिशत.				नगर पार्श्वचित्र	
	कृषि विशेषगरी तरकारी खेतीलाई निर्वाहको रुपमा उपयोग गर्ने नगरबासीको प्रतिशत				नगर पार्श्वचित्र	
प्रतिफल १ : कृषि र पशुपालन व्यवसाय मूलक र औपचारिक क्षेत्रको रुपमा विकास भएको हुने ।	व्यवसायिक कृषि तथा पशुपालन फर्महरुको संख्या (थप)	६७	१०	२०	नगर पार्श्वचित्र	
	कृषिमा आधारित उद्योगहरुको संख्या	३४	१०	२०	नगर पार्श्वचित्र	
	कृषि सहकारीहरुको संख्या	८	१२	१६	नगर पार्श्वचित्र	
	पशुसम्बन्धी सहकारीहरुको संख्या (थप)	NA	३	५	नगर पार्श्वचित्र	
प्रतिफल २ : कृषि र पशुपालनको लागि आवश्यक सेवा सुविधामा वृद्धि भएको हुने ।	कृषि सामाग्री विक्री केन्द्र संख्या (थप)	NA	७	१४	नगर पार्श्वचित्र	
	कृषि उपज बिक्री केन्द्र संख्या (थप)	NA	१४	२८	नगर पार्श्वचित्र	
	पशु उपज विक्री केन्द्र संख्या (थप)	NA	१४	२८	नगर पार्श्वचित्र	
	कृषि तथा पशु सम्बन्धी प्राविधिक संख्या (थप)	NA	७	१४	नगर पार्श्वचित्र	
प्रतिफल ३ : माटोको गुणस्तर वृद्धि भएको हुने ।	माटो उपचार गरिएको नमूनाको संख्या वार्षिक	NA	५००	७००	नगर पार्श्वचित्र	
	माटो उपचारको लागि भएको वार्षिक खर्च रु (लाखमा)	NA	५	७	नगर पार्श्वचित्र	
असर २ : उद्योग व्यवसायहरुको विकास र विस्तार भएको हुने	उद्योगको संख्या	१५९	२००	३००	नगर पार्श्वचित्र	
	व्यापार व्यवसायको संख्या	६९२	१०००	१५००	नगर पार्श्वचित्र	
	अन्य सेवामुलक व्यवसायको संख्या	२८	५०	१००	नगर पार्श्वचित्र	
	उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको संख्या (थप)	NA	२००००	३००००	नगर पार्श्वचित्र	
प्रतिफल १ : मानिसहरुमा	उद्यमीहरुको संख्या	NA	७००	१०००	नगर पार्श्वचित्र	
	व्यापारीहरुको संख्या	NA	१०००	१५००	नगर पार्श्वचित्र	

नतिजा विवरण	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
उद्यमाशीलता वृद्धि भएको हुने ।	अन्य व्यवसाय गर्नेको संख्या	NA	१०००	१५००	नगर पार्श्वचित्र	
	उद्यमशीलता तालिम लिनेहरुको संख्या	NA	३००	५००	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	उद्यमशीलता तालिम प्राप्त गरेपछि व्यवसाय गर्नेको संख्या	NA	२००	३००	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल २ : मानिसहरुको वित्तीय पहुँच वृद्धि भएको हुने	बैंक तथा वित्तीय संस्थाबाट ऋण लिइ व्यवसाय गर्नेको संख्या (थप)	NA	१०००	१५००	सम्बन्धित बैंकहरुबाट प्राप्त प्रतिवेदन	
	बैंकबाट भएको कर्जाको परिमाण	NA	-	-		
प्रतिफल ३ : उद्योग व्यवसायको विकासको लागि नगरपालिकाको तर्फबाट सहजीकरण भएको हुनेछ ।	नगरपालिकाबाट सञ्चालन भएका व्यवसाय सम्बन्धी तालिमको संख्या (वार्षिक)	NA	१०	१५	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	नपाबाट कर सहुलियत दिइएका व्यवसायहरुको किसिमहरुको संख्या	NA	-	-		
प्रतिफल ४ : मानिसहरुमा प्राविधिक सिप र ज्ञान वृद्धि भएको हुने।	प्राविधिक शिक्षा प्राप्त भएका व्यक्तिहरुको संख्या (थप)	NA	१५०	३००	शिक्षा शाखाको प्रतिवेदन	
	प्राविधिक शिक्षा अध्यापन हुने संस्थाको संख्या	NA	३	५	शिक्षा शाखाको प्रतिवेदन	
असर ३ : पर्यटन क्षेत्रको विकास र विस्तार भएको हुने ।	पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउनेको संख्या	NA	१०००	५०००	पर्यटन बोर्डको प्रतिवेदन	
	नपामा भ्रमण गर्न आएका पर्यटकहरुको वार्षिक संख्या (लाखमा)	NA	१	२		
प्रतिफल १ : पर्यटकीय स्थलहरुको संरक्षण र विकास भएको हुने ।	संरक्षण गरिएका पर्यटकीय स्थलहरु	NA	८	२१		
	विकास गरिएका पर्यटकीय स्थलहरु	NA	१०	२९		
	अध्ययन अनुसन्धान पर्यटकीय क्षेत्रहरुको संख्या	NA	२	६		
प्रतिफल २ : पर्यटन पूर्वाधारहरु थप भएको हुने ।	पर्यटकीय होटलहरुको संख्या (थप)	NA	२	५	नगर पार्श्वचित्र	
	पर्यटनसँग सम्बन्धित जनशक्तिको संख्या (थप)	NA	५००	१०००	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	पर्यटक प्रहरी (थप)	NA	२५	५०		
	पर्यटक गाइड (थप)	NA	१००	२००		
	निम्नतम् पर्यटकीय पूर्वाधार भएका स्थलहरुको प्रतिशत		१०	२५	नगर पार्श्वचित्र	
असर ३ : नगरभित्र वित्तीय पहुँच वृद्धि भएको हुनेछ ।	बैकमा खाता हुने घरपरिवार प्रतिशत (थप)	NA	१०	१५	सम्बन्धित बैंकबाट प्राप्त प्रतिवेदन	
	सहकारीमा आवद्ध घरपरिवार प्रतिशत (थप)	NA	१०	१५	सहकारी शाखाको प्रतिवेदन	
प्रतिफल १ : वित्तीय संस्थाहरुको	क वर्गका बैंकहरु भएका वडा संख्या	८	१०	१३	नगर पार्श्वचित्र	

नतिजा विवरण	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
शाखाहरुको वृद्धि भएको हुने ।	अन्य वित्तीय संस्थाहरु भएका वडा संख्या		१४	१४	नगर पार्श्वचित्र	

स्रोत : नगरस्तरीय योजना तर्जुमा कार्यशाला, २०७६

५.५ रणनीति तथा कार्यनीति

आर्थिक विकास सम्बन्धी नगरपालिकाको रणनीति र कार्यनीतिहरु देहाय बमोजिम हुने छन् ।

तालिका ५.४ : आर्थिक विकास सम्बन्धी रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
कृषि क्षेत्रको सम्भाव्यताको आधारमा कृषि क्षेत्र घोषणा गर्ने र प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्ने	• कृषिको बढी सम्भावना देखिएको वडा नं. १३ लाई लक्षित गरी विशेष कार्यक्रमहरु सञ्चालन गर्ने • कृषि उपजको बजारीकरणको लागि आवश्यक पूर्वाधारहरु जस्तै शित भण्डार, कृषि उपज बिक्रि केन्द्रहरुको निर्माण गर्ने • कृषि सामाग्रीको वितरण वडा तहबाट गर्ने व्यवस्था मिलाउने • कृषिको उत्पादकत्व वृद्धिका लागि आधुनिक कृषि प्रविधिको प्रयोग गर्ने • कृषि उत्पादन, बिक्रि र उपभोक्ताहरुको सहज पहुँचका लागि कृषि बजार केन्द्रको निर्माण गर्ने
उद्योग व्यवसाय दर्ता तथा नवीकरणलाई सरलीकृत गरी उद्यमशीलतालाई प्रवर्द्धन गर्ने	• उद्योग दर्ता तथा नवीकरण वडालाई जिम्मा दिने • विपन्न समुदायका मानिसहरुले सञ्चालन गर्न खोजेको उद्योगका निशुल्क दर्ता व्यवस्था मिलाउने • स्वरोजगार सिर्जना र व्यक्तिगत उद्यमशीलताका लागि बीउ पूँजी (Seed Money) ऋणको व्यवस्था गने
सार्वजनिक जमिनलाई पशु आहार वा घाँस उत्पादन गर्न प्रयोग गर्न दिने	• सार्वजनिक जग्गाहरुको पहिचान गर्ने र सम्भाव्य देखिएको जमिनलाई पशु आहार उत्पादनको लागि उपयोग गर्न दिने
डेरीलाई प्रवर्द्धन गर्ने	• आधुनिक डेरी सञ्चालन गर्न सहकारी वा समूहलाई सामूहिक रुपमा ऋण प्रदान गर्ने
पशुपालनलाई मर्यादित व्यवसायको रुपमा विकास गर्ने	• पशुजन्य वस्तु विक्रीस्थलहरुको अनुगमन नियमित रुपमा गर्ने • किसानहरुको लागि आचार संहिता निर्माण र कार्यान्वयन • पशुपंछी उपचार र अनुसन्धानमा कृषि तथा पुश सम्बन्धी अध्ययन गर्ने विद्यार्थीलाई उपयोग गर्ने • पशुपालन कृषकहरुलाई व्यवसायिक दक्षताको अतिरिक्त दैनिक जीवन शैली सम्बन्धमा पनि तालिम सञ्चालन गर्ने ।
नगरभित्रका ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक र प्राकृतिक तथा अन्य पर्यटकीय सम्पदाहरुको संरक्षण प्रवर्धन एवम् विकास गर्ने	• बूढानीलकण्ठ मन्दिर-नौलिङ्ग भद्रकाली मन्दिर-धरमपुर वस्तीको जग्गा व्यवस्थापन • पर्यटन विकासमा योगदान पुग्ने गरी गुम्बाहरु सम्म पुग्ने पहुँचमार्गहरुको निर्माण गर्ने • साँस्कृतिक धरोहर निर्माण गर्दा पौराणिकता, नेपाली संस्कृति, कलाकौशल झल्कने निर्माण सामागी प्रयोग गर्ने • नेपाली सँस्कृति, पौराणिकता, कलाकौशलता बचाउन सम्बन्धित निकाय (बूढानीलकण्ठ क्षेत्र विकास समिति र गुम्बा व्यवस्थापन समिति) को कार्यक्षेत्र तोक्ने र सो समितिलाई क्रियाशील बनाउने • गुम्बा जस्ता बुद्धिष्ट संरचना निर्माण गरी बुद्धिष्ट संस्कृतिको प्रवर्द्धन गर्ने • नाफामूलक व्यवसायको रुपमा सञ्चालन हुने साहासिक क्रियाकलापका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गर्ने • पर्या-पर्यटनका लागि मनोरञ्जन पार्कहरुको निर्माण तथा अन्य पूर्वाधार निर्माण गर्ने

रणनीति	कार्यनीति
	• नगरपालिकाको पर्यटन प्रवर्धन लागि पर्यटन इकाइ स्थापना गर्न कानून समेतको तर्जुमा गर्ने • तीनवटा नगरपालिकाहरु (टोखा, बूनपा र गोकर्णेश्वर) बीच समन्वय गरी एकिकृत परियोजना सञ्चालन गर्न संयुक्त पर्यटन परिषद् गठन गर्ने
पर्यटन गुरुयोजनाले पहिचान गरेका पर्यटकीय सम्भाव्य क्षेत्रहरुको प्रचार प्रसारलाई अभियानको रुपमा सञ्चालन गर्ने	• पर्यटकीय क्षेत्रको प्रचार प्रसारको लागि विद्युतीय माध्यमहरुको अधिकतम् परिचालन गर्ने । • नगरपालिकबाट प्रकाशित हुने प्रकाशनहरुमा बूढानीलकण्ठ भित्र रहेका पर्यटकीय स्थलहरुको परिचय राख्ने • बूढानीलकण्ठ भित्रको स्थानीय पाठ्यपुस्तकमा यहाँको पर्यटकीय स्थलहरुबारेको जानकारी समावेश गर्ने र विद्यार्थीहरुलाई त्यस क्षेत्रको भ्रमण गर्ने व्यवस्था मिलाउने
पर्यटन उद्योगमा योगदान पुऱ्याउने जनशक्ति उत्पादन तथा परिचालन गर्ने	• होटल व्यवसाय सम्बन्धी तालिम सञ्चालन गर्ने • टुरिष्ट गाइड तथा सवारी चालकहरुका लागि तालिम सञ्चालन गर्ने • नगरभित्रका होटलहरुसँगको सहकार्यमा होटल व्यवसाय सम्बन्धी तालिम सञ्चालन गर्ने
माध्यमिक तहका विद्यार्थीहरुलाई यहाँको पर्यटकीय स्थलहरुको बारेमा शिक्षा दिने	• माध्यमिक तहको अतिरिक्त क्रियाकलापहरुमा यहाँ पर्यटकीय क्षेत्रहरुको बारेमा जानकारी हुने गतिविधिहरु जस्तै भ्रमण, निवन्ध लेखन, हाजिरी जवाफ प्रतियोगिता, चित्रकला सञ्चालन गर्ने
बूढानीलकण्ठ मन्दिरको विकास र विस्तार गर्ने	• बूढानीलकण्ठ मन्दिर गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
धार्मिक पर्यटनको अवधारणलाई प्रवर्द्धन गर्ने	• धार्मिक पर्यटन योजना तर्जुमा गरी कार्यान्यवनमा ल्याउने • धार्मिक मेला, प्रवचन गोष्ठीहरु आयोजना गर्ने तथा त्यस्ता कार्यक्रमहरु सञ्चालनमा सहयोग गर्ने ।
सहकारीलाई उत्पादन तथा बजारीकरणमा परिचालन गर्ने	• नपा भित्र रहेका सहकारीहरुको अभिलेखीकरण, सशक्तीकरण गर्ने • तिनीहरुलाई कृषि, पशु तथा व्यवसायहरुमा सम्लग्न गराई रोजगारी सिर्जनमा लगाउने
नगर भित्रको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण गर्नका लागि पर्यटकीय क्षेत्र घोषना गर्ने	• नगरपालिकाको ऐतिहासिक महत्व, पुरातात्विक वस्तु, कला वा संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न आवश्यक मापदण्ड तयार गर्ने
	• मापदण्ड पुगेका सम्भाव्य स्थानलाई सांस्कृतिक वा पर्यटकीय स्थान नगरपालिका आफैले घोषणा गर्ने वा घोषणा गर्नका लागि प्रदेश सरकारलाई सिफारिश गर्ने

स्रोत : नगरस्तरीय योजना तर्जुमा कार्यशाला, २०७६

५.६ प्रमुख कार्यक्रमहरू

कृषि विकासका क्षेत्रका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्नको लागि निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ। साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ।

तालिका ५.५ : कृषि विकास उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख क्रियाकलाप	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
क.	**अगार्निक खेती प्रवर्द्धन कार्यक्रम**													
१	मलमुत्रबाट जैविक मल तथा विषादि प्रवर्द्धन कार्यक्रम (वार्षिक १ वटा)	वटा	५	१	१	१	१	१	१२००	१३२०	१४५२	१५९७	१७५७	**७३२६**
२	अर्गानिक खेती सम्बन्धी तालिम	वटा	१५	३	३	३	३	३	३००	३३०	३६३	३९९	४३९	**१८३२**
३	एग्रोभेटहरुको लागि जैविक विषादी सम्बन्धी तालिम (वार्षिक १ वटा)	वटा	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
४	अर्गानिक वस्तुको अनुगमन तथा प्रमाणीकरण सहयोग कार्यक्रम (वार्षिक १ वटा)	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
५	अर्गानिक उत्पादन प्रचार प्रसार (वार्षिक १ वटा)	वटा	५	१	१	१	१	१	३००	३३०	३६३	३९९	४३९	**१८३२**
६	हाईटेक नसर्री स्थापना	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
ख.	**कृषक तथा कृषि प्राविधिहरुकालागि दक्षता अभिबृद्धि कार्यक्रम**													
१	कृषि प्राविधिकहरूको लागि सेवा कालीन तालिम	वटा	५	१	१	१	१	१	२००	२००	२००	२००	२००	**१०००**
२	कृषि प्राविधिकहरूको पुनर्ताजगी तालिम	वटा	५	१	१	१	१	१	५०	५५	६१	६७	७३	**३०५**
३	कृषक तथा विज्ञहरु विचको अन्तरक्रिया कार्यक्रम	वटा	१०	२	२	२	२	२	२००	२२०	२४२	२६६	२९३	**१२२१**
४	कृषक अध्ययन भ्रमण कार्यक्रम	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
ग.	**सिँचाइ मर्मत तथा विस्तार कार्यक्रम**													
१	थोपा सिँचाइ	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख क्रियाकलाप	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
२	इनार निर्माण	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
३	बोरिङ निर्माण	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
घ.	**माटो सुधार कार्यक्रम**													
१	माटो परीक्षण शिविर	वटा	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
२	कृषि चुन तथा प्राङगारिक मल वितरण	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
३	सुक्ष्म तत्वका लागि आवश्यक सामाग्री वितरण	एकमुष्ट	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**
ङ	**कृषि बजार प्रवर्द्धन कार्यक्रम**													
१	कृषि मेला आयोजना	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	५००	**२८२१**
२	बुनपा २ मा तरकारी थोक बिक्रेता स्थल निर्माण	वटा	१	०	०	०	१	०	०	०	०	१००००	०	**१००००**
च.	**कृषि प्रसार कार्यक्रम**													
१	प्लाष्टिक टनेल	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
२	मिनी/पावर ट्रिलर वितरण	एकमुष्ट	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
३	कृषक समूहहरु निर्माण एवं प्रवर्द्धन कार्यक्रम	एकमुष्ट	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
४	उन्नत तथा हाईब्रिड विउ वितरण (एक मुष्ठ)	एकमुष्ट	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
५	तरकारी मिनी कम्पोजिट प्याकेट विउ वितरण	एकमुष्ट	५	१	१	१	१	१	४००	४४०	४८४	५३२	५८६	**२४४२**
६	च्याउ खेती अनुदान सहयोग	एकमुष्ट	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
छ.	युवा स्वरोजगार कार्यक्रम	जना	५०	१०	१०	१०	१०	१०	३०००	३३००	३६३०	३९९३	४३९२	**१८३१५**
ज.	बाली संरक्षण कार्यक्रम								७०००	७७००	८४७०	९३१७	१०२४९	**४२७३६**
१	बाली उपचार शिविर	वटा	२०	४	४	४	४	४	२००	२२०	२४२	२६६	२९३	**१२२१**
२	आई पि एम पाठशाला सञ्चालन	वटा	१०	२	२	२	२	२	३००	३३०	३६३	३९९	४३९	**१८३२**
३	आकस्मिक बाली संरुक्षण सेवा संचालन	एकमुष्ठ	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**
झ	**कौशी खेती प्रवर्द्धन कार्यक्रम**													
१	कौशी खेतीको लागि आवश्यक सामागी अनुदानमा वितरण	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
२	कृषकको लागि राहत कार्यक्रम	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख क्रियाकलाप	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
३	बालि विमा अनुदान	एकमुष्ट	५	१	१	१	१	१	१००००	११००	१२१०	१३३१	१४६४	**६१०५**
४	मौरीपालन सहयोग कार्यक्रम	एकमुष्ट	५	१	१	१	१	१	३००	३३०	३६३	३९९	४३९	**१८३२**
५	थोपा सिँचाइ सहितको सेट जडान	वटा	२५०	५०	५०	५०	५०	५०	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
ञ.	**अन्य**													
१	कृषि उत्पादनको बजार व्यवस्थापन	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
२	भूमिबैंकको कार्यान्वयन तथा बाझो जग्गा सदुपयोग सम्बन्धी सहुलियत तथा अनुदान कार्यक्रम	एकमुष्ट	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
३	आवश्यक मल, वीउ, कीटनाशक औषधीको खरिद	एकमुष्ट	५	१	१	१	१	१	१००००	११००	१२१०	१३३१	१४६४	**६१०५**
४	कृषि उपज भण्डारण तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन	एकमुष्ट	५	१	१	१	१	१	१००००	११००	१२१०	१३३१	१४६४	**६१०५**
५	हिउँदे वर्षे फलफूलको विरुवा वितरण	एकमुष्ट	०	०	०	०	०	०	२००	२२०	२४२	२६६	२९३	**१२२१**
६	फलफूल खेती (नर्सरी स्थापना)	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
७	कृषकका लागि कृषि तालिम	वटा	२०	४	४	४	४	४	८००	८८०	९६८	१०६५	११७१	**४८८४**
	जम्मा								**२८७५०**	**३१६०५**	**३४७४६**	**४८२००**	**४१७६८**	**१८५०६९**

स्रोत : नगरस्तरीय छलफल, २०७७

पशु सेवा क्षेत्रका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्नको लागि निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ। साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ।

तालिका ५.६ : पशु विकास उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम/क्रियाकलाप	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१	क्रित्रिम गर्भाधान सेवा सञ्चालन (गाई, भैंसी, बाखा)	वटा	३०००	६००	६००	६००	६००	६००	२५०	२७५	३०३	३३३	३६६	**१५२६**
२	गाईको लागि सेक्स सिमेन सेवा संचालन	वटा	७००	१००	१५०	१५०	१५०	१५०	२००	२२०	२४२	२६६	२९३	**१२२१**
३	हिँउदे घाँसको विउ वितरण	केजी	१००००	२०००	२०००	२०००	२०००	२०००	२४०	२६४	२९०	३१९	३५१	**१४६५**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम/क्रियाकलाप	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
४	बर्खे घाँस विरुवा वितरण	वटा	३००००	६०००	६०००	६०००	६०००	६०००	१००	११०	१२१	१३३	१४६	**६११**
५	भकारो तथा गोठ सुधार अनुदान	वटा	५०	१०	१०	१०	१०	१०	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
६	कृषक तथा व्यवशायीक कृषककालागि स्थानीय स्तरको तालिम	पटक	२०	४	४	४	४	४	४००	४४०	४८४	५३२	५८६	**२४४२**
७	अगुवा पशुपालक कृषक लक्षित अभिमूखीकरण तालिम	वटा	१०	२	२	२	२	२	५०	५५	६१	६७	७३	**३०५**
८	उन्नत गाई भईसी पालन फार्म अनुदान	संख्या	१५०	३०	३०	३०	३०	३०	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
९	पशुजन्य पदार्थ बजारीकरण कार्यक्रम	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१०	उत्कृष्ट पशुपालन व्यवसायीलाई पुरस्कार	जना	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
११	गोष्ठी संचालन (पशु बीमा, बर्डफ्लु, स्वाइनफ्लु, सफादुध उत्पादन जुनोटिक्स रोग आदिको .बारे)	पटक	१०	२	२	२	२	२	२००	२२०	२४२	२६६	२९३	**१२२१**
१२	पशु स्वास्थ्य परीक्षण तथा खोप शिविर	पटक	१५	३	३	३	३	३	३००	३३०	३६३	३९९	४३९	**१८३२**
१३	मासु पसल तथा प्रयोगशाला परीक्षण	आवश्यकता अनुसार	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१४	पशु प्राविधिक तालिम तथा अन्य क्षमता विकास कार्यक्रम	जना	१०	२	२	२	२	२	१००	११०	१२१	१३३	१४६	**६११**
१५	पशु उपचार सेवा कार्यक्रम एकमुष्ठ	वटा	५	१	१	१	१	१	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
१६	पशु अन्वेषण, आउट ब्रेक, रिपोटिङ, सिरम संकलन प्रयोगशाला प्रेषण कार्यक्रम एकमुष्ठ	पटक	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
१७	पशु पंक्षी सम्बन्धी आधारभूत प्रयोगशाला स्थापना र संचालन	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१८	मासु पसल सुधार अनुदान	वटा	६५	१३	१३	१३	१३	१३	६५०	७१५	७८७	८६५	९५२	**३९६८**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम/क्रियाकलाप	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१९	पशुपालन सम्बन्धी उपकरण (च्यापकटर, ट्रली, मिल्क क्यान चिलिङ भ्याट आदि) वितरण	एकमुष्ट	५	१	१	१	१	१	५००००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
२०	बाखा स्रोत केन्द्र सञ्चालन	वटा	५	१	१	१	१	१	३००	३३०	३६३	३९९	४३९	**१८३२**
२१	अनुगमन तथा नीरिक्षण	पटक	६०	१२	१२	१२	१२	१२	१००	११०	१२१	१३३	१४६	**६११**
२२	पशु विमा सम्बन्धी जानकारीमूलक कार्यक्रम	आवश्यकता अनुसार	६५	१३	१३	१३	१३	१३	५००	५५०	६०५	६६६	७३२	**३०५३**
२३	किसानहरुको विषय विज्ञ परामर्शदाताबाट स्थलगत प्राविधिक परामर्श कार्यक्रम	आवश्यकता अनुसार	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
२४	कृषक हित कोष	वटा	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
२५	पशु बधशाला स्तरोन्नती	वटा	१	०	१	०	०	०	०	२०००	०	०	०	**२०००**
२६	पशु वीमा अनुदान	वटा	५	१	१	१	१	१	२५००	२५००	२५००	२५००	२५००	**१२५००**
	कुल बजेट								**१९०९०**	**२२७४९**	**२२५७४**	**२४५८१**	**२६७८९**	**११५७८४**

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

घरेलु तथा साना उद्योग व्यवसाय उप क्षेत्रको विकासको लागि तय गरिएका प्रतिफलहरु हासिल गर्न निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ। साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ।

तालिका ५.७ : घरेलु तथा साना उद्योग व्यवसाय उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१	उद्यम विकास कोष स्थापना	वटा	५	१	१	१	१	१	५००००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
२	उद्योग सम्भाव्यता अध्ययन	वटा	१	०	१	०	०	०	०	१०००	०	०	०	**१०००**
३	उद्यमशीलता विकास कार्यक्रम	वटा	३०	६	६	६	६	६	२५०	२७५	३०३	३३३	३६६	**१५२६**
४	उद्यम र उद्यमीसंगको अन्तर्क्रिया, अवलोकन	वटा	१०	२	२	२	२	२	१००	११०	१२१	१३३	१४६	**६११**
५	प्राविधिक सीप विकास तालिम	वटा	२५	५	५	५	५	५	५००	५५०	६०५	६६६	७३२	**३०५३**
६	औद्योगिक ग्राम स्थापना	वटा	३	०	१	१	१	०	०	३०००	३३००	३६३०	०	**९९३०**
७	उद्यमीहरूका लागि अध्ययन भ्रमण (बिषयगत)	वटा	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**
८	साना तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रम	वटा	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
९	लघु तथा साना उद्यमीबाट स्थानीय उत्पादित बस्तुको बजारीकरण (हाटबजार)	वटा	१	१	०	०	०	०	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१०	प्रचारप्रसार कार्यक्रम	वटा	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**
११	लघु तथा साना उद्यमी प्रदर्शनी मेला	वटा	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१२	कोशेली घर निर्माण	वटा	२	०	१	१	०	०	०	५०००	५५००	०	०	**१०५००**
१३	लघु तथा कुटिर उद्यमीहरुका लागि तालिम	वटा	१०	२	२	२	२	२	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१४	उद्यमी , व्यापारी वित्तीय संस्थासंग विच अन्तरक्रिया	वटा	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१५	सफल उद्यमीलाई पुरस्कृत	जना	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
१६	उद्यम अनुगमन तथा मूल्याङ्कन	जना	५	१	१	१	१	१	५०	५५	६१	६७	७३	**३०५**
१७	आन्तरिक उत्पादन प्रर्दशनी (Display Monitior)	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१८	रोजगार सिर्जना र व्यक्तिगत उद्यमशीलताको लागि Seed Money ऋणको व्यवस्था गर्ने	एकमुष्ट	५	१	१	१	१	१	२५००	२७५०	३०२५	३३२८	३६६०	**१५२६३**
	कुल बजेट								**१३६००**	**२३९६०**	**२५२५६**	**२१७३२**	**१९९१२**	**१०४४५९**

स्रोत : नगरस्तरीय छलफल, २०७७

पर्यटन विकास क्षेत्रका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्नको लागि निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ । साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ ।

तालिका ५.८ : पर्यटन विकास उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार वार्षिक परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
क.	**आर्थिक पर्यटन**													
१	पर्यटन व्यवसायको कार्यविधि तयार गर्ने (होटेल, रिसोर्ट)	वटा	२	१	०	०	१	०	१०००	०	०	२००	०	**१२००**
२	पर्यटक सूचना केन्द्र स्थापना र संचालन (बुढानीलकण्ठ मन्दिरपरिसर)	वटा	५	१	१	१	१	१	४०००	२०००	२२००	२४२०	२६६२	**१३२८२**
३	नगरस्तरीय पर्यटन बोर्डको संस्थागत विकास र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने	वटा	५	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार वार्षिक परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
४	होटल व्यवसायहरुको तथ्यांक सहितको अवस्था विश्लेषण (होटेल, रिर्सोट, क्याफ, रेष्टुरेन्ट)	वटा	२	१	०	०	१	०	१०००	०	०	५००	०	**१५००**
५	क्षमता अभिवृद्धि, आयमूलक र उद्यमशीलता तालिम (युवा, कर्मचारी, होटल व्यवसायी)	वटा	५	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
६	होटल व्यवसायी, नगरपालिका तथा अर्गानिक तरकारीव्यवसायीहरु बीच अर्न्तक्रिया)	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
७	संस्कृति संरक्षण सग्रहालय निर्माण : लाखे नाच, रोपाइँ जात्रा, रथयात्रा, कृष्ण जन्माष्टमी जात्रा, इन्द्रजात्रा, भिन्तुना, नौलिङ्गेश्वरी, भद्रकाली जात्रा, नवरात्र जात्रा (नौरथा), चण्डी पूर्णिमा, बुद्ध जयन्ती, बाजागाजा र वेशभूषा, बाँसुरी, भ्याली,धिमे,सनई, नायखी, ढाँचा, दायाखल संरक्षण	वटा	५	१	१	१	१	१	५०००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
८	पार्क निर्माण (तौलुन चौतारा, पञ्चकन्या मन्दिर परिसर,रुद्रेश्वर परिसर, धान्य ढिकुरामा रंगशाला, महांकाल मन्दिर परिसर, जगन्नाथ मन्दिर, धर्मपुर बरफेदी राधाकृष्ण मन्दिर परिसर, बंगलादेर्व)	वटा	५	१	१	१	१	१	५०००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
९	जेष्ठ नागरिक, बालमैत्री पार्क निर्माण	वटा	५	१	१	१	१	१	१००००	११०००	१२१००	१३३१०	१४६४१	**६१०५१**
१०	साईक्लिङ्ग रुट निर्माण तथा स्तरोन्नति (वार्ड नं ५, ३, २, १३) साइक्लिङ रुट संरक्षण र प्रचार प्रसार (Marking, Mapping, and cleaning)	कि.मी	१४	२	३	३	३	३	२५००	२७५०	३०२५	३३२८	३६६०	**१५२६३**
११	Hiking Route प्रचारप्रसार (जगडोल तारेभिर) कार्यक्रम	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१२	नेवाछे (सांस्कृतिक नाच प्रर्दशन सहितको वार्ड नं १३,चुनिखेल) पूर्वाधार विकास	वटा	४	०	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार वार्षिक परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१३	भद्रकाली मन्दिर परिसरमा देउ पार्क, बाल उद्यान पार्क सहित	वटा	५	१	१	१	१	१	१००००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१४	पौराणीक गढीहरुको पूर्ननिर्माण (वार्ड नं १३,चुनिखेल) अर्न्तक्रिया कार्यक्रम	वटा	५	१	१	१	१	१	१५०	१६५	१८२	२००	२२०	**९१६**
१५	एग्रो टुरिजमको उत्पादन, प्रशोधन (वार्ड नं १३) जग्गा लिने र कार्यविधि तयारी	एकमुष्ट	१	१	०	०	०	०	५००	०	०	०	०	**५००**
१६	सांस्कृतिक नाचलाई प्रबर्द्धन र स्तरोन्नति कार्यक्रम (होटेल रिसोर्टसंग समन्वय गर्ने)	वटा	५	१	१	१	१	१	१००००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१७	चन्द्रेश्वरी मन्दिर संरक्षण तथा पूर्वाधार विकास (टावर निर्माण)	वटा	१	०	१	०	०	०	०	२५००	०	०	०	**२५००**
१८	शिवपूरी राष्ट्रिय निकुञ्ज भित्र पार्क निर्माण (DPR तयारी)	वटा	१	०	०	१	०	०	०	०	१०००	०	०	**१०००**
१९	तामाङ बस्तीमा सामूहिक homestay संचालन सहयोग कार्यक्रम	वटा	५	१	१	१	१	१	१००००	११००	१२१०	१३३१	१४६४	**६१०५**
२०	वालेश्वर महादेव मन्दिर पूर्ननिर्माण तथा उक्त मन्दिर परिसर भित्र Picnic Spot निर्माण	वटा	२	१	१	०	०	०	२५००	२५००	०	०	०	**५०००**
२१	रुद्रेश्वर भद्रकाली क्षेत्रमा इको पार्क निर्माण	वटा	३	१	१	१	०	०	१०००	१०००	१०००	०	०	**३०००**
२२	नागी ,कपन गुम्बा, धर्मपुर मन्दिर व्यवस्थापन र संरक्षण	वटा	४	२	२	०	०	०	३०००	३०००	०	०	०	**६०००**
२३	पर्यटन पूर्वाधारहरू निर्माण (बूढानीलकण्ठ मन्दिर, शिवपुरी, वाग्द्वार)	वटा	३	०	१	१	१	०	०	२५००	२७५०	३०२५	०	**८२७५**
२४	भद्रकाली सामुदायिक वनको क्षेत्रमा ECO Park निर्माण	वटा	१	०	१	०	०	०	०	५०००	०	०	०	**५०००**
२५	बुढानीलकण्ठ संग्रहालय तथा सुचना ग्राम सहितको वातावरणीय सभाहल निर्माणका	वटा	१	०	०	१	०	०	०	०	५०००	०	०	**५०००**
२६	कपन ह्याण्डबल क्षेत्रमा बहुउद्देश्यीय पूर्वाधार योजना निर्माण	वटा	२	०	०	१	१	०	०	०	२५००	२७५०	०	**५२५०**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार वार्षिक परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
२७	केवलकार (चपली देखि शिवपुरी) सम्भाव्यता अध्ययन गर्ने (IEE/EIA) र कार्यान्वयन	वटा	१	१	०	०	०	०	१५००	०	०	०	०	१५००
२८	बुढानीलकण्ठ मन्दिर विकास गुरुयोजना निर्माण	वटा	१	१	०	०	०	०	५००	०	०	०	०	५००
२९	सांस्कृतिक वा पर्यटकीय क्षेत्र घोषणाका लागि मापदण्ड तयारी	वटा	१	०	१	०	०	०	०	१०००	०	०	०	१०००
	जम्मा बजेट								४६१५०	५३७६५	५२१४२	५०३५६	४८२६९	२५०६८१
ख.	**पर्यावरणीय पर्यटन**													
१	इको पार्क निर्माण	वटा	१	१	१	१	१	१	४००००	४००००	४००००	४००००	५००००	२१००००
२	दुगुर्ने सामुदायिक वनलाई प्राकृतिक पार्कको रुपमा विकास गर्ने	वटा	१	१	१	१	१	१	१२००	१३२०	१४५२	१५९७	१७५७	७३२६
३	पञ्चकन्या सामुदायिक वनमा पार्क निर्माण	वटा	१	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	६१०५
४	चिडिया खाना निर्माण	वटा	१	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	१२२१०
५	टुसाल दुलाल टोल देखि मुहान पोखरी सम्म साइक्लिङ मार्ग निर्माण	वटा	१	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	१२२१०
६	च्यासन्डोलमा आधुनिक पार्क निर्माण	वटा	१	१	१	१	१	१	४०००	४०००	४०००	४०००	४०००	२००००
७	भद्रकाली पार्क (वडा नं. १३)	वटा	१	१	१	०	०	०	२५००	२५००	०	०	०	५०००
८	कालिका पार्क (वडा नं. २)	वटा	१	१	१	०	०	०	२५००	२५००	०	०	०	५०००
९	जगन्नाथ पार्क (वडा नं. ८)	वटा	१	१	१	०	०	०	१००००	१००००	०	०	०	२००००
१०	झण्डा पार्क (वडा नं. ११)	वटा	१	१	१	०	०	०	१२५०	१२५०	०	०	०	२५००
११	चिसेनी पार्क (वडा नं. ५)	वटा	१	१	१	१	१	१	५०००	५०००	५०००	५०००	१००००	३००००
१२	जङ्गलादेवी पार्क (वडा नं. ११)	वटा	१	१	१	०	०	०	५०००	५०००	०	०	०	१००००
१३	गोल्फूटार पार्क	वटा	१	१	०	०	०	०	५०००	०	०	०	०	५०००
१४	सिद्धेश्वर मन्दिर परिसरमा पार्क निर्माण	वटा	१	१	१	१	१	१	५०००	५०००	५०००	५०००	५०००	२५०००
	जम्मा								८६४५०	८२०७०	६१५०२	६२२५२	७८०७७	३७०३५२
	कुल जम्मा								१३२६००	१३५८३५	११३६४४	११२६०८	१२६३४६	६२१०३२

स्रोत : नगरस्तरीय छलफल, २०७७

सहकारी तथा वित्तीय संस्थाको विकासका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्नको लागि निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ । साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ ।

तालिका ५.९ : सहकारी तथा वित्तीय संस्था उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१	सहकारीहरुलाई कोपोमिस तालिम (ईन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली)	वटा	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
२	क्षमता विकास तालिम (कर्मचारी तथा सहकारी सदस्यहरुलाई लेखा र लेखा परिक्षण)	वटा	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
३	उद्यमशीलता विकास तालिम	वटा	२५	५	५	५	५	५	७५०	८२५	९०८	९९८	१०९८	**४५७९**
४	सहकारीका लागि व्यवसाय सञ्चालन सीप विकास तालिम	वटा	२०	४	४	४	४	४	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
५	स्तरोन्नति तालिम तथा उपयुक्त प्रविधि सहयोग	जना	१२५	२५	२५	२५	२५	२५	१२५०	१३७५	१५१३	१६६४	१८३०	**७६३१**
६	सहकारी पसल स्थापना	वटा	३	१	१	१	०	०	५०००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
७	कोसेली घर स्थापना	वटा	२	०	१	०	१	०	०	०	०	०	०	**०**
७	अवलोकन भ्रमण	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
८	सहकारीका व्यवस्थापक, अध्यक्ष र नगरपालिका बीचको अन्तरक्रिया कार्यक्रम	वटा	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**
१०	सहकारी संस्थाहरुको तथ्यांक संकलन तथा डाटावेस निर्माण र अद्यावधीकरण	पटक	५	१	१	१	१	१	५००	१००	११०	१२१	१३३	**९६४**
११	नगर सहकारी बुलेटिन प्रकाशन	पटक	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
१२	उत्कृष्ट सहकारी संस्थालाई पुरस्कृत गर्ने	वटा	१०	२	२	२	२	२	१००	११०	१२१	१३३	१४६	**६११**
	कुल बजेट								**९६००**	**१०११०**	**१११२१**	**१२२३३**	**१३४५६**	**५६५२१**

स्रोत : नगरस्तरीय छलफल, २०७७

परिच्छेद छ : सामाजिक विकास

६.१ पृष्ठभूमि

नागरिकहरुको सम्मानजनक जीवनयापन आजको आवश्यकता मात्र होइन की चुनौतीपूर्ण पनि छ । यहाँ विभिन्न जातजाती, धर्म सँस्कृति तथा परम्परा अपनाउने समुदायहरु रहेका छन् । तिनीहरुको बीचको पारस्परिक सहयोग र सहिष्णुता नै यहाँ एउटा सुन्दर पक्ष हो । जातजातीको हिसाबले यहाँ क्षेत्री, ब्राम्हण, नेवार, तामाङ, गुरुङ्ग, राई, मगर, शेर्पा, ठकुरी, वि.क., परियार, नेपाली आदि रहेका छन् । सामाजिक रुपमा पिछडिएको वर्ग/समुदायको सामाजिक अवस्थालाई सुधार ल्याई सम्मानजनक ढंगले बाँच्न पाउने अवस्था सिर्जना गर्नु विकासको एउटा पाटो हो र नगरपालिकाको प्रमुख उद्देश्य यसलाई हासिल गर्ने हुनुपर्दछ ।

यस परिच्छेदमा मानिसहरुको सामाजिक जीवनका विभिन्न पक्षहरु शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला बालिका तथा सामाजिक समावेशीकरण, खेलकुद, जेष्ठ नागरिक, संस्कृति तथा परम्परा आदिका विषयका हालको अवस्था, सुधारको लागि गर्नुपर्ने उपायहरु आदिको यस परिच्छेदमा चर्चा गरिएको छ ।

(क) शिक्षा

शिक्षा व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएको छ । त्यसैगरी, सहश्राब्दी विकास लक्ष्यले पनि सबैले प्राथमिक शिक्षा अनिवार्य रुपमा पाउनुपर्ने कुरालाई अंगिकार गरेको छ ।

नगरपालिकाको नगर पार्श्वचित्र २०७५ अनुसार बूढानीलकण्ठ नगरपालिकामा साक्षरता दर ९३.०६ प्रतिशत रहेको छ । जसअनुसार महिला साक्षरता दर ९२.९२ प्रतिशत र पुरुष साक्षरता दर ९३.२० प्रतिशत रहेको छ । पछि २०७६ सालमा पूर्ण साक्षर घोषणा गर्ने प्रयोजनका लागि गरिएको तथ्याङ्कको आधारमा यहाँको कुल जनसंख्या १,५६,३२९ मध्ये १५-६० उमेर समुहको जनसंख्या १,१८,३९४ अर्थात ९८.६९ प्रतिशत साक्षर जनसंख्या रहेको र नगरपालिकालाई साक्षर नगर घोषणा गरिएको छ । शिक्षाको तहगत अवस्था हेर्दा आधारभूत तह उत्तीर्ण गर्ने २३.६१, माध्यमिक तह उत्तीर्ण गर्ने २८.२५ प्रतिशत, स्नातक तह उत्तीर्ण गर्ने ११.३२ प्रतिशत, स्नातकोत्तर उर्त्तीण गरेका ३.३५ प्रतिशत र विद्यावारिधि गरेका ३९६ जना रहेका छन् । भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरका हिसावले यहाँ सार्वजनिक विद्यालयहरुको अवस्था उत्साहप्रद नरहेको देखिन्छ । शिक्षा क्षेत्रको विकासको लागि शिक्षा सम्बन्धी छुट्टै योजना बनाई कार्यान्वयन गर्नुपर्ने आवश्यक देखिन्छ ।

(ख) स्वास्थ्य तथा पोषण

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ र कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ (नेपालको संविधान, धारा ३५, उपधारा १) । संविधानले आधारभूत स्वास्थ्य र सरसफाईको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई दिएकोछ ।

"सुलभ स्वास्थ्य सेवा र स्वस्थ नगरबासी" को उद्देश्य पुरा गर्न स्वास्थ्य संस्थाहरु सुदृढीकरण, नगर अस्पताल सञ्चालन र स्वास्थ्यकर्मीहरुको प्रभावकारी सञ्चालनको लागि नगर स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ। हाल स्वास्थ्य सेवालाई चुस्त दुरुस्त राख्न नगरपालिका क्षेत्रभित्र २ निजी/सामुदायिक अस्पताल, ६ स्वास्थ्य संख्या ,क्लिनिक फार्मेसी सेवा १४२, खोपकेन्द्र १४, पोलीक्लिनिक ४ र महिला स्वास्थ्य स्वयंसेविका १०९ रहेका छन् । स्तरीय सेवा प्रदान गर्दै आएको नशा रोग अस्पताल, निर्माण हुने अवस्थामा रहेको "काठमाडौं इण्सिच्यूट अफ साइन्स हेल्थ" र नगर अस्पताल र प्रत्यक्षतः Teaching Hospital/Child Hospital and Heart Specialty Hospital नगरपालिकाको अत्यन्त नजिक रही राष्ट्रियस्तरका सुविधा प्राप्त गर्न सकिने अवस्था रहेको छ। स्वास्थ्यको समस्याको समाधान रोग लागेपछिको उपचारबाट मात्र सम्भव नहुने भएकाले स्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु सञ्चालन र आवश्यक पूर्वाधारहरु निर्माण गर्नुपर्ने देखिन्छ।

(ग) खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहुआयमिक प्रभाव पार्दछ। त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ (नेपालको संविधान, धारा ३५, उपधारा ४)। राष्ट्रियस्तरमा हालसम्म ८८ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २० प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ। जनअपेक्षा अनुसार खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन अझै सकिएको अवस्था छैन। सरसफाई तर्फ हालका बर्षहरुमा उल्लेख्य प्रगति भई ९८ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ। यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय खानेपानी, सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

खानेपानी तथा सरसफाईमा यस नगरपालिकामा ***'एक घर एक धारा'*** को अवधारणा पूर्णता पाउने अवस्थामा पुगेको छ। खानेपानीको वैकल्पिक श्रोतको रुपमा Rain Harvesting र व्यवस्थित डीप बोरिङ्ग प्रणालीलाई उपयोगमा ल्याउने प्रयास भएको छ। साथै नयाँ स्रोतको व्यवस्था, मेलम्ची आयोजनाको विस्तार, बूढानीलकण्ठ बाहिरको क्षेत्रमा मेलम्ची पानीको उपलब्धता आदिले यो अवधारणालाई साकार बनाउन सहयोग पुग्नेछ। नगरपालिका क्षेत्रभित्र सार्वजनिक शौचालयको आवश्यकता भईसकेको भएतापनि हालसम्म निर्माण हुनसकेको छैन।

(घ) युवा

आजका युवा राष्ट्रका भविष्य हुन्। राष्ट्रिय विकासमा युवा सहभागिता अभिबृद्ध गर्दै राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण, र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तित्व विकास गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदान लागि उपयुक्त अवसर प्रदान गर्ने भन्ने व्यवस्था राज्यको नीतिको रुपमा संविधानमा नै रहेको छ (नेपालको संविधान, धारा ५१ को ञ(७))। यसबाट नेपालको संविधानले युवाहरुको सर्वाङ्गगीण विकास, सशक्तीकरण र उनीहरुको उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी

लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने कुरामा जोड दिएको छ । संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०, दिगो विकास लक्ष्यहरु र युथ भिजन २०२५ ले युवाहरुको विकास र सहभागितामा जोड दिएकोछ ।

यस नगरपालिकामा ३० वटा युवाक्लबहरु क्रियाशील रहेका छन् । तर तिनीहरु आवश्यक क्षमता विकासको अभावमा पूर्ण क्षमताको साथ क्रियाशील हुन सकेका छैनन् । तसर्थ नगरपालिकाको आवधिक वा वार्षिक योजना तर्जुमा, यसको कार्यान्वयन, र अनुगमन प्रक्रियामा युवाहरुको सहभागिता सुनिश्चित गर्न आवश्यक छ । साथै युवाहरुको विकासका लागि कार्यक्रम तथा बजेट विनियोजन गरी उनीहरुको शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा सहयोग गर्नु जरुरी छ । तथापि अझैपनि युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवाहरुको विकासका लागि ठोस योजना नहुनु, युवासम्बन्धी तथ्याङ्क समेत अद्यावधिक हुन नसक्नु जस्ता समस्याहरु अझैपनि नगरपालिकाभित्र विद्यमान रहेका छन् ।

(ङ) लैङ्गिक समानता तथा महिला सशक्तीकरण

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प लिएको छ । संविधानले महिलाहरुलाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, राज्यका सबै निकायमा समानुपातिक समावेशीताका आधारमा सहभागिता सुनिश्चित गरेको छ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को अनुमोदन गरी सोही अनुरुप नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुदै आएको छ । महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरुप सामाजिक समानता कायम गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको छ ।

महिला माथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, हानिकारक अभ्यास, विभेद तथा हिंसालाई बढवा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायम रहनु, महिला तथा बालबालिकाहरु माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पिडित महिलालाई पूर्णरुपमा संरक्षण र पुनर्स्थापना गर्न नसक्नु, सशक्तिकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरु अझै पनि विद्यमान रहेका छन् ।

(च) बालबालिका तथा किशोर किशोरी

नेपालको संविधानको धारा ३९मा बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । यसले बाल बचाउ, बाल संरक्षण, बालविकास र वालसहभागिताको क्षेत्रमा जोड दिने कुरालाई प्रत्याभूत गरेकोछ । दिगो विकास लक्ष्यमा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित पहुँचयोग्य र हरित सार्वजनिक स्थलमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसाको अन्त्य गरी सशक्तीकरण गर्ने जस्ता बिषयहरुलाई समाबेश गरेको छ । तथापि, बाल अधिकारको संरक्षण र प्रवर्द्धन प्रभावकारी रुपमा गर्न नसक्नु, निर्णय प्रक्रियामा अर्थपूर्ण बालसहभागिताको कमी र बालमैत्री वातावरणको विकास नहुनु, जोखिममा परेका सबै बालबालिकाहरुको संरक्षण हुन नसक्नु, बालविवाह, बालश्रम, बालहिंसा, हत्या, अपहरण जस्ता क्षेत्रमा प्रभावकारी काम हुन सकेको अवस्था छैन ।

वालश्रम, बालबिबाह लगायतका सबै कुरिती र अन्धविश्वास हटाउनु तथा महिला हिंसा न्यूनीकरण आजको चुनौती हो । सबै किसिमका परम्परागत सीप, कला संस्कृति, धार्मिक क्रियाकलापहरु र पेशालाई संरक्षण, आधुनिकीकरण एवं प्रर्वद्धन गर्न आवश्यकता अनुसार बजेट व्यवस्थापन गर्नुपर्ने छ । सबै वडाका जेष्ठ

नागरिकहरुको मानसिक तथा शारीरिक स्वास्थ्यलाई ध्यानमा राखी वडाहरुमा Day Care Center सञ्चालनमा ल्याउन आवश्यक रहेको छ । हाल वडा नं २ मा एउटा ज्येष्ठ नागरिक पार्क निर्माण कार्य भने अघि बढेको छ । बालबालिका तथा युवाहरुको शारीरिक तथा मानसिक विकासको लागि स्थानीय स्तरमा बाल क्लबहरुको स्थापना, सामुदायिक संगठनहरुको स्थापना र सञ्चालन, खेल मैदानहरुको निर्माण गर्ने लक्ष्य रहेको छ ।

(छ) जेष्ठ नागरिक

जेष्ठ नागरिकको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ (धारा ४१) । सोही व्यवस्था अनुसार राज्यले जेष्ठ नागरिकहरुलाई विशेष संरक्षण तथा सामाजिक सुरक्षा प्रत्याभूत गर्दै आएको छ । जेष्ठ नागरिकहरुका बारेमा दिगो विकास लक्ष्यले सामाजिक सुरक्षा लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य हरित तथा सार्वजनिक खुल्ला ठाँउमा पहुँच सर्वसुलभ गर्ने कुरालाई जोड दिएकोछ । नेपाल सरकारले जेष्ठ नागरिकहरुको संरक्षण, स्याहारसुसार र सुरक्षा गर्नको लागि बृद्धाश्रम (हेरचाह केन्द्र) र दिवा सेवा केन्द्रहरु सञ्चालन, यातायातमा विशेष सहुलियत, औषधोपचार, सामाजिक सुरक्षा भत्ता लगायतका सेवा सुविधाहरु प्रदान गर्दै आएको छ । यस क्षेत्रमा समेत नगरपालिकाको भूमिका सशक्त हुन जरुरी देखिन्छ । अझैपनि जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरुको उचित संरक्षण नहुनु, जेष्ठ नागरिकले उचित सम्मान पाउन नसक्नु जस्ता .समस्याहरु जेष्ठ नागरिकका समस्याहरु हुन् ।

(ज) अपाङ्गता भएका व्यक्ति

अपाङ्गता भएका व्यक्तिको नागरिक, राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सहितको सम्मानजनक जीवनयापनको अधिकारलाई कानूनले संरक्षण गरेको छ । दिगो विकास लक्ष्यले अपाङ्गमैत्री विद्यालय लगायत सुरक्षित, समावेशी र पहुँचयोग्य सार्वजनिक खुल्ला ठाउँहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँचको विषयलाई प्राथमिकता दिएको छ ।

यस नगरपालिकामा पूर्ण अशक्त (१२४ जना) र अति अशक्त (१२६ जना) गरी जम्मा २५० जना अपाङ्गता भएका व्यक्तिहरु रहेको नगरपार्श्व चित्रले देखाउँछ । ती अन्य अपाङ्गता भएका व्यक्तिहरुको सम्मानपूर्वक जीवनयापनका सुनिश्चतता गर्नु राज्यको दायित्व भएको र नगरपालिका राज्यको एक अंग भएकाले नगरपालिकाले तिनीहरुको अधिकार प्रवर्द्धनका लागि आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ । तर अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरु विद्यालय बाहिर रहनु, उनीहरुका लागि रोजगारी, सामाजिक सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुनु जस्ता समस्याहरु रहेका छन । यी समस्याहरुको समाधानका लागि नगरपालिकाको आवधिक र वार्षिक योजनाले प्राथमिकता दिनु आवश्यक छ ।

(झ) खेलकुद

व्यक्तिको शारीरिक तन्दरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरु हासिल गर्न नगरस्तरमा खेलकुदको संस्थागत विकास एवम पूर्वाधार निर्माण गरी “सबैका लागि खेलकुद” अभियानलाई व्यवहारमा उतार्न जरुरी छ ।

यस नगरपालिकाको खेलकुद विकासको अवस्था हेर्दा यहाँ साना तिना १९ वटा खेलकुद मैदानहरु मात्र रहेका छन् भने कपन ह्याण्ड बल खेल मैदान निर्माणको चरणमा रहेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ का

अनुसार यस नगरपालिकाका ५ जना खेलाडीहरुले राष्ट्रियस्तरको खेलाडीको रुपमा पहिचान बनाउन सफल भईसकेका छन् । यहाँका विद्यालयहरुमा पनि खेलकुद मैदानको अभाव रहेको छ । यस क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार तथा खेल सामाग्रीको कमी हुनु, भएका पूर्वाधारहरु पनि गुणस्तरयुक्त नहुनु, समय सापेक्ष आधुनिक र सुविधायुक्त नहुनु, खेलकुद जनशक्ति विकासमा लगानी नहुनु जस्ता जस्ता थुप्रै समस्याहरु विद्यमान रहेका छन् ।

६.२ अवसर र सम्भावना विश्लेषण

कुनैपनि क्षेत्रको विकासको लागि सहयोगी वातावरण विद्यमान हुनु नै अवसरहरु हुन् । उपलब्ध अवसरहरुको उचित प्रयोग र परिचालनबाट मात्र त्यस क्षेत्रको विकासलाई अगाडि बढाउन सकिन्छ । यस बूढानीलकण्ठ नगरपालिकाको सामाजिक अवसर र सम्भावनाहरुलाई तलको तालिकामा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

तालिका ६.१ : सामाजिक विकास सम्बन्धी अवसर र सम्भावना विश्लेषण

अवसर	सम्भावना
शिक्षा	
भवन जस्ता भौतिक पूर्वाधार राम्रो अवस्थामा रहेको	प्राविधिक शिक्षालय सञ्चालन गर्न सकिने
प्रशस्त मात्रामा जनशक्ति/विज्ञहरु रहेको	विद्यालयको लागि आवश्यक जनशक्ति सजिलै प्राप्त गर्न सकिने
संगठन संरचना/कानूनी कार्यविधी तयार हुनु	शिक्षामा शैक्षिक सुधारमा सहयोग पुग्ने
शिक्षाप्रति सचेत नागरिक	व्यक्तिगत तवरबाट शिक्षामा लगानी बढ्ने
शिक्षा विकासको लागि नगरले आवश्यक बजेट विनियोजन गर्न सक्ने कानूनी प्रावधान रहेको	नगरपालिकाले यहाँ शैक्षिक उन्नयनको लागि थप बजेटको व्यवस्था गर्न सक्ने
ब्राण्डको रुपमा रहेको बूढानीलकण्ठ स्कूल यसै नपामा रहेको	यससँगको सहकार्यबाट सामुदायिक विद्यालयहरुको शैक्षिक अवस्थामा सुधार ल्याउन योगदान पुग्न सक्ने
स्वास्थ्य	
केहि भौतिक पूर्वाधार रहेको	अस्पताल लगायत स्वास्थ्य संस्था सञ्चालन गर्न सकिने
जनशक्ति/विज्ञ/महिला स्वास्थ्य स्वंयसेविका	गुणस्तरीय सेवा प्रवाह हुने
संगठन संरचना/कानूनी कार्यविधी तयार हुनु	सुशासन कायम गर्न सकिने
साझेदार संस्था क्रियाशील हुनु	त्यस्ता संस्थाहरुसँग मिलेर स्वास्थ्य सेवा थप प्रभावकारी बनाउन सकेन
सचेत नागरिक	स्वास्थ्य सम्बन्धी चेतना बढाउन थप सहज हुने
संघिय प्रार्देशिक नीति/बजेट/कार्यक्रम	स्वास्थ्य कार्यक्रम सञ्चालन थप सहयोग हुने
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	
संगठन संरचना/कानूनीका कार्यविधि तयार हुनु	न्यायिक समितिको क्षमता अभिबृद्धी
जन शक्ति/विज्ञ	कार्यविधि
समान सहभागिता	निर्णय प्रक्रियामा सहज
साझेदार संस्था/विज्ञ पर्याप्त	कार्यक्रमको प्रभावकारिता
बजेट विनियोजन गर्न स्थानिय तहको हैसियत	क्षमतामा अभिबृद्धि
संघीय प्रादेशिक नीति/बजेट/कार्यक्रमले समेटेको	उनीहरुको हितका लागि थप कार्य गर्न सकिने
समुदायस्तर सम्म संरचना नेटवर्क	तिनीहरुको परिचालन गरी उनीहरु लक्षित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन सकिने
उपमेयर न्यायिक समितिको संयोजक हुनु	महिलाहरुको पिडामर्काहरु व्यक्तगर्न थप सहज हुने र न्यायको सम्भावना बढ्नु
युवा तथा खेलकुद	
नेपाल अहिले जनसाङ्ख्यिक लाभको अवस्थामा रहेको	यसबाट नपाले पनि धेरै लाभ लिनसक्ने अवस्था रहेको

अवसर	सम्भावना
अधिकाँश युवा शिक्षित रहेका	उनीहरुको प्रदान गरिएको थोरै सहयोग र प्रोत्साहनबाट रोजगारी सिर्जना, जन चेतजा अभिवृद्धि लगायतको काम गर्न सकिने
देश बाहिरको अनुभवहरु संकलन लिएर आएका युवाहरु रहेका	उनीहरुको सिप तथा दक्षतालाई यहाँको रोजगारी सिर्जनमा प्रयोग गर्न सकिने अवस्था
इनोभेटिभ तथा प्रविधिसँग परिचित युवाहरुको संख्या बढ्दै जानु	ति युवाहरुलाई नगरको सुशासन प्रवर्द्धन लगायत विभिन्न विकास गतिविधिमा परिचालन गर्न सकिने
संस्कृति तथा पर्यटन	
बिभिन्न जातजाति धर्म संप्रदायको बसोबास	होम स्टे प्रवर्द्धन
बहुसांस्कृतिक समुदाय	बहुसांस्कृतिक क्षेत्रको रुपमा पहिचान गर्न
धार्मिक सहिष्णुता /प्रमुख धार्मिक स्थल	धार्मिक पर्यटनको प्रर्वद्धन गर्न
बजेट स्थानिय तहको हैसियत	लगानीमा सहजता
पर्यटक आकर्षण गर्ने भूगोल	पर्यटन व्यवसायको विकास तथा प्रवर्द्धन

स्रोत : नगरपालिकास्तरीय कार्यशाला, २०७७

६.३ समस्या विश्लेषण

कुनैपनि ठाउँको अवाञ्छित अवस्था वा परिणामलाई समस्याको रुपमा लिन सकिन्छ । खासगरी समस्यालाई एउटा कारक तत्वको रुपमा पनि बुझ्न सकिन्छ । उदाहरणको लागि बिद्यालयमा विद्यार्थी भर्ना भए पश्चात एउटा दक्ष जनशक्तिको रुपमा उत्पादन भइ आफ्नो जीवनलाई सहज बनाउने तथा घरपरिवार, समाज र देशका लागि आवश्यक योगदान पुऱ्याउने हो । शैक्षिक अवस्था कमजोर हुनु, आवश्यक कुराहरु सिक्न नसक्नुलाई समस्याको रुपमा लिन सकिन्छ । यहाँ सामाजिक क्षेत्र अर्न्तगत रहेका समस्या तथा तिनका कारणहरुको विश्लेषण गरिएको छ ।

तालिका ६.२ : सामाजिक विकास सम्बन्धी समस्या विश्लेषण

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
शिक्षा			
सामुदायिक विद्यालयको शिक्षा गुणस्तरीय हुन नसकेको	– प्राविधिक जन शक्ति/विज्ञहरुको अभाव हुनु – शिक्षण सिकाई मैत्री वातावरण बन्न नसक्नु – शिक्षकहरुले आवश्यकता अनुसार तालिम नपाउनु – समुदायलाई सामुदायिक विद्यालय प्रति अपनत्व नहुनु	– आवश्यकता अनुसार शिक्षकको व्यवस्था नभएको – विषयगत शिक्षकको अभाव – दण्ड र पुरस्कारको अवधारणाको कार्यान्वयन नहुनु – समुदायलाई सामुदायिक विद्यालयको आवश्यकताको महशुस नभएको	– विद्यालयहरुको मर्ज गर्ने – नपुग भएमा नपाले शिक्षकको व्यवस्था गर्ने – शिक्षकहरुलाई क्षमता विकासको अवसर दिने – प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउने – आवश्यकता भएका ठाउँमा दिवा छात्रावासको व्यवस्था गर्ने
	– शैक्षिक कार्यविधिको समुचित प्रयोग हुन नसक्नु र भएका नीतिगत व्यवस्थाहरुलाई कार्यान्वयनमा ल्याउन नसक्नु	– पर्याप्तमात्रामा अनुगमन, नियमन नहुनु, – शिक्षक तथा प्रधानाध्यापकलाई जवाफदेही नबनाइनु	– विषय विज्ञ सहितको अनुगमन संयन्त्र निर्माण र प्रभावकारी परिचालन – नतिजामा आधारित अनुगमन तथा मुल्याँकनलाई कार्यान्वयनमा ल्याउने
	– भौतिक संरचनाहरु सही	– निर्माणको क्रममा डिजाइनमा	– विद्यालय तथा

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
भौतिक पूर्वाधारको अभाव	ढंगबाट निर्माण हुन नसक्नु	नै कमजोरी हुनु – बालमैत्री अवधारणालाई आत्मसात नहुनु	प्राविधिकहरुसँगको छलफल पछि मात्र डिजाइनहरुको टुँगो लगाउने, स्थानीय आवश्यकता र बस्तुस्थितिलाई आधारमानी डिजाइन गर्नुपर्ने
	– विद्यालयहरुमा जमिनको अभाव	– विस्तार गर्न अत्यन्त महंगो हुनुको साथै विद्यालयको वरिपरी जग्गाको अभाव	– विद्यालयहरुमा खेलमैदानको व्यवस्थापनको लागि नगरपालिकाले पहल गर्नुपर्ने
	– आवश्यक बजेटको व्यवस्था नहुनु	– शैक्षिक बिकासका लागि नीति/बजेट/कार्यक्रममा स्पष्ट व्यबस्था गर्न नसक्नु	– नपाले शिक्षालाई उच्च प्राथमिकताको साथ लगानी बढाउनुपर्ने
	– स्वच्छ खानेपानी तथा पर्याप्त एवं आधारभूत सरसफाईको शौचालयको सुविधा माविहरुमा मात्र रहेको	– खानेपानी तथा सरसफाई अभैपनि सरकारको प्राथमिकतामा नपरेको	– खानेपानी जस्तो अत्यावश्यक चिजलाई उच्च प्राथमिकतामा राख्नुपर्ने
समन्वयको अभाव	– नगरको विभिन्न इकाई तथा संयन्त्र विचको समन्वयको लागि आवश्यक नीतिगत व्यवस्था तथा इकाइको अभाव	– समन्वयको अभावबाट उत्पन्न भएको तथा हुन सक्ने असरको बारेमा सचेत नहुनु	– शिक्षा सम्बन्धी क्रियाकलापहरुको समन्वयका लागि प्रभावकारी संयन्त्र निर्माण गरी परिचालन गर्नुपर्ने
स्वास्थ्य			
नसर्ने रोगको वृद्धिको उच्च जोखिम रहेको	– जीवन शैलीमा आएको परिवर्तन	– मानिसहरुमा शारीरिक परिश्रम गर्ने बानीको कमी भएको – खाना सम्बन्धी व्यवहारमा परिवर्तन भएको अर्थात तयारी र अस्वस्थकर खाना प्रति आकर्षण बढ्दै गएको – व्यायम गर्नको लागि आवश्यक खुला ठाउँहरुको अभाव हुँदै गएको	– शारीरिक व्यायम तथा योगको महत्वको बारेमा व्यापक मात्रामा प्रचार प्रसार गर्ने र ठाउँठाउँमा कार्यक्रमहरु नै सञ्चालन गर्ने – स्वास्थ्यको खानाको महत्वको बारेमा व्यापक प्रचार प्रसार गर्ने र यसको हानीकारक प्रभावहरुको बारेमा व्यापक रुपमा प्रचार गर्ने – आवश्यक मात्रमा व्यामशालाहरु सञ्चालन गर्ने
	– स्वास्थ्य सम्बन्धी जानकारी नहुनु	– कुन प्रकारका खानाबाट कस्ता रोगको लागि सहयोगी हुन्छ भन्ने जानकारी नभएको – कस्ता बानी व्यवहारबाट कस्ता रोग लाग्छ भन्ने जानकारी नभएको – रोगबाट बच्न अपनाउनुपर्ने सावधानीका उपायहरुको बारेमा पर्याप्त जानकारी	– स्वस्थकर खाना सम्बन्धी प्रचार प्रसार गर्ने – अनुगमन लाई प्रभावकारी र निरन्तरता दिनुपर्ने – कानूनको कडाईको साथ पालना गराउनु पर्ने

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
		नभएको	
	– विषादी तथा मिसावट युक्त खानाको प्रयोग बढ्दो क्रममा रहेको	– स्वस्थकर खाना कस्तो हो भन्ने बारेमा पर्याप्त जानकारी नहुनु – नियमनकारी निकायको फितलो अनुगमन – मानिसहरुको गरिवी	– विषादीको हानीकारक पक्षहरुको बारेमा व्यापक प्रचार प्रसार गर्ने र अनुगमनलाई अत्यन्त कडाई गर्ने र कानूनी कार्वाहीलाई प्रभावकारी बनाउने
	– सन्तुलित भोजनको कमी	– सन्तुलित भोजनबारेको जानकारीको कमी – गरिवी – व्यवहार परिवर्तनको समस्या	– सन्तुलित भोजन र स्वास्थ्य विचको सम्बन्धको बारेमा जानकारी गराउने – व्यवहार परिवर्तनमा विशेष जोड दिने
	– वातावरण प्रदुषित हुँदै जानु	– नगरमा हरियाली कमी हुँदै जानु – यातायातका साधनको वृद्धि र कलकारखानाको वृद्धि	– नगरको दुरदृष्टिले निर्देशित गरे अनुसार हरियालीमा जोड दिने – घर, सडक तथा खुला क्षेत्रमा बृक्षारोपण गर्ने तथा संरक्षण गर्ने कार्यलाई उच्च प्राथमिकताका लागु गर्ने
स्वास्थ्य सेवाको पहुँच सर्वसुलभ नहुनु	– कमजोर भौतिक पूर्वाधार	– आवश्यक भवन तथा उपकरणहरुको अभाव	– लक्षित सेवाग्राहीको आधारमा आवश्यक भवन तथा उपकरणको व्यवस्था गर्ने
	– अपर्याप्त जनशक्ति	– आवश्यकता अनुसारको जनशक्तिको व्यवस्था नहुनु	– नपाले संगठन संरचना निर्माण गरी आवश्यक दरबन्दी निर्धारण गर्ने तथा भर्ना गर्ने
	– पर्याप्तमात्रामा स्वास्थ्य संस्था नहुनु	– यहाँको जनसँख्याको तुलनामा स्वास्थ्य संस्थाहरु स्थापना र सञ्चालन गर्न आवश्यक पहल नभएको	– कम्तिमा हरेक वडामा एउटा स्वास्थ्य संस्था स्थापना गर्ने – नपामा एउटा नगर अस्पताल स्थापना गर्ने
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण			
महिला तथा बालबालिकाहरु माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु	– हिंसालाई बढवा दिने सामाजिक संरचना, सोच, मूल्य, मान्यता, प्रथा, परम्परा कायम रहनु, – महिलाहरु आर्थिक हिसाबले आत्मनिर्भर हुन नसक्नु	– उनीहरु प्रतिको धारणामा खासै परिवर्तन हुन नसक्नु – महिलाहरुलाई पुरुषहरुको तुलनामा अवसरहरु कम हुनु	– सशक्तीकरणको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्नु – महिलाहरुलाई आय आर्जनका अवसरहरु सिर्जना गर्नसक्ने खालका कार्यक्रमहरु सञ्चालन गर्ने
योजना तर्जुमा प्रक्रिया लगायत नपाका गतिविधिहरुमा महिला, बालबालिका तथा लक्षित समूहको	– महिला लगायत लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्ने कानूनी व्यवस्था नभएको	– सहभागितालाई महत्व नदिनु	– सशक्तीकरण र कानूनी व्यवस्था गर्नुपर्ने

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
अर्थपूर्ण सहभागिता नभएको			
सार्वजनिक तथा सामुदायिक स्थानहरू अपाङ्गमैत्री, ज्येष्ठ नागरिक, बालमैत्री नहुनु,	– उनीहरु प्रतिको धारणामा सम्बेदनशील नहुनु	– उनीहरु प्रतिको धारणामा परिवर्तन नहुनु	– नेतृत्वतह देखि नै यसको लागि प्रयास हुनुपर्ने – नपाले कानूनी तथा नीतिगत व्यवस्था गर्नुपर्ने

स्रोत : समुह छलफल, २०७६

६.४ नतिजा खाका

सामाजिक विकास क्षेत्रको विषयगत नतिजा खाका *तालिका ६.३* मा प्रस्तुत गरिएको छ ।

तालिका ६.३ : सामाजिक विकास क्षेत्रको क्षेत्रगत नतिजा खाका

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रभाव (लक्ष्य) : नगरवासीको शिक्षा स्वास्थ्य तथा सामाजिक सुरक्षाको अवस्थामा सुधार भएको हुनेछ ।	नवजात शिशु मृत्यु दर (प्रति हजार जीवित जन्ममा)	१८	१६	१४	स्वास्थ्य सेवा विभागको प्रतिवेदन	
	बाल मृत्यु दर (प्रति हजार जीवित जन्ममा)	२८	२७	२४		
	मातृ मृत्युदर (प्रति एक लाख जीवित जन्ममा)	१२५	११६	१००		
	दक्ष प्रसूतिकर्मीहरुको सहयोगमा गराइएको जन्महरुको अनुपात	६९	७३	७९		
	परिवार नियोजनसम्बन्धी आधुनिक साधन तथा विधीद्धारा पुरा भएका प्रजनन उमेरका (१५ देखि ४९ वर्ष उमेरका) महिलाको अनुपात	७१	७४	७६		
	राष्ट्रिय खोप कार्यक्रममा समवेश गरिएका सबै खोपद्धारा समेटिएका लक्षित जनसंख्याको अनुपात	९०	९५	९५		
	स्वास्थ्यकर्मीहरुको जनघनत्व र वितरण (हरेक १ लाख जनसंख्यामा)	४.४५	४.४५	४.४५		
	आधारभूत तह उत्तीर्ण दर	९७	९८	९९	नगर शिक्षा शाखाको प्रतिवेदन	
	सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा ए र सो भन्दा माथिल्लो ग्रेड ल्याउनेको प्रतिशत	११	१५	२५		
	सामुदायिक विद्यालयबाट कक्षा १२ को परीक्षामा ए र सो भन्दा माथिल्लो ग्रेड ल्याउनेको प्रतिशत	नसकिने				
	विद्यार्थीको सिकाई उपलब्धी दर					

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
	कक्षा ५				नगर शिक्षा शाखाको प्रतिवेदन	
	कक्षा ८					
असर १ : गुणस्तरीय शिक्षामा नगरवासीको पहुँच वृद्धि भएको हुनेछ ।	स्थायीय बासिन्दाका विद्यालय जाने उमेरका बालबालिका मध्ये सामुदायिक विद्यालयमा अध्ययन गर्नेको प्रतिशत	३	५	१०	नगर शिक्षा शाखाको प्रतिवेदन	
	पूर्व बाल शिक्षा विकासको अनुभव सहित कक्षा १ मा भर्ना भएको विद्यार्थी प्रतिशत	९६	९८	९९		
	आधारभूत तहको कुल भर्ना दर	१००	१००	१००		
	आधाार भूत तहको खुद भर्ना दर	९५	९६	९७		
	आधार भूत तहको टिकाउ दर	८५	८७	९०		
	कक्षा १० को टिकाउ दर	७६	८०	८५		
	कक्षा १० उत्तीर्ण हुने मध्ये कक्षा ११ मा भर्ना हुनेको प्रतिशत	९५	९६	९८		
प्रतिफल १.१: सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार भएको हुने ।	निम्नतम् मापदण्ड सहितका कक्षा कोठाहरु पर्याप्त मात्रामा भएका विद्यालय प्रतिशत	७४	८०	८५		
	१० कक्षासम्म विज्ञान प्रयोगशाला भएका विद्यालय प्रतिशत	५२	७५	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	कम्प्युटर प्रयोगशाला भएका विद्यालय प्रतिशत	५२	७५	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	पर्याप्त मात्रामा फर्निचर भएका विद्यालय प्रतिशत	२७	५२	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	लैंगिकमैत्री शौचालयको व्यवस्था भएका विद्यालय प्रतिशत	५२	७०	९०	नगर शिक्षा शाखाको प्रतिवेदन	
	पर्याप्त मात्रामा शुद्धपानीको व्यवस्था भएका विद्यालय प्रतिशत	५२	७०	९०	नगर शिक्षा शाखाको प्रतिवेदन	
	स्यानीटरी प्याडको व्यवस्था भएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	कम्तीमा सबै विद्यार्थी एकै पटक पिटि खेल्न मिल्ने खेल्न मैदान भएको विद्यालय प्रतिशत	५	३०	५०	नगर शिक्षा शाखाको प्रतिवेदन	
	विद्यालय हाता भित्र चमेना गृहको व्यवस्था भएको विद्यालय प्रतिशत	५२	७०	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रतिफल १.२ : सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा सुधार भएको हुने ।	विद्यालय सुधार योजना नियमित रुपमा निर्माण भएका र कार्यान्वयननमा आएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	विद्यालय व्यवस्थापन समिति क्रियाशील भएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	शिक्षक अभिभावक संघ क्रियाशील भएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	कम्तिमा ३ महिनामा एक पटक प्रतिवेदन सहितको नगरपालिका स्तरीय अनुगमन भएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	कम्तिमा वर्षको २ पटक विद्यालय व्यवस्थापन समिति र पिटिएको बैठक भएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
प्रतिफल १.३ : सामुदायिक विद्यालयहरुमा सूचना प्रविधिको तथा अतिरिक्त क्रियाकलापहरुमा वृद्धि भएको हुने ।	सूचना प्रविधि तथा मल्टि मिडियाको प्रयोग गरी पठनपाठन हुने माबि प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	कम्प्युटर विषय पढाई हुने माबि प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	अतिरिक्त क्रियाकलाप नियमित रुपमा सञ्चालन हुने विद्यालय प्रतिशत	९५	९५	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
प्रतिफल १.४ : विद्यालयहरुमा प्राविधिक विषयहरुले प्राथमिकता पाएका हुने ।	प्रविधिक धार सञ्चालन भएका सामुदायिक/संस्थागत माविको संख्या	३	५	६	नगर शिक्षा शाखाको प्रतिवेदन	
	माबि तहमा प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी प्रतिशत	६	८	१०	नगर शिक्षा शाखाको प्रतिवेदन	
प्रतिफल १.५ : शिक्षकहरुको क्षमता विकास भएको हुने ।	पेशागत तालिम पाएका शिक्षक प्रतिशत	९६	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	विषयगत तालिम पाएका शिक्षकको प्रतिशत	९५	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
प्रतिफल १.६ : विपन्न तथा अन्य लक्षित वर्गका विद्यार्थीहरुको छात्रवृत्ति लगायतका सुविधाहरुमा भएको हुने ।	छात्रवृत्ति पाएका विद्यार्थी प्रतिशत	२०	२५	४०	नगर शिक्षा शाखाको प्रतिवेदन	
	छात्रवृत्तिको लागि नपाले छुट्याएको वार्षिक रकम रु	०			नगर शिक्षा शाखाको प्रतिवेदन	
	विपन्न तथा लक्षित वर्गको शिक्षाको लागि नपा छुट्याएको वार्षिक रकम रु	०			नगर शिक्षा शाखाको प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रतिफल १.७ : शिक्षण सिकाई विधिमा सुधार भएको हुने ।	आधुनिक शिक्षण उपकरण मल्टिमिडिया प्रयोग गरी शिक्षण सिकाई सञ्चालन भएका विद्यालय प्रतिशत	५२	७०	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
	वालमैत्री वातावरण र दण्ड रहित शिक्षण विधि प्रयोग भएका विद्यालय प्रतिशत	१००	१००	१००	नगर शिक्षा शाखाको प्रतिवेदन	
असर २ : गुणस्तरीय स्वास्थ्य सेवामा नगरवासीहरुको पहुँच पुगेको हुनेछ ।	लक्षित जनसंख्या मध्ये सरकारी स्वास्थ्य संस्थाहरुबाट सेवा लिने सेवाग्राहीको (प्रतिशत)	३०	५०	६०	स्वास्थ्य शाखाको प्रतिवेदन	सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा प्रति जनताको विश्वास बढेको हुने
	लक्षित जनसंख्या मध्येस्वास्थ्य संस्थामा प्रसुती गराउने गर्भवती महिलाको (प्रतिशत)	४	८	१२	स्वास्थ्य शाखाको प्रतिवेदन	
	भिटामिन ए प्राप्त गर्ने बालबालिका (प्रतिशत)	७१	८२	९०	स्वास्थ्य शाखाको प्रतिवेदन	
	परिवार नियोजनका साधनको प्रयोग दर (सिपिआर)	५३	६०	७०	स्वास्थ्य शाखाको प्रतिवेदन	
	पूर्व प्रसूति सेवा चार पटक प्राप्त गर्ने गर्भवति महिला (प्रतिशत)	२४	४०	५०	स्वास्थ्य शाखाको प्रतिवेदन	
	सबै किसिमका खोप लगाउने १६ देखि २३ महिनाका बालबालिका (प्रतिशत)	९०	९५	९५	स्वास्थ्य शाखाको प्रतिवेदन	
	महिला स्वास्थ्य स्वयम सेविका (संख्या)	१२१	१२१	१२१	स्वास्थ्य शाखाको प्रतिवेदन	
	सरकारी स्वास्थ्य सेवा संस्थाको संख्या	८	११	१३	नगर पार्श्वचित्र	स्वास्थ्य पूर्वाधारमा नपाको लगानी वृद्धि भएको हुने
	आफ्नै स्वामित्वमा जग्गा जमिन भई भवन भएका स्वास्थ्य संस्थाको संख्या	४	८	१३		
	एम्बुलेन्स सेवा उपलब्ध भएको स्वास्थ्य संस्था (संख्या)	१	५	१३		
	प्रसूति भवन भएको स्वास्थ्य केन्द्रको संख्या	२	४	६		
	न्यूनतम सेवा मापदण्ड पुरा गरेका स्वास्थ्य संस्था संख्या	०	६	१३	स्वास्थ्य पार्श्व चित्र	
	प्रत्येक नागरिकको फेमिली हेल्थ फोल्डर तयार गर्ने (प्रतिशत)	०	५	१०		
प्रतिफल २.१ : मौजुदा स्वास्थ्य संस्थाहरु तोकिएका	तोकिएको न्यूनतम मापदण्ड अनुसार सञ्चालन भएका स्वास्थ्य संस्था प्रतिशत	०			स्वास्थ्य सेवा विभागको प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
मापदण्ड अनुसार सञ्चालन भएका हुनेछन् ।	भौतिक पूर्वाधार	०	०		स्वास्थ्य सेवा विभागको प्रतिवेदन	
	मानव स्रोत	१००	१००		स्वास्थ्य सेवा विभागको प्रतिवेदन	
	Health Governance	कमजोर			स्वास्थ्य सेवा विभागको प्रतिवेदन	
	मनोपरामर्श सेवा प्रदान गर्ने स्वास्थ्य कर्मीहरुको संख्या				स्वास्थ्य शाखाको प्रतिवेदन	
प्रतिफल २.२ : राष्ट्रिय मापदण्ड अनुसारको संख्यामा स्वास्थ्य संस्थाहरु स्थापना र सञ्चालन सञ्चालन भएका हुनेछन् ।	अस्पताल	०	१		नगर पार्श्वचित्र	
	स्वास्थ्या चौकी सञ्चालन भएका वडा	८	१३		नगर पार्श्वचित्र	
	शहरी स्वास्थ्य केन्द्र	२			नगर पार्श्वचित्र	
	शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र	२			नगर पार्श्वचित्र	
	आर्युवेदिक स्वास्थ्य सेवा सञ्चालन भएका स्वास्थ्य संस्था		१	१	नगर पार्श्वचित्र	
प्रतिफल २.३ : अत्यावश्यक औषधीहरुका उपलब्धता र वितरण प्रभावकारी भएको हुनेछ ।	सून्य मौज्दात भएको अत्यावश्यक औषधीहरुको वार्षिक संख्या		०	०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	अत्यावश्यक औषधीहरु सून्य मौजदातको अवस्थामा रहेको सरदर अवधि	हुने गरेको	नहुने	नहुने	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	अत्यावश्यक औषधीहरु सून्य मौजदातको अवस्थामा पुगेको पटक		०	०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल २.४ : मानिसहरुको स्वास्थ्य सम्बन्धी व्यवहारमा परिवर्तन आएको हुनेछ ।	नियमित रुपमा स्वास्थ्य परीक्षण गर्ने ४० वर्ष माथिका मानिसहरुको प्रतिशत		४०	६०	स्वास्थ्य शाखाको प्रतिवेदन	
	उमेर समूह अनुसार नियमित शारिरीक अभ्यास गर्ने मानिसहरुको प्रतिशत		३०	५०	स्वास्थ्य शाखाको प्रतिवेदन	
असर ३ : सुरक्षित र पर्याप्त खानेपानी तथा सरसफाई सेवामा नगरवासीको पहुँच सुनिश्चित भएको हुने ।	आधार भूततह (२५ देखि ४५ लि. दैनिक) को खानेपानी उपलब्ध भएको घरधुरी प्रतिशत (WASH PLAN 2074-87)	NA	९०	१००	नपाको प्रगति प्रतिवेदन	
	मध्यमस्तर (६५ देखि १०० लि.)को पानीको उपलब्धता भएको घरधुरी प्रतिशत		१०	२५	नपाको प्रगति प्रतिवेदन	
	उच्चस्तर (१०० देखि १५० लि.)को पानीको उपलब्धता भएको घरधुरी प्रतिशत		२	५	नपाको प्रगति प्रतिवेदन	
	लैंगिकमैत्री सार्वजनिक शौचालय संख्या (NUDS)	०	५	८	नपाको प्रगति प्रतिवेदन	
	एक घर एक धारा भएको घर धुरी प्रतिशत	NA		१००	नपाको प्रगति प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रतिफल ३.१ : खानेपानी आयोजनाहरुको क्षमता वृद्धि भएको हुने ।	आयोजनाहरुको प्रति दिन पानी वितरण क्षमता लिटरमा				नपाको प्रगति प्रतिवेदन	
	थप भएका खानेपानी आयोजना संख्या				नपाको प्रगति प्रतिवेदन	
प्रतिफल ३.२ : खानेपानीको आयोजनाहरुको व्यवस्थापन पक्ष सुधार भएको हुने ।	नियमित मर्मत संभार भएका आयोजनाहरुको संख्या				नपाको प्रगति प्रतिवेदन	
	चुहावट प्रतिदिन लिटरमा				नपाको प्रगति प्रतिवेदन	
प्रतिफल ३.३ : खानेपानी तथा सरसफाई सम्बन्धी संस्थागत विकास भएको हुने ।	नगर खानेपानी तथा सरसफाई (WASH) समन्वय समिति गठन र परिचालन		भएको हुने	भएको हुने	नपाको प्रगति प्रतिवेदन	
	खानेपानी तथा सरसफाई (WASH) नीतिको तर्जुमा र कार्यान्वयनन		भएको हुने	भएको हुने	नपाको प्रगति प्रतिवेदन	
	खानेपानी तथा सरसफाई (WASH) योजना तर्जुमा र कार्यान्वयन	NA	भएको हुने	भएको हुने	नपाको प्रगति प्रतिवेदन	
प्रतिफल ३.४ : नगरवासीहरुको सरसफाई ज्ञान अभिवृद्धि भएको हुने ।	खानेपानी तथा सरसफाई समूहमा आबद्ध घरधुरी प्रतिशत	NA	७५	१००	नपाको प्रगति प्रतिवेदन	
	सरसफाई सम्बन्धी तालिम प्राप्त वार्षिक घरधुरी प्रतिशत	NA	७५	१००	नपाको प्रगति प्रतिवेदन	
असर ४ : महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक लगायत लक्षित वर्गले मर्यादित जीवनयापन गरेका हुनेछन् ।	सार्वजनिक महत्वको विषयमा लक्षित वर्गको सहभागिताको अवस्था	भएको	थप भएको	थप भएको	नपाको प्रगति प्रतिवेदन	
	मानव बेचविखन तथा ओसार पसारका घटनाको संख्या	NA	नगन्य	नगन्य	नपाको प्रगति प्रतिवेदन	
	नपामा दर्ता भएका कुल गुनासा मध्ये लक्षित वर्गको गुनासाको अनुपात	NA	नगन्य	नगन्य	नपाको प्रगति प्रतिवेदन	
प्रतिफल ४.१ : महिलाहरुको आय आर्जनको क्षमता वृद्धि भएको हुने ।	रोजगार भएका महिलाको प्रतिशत (थप)	NA	१०	२०	नपाको प्रगति प्रतिवेदन	
	आफ्नै व्यवसाय सञ्चालन गरेका महिलाको प्रतिशत (थप)	NA	१०	१५	नपाको प्रगति प्रतिवेदन	
	महिलाको स्वामित्वमा रहेको व्यवसायको प्रतिशत (थप)	NA	१०	१५	नपाको प्रगति प्रतिवेदन	
प्रतिफल ४.२ : नगरपालिकाको योजनाका सबै चरणहरुमा महिला लगायत लक्षितबर्गको सहभागिता सुनिश्चित भएको हुने ।	कुल सहभागीहरुमा महिलाको प्रतिशत	NA	२०	३३	नपाको प्रगति प्रतिवेदन	
	कुल सहभागीहरुमा अपांगता भएकाको प्रतिशत	NA	५	५	नपाको प्रगति प्रतिवेदन	
	कुल सहभागीहरुमा यौनिक अल्पसंख्यक	NA	त्यस्तो जनसंख्याको अनुपातमा	त्यस्तो जनसंख्याको अनुपातमा	नपाको प्रगति प्रतिवेदन	
	कुल सहभागीहरुमा बालबालिकाको प्रतिशत	NA	कम्तिमा एक जना	कम्तिमा एक जना केटा	नपाको प्रगति प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
			केटा एक जना केटी	एक जना केटी		
प्रतिफल ४.३ : महिलाहरुको नेतृत्व विकास भएको हुने ।	कुल जनप्रतिनिधिहरु मध्ये महिलाको प्रतिशत (कम्तिमा)	NA	३३	३३	नगर पार्श्वचित्र	
	नगरपालिकाले गठन गरेका समितिहरु, संयन्त्र आयोगमा मध्ये महिला नेतृत्वमा गठन हुनेको प्रतिशत	NA	१०	२०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	नगरपालिकाले गठन गरेका समितिहरु, संयन्त्र आयोगमा महिला सहभागिता प्रतिशत	NA	३३	३३	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	महिलाका नेतृत्वमा गठन भएका उपभोक्ता समितिहरुको प्रतिशत	NA	१०	२०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	महिलाहरुको नेतृत्वमा गठन भएका सहकारीका सञ्चालक समितिहरु (कम्तिमा)	NA	१०	२०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल ४.४ : बालबालिका तथा किशोर किशोरीहरुको शारीरिक तथा बौद्धिक विकासको लागि आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने ।	खेलकुद मैदानको व्यवस्था भएका विद्यालयहरुको प्रतिशत	NA	५०	७५	नगर शिक्षा शाखाको प्रतिवेदन	
	बालमैत्री सार्वजनिक खेलमैदान (वटा)	NA	७	१४	नगर पार्श्वचित्र	
	पार्कहरुको संख्या (थप)	NA	५	१०	नगर पार्श्वचित्र	
प्रतिफल ४.५ : बाल अधिकार प्रवर्द्धन भएको हुने ।	स्तनपान कक्षको व्यवस्था भएका सार्वजनिक स्थलहरु	०	१५	६०	नगर पार्श्वचित्र	
	बाल श्रमिक नभएको घोषणा भएका उद्योग व्यवसाय प्रतिशत	०	५०	१००	नगर पार्श्वचित्र	
	बाल श्रमिक नभएको घोषणा भएका घर परिवार प्रतिशत	०	५०	१००	नगर पार्श्वचित्र	
	बाल श्रमिक मुक्त घोषणा भएका वडाहरु	०	१४	१४	नगर पार्श्वचित्र	
	बाल उद्यान संख्या	NA	५	१४	नगर पार्श्वचित्र	
प्रतिफल ४.६ : महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरु राज्यबाट पाउने सुविधाहरुबाट लाभान्वित भएका हुनेछन् ।	पिडित महिलाहरुको लागि सुरक्षित आवास गृह	०	१	२	नगर पार्श्वचित्र	
	बालगृह	NA	५	१४	नगर पार्श्वचित्र	
	अपाँगता भएकाहरुको लागि दिवा सेवा केन्द्रको संख्या	०	२	५	नगर पार्श्वचित्र	
	ज्येष्ठ नागरिकहरुको लागि सञ्चालन भएका दिवा सेवा गृह	०	१०	१५	नगर पार्श्वचित्र	
प्रतिफल ४.७ : यौनिक तथा लैंगिक अल्संख्यकहरु राज्यले	यौनिक तथा लैंगिक अल्पसंख्यक मैत्री सार्वजनिक संरचनाहरु (वटा)	०	५	१०	नगर पार्श्वचित्र	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रदान गर्नुपर्ने सेवा सुविधा र अधिकारबाट लाभान्वित भएका हुने ।	यौनिक तथा लैंगिक अल्पसंख्यक लक्षित बजेट प्रतिशत	NA	२	३	नगर पार्श्वचित्र	
प्रतिफल ४.८ : लैंगिक हिँसा न्यूनीकरण भएको हुने ।	लैगिक हिँसा विरुद्ध उजुरीबाट लाभान्वित वार्षिक संख्या				नगर पार्श्वचित्र	
प्रतिफल ४.९ : महिलाहरुको सशक्तीकरण भएको हुने ।	महिला सञ्जाल संख्या	NA	१	१	नगर पार्श्वचित्र	
	महिलासँग सम्बन्धित कोषहरुको संख्या	NA			नगर पार्श्वचित्र	
	महिला सञ्जालमा आवद्ध महिलाको प्रतिशत (थप)	NA	१०	२०	नगर पार्श्वचित्र	
	सहकारीहरुमा आवद्ध महिलाहरुको संख्या				नगर पार्श्वचित्र	
प्रतिफल ४.१० : महिला बालबालिका तथा लैंगिक क्षेत्रको संस्थागत विकास भएको हुने ।	महिला तथा बालबालिका सँग सम्बन्धित कोषको स्थापना तथा परिचालन	०	१	१	महिला, बालबालिका तथा समाजकल्याण शाखाको प्रतिवेदन	
	नगर स्तरीय स्थानीय बाल अधिकार समिति	NA	१	१	महिला, बालबालिका तथा समाजकल्याण शाखाको प्रतिवेदन	
	वडा स्तरीय स्थानीय बाल अधिकार समिति	NA	१४	१४	महिला, बालबालिका तथा समाजकल्याण शाखाको प्रतिवेदन	
	लैंगिक हिँसा निवारण संयन्त्र	NA	१			
	महिला बालबालिका संम्बन्धी कार्यविधि निर्माण	NA	१	१		
प्रतिफल ४.१२ : अपांगता भएका व्यक्तिहरुको क्षमता विकास भएको हुने ।	तालिम प्राप्त अपांगता भएका व्यक्तिहरुको प्रतिशत (थप)	NA	१०	२०	महिला, बालबालिका तथा समाजकल्याण शाखाको प्रतिवेदन	
	रोजगारीमा संलग्न अपांगता भएका व्यक्तिहरु	NA	५०	१००		
	विभिन्न संघसंस्थाहरुमा आवद्ध हुने अपांगता भएका व्यक्तिहरुको संख्या	NA	५०	१००		
असर ५ : नगरको दीर्घकालीन सोचको प्राप्तीमा योगदान पुऱ्याउने सक्ने जनशक्तिको रुपमा विकास भएको र नगरमा खेलकुदको विकास भएको हुनेछ	युवाहरुको नेतृत्वमा रहेको सामाजिक संघसंस्थाको प्रतिशत	NA	२५	५०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	युवा व्यवसायीहरुबाट सञ्चालन भएका व्यवसायको संख्या	NA	२५	५०		
	युवाहरुको नेतृत्व रहेका उपभोक्ता समितिहरुको प्रतिशत	NA	४०	५०		

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रतिफल ५.१ : युवाहरुमा उद्यम शीलता विकास भएको हुनेछ ।	उद्यमशीलता तालिम प्राप्त युवाहरुको वार्षिक संख्या	NA	६०	९०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	उद्यमशीलता तालिम पछि उद्यममा लागेका युवाहरुको वार्षिक संख्या	NA	३०	४५		
प्रतिफल ५.२ : युवाहरुमा नेतृत्व विकास भएको हुनेछ ।	नेतृत्व विकास तालिम पाएका युवाको वार्षिक संख्या	NA	३०	६०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	युवाको नेतृत्वमा गठन भएका विभिन्न समिति आयोग आदिको प्रतिशत	NA	२०	४०		
प्रतिफल ५.३ : युवाहरु सिप युक्त र दक्ष जनशक्ति रुपमा विकास भएको हुने ।	प्राविधिक सिपयुक्त युवाहरुको प्रतिशत	NA	१०	२०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	सिपयुक्त पेशामा संलग्न युवाहरुको थप प्रतिशत	NA	५	१५		
प्रतिफल ५.४ : युवाहरु सामाजिका तथा परापकारी कार्यमा संलग्न भएका हुनेछन् ।	युवाहरुद्वारा संचालित सामाजिक संस्थाहरुको संख्या	NA	१४	१४	नगर पार्श्वचित्र	
	सामाजिक संस्थामा आबद्ध युवाहरुको प्रतिशत	NA	५	१०		
प्रतिफल ५.५ : युवाहरु शारीरिक तथा मानसिक हिसाबले स्वस्थ भएका हुनेछन् ।	कुलतामा फसेका युवाहरुको प्रतिशत	NA	नगन्य	नगन्य	नगर स्वास्थ्य शाखाको प्रतिवेदन	
	दीर्घरोगबाट प्रभावित युवाहरुको प्रतिशत	NA	नगन्य	नगन्य	नगर स्वास्थ्य शाखाको प्रतिवेदन	
प्रतिफल ५.५ : नगरमा खेलकुद गतिविधिमा वृद्धि भएको हुनेछ ।	राष्ट्रिय खेलाडीहरुको संख्या	NA	५	१०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	आयोजना भएको नगरस्तरीय खेलकुद प्रतियोगिताको वार्षिक संख्या	NA	२	२	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	नियमित खेलकुद प्रतियोगिता आयोजना गर्ने विद्यालय प्रतिशत	NA	१००	१००	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	नगरपालिकाले आयोजना गरेको राष्ट्रिय वा प्रदेश स्तरीय खेलकुद प्रतियोगिता संख्या	NA	१	२	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	कुल बजेटमा खेलकुद बजेट प्रतिशत	NA	२	३	नपाको वार्षिक वजेट तथा कार्यक्रम पुस्तिका	
प्रतिफल ५.६ : खेलकुदको लागि भौतिक संरचनाहरुको सुधार र निर्माण भएको हुनेछ ।	रंगशाला संख्या	NA			नगर पार्श्वचित्र	
	खेलकुद मैदान संख्या	NA			नगर पार्श्वचित्र	
	कभर्डहलहरुको संख्या	NA			नगर पार्श्वचित्र	
प्रतिफल ५.७ : खेलकुदको लागि	नगरस्तरीय खेलकुद विकास समिति वा परिषद	NA	१	१	नपाको वार्षिक प्रगति प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था (सन् २०१९)	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईको आधारहरु	जोखिम तथा पूर्वानुमान
आवश्यक संस्थागत संरचजना, जनशक्ति तथा सामाग्रीहरुको व्यवस्था भएको हुने	वडास्तरीय खेलकुद विकास समिति वा परिषद	NA	१४	१४	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	खेलकुद प्रशिक्षकहरुको संख्या	NA	१०	२०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	खेलकुद सामाग्रीको लागि नपाबाट व्यवस्था भएको वार्षिक बजेट रु (लाखमा)	NA	१०	१५	नपाको वार्षिक प्रगति प्रतिवेदन	
असर ६ : नगरभित्र परम्परागत धर्म, संस्कृति तथा रितिरिवाजहरुको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ ।	संस्कृति परम्पराको संरक्षणमा सक्रिय समुदायहरुको संख्या	NA	२८	४२	नगर पार्श्वचित्र	
	संस्थागत रुपमा आयोजना गरिएका धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरुको वार्षिक संख्या	NA	४	६	नगर पार्श्वचित्र	
	संस्कृति तथा परम्पराको संरक्षण सम्वर्द्धनमा क्रियाशील संघसंस्थाहरुको प्रतिशत	NA	७	१४	नगर पार्श्वचित्र	
प्रतिफल ६.१ : धर्म संस्कृति परम्परासम्बन्धी सामुदायिक संस्थाहरुको क्षमता विकास भएको हुनेछ	आफ्नो वार्षिक लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गरेका संघसंस्थाहरुको प्रतिशत	NA	५०	७५	नगर पार्श्वचित्र	
	आफ्नो उद्देश्य अनुसारको गतिविधि सञ्चालन गर्न आर्थिकरुपले सक्षम संघसंस्थाहरुको प्रतिशत	NA	५०	७५	नगर पार्श्वचित्र	
प्रतिफल ६.२ : धर्म संस्कृति सम्बन्धी कृयाकलापहरुले निरन्तरता पाएका हुने छन्	नियमित रुपमा सञ्चालन भएका स्थानीय जात्रा तथा पर्वहरुको प्रतिशत	NA	७५	१००	नगर पार्श्वचित्र	
प्रतिफल ६.३: सबै धर्म र संस्कृतिको संरक्षण भएको हुनेछ	नगरभित्र रहेका धर्मावलम्बीको क्रियाकलापमा सहजता हुनेछ । चिहान स्थानको (हिन्दु र बौद्ध) ।	हिन्दुको ८ वटा बुद्धिष्टको ३ वटा	भएकाको व्यस्थित भएको हुने	सबै समुदायका लागि कम्तिमा एक एक वटा हुने	नगर पार्श्वचित्र	

स्रोत : नगरपालिकास्तरीय कार्यशाला, २०७६

६.५ रणनीति तथा कार्यनीति

सामाजिक विकासको लागि निम्न अनुसारको रणनीति र कार्यनीति तय गरिएको छ ।

तालिका ६.४ : सामाजिक विकास सम्बन्धी रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
प्रारम्भिक बालविकास कार्यक्रमलाई शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै	• कम्तीमा पनि एक वडा एक बालविकास केन्द्र स्थापना र सञ्चालन गर्ने • प्रारम्भिक बालविकास तथा शिक्षकको न्यूनतम शैक्षिक योग्यता र तालिमको पुनरावलोकन गरी योग्य शिक्षकबाट सेवा प्रवाह गरिने ।

रणनीति	कार्यनीति
बालबालिकामा सहज पहुँच पुऱ्याउने	• प्रारम्भिक वालविकासका लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड अनुसार सिकाई सामग्री, खेल सामाग्री, अडियो भिडियोका सामाग्रीहरु सहितको आकर्षक र बालमैत्री कक्षा कोठाको व्यबस्थापन गर्ने
शिक्षाको मापदण्ड अनुसार आधारभूत शिक्षाको अनिवार्य र निशुल्क पहुँच पुऱ्याउने ।	• विद्यालय वाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गर्नका लागि सबै वडाका जनप्रतिधिहरु, स्थानीय समाजसेवी, बुद्धिजिवीहरु, गैर सरकारी निकायहरु, युवा क्लब, नागरिक अगुवा, खेलाडीहरुको परिचालन गर्ने । • सबैका लागि अनिवार्य तथा आधारभूत निःशुल्क शिक्षाका लागि जोखिममा परेका, अल्पसंख्यक, लोपोन्मुख, अपाङ्ग तथा सिमान्तकृत समुदायका वालवालिकाहरुको उचित शैक्षिक अवसरहरु प्रदान गर्ने । • बिचैमा विद्यालय छाड्ने समस्यालाई समाधान गर्न, विद्यालमा टिकाई राख्नका लागि आधारभूत शिक्षाका विद्यार्थीहरुका लागि दिवा खाजा, छात्रबृत्ति र पुरस्कारको व्यबस्था, अपाङ्गमैत्री वातावरण सृजना गर्ने । • विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि नमूनाको रुपमा कम्तिमा एउटा आबासीय सुविधा सहितको विद्यालय सञ्चालन गर्ने । • शैक्षिक सुधारका लागि नगरपालिकाभित्र रहेका सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, आधुनिक प्रविधिको सुविधाहरु उपलब्ध गराउने । • सबै विद्यालयमा छात्रा र छात्रहरुका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गर्ने । • जनसंख्या तथा भौगोलिक अवस्थाको आधारमा विद्यालयको स्थान र संख्या निर्धारण गरी सञ्चालन गर्ने ।
विद्यालयमा शिक्षाको गुणस्तरको न्यूनतम मापदण्ड निर्धारण गरी त्यसै अनुसारको अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउने ।	• विद्यालयमा पढ्ने वातावरण सूजना गर्नका लागि आवश्यक प्रयोगशाला, पुस्तकालय तथा सिकाई कुनाको व्यवस्थापन गर्ने । • शिक्षण सिकाईलाई प्रभावकारी बनाउन उपयुक्त कक्षा कोठाको व्यवस्थापन, उपयुक्त शैक्षिक सामाग्री, सन्दर्भ सामाग्री, श्रोत सामाग्री, प्रयोगात्मक सामाग्री, अडियो तथा भिडियो को व्यवस्थापन गर्ने । • शिक्षकको आवधिक रुपमा योग्यता परीक्षणका साथै क्षमता विकासका लागि सेवा प्रवेश, पुनर्ताजगी र विशेष तालिम तथा कार्यक्रमहरुको आयोजना गर्ने ।
निजी विद्यालयहरुलाई सेवामूलकको बनाउँदै लैजाने	• नीजि विद्यालयहरुले प्रदान गर्दै आएको छात्रवृत्तिलाई बढी पारदर्शी बनाइ लक्षित वर्गका विद्यार्थीमध्ये योग्यताको आधारमा दिने व्यवस्था मिलाउने । • नीजि विद्यालयलाई गुठी विद्यालयमा रुपान्तरणका लागि प्रोत्साहित गर्ने
स्वास्थ्य सेवामा सबैको समान पहुँच	• माग पक्ष तथा आपूर्ति पक्ष दुबैलाई सक्षम बनाउने कार्यक्रमहरु संचालन गर्ने • माग पक्षको सम्बन्धमा यहाँका स्वास्थ्य संस्थाहरुबाट प्रदान हुने सेवाहरुको बारेमा जानकारी गराउने र आपूर्ति पक्षको हकमा यहाँको आवश्यकता अनुसारको स्वास्थ्य सेवा परिमाणात्मक तथा गुणात्मक हिसाबले सुनिश्चित गर्ने • स्थानीय नागरिक समाजहरुको परिचालन गर्ने • स्वास्थ्य बिमा अनिवार्य रुपमा लागु गर्ने, • आधारभूत स्वास्थ्य सरल र सुलभ बनाउने योजना कार्यान्वयन गर्ने ।
स्वास्थ्य प्रणालीको सुधार गर्ने	• भौतिक पूर्वाधारमा सुधार गर्ने अर्थात यहाँका स्वास्थ्य संस्थाहरुमा निम्नतम् राष्ट्रिय मापदण्ड कायम गर्ने, • स्वास्थ्य सम्बन्धी योजना निर्माण र कार्यान्वयनमाम सम्बन्धित शाखालाई अधिकार विकेन्द्रीकरण गरी जिम्मेवार र उत्तरदायी बनाउने, • स्वास्थ्य पूर्वाधार, सेवा कार्य र सो सम्बन्धी अभिलेख व्यवस्थित गर्ने ।
स्वास्थ्यलाई बहुक्षेत्रीय अवधारणाको रुपमा कार्यान्वयन गर्ने	• स्वास्थ्य सम्बन्धी जानकारीहरु महिलाहरुको विचमा व्यापक रुपमा पुऱ्याउने • भौतिक पूर्वाधारको विकासमा जोड दिने • स्वास्थ्यलाई प्रतक्ष्य प्रभाव पार्ने खानेपानी, सरसफाई तथा वातावरणीय पक्षलाई ध्यानमा राखी कार्यक्रमहरु निर्माण र कार्यान्वयन गर्ने

रणनीति	कार्यनीति
	• स्वास्थ्य सम्बन्धी जानकारीलाई स्थानीय पाठ्यक्रमा समावेश गर्ने
आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित समुदायमा उनीहरुकै सहभागितामा खानेपानी तथा सरसफाई सेवा पुऱ्याउने	• आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित घरपरिवारको पहिचान र नक्साङ्कन गर्ने, • खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा त्यस्ता घरपरिवारलाई सेवा पुऱ्याउने खालका कार्यक्रमहरुलाई पहिलो प्राथमिकतामा राखी सञ्चालन गर्ने, • एक घर एक धाराको अवधारणा कार्यान्वयन हुनेगरी खानेपानी आयोजनाहरु निर्माण गर्ने ।
सुधारिएको खानेपानी सेवा विस्तारका लागि मागमा आधारित भई सहलगानी, लागत साझेदारीको आधारमा कार्यक्रम सञ्चालन गरिनेछ	• माग र क्रयशक्तिको आधारमा लागत उठ्तीको सिद्धान्त अनुरुप खानेपानी सुधारका आयोजना तथा फोहोर पानीको व्यवस्थापन सम्बन्धी आयोजना सञ्चालन गर्ने, • लाभान्वित समुदायसँगको पूँजीगत लागत सहभागिताका आधारमा सेवा विस्तार र सुधार गर्ने आयोजना सञ्चालन गरिनेछ, • खानेपानी आपूर्ति गर्दै आइरहेका सेवा प्रदायकहरुको उत्पादन, वितरण तथा गुणस्तरको सुनिश्चितता गर्ने ।
खानेपानी तथा सरसफाईसँग सम्बन्धित निकाय वा संस्थाहरुको क्षमता विकास गर्ने	• खानेपानी तथा सरसफाई सेवासँग सम्बन्धित आवश्यक नीति, नियम, मापदण्ड, निर्देशिका तर्जुमा गर्ने तथा समयानुकूल परिमार्जन गर्ने, • नगरको खानेपानी व्यवस्थापन गर्न खानेपानी व्यवस्थापन तथा सञ्चालन बोर्ड स्थापना गरी खानेपानी तथा सरसफाईको जिम्मेवार निकायको रुपमा सञ्चालन गरिनेछ, • उपभोक्ता समितिहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ, • खानेपानीको दिगो विकास योजना बनाई कार्यान्वयन गरिनेछ ।
युवाका लागि नगरपालिका तहमा प्राविधिक सीप तथा व्यवसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्ने ।	• नगरपालिका क्षेत्र भित्र आबश्यक पूर्वाधार सहित मध्यमस्तरको जनशक्ति उत्पादन गर्ने खालको कम्तिमा एउटा प्राविधिक तथा ब्यावसायिक सीप विकास केन्द्र स्थापना गर्ने । • रोजगारीको खोजीमा रहेका गृहिणीहरुका लागि समेत प्राविधिक एवम व्यवसायिक सीप सिकाइने । • १० कक्षा र १२ कक्षा उत्तिर्ण गरी अध्ययनलाई निरन्तरता दिन नसक्ने विद्यार्थी लक्षित प्राविधिक तथा व्यवसायिक सीपमा प्राथमिकता दिने • उच्च शिक्षा, विषेशज्ञ तहको शिक्षाका लागि प्रोत्साहित गर्ने । • उच्च शिक्षा तथा विषेशज्ञ तहको पठनपाठनका लागि पूर्वाधार उपलब्ध हुने नीजि तथा सार्वजनिक प्रतिष्ठानहरुलाई स्तरउन्नती तथा नवस्थापनको व्यवस्था मिलाउने । • विद्यालय गाभ्ने कार्यक्रमललाई अगाडि बढाउने । • खेलमैदानका लागि नजिक भएसम्मको सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्ने व्यवस्था मिलाउने । • बालविकास केन्द्रमा पठनपाठन गर्ने उमेर समुहका विद्यार्थीलाई वडा भित्रनै भर्नामा प्राथमिकता दिने र आफ्नो वसोवास गरेको वडाको वाल विकास केन्द्र तुलनात्मक रुपमा टाढा भए नजिकको वडाको बालविकास केन्द्रमा जानसक्ने व्यवस्था मिलाउने । • आर्थिक सामाजिक बञ्चितिकरणमा परेका, अपाङ्गता तथा औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट बञ्चित भएकाहरुका लागि प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसर सुनिश्चित गर्ने । • प्राविधिक तथा व्याबसायिक शिक्षा र सीप प्राप्त जनशक्तिलाई उनीहरुले हासिल गरेका सीप र दक्षता सहितको प्रमाणपत्र उपलब्ध गराउन ब्यबस्था गर्ने । • रोजगारीको खोजीमा रहेका गृहिणीहरुका लागि समेत प्राविधिक एंवम् व्यवसायिक सीप सिकाईने ।
दक्ष जनशक्ति उत्पादन गर्न, स्वरोजगार प्रर्वद्धन गर्न, नवीनतम खोज र	• नगरपालिका क्षेत्रभित्रका स्नातक र स्नातकोत्तरका विद्यार्थीहरुलाई कार्यस्थलमा व्यवहारिक अभ्यासका लागि स्वयंसेवकका रुपमा परिचालन गर्ने ।

रणनीति	कार्यनीति
अनुसन्धान, नतिजामा आधारित लगानीको विकास गर्ने ।	• १२ को परीक्षा दिई बसेका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि शैक्षिक प्रमाणपत्रहरु धितो राखी सहुलियतपूर्ण ऋण लगानीको व्यवस्था मिलाउने । • १२ को परीक्षा दिई बसेका विद्यार्थीहरुलाई एक हप्ते तालिम (अभिमुखीकरण) प्रदान गरि निरक्षरता उन्मुलन, पर्यटकीय आतिथ्यता, खाद्य र तरकारीका प्रयोग भएको विषादी प्रभाव, सरसरफाई, परिवार नियोजन जस्ता विषयमा जनचेतना अभियान सञ्चालन गर्ने ।
महिलालाई सकारात्मक विभेदमार्फत् आर्थिक सामाजिक विकासका सबै क्षेत्रमा अगाडि ल्याउने	• ऋण तथा अनुदानमा महिलाको पहुँच बढाउन आवश्यक अनुशिक्षण दिने • सहकारी संस्थाहरुमा महिलाहरुको अर्थपूर्ण सहभागिताको लागि सहजीकरण गर्ने • निरक्षरता उन्मुलन लगायतका आधारभूत जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने • महिला हिँसा बिरुद्धको सचेतनामूलक कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने • मागमा आधारित र युवा लक्षित स्वरोजगारमूलक तथा रोजगारीका अवसरहरु सिर्जनाका लागि सीप, पूँजी र उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
जनजाती, दलित एवं सीमान्तकृत वर्गको सबै सामाजिक, आर्थिक क्रियाकलापमा संलग्नता र प्रतिनिधित्व बढाउँदै लैजाने ।	• छुवाछुत उन्मूलन गर्ने अभियानमा दलित, गैरदलित सबैलाई समावेश गरी कार्यक्रम सञ्चालन गर्ने • जेष्ठ नागरिकहरु, असहाय तथा अपाङ्गको तथ्याङ्क संकलन गरी अद्यावधिक गर्ने । • जेष्ठ नागरिक (वृद्धवृद्धा) को संरक्षण तथा अभिनन्दन कार्यक्रम सञ्चालन गर्ने • अपाङ्गता भएका व्यक्तिहरुका लागि विभिन्न सीपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने • नगरपालिका भित्र रहेका सम्पूर्ण जनजातिहरुको सामाजिक तथा आर्थिक अवस्थाको तथ्याङ्क संकलन गर्ने र प्रत्येक वर्ष अद्यावधिक गर्ने ।
परम्परागत धर्म, संस्कृति, लिपी आदिको विकासमा जोड दिने ।	• ऐतिहासिक एवं पुरातात्विक स्थलको संरक्षण गर्ने । • प्रमुख जनजातिहरुको भाषा, लिपि र संस्कृतिको खोज, अनुसन्धान र प्रकाशन गरी सुधार गर्ने • आतिथ्यता सम्बन्धी र पर्यटनसम्बन्धी प्रारम्भिक जानकारी दिन माध्यमिक तहका विद्यार्थीहरुलाई सामान्य पाठ्य सामाग्री अध्यापन गराउने ।

स्रोत : नगरपालिकास्तरीय कार्यशाला, २०७६

६.६ प्रमुख कार्यक्रमहरू

सामाजिक क्षेत्र अन्तरगत शिक्षा उपक्षेत्रका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्नको लागि निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ। साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ।

तालिका ६.५ : शिक्षा उपक्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
क.	**भौतिक पूर्वाधार सुधार कार्यक्रम**													
१	कक्षा कोठा निर्माण	वटा	५०	१०	१०	१०	१०	१०	१००००	११०००	१२१००	१३३१०	१४६४१	**६१०५१**
२	विज्ञान प्रयोगशाला स्थापना तथा सुधार	वटा	१४	४	४	२	२	२	६०००	६६००	३०००	३३००	३६३०	**२२५३०**
३	कम्प्युटर प्रयोगशाला स्थापना र सुधार	वटा	१४	५	५	२	२	०	५०००	५०००	२०००	२०००	०	**१४०००**
४	विद्यालय खेलमैदान	वटा	५	१	१	१	१	१	२५०	२७५	३०३	३३३	३६६	**१५२६**
५	विद्यालयको घेराबार निर्माण	वटा	१९	५	५	५	४	०	२५००	२५००	२५००	२०००	०	**९५००**
६	शौचालय निर्माण तथा मर्मत	वटा	२५	५	५	५	५	५	५०००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
७	विद्यालयमा पानीको व्यवस्था	वटा	९५	१९	१९	१९	१९	१९	१९००	२०९०	२२९९	२५२९	२७८२	**११६००**
८	विद्यालयमा इन्टरनेट जडान र संचालन	वटा	९५	१९	१९	१९	१९	१९	१९००	२०९०	२२९९	२५२९	२७८२	**११६००**
९	विद्यालयको लागि सूचना प्रविधि प्राविधिक	जना	५	१	१	१	१	१	३०	३३	३६	४०	४४	**१८३**
१०	फर्निचरको व्यवस्था	सेट	२०००	४००	४००	४००	४००	४००	२४००	२६४०	२९०४	३१९४	३५१४	**१४६५२**
	जम्मा								**३४९८०**	**३७७२८**	**३३४९१**	**३५८९०**	**३५०७९**	**१७७१६८**
ख.	**शिक्षक तथा अन्य जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम**													
१	थप शिक्षक व्यवस्था	जना	१००	२०	२०	२०	२०	२०	७६००	८३६०	९१९६	१०११६	१११२७	**४६३९९**
२	शिक्षकलाई तालिम	जना	२००	४०	४०	४०	४०	४०	५००	५५०	६०५	६६६	७३२	**३०५३**
३	प्र.अ.तालिम (संस्थागत समेत)	वार्षिक जना	४२०	८४	८४	८४	८४	८४	१००	११०	१२१	१३३	१४६	**६११**
४	खेल प्रशिक्षक व्यवस्था	जना	५	१	१	१	१	१	३९०	४२९	४७२	५१९	५७१	**२३८१**
५	संगित, नृत्य तथा चित्रकला शिक्षक व्यवस्था	जना	१५	३	३	३	३	३	११७०	१२८७	१४१६	१५५७	१७१३	**७१४३**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
६	प्राविधिक धारको विद्यालय सञ्चालनका लागि थप शिक्षकको व्यवस्था	जना	२४	२	४	६	६	६	१०४०	११४४	१२५८	१३८४	१५२३	**६३४९**
७	स्रोत व्यक्ति भर्ना तथा स्रोत सामाग्री व्यवस्थापन	जना	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
८	बाल शिक्षक तालिम	जना	१००	२०	२०	२०	२०	२०	५००	५५०	६०५	६६६	७३२	**३०५३**
	जम्मा								**११४००**	**१२५४०**	**१३७९४**	**१५१७३**	**१६६९१**	**६९५९८**
ग.	**विद्यालयको व्यवस्थापन सुधार कार्यक्रम**													
१	वि व्य स र पिटिएका पदाधिकारीको क्षमता विकास तालिम	वार्षिक जना	३००	६०	६०	६०	६०	६०	**५००**	५५०	६०५	६६६	७३२	**३०५३**
२	विद्यालय सुधार योजना (SIP) निर्माणका लागि विद्यालयलाई अनुदान तथा वार्षिक कार्यशाला	वटा (वार्षिक)	५	१	१	१	१	१	**३५०**	३८५	४२४	४६६	५१२	**२१३७**
३	दिवा छात्रावास संचालन	वटा	५०	१०	१०	१०	१०	१०	**२०००**	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
• शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्जको दक्षिणी जलाधार क्षेत्रभित्र रहेको हुँदा यसअन्तर्गतको क्षेत्रमा प्राकृतिक वनस्पतिको संरक्षण भई भूसंरक्षण भएको • विष्णुमती खोला (विष्णु पादुका) , वागमती, धोवी खोला, ठूलो खोला, च्यानेखोला, लुँडी खोला, महादेव खोला, तथा भ्याम्ले खोला यहाँका मुख्य खोलाहरु रहेका । • देशको राजधानी शहर काठमाडौंसँग नजिकको दुरीमा रहेको हुँदा पर्यापर्यटनको प्रवर्द्धन गरी स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जवाफदेही बनाउन सकिने	• राष्ट्रिय निकुञ्ज बाहिरको क्षेत्रमा जनसंख्या तथा वस्ती विकासको चापका कारण प्राकृतिक जलाधारमा नकारात्मक असर पुगेको • नगरपालिकामा जलाधार व्यवस्थापन योजनाको अभाव रहेको । • भूमि तथा जलाधार क्षेत्रको वैज्ञानिक तथा दीगो संरक्षणको स्पष्ट खाकाको कमी । • भूसंरक्षणका लागि आवश्यक बजेटको कमी ।
जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन	
सबल पक्ष तथा अवसर	**कमजोरी तथा बाधा**
• वातावरण तथा विपद् व्यवस्थापनबारे सचेत नागरिकहरुको उपस्थिति • नजिकमा ठूलो बजार रहेको हुँदा रोजगारीका वैकल्पिक अवसरहरुको उपलब्धता • विभिन्न गैरसरकारी संघ संघ संस्थाको उपस्थिति तथा कार्यक्रम बजेट • तालिम लगायत स्थानीय समुदायको क्षमता अभिवृद्धिका लागि अन्य कार्यक्रमहरू सञ्चालन • नगरपालिकामा विपद् व्यवस्थापन कोषको व्यवस्था • नगरपालिकाका विभिन्न स्थलमा आपत्कालीन उद्दार सामग्रीहरुको भण्डारण • आपत्कालमा खाद्य तथा गैरखाद्य सामग्रीहरुका लागि नजिकमा ठूलो बजारको उपलब्धता • विपद् व्यवस्थापनका लागि परम्परागत ज्ञान, सीप रहेको • आपत्कालीन प्रतिकार्यको लागि सामुहिक आश्रयस्थल निर्माण गर्न पर्याप्त खाली जमिन रहेको • वि.सं. २०७२ को भूकम्पपछि भूकम्प प्रतिरोधी घरहरुको निर्माण भएको हुँदा भूकम्पीय जोखिमका दृष्टिकोणले सोभन्दा अगाडिको तुलनामा सुरक्षित रहेको	• धुलो, धुवाँलगायतका कारणले वायु प्रदूषण बढ्दो अवस्थामा रहेको • बढ्दो वायु, जमिन तथा जल प्रदूषण नियन्त्रण व्यवस्थापन गर्ने स्पष्ट, व्यवहारिक, प्रभावकारी खाकाको कमी • खोलामा ढल हाल्ने प्रवृत्ति • ठूला स्तरका विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु • भूकम्प, महामारी, हावाहुरी,भूक्षय, बाढी, खडेरीलगायत अन्य विभिन्न किसिमका प्रकोपहरू दोहोरिरहने गरेको • प्रमुख वस्तीहरूमा सुविधासम्पन्न आश्रयस्थलहरू रहेका छैनन् । • जलवायु परिवर्तनजन्य जोखिम उच्च भए पनि विपद् प्रतिरोधी कृषि बालीहरूको विस्तार हुन नसकेको

स्रोत : नगरस्तरीय छलफल, २०७७

८.३ समस्या विश्लेषण

वन, वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा रहेका समस्याहरुको विश्लेषण तल तालिकामा गरिएको छ ।

तालिका ८.२ : वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी समस्या विश्लेषण

समस्या	कारण	कारणको कारण	समाधानको उपायहरु
अव्यवस्थित शहरीकरण	योजनाबद्ध शहरीकरण नहुनु	• आवश्यक नीति तथा नियमको अभाव र भएका नीति नियमको कार्यान्वयनको अभाव • सुकुम्वासी समस्याले सार्वजनिक जमिन र खोला तथा सडक (Right of Way) मा अतिक्रमण हुनु । • साविकका जग्गावालाबाट खोला तथा सडक (Right of Way) मा भएको अतिक्रमण	• योजनाबद्ध रुपमा शहरीकरणमा जोड् • अव्यवस्थित वसोवास तथा सुकुम्वासीको व्यवस्थापन • अतिक्रमण नियन्त्रण सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने • विपद् निम्तने खालका संरचनाहरुको निर्माण पूर्ण नियन्त्रण
फोहोरको मात्रा बढ्दै जानु	Reuse, recycle and reduce को अभ्यास नहुनु	• यस सम्बन्धी ज्ञानको अभाव, • त्यसको महत्वको बारेमा जानकारी कम हुनु, • व्यवहार परिवर्तनको लागि आवश्यक तालिमको अभाव	• जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने • घरधनीहरुलाई आर्थिक लाभ हुने कार्यक्रम सञ्चालन गर्ने • आवश्यक प्रशोधन केन्द्रहरुको स्थापना गर्ने • फोहरमैलाको वर्गीकरण गर्ने केन्द्र स्थापना गर्ने • रिसाईकल केन्द्रको स्थापना
वायुमण्डल प्रदुषित हुनु	कमजोर अवस्थाका सडकहरु	• तोकिएको समयमा सडक निर्माण सम्पन्न नहुनु	• ठेकेदारलाई तोकिएको समयमा प्रोत्साहन व्यवस्था प्रभावकारी रुपमा कार्यान्व्यन गर्नु पर्ने
	पुराना सवारी साधनहरुबाट अत्याधिक प्रदुषण निस्कनु	• भएका नीति नियमको कमजोर कार्यान्वयन	• कानूनको प्रभावकारी कार्यान्वयन गर्ने
	निर्माण सामाग्री अव्यवस्थित रुपमा राखिनु	• भएका नीति नियमको कमजोर कार्यान्वयन	• कानूनको प्रभावकारी कार्यान्वयन गर्ने

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

८.४ नतिजा खाका

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको नतिजा खाका *तालिका ८.३* मा प्रस्तुत गरिएको छ ।

तालिका ८.३ : वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी क्षेत्रगत नतिजा खाका

नतिजा श्रृङ्खला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईंका आधार	जोखिम तथा पूर्वानुमान
प्रभाव (लक्ष्य) : वन, भूमि, जलाधार तथा जैविक विविधताबाट दिगो पर्यावरणीय तथा आर्थिक लाभ प्राप्त हुनुका साथै विपद् उत्थानशीलतामा वृद्धि भएको हुने ।	वनको क्षेत्रफल (वर्ग.कि.मी.)	१५.२८	१५.२८	१५.२८	नगर पार्श्वचित्र	
	संरक्षित भूक्षय संवेदनशील क्षेत्रफल (हे.)				नगर पार्श्वचित्र	
	विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति संख्या	नगन्य	०	०	नगर पार्श्वचित्र	

नतिजा श्रृङ्खला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याइँका आधार	जोखिम तथा पूर्वानुमान
असर (उद्देश्य) १: वनको हैसियत तथा शहरी क्षेत्रको हरियालीमा वृद्धि र वातावरणीय स्वच्छतामा दीगो सुधार भएको हुने	काष्ठ तथा गैर काष्ठ वनपैदावरबाट प्राप्त आय वार्षिक	NA	५०	७५		
	नगर क्षेत्रमा दैनिक सञ्चालन हुने यातायातमध्ये स्वच्छ/विद्युतीय ऊर्जामा आधारित यातायातका साधनको प्रतिशत	NA	५०	७५	यातायात सेवा सम्बन्धी सर्वेक्षण	
	अव्यवस्थित प्लाष्टिक लगायतका अन्य फोहोररहित टोल बस्तीको प्रतिशत	NA	५०	७५	नगर पार्श्वचित्र	
प्रतिफल १.१: सडक किनार, घरजग्गा तथा सार्वजनिक खाली जमिनमा हरियाली वृद्धि हुनुका साथै वन क्षेत्रको संरक्षण भएको हुने	कुल सडकमध्ये वृक्षारोपण गरिएका/हरियाली भएका कुल सडक लम्बाइ प्रतिशत	NA	१०	२०	नगर पार्श्वचित्र	
	वस्ती रहेको क्षेत्रमध्ये हरियालीयुक्त क्षेत्रको प्रतिशत	NA	४०	५०	नगर पार्श्वचित्र	
	वृक्षारोपण गरिएका सार्वजनिक खाली जमिनको प्रतिशत	NA	४०	६०	नगर पार्श्वचित्र	
प्रतिफल १.२: नदी तथा पोखरीहरुको संरक्षण, प्रवर्द्धन, सफाइ तथा पुनर्स्थापना भएको हुने ।	संरक्षित नदी, पोखरीको प्रतिशत	NA	३०	५०	नगर पार्श्वचित्र	
	फोहोर वर्गीकरणको दैनिक अभ्यास गर्ने घरधुरी प्रतिशत	NA	५०	७५	नगर पार्श्वचित्र	
	स्वच्छ अवस्थामा रहेका नदी वा पोखरीको प्रतिशत	NA	३०	५०	नगर पार्श्वचित्र	
असर २: भूमि तथा जलाधार क्षेत्रको गुणस्तरमा सुधार भएको हुने	पुनर्स्थापित क्षतिग्रस्त भूमिको क्षेत्रफल					
	संरक्षित पानी मुहानको थप संख्या	NA	५	१०	नगर पार्श्वचित्र	
प्रतिफल २.१: भूमि तथा जलाधार क्षेत्रको एकीकृत व्यवस्थापन भएको हुने	संरक्षित पहिरो/गल्छी/भूक्षयग्रस्त क्षेत्रको संख्या	NA	२०	५०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	भू-संरक्षण गरिएको खेतबारीको स्थानहरु	NA	३०	७५		
असर ३: जलवायु विषमता तथा विपद्जन्य घटनाहरुबाट हुने जनधन र	विपद्का कारण विस्थापित घरपरिवार संख्या वार्षिक	NA	नगन्य	नगन्य	विपद् सम्बन्धी अध्ययन प्रतिवेदन	
	विपद्जन्य घटनाहरुबाट घाइते भएकाको संख्या वार्षिक	NA	नगन्य	नगन्य		

नतिजा श्रृङ्खला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याइँका आधार	जोखिम तथा पूर्वानुमान
पर्यावरणीय क्षति, नोक्सानीमा कमी आएको हुने ।	सबलीकृत गरिएका जोखिममा रहेका प्राकृतिक, भौतिक, आर्थिक, वा सामाजिक सम्पदाको संख्या वार्षिक	NA	५	१०	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल ३.१: जलवायु परिवर्तनको जोखिम व्यवस्थापन सम्बन्धमा नगरपालिकाको संस्थागत क्षमता वृद्धि भएको हुने ।	जोखिम तथा संकटासन्नता नक्सांकन भएका वडाहरुको संख्या	NA	१४	१४	नगर पार्श्वचित्र	
	जलवायु परिवर्तन नीति	NA	१	१	नगर पार्श्वचित्र	
	आकस्मिक प्रतिकार्य योजना	NA	१	१	नगर पार्श्वचित्र	
	विपद् व्यवस्थापन कोषमा भएको रकम रु लाखमा	NA			नगर पार्श्वचित्र	
प्रतिफल ३.३: नगरभित्र विपद् व्यवस्थापनमा तालिम प्राप्त जनशक्तिमा संख्यात्मक तथा गुणात्मक वृद्धि भएको हुने ।	सामान्य खोज उद्दारमा तालिमप्राप्त जनशक्ति	NA	५०	७५	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	प्राथमिक उपचारमा तालिमप्राप्त जनशक्ति	NA	४२	७०		
	बन्दोवस्तीमा तालिमप्राप्त जनशक्ति	NA	२५	५०		
प्रतिफल ३.४: विपद् पूर्वतयारी तथा जोखिम न्यूनीकरणमा वृद्धि भएको हुने	विपद् व्यवस्थापन योजना	NA	१	१	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	रेट्रोफिट भएका/भवन आचार संहिता पालन गरी निर्मित सार्वजनिक भवनको प्रतिशत	NA	५०	७५		
	भूउपयोग योजना	NA	१	१		
	कृत्रिम अभ्यास अवलोकन गर्ने घरधुरी प्रतिशत	NA	७५	९०		

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

८.५ रणनीति तथा कार्यनीति

खानेपानीको मुहान संरक्षण, भूकम्प, महामारी, जंगली जनावरको आतंक, आगलागी, पहिरो, बाढी, सडक दुर्घटना लगायतका विपद्को व्यवस्थापनमा समेत नगरपालिकाको अहम भूमिका हुनुपर्दछ । योजनाको वन, वातावरण तथा विपद् जोखिम व्यवस्थापन सम्बन्धी लक्ष्य तथा उद्देश्य हासिल गर्न अपाइने रणनीति तथा नतिजा हासिल गर्न अवलम्बन गरिने कार्यनीति देहायअनुसार रहेको छ :

तालिका ८.४ : वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
वन क्षेत्रको दीगो व्यवस्थापनका	▪ सम्बन्धित डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन उपभोक्ता समूहहरुसँगको समन्वयमा वन क्षेत्रका कार्यक्रमहरु सञ्चालन गर्ने ।

रणनीति	कार्यनीति
माध्यमबाट वनको संरक्षण तथा गुणस्तर वृद्धि गरी सन्तुलित आर्थिक, सामाजिक तथा वातावरणीय लाभको सुनिश्चित गर्ने	▪ नगर क्षेत्रमा दैनिक सञ्चालन हुने यातायातमध्ये स्वच्छ/विद्युतीय ऊर्जामा आधारित यातायातलाई बढावा दिन काठमाण्डौं महानगरपालिकासँग समन्वय साझेदारी गर्ने । ▪ वनको दीगो व्यवस्थापन गरी वनको गुणस्तर वृद्धि र वनस्रोतमा आधारित आयआर्जनका क्रियाकलापलाई समानान्तर रुपमा अघि बढाउने ▪ गैरकाष्ठ वन पैदावार उत्पादन, व्यवस्थापन सम्बन्धमा वन उपभोक्ता समूहहरुसँग सहकार्य गर्ने ▪ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज तथा अन्य सरोकारवालासँग समन्वय गरी विद्यमान जैविक विविधताको अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने ▪ हाइकिङ रुट, पर्यटकीय पदमार्गहरु लगायतका पर्यटकीय पूर्वाधार निर्माण गरी पर्या पर्यटन प्रवर्द्धन गर्ने । ▪ लोपोन्मुख वनस्पति तथा वन्यजन्तु प्रजातिको संरक्षण एवम् व्यवस्थापनबाट पर्यावरणीय पर्यटन प्रवर्द्धन गर्ने । ▪ सामुदायिक तथा कबुलियती वनको उपयोग गरी आयआर्जन तथा पर्यटन विकास गर्ने । ▪ सम्भव भएसम्मका सरकारी, निजी, समुदायिक, नदी, खोला, घर घडेरीका खाली स्थानमा वृक्षारोपण तथा हरियाली वृद्धिका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने । ▪ सामुदायिक वनको काँटछाँटलाई पारदर्शी बनाई आयआर्जन वृद्धि तथा रुख बिरुवाको प्राकृतिक पुनरुत्पादन वा रोपणका माध्यमबाट स्वस्थ र गुणस्तरयुक्त वन विकास गर्ने । ▪ निकुञ्जसँग समन्वय गरी विद्यमान जैविक विविधताको अध्ययन तथा अभिलेखन गरी लोपोन्मुख प्रजातिको संरक्षण तथा संवर्द्धनका क्रियाकलाप प्रभावकारी रुपमा अघि बढाउने । ▪ प्राथमिकता प्राप्त पूर्वाधार विकास निर्माण कार्यका कारणबाट क्षति हुन वनक्षेत्रका परिमाणात्मक अनुपातमा थप वृक्षारोपण गरिनेछ । ▪ सडकहरूको दायाँबायाँ तथा अन्य क्षेत्रहरूमा समेत हरियाली प्रबर्द्धन गरी शहरी सौन्दर्यमा वृद्धि गर्ने । ▪ सार्वजनिक जग्गाको संरक्षण, संवर्द्धन गर्ने र आयमूलक काममा उपयोग गर्ने । ▪ घर घरमा रुख, बगैंचा र कौसी खेतीको संस्कृतिको प्रवर्द्धन गरिनेछ ।
गैरकाष्ठ वन पैदावारको उत्पादन तथा व्यवस्थापन सुधार गरी आयआर्जनको स्रोतको रुपमा विकास गर्ने ।	▪ वनको दीगो व्यवस्थापनबाट प्राप्त हुने कमसल प्रजातिका काठ, दाउरा, जरा तथा ठूटा, लगायत गैरकाष्ठ वन पैदावारको सदुपयोग गरी त्यस्ता पैदावारको प्रशोधन, उत्पादनको विविधिकरण र बजारीकरण प्रवर्द्धन गर्ने । ▪ विभिन्न वस्ती तथा वडाहरुबाट क्रमशः प्लाष्टिक झोला नियन्त्रण गर्दै लगिनेछ । यसका लागि उपयुक्त विकल्पका लागि सरोकारवालासँग आवश्यक छलफल गर्ने, नीतिगत निर्णय गर्ने तथा प्रचार प्रसार गरिनेछ ।
जल, जमिन र जंगलको एकीकृत व्यवस्थापनको माध्यमबाट भूमिको उत्पादन, उत्पादकत्वमा वृद्धि र भूक्षय नियन्त्रण गर्ने	▪ जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूक्षय नियन्त्रणका क्रियाकलापहरुलाई किफायती तथा प्रभावकारी बनाउने । ▪ चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी खेतबारी, पानी र जमिन संरक्षणलाई बढावा दिने ▪ खोला खोल्साको किनार लगायत जोखिम क्षेत्रमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दीगोपन सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन गर्ने । ▪ स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गर्ने । ▪ शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा वृक्षारोपण गर्ने ▪ वन, जलाधार तथा जैविक विविधता व्यवस्थापनमा सहभागितामुलक पद्धती अवलम्बन गरी समग्र वन र वातावरण व्यवस्थापनलाई प्रभावकारी बनाउने । ▪ फूल, सागसब्जी र फलफूलहरु (Floriculture and vegetales and fruits) प्रवर्द्धन गर्ने
जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूक्षय नियन्त्रण गर्ने	▪ स्थानीयस्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी हरियाली र समग्रमा वन क्षेत्रको गुणात्मक वृद्धि गरिनेछ । ▪ जलउत्पन्न प्रकोप नियन्त्रण गर्दा उपलब्ध स्थानीय एवम् आधुनिक स्रोतको उत्पादनशील उपयोग गर्नका लागि संरचनागतका साथै जैविक (बायोइञ्जिनियरियङ) प्रविधिसमेत समावेश गरी जलाधारीय नमुना कार्यक्रमलाई निरन्तरता दिइनेछ । ▪ जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाहरूको डिजाइन तथा कार्यान्वयनमा स्थानीय श्रम तथा निर्माण सामग्रीको प्रयोगमा जोड दिने ।

रणनीति	कार्यनीति
फोहरमैला व्यवस्थापन सार्वजनिक नीजि साझेदारी (PPP) को अवधारणा अनुसार गरिनेछ	▪ वडास्तरीय विपद् व्यवस्थापन तथा वातावरण समितिहरूलाई परिचालन गरी समुदाय र टोल सरसफाइका कार्यक्रम सञ्चालन गर्ने । ▪ जनचेतना अभिवृद्धि गरी दैनिक उत्सर्जन हुने ठोस फोहोरको संकलन, वर्गीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । ▪ नगरपालिकाभित्र प्लाष्टिकका गिलास तथा प्लेटजस्ता वस्तुको उपयोगमा प्रतिबन्ध गरी दुना टपरीजस्ता स्थानीय तथा वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धनमा जोड दिइनेछ । ▪ फोहोर संकलन, प्रशोधन, विसर्जन र पुनः प्रयोगको योजना बनाउने र कार्यान्वयन गरिनेछ । ▪ फोहोरमैला प्रशोधन केन्द्र स्थल निर्माण गरिनेछ ।
समुदाय तथा सरोकारवालाहरूसँगको साझेदारी तथा सहकार्यमा विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ	▪ जोखिमयुक्त वस्तीहरूको अध्ययन गरी प्रकोप प्रोफाइल तयारी तथा संकटासन्नता तथा क्षमता विश्लेषण गरी सो आधारमा पूर्वतयारीका क्रियाकलाप अघि बढाउने । ▪ स्थानीय विपद् व्यवस्थापन तथा वातावरण समितिहरूलाई स्थानीय सामाजिक संरचना अनुरुप लैंगिक तथा जातीय दृष्टिकोणले समावेशी बनाइनेछ । कार्यविधी अनुसार वस्तीवस्तीमा गठन भएको विपद् व्यवस्थापन समिति तथा कार्यदलहरूलाई क्रियाशील बनाउने । ▪ आवश्यक विपद् उद्दार स्वयंसेवकहरुको व्यवस्था गर्ने । ▪ समिति तथा कार्यदलहरूलाई तालिमलगायत क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ▪ प्रमुख वस्तीहरू (वडास्तर) मा उद्दार सामग्रीहरू भण्डारण गरी नियमित अद्यावधिक गर्ने । ▪ बायोइन्जिनिङ प्रविधि प्रवर्द्धन गरी नदी तटबन्धन तथा पहिरो नियन्त्रणलाई दिगोपन दिने । ▪ हरेक किसिमका विकासका गतिविधि सञ्चालन गर्दा विपद् जोखिमका अवधारणाहरूलाई सम्बोधन गर्ने । ▪ प्रत्येक वडामा कम्तिमा एकवटा पर्ने गरी पूर्वाधारसहितका सामुदायिक आश्रयस्थलहरू निर्माण गरी आपत्कालका लागि तिनको सुरक्षित प्रवन्ध गर्ने । ▪ नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिको प्रतिनिधिलाई नगर, वडा तथा वस्तीस्तरीय कार्यक्रमहरूमा अनिवार्य रुपमा सहभागी गराई विपद् व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न उत्प्रेरित गर्ने । ▪ भौतिक पूर्वाधार (सडक, खानेपानी, सिंचाई, भवन निर्माण आदि) निर्माण सम्बन्धी योजना सञ्चालन गर्दा वातावरण संरक्षण तथा जोखिम न्यूनीकरणका लागि आवश्यक बजेट सम्बन्धित योजनाको लागतमै अनिवार्यरुपमा समावेश गर्ने नीति अबलम्बन गर्ने । ▪ साना ठूला सबै आयोजनामा प्रारम्भिक वातावरणीय परीक्षण तथा ठूला पूर्वाधार विकास योजनाहरूमा वातावरणीय व्यवस्थापन योजना (EMP) तयार गरी कार्यान्वयनमा ल्याइने । ▪ विपद् व्यवस्थापनमा क्रियाशील संघसंस्थाहरूबीच निरन्तर समन्वय कायम गरिने । ▪ विपद् व्यवस्थापन योजना कार्यान्वयनमा राष्ट्रिय अन्तर्राष्ट्रिय विकास साझेदारहरूको सहयोग जुटाई नपुग रकम खर्च गर्ने । ▪ बूढानीलकण्ठ क्षेत्रमा भूदृश्य (Land Scape) व्यवस्थापनलाई प्रभावकारी बनाउन लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने । ▪ चट्याङको जोखिम कम गर्ने उपायको व्यवस्था गर्ने । ▪ नगरका महत्वपूर्ण पूर्वाधार संरचना तथा सार्वजनिक सम्पत्तिको जोखिम बीमा गरिनेछ । ▪ नीति तथा योजना निर्माण र कार्यान्वयन गर्नु अघि जोखिम न्यूनीकरण विश्लेषण गर्ने नीति प्रभावकारी बनाइने छ ।

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

८.६ प्रमुख कार्यक्रमहरू

वन, वातावरण क्षेत्रका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्न निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ । साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ ।

तालिका ८.५ : वन वातावरण उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		एकाइ	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
क.	**वन सम्बन्धी कार्यक्रमहरू**													
१	स्थायी नर्सरी निर्माण	वटा	२	०	१	०	१	०	०	२०००	०	३०००	०	**५०००**
२	सडक किनारा तथा पर्ति जग्गामा वृक्षारोपण तथा संरक्षण	वटा	५००००	१००००	१००००	१००००	१००००	१००००	५०००	५५००	६०५०	६६५५	७३२१	**३०५२६**
३	शहरी पार्क, बगैचा निर्माण र बृक्षारोपण	हे.	२५	५	५	५	५	५	२५०००	२७५००	३०२५०	३३२७५	३६६०३	**१५२६२८**
४	भू-संरक्षण	एकमुष्ट							२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
५	गैरकाष्ठ वन पैदावारको उत्पादन, संकलन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम	वटा	५	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
६	हरियाली बृद्धि विकास कार्यक्रम		१०	२	२	२	२	२	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
	जम्मा								**३५५००**	**४१०५०**	**४२९५५**	**५०२५१**	**५१९७६**	**२२१७३१**
ख.	**वातावरण**													
१	फोहोर मैला व्यवस्थापन योजना निर्माण	वटा	१०	२	२	२	२	२	२५००	२७५०	३०२५	३३२८	३६६०	**१५२६३**
२	फोहोर मैला व्यवस्थापन पूर्वाधार विकास		१०	२	२	२	२	२	२५००	२७५०	३०२५	३३२८	३६६०	**१५२६३**
३	वातावरणमैत्री स्थानीय शासन कार्यक्रम (नगर तथा वडास्तरीय)	वटा	५	१	१	१	१	१	३०००	३३००	३६३०	३९९३	४३९२	**१८३१५**
४	फोहोर मैला व्यवस्थापन केन्द्र स्थापना र संचालन	वटा	५	१	१	१	१	१	१००००	११०००	१२१००	१३३१०	१४६४१	**६१०५१**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		एकाइ	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
५	स्माटं सार्वजनिक शौचालय निर्माण	वटा	५	१	१	१	१	१	३००००	३३००	३६३०	३९९३	४३९२	**१८३१५**
६	दैनिक उत्सर्जन हुने ठोस फोहोरको संकलन, वर्गीकरण तथा व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने	पटक वार्षिक	२०	४	४	४	४	४	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
७	दुना टपरीजस्ता स्थानीय तथा वातावरणमैत्री वस्तुहरूको प्रवर्द्धन कार्यक्रम सञ्चालन	पटक वार्षिक	५	१	१	१	१	१	५००	५५०	६०५	६६५.५	७३२	**३०५३**
८	जैविक विविधताको अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने	वटा	१	०	१	०	०	०	०	१००	०	०	०	**१००**
९	खानेपानीका मुहानहरुको संरक्षण	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१०	गोल्फुटार पार्क निर्माण	वटा	१	०	०	०	०	०	२५००	०	०	०	०	**२५००**
११	पारिजात टोलमा चिल्ड्रेन पार्क निर्माण	वटा	१	०	१	०	०	०	०	१०००	०	०	०	**१०००**
१२	जंगलादेवी सार्वजनिक जग्गामा पार्क निर्माण	वटा	१	०	०	१	०	०	०	०	५०००	०	०	**५०००**
१३	पार्क व्यवस्थापन र संरक्षण (संघ र प्रदेशद्धारा निर्मित)	वटा	५	१	१	१	१	१	५००	५५०	६०५	६६६	७३२	**३०५३**
१४	समितिको अवलोकन भ्रमण	वटा	५	१	१	१	१	१	५००	५००	५००	५००	५००	**२५००**
१५	वडास्तरीय पार्क निर्माण	वटा	२६	१३	१३	०	०	०	२६०००	२६०००	०	०	०	**५२०००**
	जम्मा								**५३५००**	**५४५५०**	**३५१४५**	**३३११०**	**३६३७०**	**२१२६७५**
	कुल जम्मा								**८९०००**	**९५६००**	**७८१००**	**८३३६०**	**८८३४६**	**४३४४०६**

स्रोत : नगरस्तरीय छलफल, २०७७

विपद् व्यवस्थापन क्षेत्रका लागि तय गरिएका प्रतिफलहरु हासिल गर्नको लागि निम्नानुसारका कार्यक्रम तथा क्रियाकलापहरु प्रस्ताव गरिएको छ। साथै यसमा ती कार्यक्रम तथा क्रियाकलापहरुको वार्षिक परिमाणात्मक लक्ष्य र त्यसको लागत अनुमान समेत रहेको छ।

तालिका ८.६ : भू–संरक्षण तथा विपद् जोखिम व्यवस्थापन उपक्षेत्रको कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार कार्यक्रमको परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१	वडास्तरीय विपद् जोखिम व्यवस्थापन समिति तथा कार्यदलहरू गठन र क्रियासिलता	वटा	६५	१३	१३	१३	१३	१३	५००	५५०	६०५	६६६	७३२	**३०५३**
२	आपत्कालीन उद्दार सामग्री भण्डारण तथा नियमित अद्यावधिकरण	स्थान	५	१	१	१	१	१	५०००	२५००	२७५०	३०२५	३३२७.५	**१६६०३**
३	सामुदायिक आश्रयस्थल तथा सम्बन्धित पूर्वाधार निर्माण	स्थान	१३	२	२	३	३	३	१००००	११०००	१२१००	१३३१०	१४६४१	**६१०५१**
४	समिति तथा कार्यदलहरूलाई तालिम, कृत्रिम अभ्यासलगायत क्षमता अभिवृद्धिका कार्यक्रम	पटक	२५	५	५	५	५	५	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
५	विपद् व्यवस्थापन सम्बन्धी काम गर्नेका लागि क्षमता अभिवृद्धि कार्यक्रम	वटा	२५	५	५	५	५	५	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
६	पहिरो रोकथाम	स्थान	५०	१०	१०	१०	१०	१०	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
७	विपद् पूर्वतयारी योजना निर्माण तथा अद्यावधिक (नगर तथा वडास्तरीय)	वटा	२	१	०	०	१	०	१०००	०	०	१५००	०	**२५००**
८	एम्बुलेन्स सञ्चालन	वटा	१	१	०	०	०	०	५०००	०	०	०	०	**५०००**
९	विपद् राहत तथा पुनःस्थापना कोष स्थापना	वटा	५	१	१	१	१	१	१००००	५०००	५५००	६०५०	६६५५	**३३२०५**
१०	बारुण यन्त्र (दमकल व्यवस्थापन)	वटा	१	०	१	०	०	०	०	९०००	०	०	०	**९०००**
११	मध्यवर्ती वन क्षेत्रमा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन कार्यक्रम	वटा	५	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
१२	नदि खोला किनारको बगर भू-क्षय पहिरो जाने संवेदनशील क्षेत्रमा वृक्षारोपण	हे.	१०	२	२	२	२	२	३०००	३३००	३६३०	३९९३	४३९२	**१८३१५**
	जम्मा								**४०५००**	**३७९५०**	**३१८४५**	**३६५३०**	**३८५३२**	**१८५३५७**

स्रोत : नगरस्तरीय छलफल, २०७७

परिच्छेद नौ : संस्थागत विकास र सुशासन

९.१ पृष्ठभूमि

यस विषय क्षेत्र अन्तर्गत नगरपालिकाको संगठन संरचना, श्रोत परिचालन र खर्च परीक्षण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण, स्थानीय सुशासन जस्ता विषयहरु समेटिएका हुन्छन् । नेपालको संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने कुरा उल्लेख गरिएको र नेपालको संविधानमा शासन व्यवस्थामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरी राज्य शक्तिको बाँडफाँट तीनै तहको सरकारको बीचमा हुने व्यवस्था गरिए अनुसार स्थानीय तहमा गाउँपालिका तथा नगरपालिकाहरु स्थानीय सरकारको रुपमा व्यवस्था गरिएको छ। स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि स्थानीय सरकारहरु जनप्रतिनिधिहरुको नेतृत्वमा क्रियाशील रहेका छन् भने कर्मचारी समायोजन पछि कर्मचारीको व्यवस्थापन पनि भईसकेको अवस्था छ । यसै क्रममा स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानुनी आधारहरु निर्माण हुने क्रममा छ । यसकै परिणाम स्वरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ निर्माण भई कार्यान्वयनमा आईसकेको छ। यस नगरपालिकाले हालसम्म विभिन्न ३६ वटा ऐन, नियम, कार्यविधि, निर्देशिका आदि नगरसभाबाट पारित गराई कार्यान्वयनमा ल्याईसकेको छ ।

नगरपालिकाको संस्थागत भौतिक पूर्वाधारको अवस्थाको कुरा गर्दा नगरपालिकाले आफ्नै एउटा सुविधा सम्पन्न प्रशासकीय भवनबाट कार्य सञ्चालन गरिरहेको छ भने ४ वटा वडा कार्यालयहरु बाहेक अन्य सबै वडा कार्यालयहरु आफ्नै भवनमा सञ्चालित छन् । यसबाट नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

दीगोपनाले वित्तीय उत्तरदायित्वको पनि माग गर्दछ । स्थानीय जनताको सामाजिक एवं भौतिक पूर्वाधार आयोजनाहरुमा बढ्दो अपेक्षा र नगरको सिमित स्रोत साधन बीच तादात्म्यता मिलाउन विश्वसनीय कराधार कायम गर्नुपर्दछ । यसको लागि नगरपालिकाले राजस्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइसकेको अवस्था छ ।

नगरपालिकाको संस्थागत विकास तथा सुशासनको अवस्थाको बारेमा तल चर्चा गरिएको छ ।

१. संस्थागत विकास

नगरपालिकाको संस्थागत विकास अन्तरगत मूख्यतया निम्न तीन क्षेत्रहरु पर्दछन् ।

(क) राजनीतिक नेतृत्व

हालको संवैधानिक व्यवस्था अनुसार गाउँपालिका वा नगरपालिकाको नेतृत्व जनताबाट प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरुले गर्ने व्यवस्था रहेको छ। नगरपालिकाबाट हुने विकास निर्माण तथा सेवा प्रवाहको नेतृत्व गर्ने काम राजनीतिक नेतृत्वको हो। हरेक गाउँपालिकामा गाउँकार्यपालिका तथा गाउँ सभा र हरेक नगरपालिकामा नगर कार्यपालिका र नगर सभा रहने संवैधानिक व्यवस्था रहेको छ । त्यसैगरी हरेक गाउँपालिका तथा नगरपालिकामा गाउँपालिकाका उपाध्यक्ष र नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा एक न्यायिक समिति रहने संवैधानिक व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार यस नगरपालिकामा २३ सदस्यीय नगर कार्यपालिका र ७० सदस्यीय नगरसभा रहेको छ भने ३ सदस्यीय न्यायिक समिति रहेको छ ।

लोकतान्त्रिक राज्य प्रणालीमा सबै जनताको सहभागिता अभिवृद्धि गर्दै उनीहरुको राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने काम राजनीतिक नेतृत्वको हो । विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्दै व्यक्तिको व्यक्तित्व विकास गर्दै राज्यको सर्वाङ्गीण विकासमा योगदानका लागि उपयुक्त अवसर प्रदान गर्ने राज्यको नीति रहे अनुसार नगरपालिकाको नेतृत्वले पनि यस क्षेत्रमा ध्यान दिँदै आएको छ । यसका लागि सम्बन्धित विषयबस्तु बारेको ज्ञान, सबै पक्षलाई समेट्ने सीप र सकारात्मक धारणाको विकास राजनीतिक नेतृत्वले गर्दै जानु पर्दछ । तसर्थ, नगरपालिको राजनीतिक नेतृत्वले संविधान/प्रशासकीय कानून, परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन, सुपरिवेक्षण, बजेट निर्माण, आन्तरिक लेखा नियन्त्रण तथा परीक्षण जस्ता विषयहरुमा आफुलाई अद्यावधिक गर्दै संक्षम राजनीतिक नेतृत्वको रुपमा विकास गरिनु पर्दछ । यि क्षेत्रसँग सम्बन्धित अध्ययन, तालिम, गोष्ठी तथा भ्रमणहरुले यसमा सहयोग पुऱ्याउदछ ।

(ख) प्रशासकीय संरचना

नगरपालिकाको समग्र विकासका गतिविधिलाई कार्यान्वयनमा ल्याउने साधन भनेको जनशक्ति नै हो । नगरपालिकाको दैनिकी कामकाज देखि विकास निर्माणलाई कार्यान्वयन गर्ने काममा सहयोग पुऱ्याउनु कार्यरत कर्मचारीहरुको दायित्व पनि हो । नगरपालिकाको कार्यबोझको आधारमा संगठन संचरना बनाई सोही अनुसार कर्मचारीको समायोजन तथा व्यवस्थापन गरी उनीहरुको कार्यजिम्मेवारी तोक्ने र तोकिएको कार्यजिम्मेवारी अनुसार कार्यसम्पादन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्न आवश्यक हुन्छ र सो को कानूनी व्यवस्था रहेको छ । साथै, नगरपालिकामा कार्यरत कर्मचारी कार्यदक्षता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण तथा अवलोकन भ्रमणहरु समेत समय समयमा गराउनु आवश्यक हुन्छ ।

यस नगरपालिकाले आफ्ना कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकताको विशिष्टतालाई समेत ध्यानमा राखी कर्मचारी समायोजना भएपछि संगठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) को अध्ययन प्रतिवेदनको आधारमा नगरपालिकाका विषयगत शाखा वा महाशाखा तथा वडाको संगठन संरचना र तिनको आवश्यक दरवन्दी कायम गर्ने कार्य स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम भई पदपूर्ति गर्ने सोच बनाएको छ । सेवा प्रवाहको लागि विभिन्न शाखाहरुको व्यवस्था हुनुको साथै नगरपालिका भित्र अन्य सरकारी कार्यालयहरुले पनि नगरपालिकाको समन्वय र सहकार्यमा विभिन्न सेवा प्रवाह गर्दै आएका छन् ।

कर्मचारी समायोजन पछि गरिएको कर्मचारी व्यवस्थापन अनुसार हाल यस नगरकार्यपालिका तथा वडा कार्यालयहरुमा गरी जम्मा ९२ जना कर्मचारी कार्यरत रहेका छन् । त्यसमध्ये नगरकार्यपालिकाको कार्यालयमा ४२ जना र वडा कार्यालयहरु तर्फ ५० जना कर्मचारीहरुले सेवा प्रदान गरिरहेका छन् ।

नगरपालिकाको प्रशासकीय भवन र वडा कार्यालयहरुका लागि आफ्नै भवनको व्यवस्था हुन जरुरी हुन्छ । साथै, कार्यालयहरुको नियमित कार्य सञ्चालनका लागि विभिन्न किसिमका औजारहरुको उपलब्धता हुन जरुरी हुन्छ । नियमित रुपमा विद्युत सेवाको उपलब्धता हुनु, दैनिक प्रशासन सञ्चालनका लागि कम्प्युटर, ल्यापटप, प्रिन्टर, र सफ्टवेयरको व्यवस्था गर्नु अति आवश्यक हुन्छ ।

(ग) विषयगत विज्ञको व्यवस्था

नगरपालिकालाई आवश्यक विभिन्न विषयमा विषय विज्ञहरुको विज्ञताको सहयोगको आवश्यक पर्दछ । यसले नगरपालिकाको निर्णय क्षमता, कार्यान्वयन क्षमता तथा नियमन र अनुगमन गर्ने कार्यलाई भरपर्दो बनाई नगरपालिकाको संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसै कुरालाई मध्यनजर गरी

नगरपालिकाले सल्लाहकार समूह गठन गरी सेवा लिँदै आएको छ । यस नगरपालिकामा रहेका सल्लाहकार तथा तिनीहरुको विषय क्षेत्रगत जिम्मेवारी सहितको नामावली *अनुसूची १०* मा प्रस्तुत गरिएको छ । दिगो विकासका लक्ष्यहरु प्रादेशिक र स्थानीय सरकारहरुको पहलमा निर्भर रहने हुँदा एउटा विषय विज्ञहरुको एउटा पूर्णकालीन संरचनाको आवश्यकता पर्दछ । नगरपालिकाले योजनासँग सम्बन्धित एउटा पूर्णकालीन संरचनाको व्यवस्था गर्न सकेमा योजनाबद्ध विकासलाई अझै वढी संस्थागत गर्न सक्दछ ।

(घ) आन्तरिक राजस्व परिचालन

नेपालको संविधान, २०७२ र स्थानी सरकार सञ्चालन ऐन, २०७४ ले दिएको वित्तीय अधिकार प्रयोग गरी बूढानीलकण्ठ नगरपालिकाले आफ्ना आन्तरिक स्रोतहरु परिचालन गरी आत्मनिर्भर तर्फ उन्मुख हुँदै आएको छ । आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन नगरपालिकाले राजस्व सुधार कार्ययोजना समेत तर्जुमा गरी कार्यान्वयन गरेको छ । राजस्व सुधार कार्ययोजनामा विगत बर्षहरुको आन्तरिक आयको अनुमान र यथार्थ राजस्व असुलीको अवस्था विश्लेषण गर्दा यस नगरपालिकाको आन्तरिक स्रोत परिचालनको अवस्था अनुमान गरिएअनुसार हुनसकेको छैन । तथापि राजस्व सुधार कार्ययोजनाले पहिचान गरेका कार्ययोजनालाई समयमा कार्यान्वयन गरी राजस्व संकलनमा उल्लेख्य वृद्धि हुनसक्ने सम्भावना यस नगरपालिकाको रहेको छ । यस नगरपालिकाको आन्तरिक आयको प्रमुख स्रोतको रुपमा सम्पत्ति (घरजग्गा) कर, घरजग्गा बहाल कर र व्यवसाय कर रहेको छ । यी प्रमुख करहरुलाई प्रभावकारी ढंगले संकलन गर्न सकेमा मात्र नगरपालिकाको आन्तरिक आयमा वृद्धि हुने देखिन्छ । लामो समय देखि मालपोतको बक्यौता रहेकाले यसमा पहल गर्न सकेमा पनि नगरपालिकाको आन्तरिक आयमा वृद्धि हुने देखिन्छ ।

तसर्थ राजस्वको सम्भावना भएका क्षेत्रहरुमा नगरपालिकाले आवश्यक पहल गरी राजस्व अभिवृद्धि गर्न सक्ने निश्चित छ । सोका लागि स्थानीय राजस्व परामर्श समितिको प्रभावकारिता सुनिश्चित गर्ने, राजस्व प्रशासनले प्रभावकारी रुपमा काम गरी करको दायरा अभिवृद्धि भई नगरपालिकाको आन्तरिक राजस्वमा वृद्धि गर्ने, र राजस्व संकलन र परिचालनमा नीजि क्षेत्र र नागरिक समाजसँगको सहकार्य सुनिश्चित गर्नु पर्नेछ ।

राजस्व परिचालनलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरु निम्नानुसार रहेका छन् :

१. वडाहरुले करको मापदण्ड निर्धारण गर्ने,
२. घरजग्गा वहाल कर असुलीका लागि सडक र विभिन्न क्षेत्रको आधार लिई घरको कोठा र सटरको वर्गीकरण गरी सोही अनुसार न्यूनतम दर निर्धारण गर्ने,
३. बढि राजस्व असुली हुने वडा कार्यालयलाई थप सुविधाको सुनिश्चित गर्ने नीति नगरपालिकाले लिने,
४. मोबाईल एप्स वा एसएमएस प्रणाली बनाई करदाताहरुलाई समय समयमा सुसूचित गराउने,
५. व्यवसाय कर असुलीका लागि सरोकारवाला व्यवसायीहरुसँग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने,
६. कर संकलनका लागि घरदैलो कार्यक्रम सञ्चालन गरी करको दायरा बढाउने,
७. राजस्व शाखाका कर्मचारीहरुलाई आवश्यकता अनुसार थप सुविधाको व्यवस्था गरी प्रोत्साहन गर्ने,
८. राजस्व शाखामा कर्मचारीको अभाव भएमा निश्चित समयका लागि करारमा कर्मचारी राखी कर संकलनका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने,
९. कर राजस्व परिचालन विषयमा पदाधिकारीहरुलाई समेत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,
१०. करदातालाई निर्धारित समयभित्र कर बुझाएमा कर छुट हुने बारेमा जानकारी दिने कार्यक्रम सञ्चालन गर्ने,
११. उत्कृष्ट करदाता सम्मान कार्यक्रम बार्षिक रुपमा सञ्चालन गर्ने,

१२. आन्तरिक राजस्व कार्यालयसँगको सहकार्यमा वहालकर असुली राम्रो भएको सन्दर्भमा भोलिका दिनमा पनि यस किसिमको सहकार्यलाई निरन्तरता दिने,
१३. व्यवसायिक संघसंस्थाहरुसँग नगरपालिकाको नियमित अन्तरक्रिया गर्ने,
१४. विज्ञापन कर रु. २० लाखमा ठेक्का लागि सकेको सन्दर्भमा यसको अझै विस्तृत अध्ययन गरी सम्भावनाहरुको खोजी गर्ने र
१५. करदाताहरुको शीर्षकगत व्यक्तिगत रेकर्ड अद्यावधिक गर्दै जाने ।

२. सुशासन

सुशासन र विकासको सुनिश्चिता गरि जनताको सुख, शान्ति र समृद्धिको आकांक्षा पूरा गर्न बहस छलफल, अध्ययन र विकासका कार्यहरुमा जनताहरुको सहभागितालाई सुनिश्चत गर्नुपर्दछ । सुशासन विना विकास सम्भव छैन, विकास विना देशमा समृद्धि ल्याउन सकिँदैन । दिगो विकासको आधारशीला नै सुशासन हो । प्राकृतिक स्रोत र साधनहरुको उचित प्रयोग, शिक्षा, स्वास्थ्य, रोजगारीका अवसरहरुको सृजना, भौतिक पूर्वाधारहरुको विकास, शान्ति, सुरक्षा र विकासको आधार नै सुशासन हो । देहायबमोजिमका सूचकहरुलाई सुशासनका मुख्य सूचक मानिन्छ । यी सूचकहरुलाई प्राप्त गर्ने गरी नगर विकास योजनाले प्राथमिकतामा राखी मुख्य कार्यक्रमहरु तय गरेको छ ।

- सरकारी सेवामा जनताको सहज पहुँच,
- राज्यबाट उपलब्ध हुने सुविधाहरुको न्योचित वितरणको सुनिश्चता,
- सम्पुर्ण नागरिकलाई न्यायमा सहज र सुलभ पहुँच र निश्चित समय सिमा भित्रै न्याय प्राप्त हुने सुनिश्चिता,
- नीतिगत र प्रक्रियागत भष्ट्राचारबाट मुक्त वा भष्ट्राचारमा शुन्य सहनशीलता,
- राज्यबाट प्राप्त हुने अवसरहरुमा नागरिकलाई प्रतिस्पर्धात्मक पद्धतिमा प्रवेशको अवसर तथा योग्यता र क्षमताको आधारमा छनौट गर्ने प्रक्रिया,
- आवश्यकता, अनिवार्यता र प्राथमिकताको आधारमा योजना, कार्यक्रम तथा परियोजना छनौट तथा कार्यान्वयन प्रक्रियाको (प्रोजेक्ट बैंकको स्थापना) सुनिश्चिता,
- लक्षित समुहमा समावेशी प्रतिनिधित्वको सुनिश्चता र सोही अनुरुपको योजना छनौट तथा कार्यान्वयन,
- तोकिएको समय सिमाभित्र परियोजनाको कार्यान्वयन र सम्पन्नताका सुनिश्चता ।

त्यसैगरी सुशासनका औजारका रुपमा निम्नानुसारका औजारहरु प्रचलनमा रहेका छन् । यस सम्बन्धी विस्तृत विवरण *अनुसूची ११* मा राखिएको छ ।

- नागरिक वडापत्र (Citizen Charter)
- नगरपालिकाको बजेट (Annual Budget of Municipality)
- नागरिक शिक्षा (Civic Education)
- सार्वजनिक खर्चको सोध खोज (Public Expenditure Tracking)
- सामुदायिक अंक पत्र (Community Score Card-CSC)
- सहभागितामूलह योजना तर्जुमा (Participatory Planning)
- सहभागितामूलक बजेट तर्जुमा (Participatory Budget Formulation)
- सार्वजनिक सुनुवाई (Public Hearing)
- सार्वजनिक परीक्षण (Public Audit)
- सामाजिक परीक्षण (Social Audit)

सुशासनका प्रमुख विशेषताहरु विधिको शासन (वैधानिक सरकार), समता एंव समावेशिता, सहभागिता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता, बहुमत, प्रभावशीलता, दक्षता र विकेन्द्रीकरण हुन । संयुक्त राष्ट्रसंघले सुशासनलाई एउटा "असल शासन प्रणाली"का रुपमा परिभाषित गर्दे त्यस्तो शासन प्रणालीका निम्न बमोजिमका विशेषताहरु हुनुपर्ने राय अघि सारेको छ । आजको विश्वमा सुशासनको महत्व र उपादेयतालाई सामाजिक, आर्थिक, राजनैतिक, नैतिक र व्यवस्थापकीय दृष्टिकोणले मुल्यांकन गर्न सकिन्छ ।

(क) प्रशासकीय सुशासन

नगरपालिकाको प्रशासन प्रणालीलाई जनमुखी, सक्षम र सुदृढ बनाई सेवामूलक र उत्तरदायी बनाउनु आजको आवश्यकता हो । प्रशासनलाई सबै वर्ग, समुदाय र सरोकारवालाको पहुँच र निर्णय र कार्यान्वयनका पक्षमा सहभागिता सुनिश्चित गर्नु अत्यावश्यक छ । नेपालको संघीय प्रणालीलाई भरपर्दो र लोकसम्मत बनाउन नगरपालिकाको शासकीय प्रशासनलाई बढी जनमुखी र व्यवहारिक बनाउँदै लैजानु अति आवश्यक छ। शासन तथा प्रशासन प्रणालीले जनताको मन जिती जनविश्वास आर्जन गर्नसक्नु नै प्रशासकीय सुशासनको मूल मर्म हो ।

(ख) शासकीय सुधार

नगरवासीहरुको सामाजिक र आर्थिक आकांक्षाहरु पुरा गर्दै अगाडि बढन् नगरपालिकाको शासन प्रक्रिया सञ्चालनका लागि उपयुक्त पद्धति र औजारहरुलाई निरन्तर परिष्कृत गर्दै लैजानु आजको आवश्यकता हो । सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै नगरपालिकाबाट प्रदान हुने सेवा सुविधामा जनताको समान र सहज पहुँचको सुनिश्चित गरी सुशासनको प्रत्याभूति गराउनु नगरपालिकाको पहिलो कर्तव्य हुनु आउँछ । यसका लागि नगरपालिकालाई संविधानतः प्राप्त विधायिकी, व्यवस्थापकीय र न्यायिक अधिकारको प्रयोगका लागि क्षमता अभिवृद्धि गर्दै लैजाने र विकासको व्यवस्थापन गर्न सक्षम र समन्वयकारी अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउदै लैजानु अति आवश्यक छ ।

(ग) न्याय प्रणाली

कानून बमोजिम आधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न हरेक गाउँपालिका वा नगरपालिकामा गाउँपालिका वा नगरपालिकाको उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था संविधानको धारा २१७ ले गरेको छ। यसलाई न्याय प्रणालीको प्रस्थान विन्दुका रुपमा मान्न सकिन्छ। स्थानीय तहको न्यायिक समितिलाई न्याय सम्पादन र व्यवस्थापनमा सक्षम एवम् प्रणालीबद्ध बनाई न्याय सम्पादन र व्यवस्थापनमा प्रभावकारिता कायम गर्नु आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) ले स्थानीय तहमा गठन हुने न्यायिक समितिलाई विभिन्न क्षेत्रमा विवादको निरुपण गर्ने अधिकार प्रदान गरेको छ । जस अनुसार आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग, अर्काको बाली नोक्सानी गरेको, चरन, घाँस, दाउरा, ज्याला मजदुरी नदिएको, घरपालुवा पशुपंक्षी हराएको वा पाएको, जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको, नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको, लगायत वार्षिक पच्चीस लाख रुपैँयासम्मको बिगो भएको घर वहाल र घर बहाल सुविधा जस्ता क्षेत्रमा विवाद निरुपण गर्ने जिम्मेवारी न्यायिक समितिलाई दिएको छ । त्यसैगरी उपदफा (२) अनुसार मुख्यतः सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको, पति-पत्नीवीचको सम्वन्ध विच्छेद, गाली बेइज्जती, लुटपिट, अरुको

आवासमा अनधिकृत प्रवेश लगायतका विभिन्न विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार प्रदान गरेको छ ।

यस प्रकारको संवैधानिक तथा कानूनी व्यवस्थाले नागरिकहरु वीचको विवादको निरुपण स्थानीय तहबाटै हुने अवस्था सिर्जना भई सानातिना झैझमेलाका लागि अदालत नै पुग्न नपर्ने अवस्था निर्माण भएको छ । छरछिमेकमा हुने विवादको सत्य तथ्य पनि छरछिमेकलाई नै जानकारी हुनेहुँदा दुधको दुध पानीको पानी छुट्टिन गई न्याय प्राप्त गरेको अनुभूति हुने गरेको छ । यसबाट स्पष्ट छकि न्यायिक समिति पनि सुशासनको अभिन्न अंग बन्न पुगेको छ । तसर्थ यसको क्षमता विकास, भौतिक व्यवस्थापन एवम् आवश्यकीय कार्यको सुदृढीकरण गरी यसमाथिको आस्था र भरोसा बढाउने कार्य गर्न आवश्यक छ ।

९.२ अवसर र सम्भावना विश्लेषण

संस्थागत विकास, सुशासन र सेवा प्रवाहको क्षेत्रमा नगरपालिकाको अवसर र सम्भावनाहरुको निम्नानुसार विश्लेषण गरिएको छ ।

तालिका ९.१ : संस्थागत विकास र सुशासन सम्बन्धी अवसर र सम्भावना विश्लेषण

अवसर	सम्भावना
• निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्व रहेको ।	• नपाको निर्णय प्रक्रिया सजिलो जनताबाट सजिलै अनुमोदित हुन । • कामले वैधानिकता पाउने । • जनताको सरोकारको विषयहरु चाँडै सम्बोधन हुने । • जनताले घरदैलो सरकारको अनुभुति गर्न सक्ने । • जनताको सहयोग समर्थन प्राप्त गर्न सकिने
• सुविधा सम्पन्न नयाँ प्रशासनिक भवन रहेको ।	• सेवा प्रवाह थप प्रभावकारी बन्ने । • कर्मचारीहरुको मनोवल बढ्ने । • नयाँ पूर्वाधारहरु विशेषगरी सूचना प्रविधिहरु थप गर्न सजिलो हुने ।
• ४ वटा बाहेक सबै वडा कार्यालय आफ्नै प्रशासकीय भवनमा संचालन भएको हुने	• वडा कार्यालयहरु निर्माणमा गर्नुपर्ने खर्च कम हुने । • नयाँ सरचना तथा पूर्वाधार थपगर्न सजिलो हुने ।
• संगठन संरचना निर्माणको तयारीको अवस्थामा रहेको	• छिटै संगठन संरचना तयार नपाको लागि आवश्यक शाखा, फाँटहरुको व्यवस्थापन तथा कर्मचारीहरुको व्यवस्थापन हुने र नपाको सेवा प्रवाह थप प्रभावकारी हुने ।
• जनप्रतिनिधि तथा कर्मचारीहरुले क्षमता विकास तालिम प्राप्त भएको	• नपाको निर्णय प्रक्रिया र कार्यान्वयन छिटो तथा प्रभावकारी हुने । • जनप्रतिनिधि तथा कर्मचारीहरुले आफ्नो भूमिका बुझ्दा जनप्रतिनिधि तथा कर्मचारी विचको द्वन्द घट्ने छ यसको सकारात्मक प्रभाव सेवा प्रवाहमा पर्नेछ ।
• न्यायिक समिति क्रियाशील रहेको	• नागरिकको न्यायिक समिति प्रतिको आस्था र भरोसा बढ्ने • न्यायिक समितिको क्षमता बढ्ने ।
• आन्तरिक राजस्वको दायराको सम्भावना फराकिलो रहेको (कुल आयमा आन्तरिक राजस्वको अनुपात करिव २० प्रतिशत)	• नपाको वित्तीय परनिर्भरत घटने । • जनताको मागहरुको सम्बोधन गर्न सजिलो हुने ।

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

९.३ समस्या विश्लेषण

संस्थागत विकास, सुशासन र सेवा प्रवाहको क्षेत्रमा नगरपालिकाले भोग्दै आएका समस्याहरु देहायबमोजिम विश्लेषण गरिएको छ ।

तालिका ९.२ : संस्थागत विकास र सुशासन सम्बन्धी समस्या विश्लेषण

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
संस्थागत विकास			
• सार्वजनिक महत्व विषयको निर्णय प्रक्रियामा जनताको सहभागिता अपेक्षित रुपमा अभिवृद्धि हुन नसकेको, • नपामा सुशासन कायम एउटा चुनौतीपूर्ण रहेको • संस्थागत विकास भई नसकेको	• वडा कार्यालय र अन्य कार्यालयहरुको भौतिक पूर्वाधार कमजोर हुनु • आवश्यक कर्मचारीको अभाव हुनु • आवश्यक कानूनहरुको अभाव	• कतिपयको भवन नै नभएको र भएकाको पनि तदनुकूल व्यवस्थापन गर्न सकिने खालको नहुनु । • संगठन संरचनाको कमी	• मापदण्ड अनुसारका भवनहरु निर्माण • छिटो भन्दा छिटो दरबन्दी अनुसारको पदपुर्ति गर्ने • आवश्यक विज्ञ जनशक्तिको व्यवस्था
• नपाको आन्तरिक राजस्व परिचालन क्षमता अनुसार हुन नसकेको	• सबै करदाताहरुलाई दायरामा ल्याउन नसकिएको ।	• कर तिर्नु पर्ने दायित्व बोध गराउने नसक्नु	• राजस्व सुधार कार्य योजना कार्यान्वयन गर्ने
• स्थानीय न्यायिक समितिबाट प्रदान हुने न्याय छिटो, छरितो हुन र सबैको पहुँचमा पुग्न नसकेको	• न्यायिक समितिको काम कारवाहीलाई गुणस्तरीय एवम् प्रभावकारी नहुनु, • न्यायिक समितिको क्षेत्राधिकारबारे आम मानिस सुसुचित भई नसकेका • न्यायिक सेवालाई राजस्वसँग समेत जोडिनु	• न्यायिक समितिको क्षमता विकास हुन नसक्नु • न्यायिक समितिका लागि आवश्यक भौतिक पूर्वाधार र जनशक्तिको कमी • न्याय शुल्कका हिसाबले पहुँचयोग्य नहुनु • न्यायिक समितिबारेमा प्रचार प्रसारको कमी	• न्यायिक समितिका पदाधिकारीहरुलाई क्षमता विकास गनुपर्ने • निःशुल्क कानूनी सहायता सेवा सम्बन्धित सबैलाई उपलब्ध गराई न्यायमा पहुँच अभिवृद्धि गर्नुपर्ने
प्रशासकीय सुशासन			
• कार्यालयको काममा चुस्तता र छिटो छरितो पना नआएको • जवाफदेहिता, जिम्मेवारीवोध र सेवाग्राहीमैत्री वातावरण निर्माण हुन नसकेको • सदाचार कायम गर्न नसकिन • जनताको बढ्दो अपेक्षा सम्बोधन गर्ने गरी सेवा प्रवाहमा सुधार गर्न नसक्नु, • संघ र प्रदेशसँग नगरपालिकाको प्रभावकारी प्रशासकीय समन्वय कायम हुन नसकेको	• सबै कर्मचारीहरुको लिखित रुपमा कार्य जिम्मेवारी तोक्ने काम नभएको • आवश्यक कर्मचारीको अभाव र उपलब्ध कर्मचारीहरुको कार्यदक्षता कम हुन • लक्षित वर्गले लाभ लिन सक्ने गरी समावेशीकरण नीतिको कार्यान्वयन हुन नसक्नु,	• संगठन संरचना तयारीको प्रारम्भिक चरणमा रहेको • कर्मचारीका लागि पुरस्कार र दण्डजरिवानाको नीति कार्यान्वयन हुन नसक्नु • सबै कर्मचारीहरुलाई कार्यसम्पादन सम्झौता गरी आफ्नो काम प्रति जिम्मेवार नबनाइएको ।	• कार्यदक्षता, इमान्दारिता आदिका आधारमा कर्मचारीहरुलाई पुरस्कार दण्डको नीति बनाई कार्यान्वयन गर्ने • निर्वाचित जनप्रतिनिधिहरुलाई विषयगत क्षेत्रको जिम्मेवारी दिएर सोही अनुसार अनुगमन कार्यलाई प्रभावकारी बनाउने

समस्या	कारण	कारणको कारण	समाधानका उपायहरु
	• विकास निर्माण र कानून सम्बन्धी कार्यशाला गोष्ठी र विज्ञ समूह नहुनु		
शासकीय सुधार			
• अझैपनि जनताको घरदैलोमा पुग्न पर्ने जति सेवा पुग्न नसकेको, • नपाको योजना तर्जुमा र यसको कार्यन्वय पक्ष कमजोर रहेको • सेवा प्रवाहलाई अझैपनि पारदर्शी र जवाफदेही बनाउन नसक्नु ।	• आवश्यक कानूनहरुको निर्माण भई नसकेको • जनशक्तिको कमि र आवश्यक प्रणालीको विकास नभएको • जवाफदेहिताका विभिन्न औजारहरुको कार्यान्वयन हुन नसक्नु • नपालाई कानूनतः प्राप्त जिम्मेवारी पुरागर्न सक्ने गरी क्षमता अभिवृद्धि हुनु नसकेको,	• विज्ञताको कमि • उपलब्ध जनशक्तिको सहि परिचालन हुन नसकेको • अनुगमन र नियमन कार्य प्रभावकारी हुन नसकेको	• आवश्यक कानूनहरुको निर्माण • उपलब्ध जनशक्तिको क्षमता विकास उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने • समन्वयको प्रभावकारी प्रणाली अवलम्वन गरी जनतामा उत्साह पैदा गर्न नसक्नु,
मानव संसाधन विकास			
• नपाको आवश्यकता अनुसारको मानब संसाधन उपलब्ध नभएको ।	• नपाको लागि आवश्यक जनशक्तिको आँकलन नभएको • गुणस्तरीय व्यवसायिक सीप र तालिमका अवसरहरुको सिर्जना नभएको,	• मानव संसाधन विकास विकास सम्बन्धी योजनाको अभाव, • मानव संशाधन विकासको क्षेत्रमा नगरपालिकाको प्राथमिकतामा नपर्नु	• मानव संसाधन विकासको योजना बनाई कार्यान्वयन गर्ने

स्रोत : नगरस्तरीय छलफल, २०७७

९.४ नतिजा खाका

संस्थागत विकास सुशासन तथा सेवा प्रवाह सम्बन्धी क्षेत्रगत नतिजा खाका निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९.३ : संस्थागत विकास र सुशासन सम्बन्धी क्षेत्रगत नतिजा खाका

नतिजा श्रृंखला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रभाव (लक्ष्य): नगरपालिकामा सुशासन प्रवर्द्धन र सेवा प्रवाह प्रभावकारी भएको हुने ।	कुल पूँजीगत बजेट मध्ये खर्च भएको प्रतिशत	८०	८५	९५	लेखा परीक्षण प्रतिवेदन	
	सेवा प्रवाह प्रति सेवाग्राहीको संतुष्टीको तह	सेवाग्राही सन्तुष्टी मापन नभएको	सेवाग्राही सन्तुष्टी मापन गरिने	सेवाग्राही सन्तुष्टी मापन गरिने	ग्राहक संतुष्टि सर्वेक्षण प्रतिवेदन	परामर्शदाता मार्फत नियमति रुपमा हुने

नतिजा श्रृंखला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
	तोकिएको सयममा सम्पन्न भएका योजनाको प्रतिशत	८०	९०	९५	वार्षिक प्रगति प्रतिवेदन	आवश्यक कर्मचारी, कानूनी आधार तथा अनुगमन प्रभावकारी भएको हुनेछ
असर १: नगरपालिकाको संस्थागत क्षमता वृद्धि भएको हुने ।	संगठन संरचना अनुसार गठन भएका शाखाहरुको प्रतिशत	संगठन संरचना अध्ययन प्रतिवेदन तयार भएको	संगठन संरचना प्रतिवेदन अनुसार हुने	संगठन संरचना प्रतिवेदन अनुसार हुने	नगर पार्श्वचित्र	प्रदेश लोकसेवा गठन तथा क्रियाशील भएको हुनेछ
	उत्तरदायित्व सुनिश्चित गर्ने संयन्त्रको व्यवस्था	क्रियाशील रहेको	थप क्रियाशील बनाइने	थप क्रियाशील बनाइने	नपाको वार्षिक प्रगति प्रतिवेदन	सम्बन्धित पदाधिकारीहरुले जिम्मेवार बोध गरेको हुने
	सूचना प्रविधि प्रयोग गरी प्रदान गरिएका सेवाहरु	राजस्व संकलन, इविडिड,	योजना तर्जुमा		नपाको वार्षिक प्रगति प्रतिवेदन	नपाले इगभर्नेन्समा उच्च प्राथमिकता दिनेछ
	भवन, सवारी साधन लगायत आवश्यक भौतिक पूर्वाधार पर्याप्त मात्रामा भएका कार्यालय वा शाखाहरु	पर्याप्त मात्रामा उपलब्ध रहेको	आवश्यकता अनुसार थप गरिने	आवश्यकता अनुसार थप गरिने	नगर पार्श्वचित्र	६ वटा स्वास्थ्य चौकी, विषयगत कार्यालयहरु समेत नगरपालिकाको प्रशासकीय भवनमा रहेका
प्रतिफल १.१ : मानव संसाधनको अवस्था सुदृढ भएको हुनेछ ।	दरवन्दी अनुसार कर्मचारी आपूर्ति भएको (वार्षिक दिन प्रतिशतमा)		७५	९०	वार्षिक प्रगति प्रतिवेदन	संघीय सरकारको तथा प्रदेश सरकारको सक्रियता बढ्नेछ
	संगठन संरचनाको अनुपातमा व्यवस्था भएको कर्मचारी प्रतिशत		९०	१००	नगर पार्श्वचित्र	
	आफ्नो जिम्मेवारी अनुसारको आवश्यक तालिम पाएका कर्मचारीको प्रतिशत	३०	७५	९०	नगर पार्श्वचित्र	कर्मचारीहरुको क्षमता विकासमा तीनै तहका सरकारहरुले महत्व दिएका हुनेछन् ।
	आवश्यक तालिम पाएका जनप्रतिनिधिको प्रतिशत	६०	८०	९०	नगर पार्श्वचित्र	जनप्रतिनिधिहरुको क्षमता विकासमा नपाको लगानी वृद्धि भएको हुने
प्रतिफल १.२:	प्रयोग भएका सफ्टवेरको संख्या		आवश्यकता अनुसार	आवश्यकता अनुसार		

नतिजा श्रृंखला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
नगरको शासन प्रणालीमा सूचना प्रविधिको प्रयोग वृद्धि भएको हुने ।	प्रयोग भएका एप्सहरुको संख्या		आवश्यकता अनुसार	आवश्यकता अनुसार	नपाको वार्षिक प्रगति प्रतिवदेन	
प्रतिफल १.३ : नगरपालिकाको लागि योजना, ऐन, नियम तथा कार्य विधिहरु तयार भएको र तथ्याँकीय आधार मजबुत भएको हुनेछ ।	तयार गरी कार्यान्वयनमा आएका योजनाको संख्या		आवश्यकता अनुसार	आवश्यकता अनुसार	नपाको वार्षिक प्रगति प्रतिवदेन	
	तर्जुमा गरिएका ऐनहरुको संख्या	२२	आवश्यकता अनुसार	आवश्यकता अनुसार		
	तर्जुमा गरिएका कार्यविधिहरुको संख्या		आवश्यकता अनुसार	आवश्यकता अनुसार		
	अध्यावधिक गरिएको पार्श्वचित्र	१	अद्यावधिक गर्नु पर्ने	अद्यावधिक गर्नु पर्ने		२०७५ मा तयार भएको
	अध्यावधिक करदाता विवरण	करदाताको विवरण अद्यावधिक नभएको	करदाताको विवरण अद्यावधिक गरिने	करदाताको विवरण अद्यावधिक गरिने		नियमित रुपमा नपाले अद्यावधिक गर्नु पर्ने
	नपाको प्रगति विवरण प्रकाशन वार्षिक पटक	१	१	१		बार्षिक रुपमा नियमित
असर १ : नगरपालिकाको वित्तीय अवस्था सुदृढ भएको हुने ।	राजस्व चुहावटको मात्रा	एकिन गर्न कठिन	एकिन गर्ने संयन्त्र निर्माण गर्ने	एकिन गर्ने संयन्त्र निर्माणलाई निरन्तरता दिने	आलेप शाखाको प्रतिवेदन	
	बेरुजुको अनुपात (आ.व. ०७४/७५ र ०७५/७६ को सरदर प्रतिशत)	१०.२७	५ भन्दा कम	१ भन्दा कम	आलेप शाखाको प्रतिवेदन	
प्रतिफल १.१ : वित्तीय सुशासन कायम भएको हुने ।	आन्तरिक नियन्त्रण प्रणालीको अवस्था	कमजोर	आवश्यक संरचना तयार	आवश्यक संरचना तयार	आलेप शाखाको प्रतिवेदन	
	आन्तरिक लेखापरीक्षण संयन्त्र	आलेप शाखा रहेको	आलेप शाखा रहेको	आलेप शाखा रहेको	आलेप शाखाको प्रतिवेदन	आलेप शाखा प्रभावकारी भएको हुने
प्रतिफल १.२ : आन्तरिक राजस्व परिचालनमा वृद्धि भएको हुने ।	कुल बजेटमा आन्तरिक राजस्वको अनुपात	१९	२०	२२	नपाको वार्षिक कार्यक्रम पुस्तिका	
	राजस्वको लक्ष्य र उपलब्धीको अनुपात	७०	८०	९०		
असर २ : पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भएको हुने	सार्वजनिक सुनुवाईको वार्षिक संख्या	१	४	४		
	समयमा सम्बोधन भएका गुनासो वा उजुरी (प्रतिशतमा)	५०	६०	८०	नपाको वार्षिक प्रगति प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
प्रतिफल २.१: सार्वजनिक सूचनामा नागरिकको पहुँच विस्तार भएको हुने	सार्वजनिक सूचना प्रवाह गर्ने माध्यमहरुको किसिम	सूचना बोर्ड, वेवसाईट, एफ एम रेडियो	सूचना बोर्ड, वेवसाईट, एफ एम रेडियो	सूचना बोर्ड, वेवसाईट, एफ एम रेडियो	कार्यक्रमहरु	
	वार्षिक रुपमा सार्वजनिक गरेको प्रतिवेदन संख्या	१	१	१	प्रतिवेदन पुस्तिका	
प्रतिफल २.२: नगरको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता भएको हुनेछ ।	योजनाको चरणहरुमा लक्षित वर्गको सहभागिताको अवस्था	भएको	हुने	हुने	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	योजना तर्जुमाका चरणहरुमा महिला सहभागिताको अनुपात	१०	२५	३३	योजना तर्जुमाको बैठकका पुस्तिकाहरु	
असर ४ : नगर कार्यपालिका कार्यालय तथा मातहतका कार्यालय तथा शाखामा भौतिक पूर्वाधार व्यवस्थापनमा सुधार भएको हुनेछ	उपयुक्त र आवश्यक मात्रामा भौतिक पूर्वाधार पुरा भएका कार्यालय र शाखाहरुको प्रतिशत	नपाका सबै शाखामा सुविधा रहेको	नपाका सबै शाखामा सुविधा रहेको	नपाका सबै शाखामा सुविधा रहेको	नगर कार्यपालिका तथा वडा कार्यालयहरु	नपाका सबै शाखामा सुविधा रहेको
	उपयुक्त र आवश्यक मात्रामा भौतिक पूर्वाधार पुरा भएका वडा कार्यालयहरुको प्रतिशत	९	११	१३	नगर कार्यपालिका तथा वडा कार्यालयहरु	
प्रतिफल ४.१ : नगर कार्यपालिका, शाखा तथा वडा कार्यालयहरुको लागि आवश्यक भवनको व्यवस्था भएको हुने ।	आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरु	९	११	१३	नगर पार्श्वचित्र	
	आफ्नै भवनमा संचालित शाखा	सबै शाखाहरु	सबै शाखाहरु	सबै शाखाहरु	नगर पार्श्वचित्र	
प्रतिफल ४.२ : नगर कार्यपालिका, शाखा तथा वडा कार्यालयहरुको लागि आवश्यक सवारी साधनको व्यवस्था भएको हुने	आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको संख्या	सबै वडाहरुमा	सबै वडाहरुमा	सबै वडाहरुमा	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका शाखा	सबै शाखाहरु	सबै शाखाहरु	सबै शाखाहरु	नपाको वार्षिक प्रगति प्रतिवेदन	
प्रतिफल ४.३ : नगर कार्यपालिकाको कार्यालय, यसका शाखा तथा वडा कार्यालयहरुको लागि आवश्यक	आवश्यकता अनुसार विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरु	सबै वडाहरुमा	सबै वडाहरुमा	सबै वडाहरुमा	नपाको वार्षिक प्रगति प्रतिवेदन	
	आवश्यकता अनुसार विद्युतीय तथा अन्य	सबै शाखाहरु	सबै शाखाहरु	सबै शाखाहरु	नपाको वार्षिक प्रगति प्रतिवेदन	

नतिजा श्रृंखला	सूचक	हालको अवस्था	२ वर्षको लक्ष्य	५ वर्षको लक्ष्य	पुष्ट्याईका आधारहरु	जोखिम तथा पूर्वानुमान
औजार उपकरणहरुको व्यवस्था भएको हुने	उपकरण भएका शाखा					

स्रोत : नगरस्तरीय छलफल, २०७७

९.५ रणनीति तथा कार्यनीति

स्थानीय तहमा न्याय प्रणालीलाई चुस्त र दुरुस्त बनाउन तय गरिएका सोच, लक्ष्य, उद्देश्यहरु हासिल गर्न निम्न किसिमका रणनीति र कार्यनीतिहरु तय गरिएका छन ।

तालिका ९.४ : संस्थागत विकास र सुशासन सम्बन्धी रणनीति तथा कार्यनीति

रणनीति	कार्यनीति
• नगरपालिका अन्तरगतका सबै कार्यालयहरुका लागि आवश्यक न्युनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाइने छ ।	• सबै कार्यालय भवनहरु (वडा कार्यालय सहित) तोकिएको मापदण्ड र आवश्यकता अनुसार निर्माण गरिनेछ । • अन्य कार्यालयहरुको लागि पनि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ ।
• नगरपालिकामा अपुग कर्मचारीको व्यवस्था मिलाइनेछ ।	• संगठन तथा व्यवस्थापन अध्ययनको प्रतिवेदन अनुसारको संगठन संरचना/ढाँचा तयार गरी सोहि अनुसार कर्मचारी भर्ना गरिनेछ ।
• नगरको विकास क्रियाकलापहरुमा साझेदारीको अवधारणामा जोड दिइनेछ ।	• सडक, पार्क, सामुदायिक भवन जस्ता भौतिक पूर्वाधार निर्माण कार्यमा सरोकारवालाहरुको योगदान वा लगानीको वातावरण सुनिश्चित गरिने छ ।
• योजना चक्रका सबै चरणहरुमा सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई अझै फराकिलो र प्रभावकारी बनाइने छ ।	• नगरपालिकाको वार्षिक योजना तर्जुमा लगायत अन्य विषयगत तथा रणनीतिक योजना तर्जुमा गर्दा महिला, बालबालिका, पछाडि पारिएका वर्ग आदिको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ । • नगरपालिका सहभागिमूलक पद्दती अनुसार क्रमशः वस्ती, वडा, विषयगत समितिमा छलफल गरी वार्षिक बजेट तथा योजना तर्जुमा गरिनेछ ।
• आन्तरिक आयको वृद्धिका लागि थप प्रयास गरिनेछ ।	• आन्तरिक राजस्व वृद्धि गर्ने उद्देश्यका साथ कार्यान्वयनमा ल्याएको राजस्व सुधार कार्ययोजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ । विशेषगरी सम्पत्ती कर, व्यवसाय करलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । • करदाताको दायरलाई थप फराकिलो बनाइने छ । • राजस्व असुली व्यवस्था पारदर्शी, वैज्ञानिक र छिटोछरितो बनाइने छ ।
• नगरपालिकाको शासन व्यवस्थालाई जनमुखी, उत्तरदायी र पारदर्शी बनाइनेछ ।	• नगरपालिकाबाट गरिएका कार्यहरुको नियमित रुपमा प्रकाशन गर्ने, सार्वजनिक सम्बाद तथा सार्वजनिक सुनुवाई जस्ता जवाफदेहिता र उत्तरदायित्वका औजारहरुलाई प्रयोगमा ल्याइने छ । • जनताको गुनासो नगरप्रमुखबाट सम्बोधन गर्ने परिपाटीलाई अझ प्रभावकारी बनाइनेछ । • तेश्रो पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गरिने छ । • नागरिकको गुनासो समयमै सम्बोधन गर्न नगरपालिकाले गुनासो सुन्ने अधिकारीको व्यवस्था गरि गुनासो सम्बोधनमा जोड दिइनेछ ।
• नगरपालिकाको दैनिक प्रशासनलाई क्रमशः विद्युतीय शासन (E-Governance) मा आधारित बनाउँदै लगिनेछ ।	• नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुलाई इन्टरनेटमा आवद्ध गरिनेछ ।

रणनीति	कार्यनीति
	• सम्भव भएसम्म सूचना आदान प्रदान गर्न विभिन्न मोबाइल एप्सहरु प्रयोग ल्याइने छ ।
• वित्तीय सुशासन प्रवर्द्धन गरिनेछ ।	• आन्तरिक लेखा परीक्षण शाखाको व्यवस्था तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था गरिनेछ । • हरेक कारोवार बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।
• जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकास गर्ने	• क्षमता विकास योजना (Capacity Developmennt Plan) बनाई कार्यान्वयन गरिनेछ । • कर्मचारीहरुको कार्यसम्पादनको आधारमा वृत्ति विकासको व्यवस्था गरिने छ ।
• सेवा प्रवाहलाई नागरिक र विकासमैत्री बनाईने छ । विकास व्यवस्थापनमा सहकारी तथा नीजि क्षेत्रलाई आवद्ध गर्ने ।	• सेवा प्रवाह र विकास व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्य अभिवृद्धिका लागि आवश्यक कानूनी र नीतिगत आधार तयार गरिनेछ । • सेवा प्रवाहलाई पारदर्शी, जनमुखी, जनउत्तरदायी बनाउन नागरिक समाज लगायत बहु सरोकारवालाहरुको निगरानी बढाईनेछ । • सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै प्रविधिमैत्री बनाउन आवश्यक पहल गरिनेछ । • नगरपालिकाको प्रशासकीय संरचना, सेवा प्रवाह हुने स्थान र क्षमता विकास सम्बन्धी संरचनाहरु निर्माण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।
• नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई आफ्नो जिम्मेवारीप्रति थप परिणाममुखी र उत्तरदायी बनाउने ।	• कर्मचारीहरुलाई जिम्मेवार, कर्तव्यनिष्ठ र उत्तरदायी बनाउन सूचक सहित कार्यसम्पादन सम्झौता गरिनुका साथै दण्ड र पुरस्कारको उचित र प्रभावकारी व्यवस्था गरिनेछ । • भ्रस्टाचार विरुद्धको शुन्य सहनशीलताको नीति मार्फत सार्वजनिक सेवामा नगरपालिकाको प्रशासनमा सदाचार सुनिश्चित गरिनेछ । • नगरपालिकाको प्रशासकीय सुशासनको क्षेत्रमा थप सुधारका कार्यक्रमहरु सञ्चालन गरिदै लगिनेछ ।
• नगरपालिकाको काम कारवाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउन सांगठनिक, कानूनी, प्रणालीगत तथा व्यवहारगत सुधार गर्ने ।	• नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउन कानूनी तथा नीतिगत स्पष्टता ल्याईने छ । • परम्परागत शैलीमा विद्यमान रहेका कार्यालयहरुका कार्यस्थलहरुलाई आधुनिक, प्रविधिमैत्री र अधिकतम् खुला कार्यस्थलको रुपमा रुपान्तरण गरिनेछ । • विद्युतीय रुपमा सार्वजनिक हुने तथ्याङ्क तथा सूचनालाई खुला सरकारी तथ्याङ्क (Open Government Data-Open Source Data) को अवधारणा अनुसार प्रकाशन गरिनेछ ।
• विकास आयोजनाको कार्यान्वयनमा आईपर्ने समस्यालाई सम्बोधन गर्न प्रविधिमा आधारित तत्काल समस्या समाधान प्रणाली अवलम्वन गर्ने ।	• तत्काल आईपर्ने समस्याको समाधान गर्न संयन्त्र बनाई क्रियाशील बनाईने छ । नगरप्रमुख अन्तरगत तत्काल समस्या समाधान केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ । • अनुगमन प्रणालीलाई नतिजामुखी र बस्तुगत बनाईने र आवश्यकता अनुसारको पुनः अनुगमन गर्ने प्रणाली विकास गरी लागु गरिनेछ । यसकार्यका लागि उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिको क्षमता विकास गर्दै लगिनेछ ।
• नेतृत्व विकासका लागि साझेदारी र सहकार्यको विकास गर्ने ।	• नेतृत्व बीचको साझेदारी र सहकार्य विकास गर्न सार्वजनिक, निजी, सहकारी र गैरसरकारी संस्थाहरुसँग सहकार्य र साझेदारी अभिवृद्धि गरिने छ ।

रणनीति	कार्यनीति
	• उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ । • सफल नेतृत्वलाई आदर्श र अनुकरणीय व्यक्तिको रुपमा सम्मान गर्ने संस्कृतिको विकास गरिनेछ ।
• नगरपालिकाबाट हुने न्याय सम्पादनलाई सबैको पहुँचयोग्य, भरपर्दो बनाउने ।	• स्थानीय न्यायिक समितिका लागि आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिहरु निर्माण गरिनेछ । • न्यायिक समितिको क्षमता विकास गर्नुको साथै समुदाय स्तरमा कानूनी ज्ञानहरु विस्तार गरिनेछ ।
• नगरको तथ्याङ्कीय आधारलाई संस्थागत गरिने ।	• नागरिकहरुको आवश्यक सुचना (सम्पत्ति, पेशा, व्यवसाय आदि) को अभिलेख विद्युतीय प्रणाली मार्फत व्यवस्थित गर्ने, • नगर कार्यपालिकाको कार्यालयमा छरिएर रहेका सूचनाहरुलाई डिजिटाइज्ड तथा अद्यावधिक गर्ने, • नगरपालिकाको सूचनाहरुलाई एकद्वार प्रणाली अनुसार व्यवस्थित गर्ने ।

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

९.६ प्रमुख कार्यक्रमहरू

संस्थागत विकास सुशासन तथा सेवा प्रवाहका क्षेत्रको विकासको लागि यस योजनाले प्रस्ताव गरेका कार्यक्रम तथा क्रियाकलापहरु, तिनको परिमाणात्मक लक्ष्य र लागत अनुमान तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९.५ : संस्थागत विकास र सुशासन क्षेत्रको प्रमुख कार्यक्रम, परिमाणात्मक लक्ष्य र लागत अनुमान

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
१	वडा कार्यालय भवन	वटा	१०	२	२	२	२	२	२४०००	२६४००	२९०४०	३१९४४	३५१३८	**१४६५२२**
२	सभा भवन	वटा	१	१	०	०	०	०	२००००	०	०	०	०	**२०००० **
४	नपा कार्यालय उपकरण	सेट	५	१	१	१	१	१	२०००	२२००	२४२०	२६६२	२९२८	**१२२१०**
५	वडा कार्यालय उपकरण तथा फर्निचर	सेट	६५	१३	१३	१३	१३	१३	३९००	४२९०	४२९०	४२९०	४२९०	**२१०६०**
६	सवारी साधन (मोटरसाईकल खरीद)	वटा	२०	४	४	४	४	४	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
	सवारी साधन (चार पाङ्ग्रे)	वटा	२	१	१	०	०	०	४०००	५०००	०	०	०	**९०००**
७	इन्टरनेट तथा सूचना प्रविधि व्यवस्थापन (नपा तथा वडा)	सेट	७०	१४	१४	१४	१४	१४	१४००	१५४०	१६९४	१८६३	२०५०	**८५४७**
८	जनप्रतिनिधि तथा कर्मचारीको लागि क्षमता अभिवृद्धि तालिम	वटा	१०	२	२	२	२	२	६००	६६०	७२६	७९९	८७८	**३६६३**
९	अनुगमन तथा मूल्याङ्कन तालिम	वटा	१०	२	२	२	२	२	६००	६६०	७२६	७९९	८७८	**३६६३**
१०	अनुगमन तथा मुल्याङ्कन कार्यक्रम	वटा	१५	३	३	३	३	३	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
११	अध्ययन अवलोकन भ्रमण (स्वदेश तथा विदेश)	वटा	१५	३	३	३	३	३	९००	९९०	१०८९	११९८	१३१८	**५४९५**
१२	प्रयोगशाला (ल्याब) निर्माण	वटा	१	१	०	०	०	०	१५०००	०	०	०	०	**१५०००**
१३	नगरकार्यपालिका कार्यालयमा ब्रेन बैंक स्थापना (विषय विज्ञहरुको डेटावेश)	वटा	५	१	१	१	१	१	१००	११०	१२१	१३३	१४६	**६११**
१४	संगठन र व्यवस्थापन योजना निर्माण	वटा	१	१	०	०	०	०	५००	०	०	०	०	**५०० **
१६	उपभोक्त समितिहरुलाई आयोजना संचालन सम्बन्धी तालिम	वटा	१५	३	३	३	३	३	३००	३३०	३६३	३९९	४३९	**१८३२**
१७	नगरपालिकाको लागि आवश्यक विभिन्न तथ्याँक तयारी तथा अध्यावधिक	पटक	५	१	१	१	१	१	१५००	१६५०	१८१५	१९९७	२१९६	**९१५८**
१८	ऐन नियमहरुको निर्माण	वटा	१५	३	३	३	३	३	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
१९	सार्वजनिक सुनुवाई कार्यक्रम	वटा	१५	३	३	३	३	३	३००	३३०	३६३	३९९	४३९	**१८३२**
२०	सार्वजनिक परीक्षण	वटा	१५	३	३	३	३	३	३००	३३०	३६३	३९९	४३९	**१८३२**
२१	सामाजिक परीक्षण	वटा	५	१	१	१	१	१	२००	२२०	२४२	२६६	२९३	**१२२१**

क्र.सं.	प्रतिफल अनुसार प्रमुख कार्यक्रम	५ वर्षको लक्ष्य		आर्थिक वर्ष अनुसार परिमाणात्मक लक्ष्य					कार्यान्वयन वर्ष र लागत अनुमान (रु. हजारमा)					कुल बजेट
		इकाई	परिमाण	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	पहिलो	दोस्रो	तेस्रो	चौथो	पाँचौ	
२२	राजस्व परिचालन सम्बन्धी जनचेतनामुलक कार्यक्रम	वटा	१०	२	२	२	२	२	५००	५५०	६०५	६६६	७३२	**३०५३**
२४	क्षमता विकास योजना तर्जुमा	पटक	१	१	०	०	०	०	५००	०	०	०	०	**५००**
२५	मोवाईल एप्स निर्माण गर्ने	वटा	२	२	०	०	२	०	१०००	०	०	१५००	०	**२५००**
२६	नगरपालिकाको गतिविधिहरुको नियमित प्रकाशन गर्ने	वटा	१५	३	३	३	३	३	९००	९९०	१०८९	११९८	१३१८	**५४९५**
२७	नीजि क्षेत्र, गैसस, नागरिक समाज र सहकारीसँगको सहकार्य सम्वन्धी तालिम तथा अभिमुखीकरण	वटा	१५	३	३	३	३	३	६००	६६०	७२६	७९९	८७८	**३६६३**
२८	नागरिक गुनासो सम्बोधन कार्यक्रम	वटा	१०	२	२	२	२	२	६००	६६०	७२६	७९९	८७८	**३६६३**
२९	सबै वडाहरुमा डिजिटल डिस्प्ले वोर्ड राख्ने	वटा	२६	१३	०	०	१३	०	२६००	०	०	२६००	०	**५२००**
३०	नागरिक वडापत्र अद्यावधिक गर्ने	वटा	१४	१४	०	०	०	०	२८०	०	०	०	०	**२८०**
३१	न्यायिक समितिको क्षमता विकास	वटा	५	१	१	१	१	१	१०००	११००	१२१०	१३३१	१४६४	**६१०५**
३२	न्यायिक सेवा (इजलास व्यवस्थापन)	वटा	५	१	१	१	१	१	१२००	१३२०	१४५२	१५९७	१७५७	**७३२६**
३३	न्याय निरुपण सम्बन्धमा सामुदायिक स्तरमा अभिमुखीकरण कार्यक्रम	वटा	५	१	१	१	१	१	१४००	१५४०	१६९४	१८६३	२०५०	**८५४७**
३४	पूर्वाधार विकास अध्ययन तथा योजना निर्माण	एकमुष्ट	५	१	१	१	१	१	५०००	५०००	५०००	५०००	५०००	**२५०००**
३५	पञ्जीकरणको डिजिटलाईजेसन गर्ने र वडास्तरीय अभिमुखीकरण	एकमुष्ट	५	१	१	१	१	१	४०००	४४००	४८४०	५३२४	५८५६	**२४४२०**
३६	पार्श्वचित्र अद्यावधिक गर्ने	एकमुष्ट	२	१	०	०	०	१	१५००	०	०	०	२५००	**४०००**
		जम्मा							**१००१८०**	**६४७८०**	**६४८२९**	**७४४८३**	**७८९९२**	**३८३२६४**

स्रोत : नगरस्तरीय छलफल, २०७७

परिच्छेद दश : लागत तथा श्रोत अनुमान

१०.१ पृष्ठभूमि

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरु हासिल गर्न तत् अनुसारका कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि पर्याप्त वित्तीय स्रोतको आवश्यकता पर्दछ। यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरु मात्रै प्रर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरु, अन्य सहयोगी संघ संस्थाहरु तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरुसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । तसर्थ ती सबै निकायहरुसँगको साझेदारीलाई आवधिक नगर विकास योजनाले उच्च प्राथमिकतामा राखेको छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको पनि पूर्णरुपमा अपेक्षा गरेको छ ।

१०.२ राजस्व परिचालनको अवस्था विश्लेषण

विगत तीन आर्थिक वर्षमा नगरपालिकाले प्राप्त गरेको आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अनुदान, ऋण र अन्य क्षेत्रको यथार्थ आय र चालु आर्थिक बर्ष २०७६/७७ को प्रस्तावित आयको विश्लेषण र आगामी बर्षहरुमा नगरपालिकाले परिचालन गर्न सक्ने सम्भाव्य वित्तीय श्रोतको विश्लेषण यस यस परिच्छेदमा गरिएको छ । बूढानीलकण्ठ नगरपालिकाको राजस्व परिचालनको अवस्थाको विश्लेषण तालिका ४२ मा गरिएको छ । जसअनुसार नगरपालिकाले आर्थिक बर्ष २०७३/७४ मा रु. ३५ करोड ८३ लाख ९९ हजार २ सय २५, आर्थिक बर्ष २०७४/०७५ मा रु. ७६ करोड १८ लाख २५ हजार ४ सय ६९, आर्थिक बर्ष २०७५/०७६ मा रु. १ अर्ब ७ करोड ६४ लाख ८६ हजार ३ सय ५० यथार्थ राजस्व परिचालन भएको देखिन्छ । आर्थिक बर्ष २०७३/०७४ को तुलनामा आर्थिक बर्ष २०७४/०७५ मा राजस्व परिचालनको वार्षिक बृद्धि ११२ प्रतिशत भएको देखिन्छ भने आर्थिक बर्ष २०७४/०७५ को तुलनामा आर्थिक बर्ष २०७५/०७६ मा वार्षिक वृद्धि ४१ प्रतिशत भएको देखिन्छ । चालु आ.व. २०७६/०७७ मा आ.व. २०७५/०७६ को तुलनामा ४७ प्रतिशत बढी राजस्व परिचालन हुनसक्ने अनुमान नगरपालिकाले गरेको छ (तालिका १०.१)) ।

तालिका १०.१ : नगरपालिकाको राजस्व परिचालनको अवस्था (रकम रू.)

क्र.स.	विवरण	आर्थिक बर्ष			
		२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७
१	आन्तरिक आय	१९४५६३९७३	१७१०७३५६२	२२७१७३७६४	२०५१०००००
२	राजस्व बाँडफाँट (मालपोत)		१२१८९६४६	१३५८९९३६७	४७००००००
३	*प्रदेश सरकार अनुदान*				
३.१	वित्तीय समानीकरण		०	१०११६०००	१२०२३०००
३.२	बाँडफाँट (सवारी साधन)		०	२९०५००९१	३७२०३०००
३.३	सशर्त अनुदान		०	३४९२५०००	१५५९०००
३.४	समपुरक अनुदान		०	१००००००	०
३.५	दमकल खरीद		०	६०००००	०

क्र.स.	विवरण	आर्थिक बर्ष			
		२०७३/७४	२०७४/७५	२०७५/७६	२०७६/७७
४	***संघीय सरकार अनुदान***				
४.१	वित्तीय समानीकरण		२९४८६५०००	२५७१०००००	२६५१०००००
४.२	मूल्य अभिवृद्धि कर		०	८७९६७१२८	१३२०००००
४.३	सशर्त अनुदान		१३२९९२०००	१६४८५००००	१५९३०००००
४.४	स्थानीय पूर्वाधार		०	४५०२००००	०
४.५	विशेष अनुदान		३००७४७८	०	०
५	समाज कल्याण		४९०००००	०	०
६	एलजिसिडिपि	१५१४०००	१०६००००	०	०
७	जिसस		५१०९३२	०	०
८	सँस्कृति प्रवर्धन कार्यक्रम		८००००००	०	०
९	पर्यटन प्रवर्धन		२५०००००	०	०
१०	अन्य निकायबाट प्राप्त		४७८३५१३	०	०
११	धरौटी आय		२५८३८१८८	०	०
१२	सामाजिक सुरक्षा	५६२७००००	६०७०१०००	५८३८५०००	११००००००
१३	का.म.न.पा. अनुदान		०	१००००००	०
१४	अ.ल्या.		३९४०४१५०	०	१९१७७१०००
१५	नेपाल सरकार चालु अनुदान	४६०००००			
१६	नेपाल सरकार पुँजीगत अनुदान	७४९३५०००			
१७	संघीय संरचना पूर्वाधार विकास	९९७७४४३			
१८	नगरक्षेत्र पूर्वाधार विकास	१६३४६८०९			
१९	राष्ट्रिय विकास स्वयंसेवक	१९२०००			
	जम्मा	**३५८३९९२२५**	**७६१८२५४६९**	**१०७६४८६३५०**	**१५८४०५६०००**
वार्षिक वृद्धि (प्रतिशत)			**११२**	**४१**	**४७**

स्रोत : बूढानीलकण्ठ नगरपालिका, २०७६

१०.३ खर्चको अवस्था विश्लेषण

बूढानीलकण्ठ नगरपालिकाले आ.व. २०७४/०७५ मा गरेको कुल यथार्थ खर्च रकम रु. ७६ करोड १७ लाख ९५ हजार ४ सय ६७ देखिन्छ। जसमध्ये चालु खर्च रु. ७ करोड, ७४ लाख ४४ हजार २ सय २७ (१०.१७ प्रतिशत), र पूँजीगत खर्च रु. ४२ करोड, ३१ लाख, ५० हजार ३ सय ४६ (५५.५५ प्रतिशत) देखिन्छ। सो वाहेक संघीय सरकारको सशर्त अनुदान १६.७३ प्रतिशत, स्थानीय पूर्वाधार विकास साँझेदारी कार्यक्रमको ०.३५ प्रतिशत, सामाजिक सुरक्षाको ७.९७ प्रतिशत र निकासा फिर्ता (भुक्तानी दिन बाँकी) गर्नुपर्ने रकम ९.२४ प्रतिशत भएको देखिन्छ। त्यसैगरी आ.व. २०७५/०७६ मा नगरपालिकाले गरेको कुल यथार्थ खर्च रकम रु. १ अर्ब ७ करोड ६४ लाख ८६ हजार ३ सय ४९ देखिन्छ। जसमध्ये चालु खर्च रु. ११ करोड, ५६ हजार २ सय ८८ (१०.२२ प्रतिशत), र पूँजीगत खर्च रु. ४४ करोड, ७९ लाख, ९० हजार २ सय १९ (४१.६२ प्रतिशत) देखिन्छ। अघिल्लो आर्थिक वर्षको तुलनामा यस बर्ष पूँजीगत खर्च घट्न गएको देखिन्छ भने निकासा फिर्ता (भुक्तानी दिन बाँकी) रकम वृद्धि भई २१.१६ प्रतिशत पुगेको छ। आ.व. २०७६/७७ का लागि नगरापालिकाले प्रस्ताव गरेको कुल खर्च रु. १ अर्ब ५८ करोड, ४० लाख ५६ हजार मध्ये चालु खर्च रु. २९ करोड, ६० लाख ३३ हजार (१८.६९ प्रतिशत) र पुँजीगत खर्च रु. ८९ करोड ८५ लाख (५६.७२ प्रतिशत) रहेको छ। चालु आ.व.मा गत बर्षको तुलनामा चालु र पुँजीगत दुई क्षेत्रमा खर्चको प्रतिशत बढी रहेको छ भने संघीय र प्रदेश सरकारको सशर्त अनुदानको योगदान घटेको देखिन्छ (तालिका १०.२)।

तालिका १०.२ : नगरपालिकाको खर्चको अवस्था विश्लेषण (रकम रू.)

क्र.स.	विवरण	आ.व. २०७४/०७५		आ.व. २०७५/०७६		आ.व. २०७६/०७७	
		रकम रु.	प्रतिशत	रकम रु.	प्रतिशत	रकम रु.	प्रतिशत
१	नगरपालिका चालु	७७४४४२२७	१०.१७	११००५६२८८	१०.२२	२९६०३३०००	१८.६९
२	नगरपालिका पुँजीगत	४२३१५०३४६	५५.५५	४४७९९०२१९	४१.६२	८९८५०००००	५६.७२
३	सशर्त अनुदान (संघीय)	१२७४४८१७३	१६.७३	१५४६०९९६३	१४.३६	१५९३०००००	१०.०६
४	सशर्त अनुदान (प्रदेश)	०	०.००	३३६३८३९३	३.१२	१५५९०००	०.१०
५	स्थानीय पूर्वाधार विकास साँझेदारी कार्यक्रम	२६९४९५७	०.३५	४४००४९३४	४.०९	०	०.००
६	सामाजिक सुरक्षा	६०७०१०००	७.९७	५८३८५०००	५.४२	११००००००	६.९४
७	संघीय संरचना पूर्वाधार विकास	०	०.००	०	०.००	०	०.००
८	नगरक्षेत्र पूर्वाधार विकास	०	०.००	०	०.००	०	०.००
९	राष्ट्रिय विकास स्वयम सेवक	०	०.००	०	०.००	०	०.००
१०	एलजिसिडिपि	०	०.००	०	०.००	०	०.००
११	चालु खर्च	०	०.००	०	०.००	०	०.००
१२	पुँजीगत खर्च	०	०.००	०	०.००	०	०.००
१३	निकासा फिर्ता (भुक्तानी दिन बाँकी)	७०३५६७६४	९.२४	२२७८०१५५२	२१.१६	११८६६४०००	७.४९
	जम्मा	**७६१७९५४६७**	**१००**	**१०७६४८६३४९**	**१००**	**१५८४०५६०००**	**१००**

स्रोत : बूढानीलकण्ठ नगरपालिका, २०७६

१०.४ चालु खर्चको अवस्था विश्लेषण

आ.व. २०७५/७६ को कुल चालु बजेट रु. १७ करोड ५३ लाख २४ हजारमध्ये कर्मचारीको पारिश्रमिकमा रु. १ करोड ७५ लाख १४ हजार ५ सय (१० प्रतिशत) र पदाधिकारीहरुको पारिश्रमिक रु. १ करोड १० लाख (६ प्रतिशत) बजेट विनियोजन भएको थियो । त्यसैगरी सेवा तथा परामर्श खर्च शिर्षकमा ११ प्रतिशत र करार सेवा अन्तरगत १० प्रतिशत बजेट विनियोजन भएको पाईन्छ । मसलन्द र कार्यालय खर्चमा १० प्रतिशत, कार्यालय खर्चमा १० प्रतिशत र विविध शिर्षक अन्तरगत ११ प्रतिशत बजेट विनियोजन भएको थियो । यसैगरी आ.व. २०७६/०७७ को कुल चालु बजेट रु. ३२ करोड ४८ लाख ३३ हजारमध्ये कर्मचारीको पारिश्रमिकमा रु. २ करोड ९८ लाख १३ (९ प्रतिशत) र पदाधिकारीहरुको पारिश्रमिक रु. १ करोड ९९ लाख ९६ हजार (६ प्रतिशत) बजेट विनियोजन भएको छ । त्यसैगरी सेवा तथा परामर्श खर्च शिर्षकमा ५ प्रतिशत र करार सेवा अन्तरगत १३ प्रतिशत बजेट विनियोजन भएको पाईन्छ । मसलन्द र कार्यालय खर्चमा ६ प्रतिशत, कार्यालय खर्चमा १८ प्रतिशत र विविध शिर्षक अन्तरगत ६ प्रतिशत बजेट विनियोजन भएको छ । साथै सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी शिर्षकमा १० प्रतिशत बजेट विनियोजन गरिएको छ (तालिका १०.३) ।

तालिका १०.३ : नगरपालिकाको चालु खर्चको विवरण (रकम रू.)

क्र.स.	खर्च संकेत	विवरण	आ.व. २०७५/७६		आ.व. २०७६/७७ को विनियोजन	विनियोजन प्रतिशत
			विनियोजन रु.	विनियोजन प्रतिशत		
१	२११११	कर्मचारी पारिश्रमिक	१७,५१४,५००	१०	२९,८१३,०००	९
२	२१११२	पदाधिकारी पारिश्रमिक	११,०००,०००	६	१९,९९६,०००	६
३	२११२१	पोशाक	१,७००,०००	१	२,३५०,०००	१
४	२११२३	औषधी उपचार खर्च	१,०००,०००	१	१००,०००	०
५	२११३०	कर्मचारी भत्ता	५,०००,०००	३		०
६	२११३२	महंगी भत्ता	२,२००,०००	१	४,५६०,०००	१
७	२११३४	कर्मचारीको बैठक भत्ता	१,०००,०००	१	३००,०००	०
८	२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१,०००,०००	१	१४,४००,०००	४
९	२११३९	अन्य भत्ता	५,०००,०००	३	४,५००,०००	१
१०	२११४१	पदाधिकारी बैठक भत्ता	१,०००,०००	१	५००,०००	०
११	२११४२	पदाधिकारीको अन्य सुविधा	-	०	१,३४५,०००	०
१२	२१२१२	कर्मचारी उपदान कोष	-	०	१,०००,०००	०
१३	२१२१३	कर्मचारी वीमा कोष	५००,०००	०	५००,०००	०
१४	२१२१४	कर्मचारी कल्याण कोष	२,०००,०००	१	५,०००,०००	२
१५	२२१११	पानी तथा विजुली	८००,०००	०	२,१५०,०००	१
१६	२२११२	सञ्चार महसुल	६००,०००	०	१,७१५,०००	१
१७	२२२११	इन्धन (पदाधिकारी)	१,०००,०००	१	१,३६४,०००	०
१८	२२२१२	इन्धन (कार्यालय प्रयोजन)	१,५००,०००	१	१,६५६,०००	१
१९	२२२१३	सवारी साधन मर्मत	१,०००,०००	१	१,२००,०००	०
२०	२२२१४	वीमा तथा नवीकरण	२००,०००	०	५००,०००	०
२१	२२२२१	मेशिन तथा औजार मर्मत तथा संभार	१,०००,०००	१	१,३१२,०००	०
२२	२२३११	मसलन्द तथा कार्यालय खर्च	१८,०००,०००	१०	२०,६५०,०००	६
२३	२२३१३	पुस्तक तथा सामाग्री खर्च	१,०००,०००	१		०
२४	२२३१४	इन्धन (अन्य प्रयोजन)	१,०००,०००	१	१००,०००	०
२५	२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना	३,४१०,४७८	२	२,३९०,०००	१
२६	२२३१९	अन्य कार्यालय सञ्चालन खर्च	१,०००,०००	१	१,५००,०००	०
२७	२२४११	सेवा तथा परामर्श खर्च	२०,०००,०००	११	१७,२००,०००	५
२८	२२४१२	सूचना प्रणाली तथा सफ्टवेयर	५,०००,०००	३	४,८००,०००	१
२९	२२४१३	करार सेवा	१७,०००,०००	१०	४३,२००,०००	१३
३०	२२४१४	सरसफाई सेवा शुल्क	२,०००,०००	१	१,५००,०००	०
३१	२२४१९	अन्य सेवा शुल्क	-	०		०
३२	२२५११	कर्मचारी तालिम खर्च	१,५००,०००	१	१,५००,०००	०
३३	२२५१२	सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धी खर्च	४,०००,०००	२	३२,२००,०००	१०
३४	२२५२२	कार्यालय खर्च	१७,०००,०००	१०	५९,८१२,०००	१८
३५	२२५२९	विविध कार्यक्रम खर्च	१,०००,०००	१	३,९००,०००	१
३६		मरमत संभार कोष	१,०००,०००	१		०
३७		वातावरण तथा सरसफाई कोष	१,०००,०००	१		०
३८	२२६११	अनुगमन, मूल्याङ्कन खर्च	२,०००,०००	१	८००,०००	०
३९	२२६१२	भ्रमण खर्च	१,०००,०००	१	२००,०००	०
४०	२२६१३	विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च	१,०००,०००	१	१,०००,०००	०
४१	२२७११	विविध खर्च	१३,९००,०००	८	१८,४००,०००	६
४२	२२७२१	सभा सञ्चालन खर्च	१,०००,०००	१	१,४००,०००	०

क्र.स.	खर्च संकेत	विवरण	आ.व. २०७५/७६		आ.व. २०७६/७७ को विनियोजन	विनियोजन प्रतिशत
			विनियोजन रु.	विनियोजन प्रतिशत		
४३	२२९११	दैविप्रकोप राहत	२,०००,०००	१		०
४४	२५१०१	आर्थिक सहायता	२,०००,०००	१		०
४५	२५३१५	अन्य संस्था सहायता	-	०	२,५००,०००	१
४६	२६४११	सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरुलाई निसर्त चालु अनुदान	-	०	४,२००,०००	१
४७	२६४१२	सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरुलाई सशर्त चालु अनुदान	-	०	४,५००,०००	१
४८	२७२१२	उद्धार, राहत तथा पुनस्थापना खर्च	-	०	६,०००,०००	२
४९	२८१४२	घरभाडा	३,५००,०००	२	२,३२०,०००	१
५०	२८१४३	सवारी साधन तथा मेशिनरी औजार भाडा	-	०	५००,०००	०
५१	२९६२२	आकस्मिक	-	०		०
		जम्मा	**१७५,३२४,९७८**	**१००**	**३२४,८३३,०००**	**१००**

स्रोत : बूढानीलकण्ठ नगरपालिका, २०७६

बूढानीलकण्ठ नगरपालिकाको यस आवधिक नगर विकास योजनाले निर्धारण गरेको लक्ष्य अनुरुप स्रोत साधनहरुको व्यवस्था भए नभएको, आयोजनाको कार्यान्वयन आवधिक योजनाले निर्देश गरेअनुसार भए नभएको, उपलब्ध स्रोत साधनहरु आवश्यकता आवधिक योजनाको परिमाणात्क लक्ष्य अनुसार भए नभएको विषयमा यस परिच्छेदमा लेखाजोखा गरिएको छ। मूख्यगरी ३ वटा विषयहरु अन्तर्गतका तथ्याङ्कहरु विश्लेषण गरिएको छ। आवधिक योजनाले आगामी ५ वर्षका लागि लिएको लक्ष्य, उद्देश्य अनुसारका कार्यक्रमहरु पूरा गर्नको लागि अनुमान गरिएको लगानी आवश्यकता, नगरपालिकाको राजस्व बाँडफाँट सहितको आन्तरिक आय, संघ र प्रदेश सरकार आदिबाट उपलब्ध हुनसक्ने बजेटको अवस्था र अपुग हुन आउने बजेटको लागि कुन स्रोतबाट जुटाइने हो सो को किटानी तथा अपुग स्रोत जुटाउन अपनाइने रणनीतिहरुको बारेमा यस परिच्छेदमा उल्लेख गरिएको छ।

१०.५ लागत अनुमान

यस आवधिक योजनामा विभिन्न ५ वटा विषयतगत क्षेत्रहरुका आफ्ना आफ्ना निर्धारित कार्यक्रमहरुका लागि आवश्यक लागतको अनुमान गरिएको छ। कार्यक्रम तथा बजेट आवश्यकताको अनुमान नगरका सम्बन्धित शाखाका प्रतिनिधि र सरोकारवालाहरुको कार्यशालाबाट प्रस्ताव गरिएको हो। यसरी तय गरिएको आवश्यक लागत नगरपालिकाको आन्तरिक आय, संघ तथा प्रदेशबाट प्राप्तहुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरुबाट हुनसक्ने सहयोग, निजी क्षेत्रबाट हुनसक्ने लगानी र जनसहभागिता स्वरुप प्राप्त हुनसक्ने परिमाणहरुलाई अनुमानका आधारमा निर्धारण गरिएको छ। जुन तलको तालिकामा दिइएको छ।

तालिका १०.४ : आवधिक योजनाको क्षेत्रगत लागत अनुमान

क्र.स.	विकास क्षेत्र	आर्थिक वर्ष					जम्मा रकम (रु. हजार)	प्रतिशत
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
क.	**आर्थिक विकास**							
१	कृषि विकास	२८७५०	३१६०५	३४७४६	४८२००	४१७६८	**१८५०६९**	
२	पशु सेवा	१९०९०	२२७४९	२२५७४	२४५८१	२६७८९	**११५७८४**	
३	घरेलु तथा साना उद्योग र व्यापार व्यवसाय	१३६००	२३९६०	२५२५६	२१७३२	१९९१२	**१०४४५९**	

क्र.स.	विकास क्षेत्र	आर्थिक वर्ष					जम्मा रकम (रु. हजार)	प्रतिशत
		२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२		
५	पर्यटन	१३२६००	१३५८३५	११३६४४	११२६०८	१२६३४६	**६२१०३२**	
४	वित्तीय संस्था तथा सहकारी	९६००	१०११०	१११२१	१२२३३	१३४५६	**५६५२१**	
	जम्मा	**२०३६४०**	**२२४२५९**	**२०७३४०**	**२१९३५४**	**२२८२७२**	**१०८२८६५**	**१२.२६**
ख.	**सामाजिक विकास**							
१	शिक्षा	७६०३०	८२३३३	८२५५६	८९८६२	९४४४८	**४२५२२९**	
२	स्वास्थ्य	८३०५६	६८६६२	५५६४८	३८५५३	४२४०८	**२८८३२६**	
३	खानेपानी तथा सरसफाई	३५५००	३७९५०	४१७४५	४५९२०	५०५११	**२११६२६**	
४	महिला, बालबालिका तथा लक्षित समुदाय	४३३५०	४४४७५	४२९१३	५१६९४	५०८५३	**२३३२८४**	
५	युवा तथा खेलकुद	६६९००	१३४२९०	१११९१९	६०३११	६८९९२	**४४२४१२**	
६	धर्म संस्कृती	२६५००	२८९००	२९०४०	३१९४४	३५१३८	**१५१५२२**	
	जम्मा	**३३१३३६**	**३९६६१०**	**३६३८२१**	**३१८२८३**	**३४२३५१**	**१७५२४००**	**१९.८४**
ग.	**पूर्वाधार विकास**							
१	सडक	३१०६००	३५७१६०	३६६६२६	३८९७८९	४२७४६७	१८५१६४२	
२	वस्ती विकास	३०००	३३००	५३६३०	३९९३	४३९२	६८३१५	
३	विद्युत तथा उर्जा	६६०००	४६०००	४७१००	४८३१०	४९६४१	२५७०५१	
४	संचार	३००००	३००००	३१२५०	३४२७५	३७६०३	१६३१२८	
५	विशेष पूर्वाधार	२१६०००	२१६०००	६६०००	६६०००	६६०००	६३००००	
	जम्मा	**६२५६००**	**६५२४६०**	**५६४६०६**	**५४२३६७**	**५८५१०३**	**२९७०१३६**	**३३.६३**
घ.	**वन, वातावरण तथा विपद् व्यवस्थापन**							
१	वन तथा वातावरण	८९०००	९५६००	७८१००	८३३६०	८८३४६	**४३४४०६**	
२	भूसंरक्षण तथा विपद् जोखिम व्यवस्थापन	४०५००	३७९५०	३१८४५	३६५३०	३८५३२	**१८५३५७**	
	जम्मा	**१२९५००**	**१३३५५०**	**१०९९४५**	**११९८९०**	**१२६८७८**	**६१९७६३**	**७.०२**
ङ	**संस्थागत विकास तथा सुशासन**							
१	संस्थागत क्षमता विकास	१००१८०	६४७८०	६४८२९	७४४८३	७८९९२	**३८३२६४**	
	जम्मा	**१००१८०**	**६४७८०**	**६४८२९**	**७४४८३**	**७८९९२**	**३८३२६४**	**४.३४**
च.	**प्रशासनिक खर्च**	३०००००	३४५०००	३९६७५०	४५६२६३	५२४७०२	२०२२७१४	
	जम्मा प्रशासनिक खर्च	**३००००**	**३४५०००**	**३९६७५०**	**४५६२६३**	**५२४७०२**	**२०२२७१४**	**२२.९०**
	कुल जम्मा	**१६९०२५६**	**१८१६६५९**	**१७०७२९०**	**१७३०६३८**	**१८८६२९८**	**८८३११४१**	**१००**

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

तालिका १०.४ मा उल्लेख भएअनुसार यस नगरपालिकाको आवधिक नगर विकास योजना कार्यान्वयनका लागि कुल रु. ८ अर्ब ८३ करोड ११ लाख ४१ हजार बजेट आवश्यक हुने अनुमान गरिएको छ। जस अनुसार सवैभन्दा धेरै पूर्वाधार विकास क्षेत्रमा रु. २ अर्ब ९७ करोड १ लाख ३६ हजार (३३.६३ प्रतिशत) रहेको छ। यसबाहेक अर्को ठूलो लगानीको क्षेत्र सामाजिक विकास क्षेत्रका लागि रु. १ अर्ब ७५ करोड २४ लाख (१९.८४ प्रतिशत), आर्थिक विकास क्षेत्रको लागि रु. १ अर्ब ८ करोड २८ लाख ६५ हजार (१२.२६ प्रतिशत), वन तथा वातावरण क्षेत्रका लागि रु. ६१ करोड ९७ लाख ६३ हजार र संस्थागत विकासका लागि रु. ३८ करोड ३२ लाख ६४ हजारको बजेट आवश्यक हुने अनुमान गरिएको छ।

१०.६ राजस्व अनुमान

यस बूढानीलकण्ठ नगरपालिकाको ५ वर्षे प्रथम आवधिक नगर विकास योजना काल (आ.व. २०७७/०७८ देखि २०८१/०८२ सम्म) को लागि विभिन्न स्रोहरुबाट उपलब्ध हुनसक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरुको अनुमान गरिएको छ । बूढानीलकण्ठ नगरकार्यपालिकाको कार्यालय, नीजि क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्नसक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुनसक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ ।

यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिनेछ । उक्त स्रोतहरूमा नगरपालिकाको आन्तरिक स्रोत तथा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरु, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरुबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

तालिका १०.५ : आवधिक योजना कार्यान्वयनको लागि शीर्षकगत राजस्व अनुमान (रकम रू. हजारमा)

क्र.स.	विवरण	आधार बर्ष आ.व. ०७६/७७ (औसत)	आर्थिक बर्ष					कुल जम्मा
			०७७/७८	०७८/७९	०७९/८०	०८०/८१	०८१/८२	
१	**आन्तरिक तथा राजस्व आय**							
१.१	कर गैरकर राजस्व (आन्तरिक)	१९९४७८	२१९४२६	२४१३६८	२६५५०५	२९२०५५	३२१२६१	१३३९६१५
१.२	राजश्व बाँडफाँट (रजिष्ट्रेशन)	२०६०३०	२२६६३३	२४९२९६	२७४२२५	३०१६४८	३३१८१३	१३८३६१५
१.३	अन्त:शुल्क र मूल्य अभिवृद्धि कर	८८५००	९७३५०	१०७०८५	११७७९४	१२९५७३	१४२५३०	५९४३३१
१.४	बन रोयल्टी	०	१०००	११००	१२१०	१३३१	१४६४	६१०५
	जम्मा	**४९४००७**	**५४४४०८**	**५९८८४९**	**६५८७३४**	**७२४६०७**	**७९७०६८**	**३३२३६६७**
२	**वित्तीय हस्तान्तरण**							
२.१	***प्रदेश सरकार अनुदान***							
२.१.१	वित्तीय समानीकरण	११०७०	११८९६	१२४९१	१३११५	१३७७१	१४४६०	६५७३३
२.१.२	सशर्त अनुदान	१५५९	३५००	३६७५	३८५९	४०५२	४२५४	१९३४०
२.१.३	समपुरक अनुदान	२५०००	२९५००	३०९७५	३२५२४	३४१५०	३५८५७	१६३००६
२.१.४	विशेष अनुदान	३०००	३५०००	३६७५०	३८५८८	४०५१७	४२५४३	१९३३९७
२.१.५	राजस्व बाँडफाँट (सवारी साधन)	३३१२७	४०९२३	४२९६९	४५११८	४७३७३	४९७४२	२२६१२५
	जम्मा	**७३७५५**	**१२०८१९**	**१२६८६०**	**१३३२०३**	**१३९८६३**	**१४६८५६**	**६६७६०१**
२.२	***संघीय सरकार अनुदान***							
२.२.१	वित्तीय समानीकरण	२७२३५५	२६०३००	२७३३१५	२८६९८१	३०१३३०	३१६३९६	१४३८३२२
२.२.२	सशर्त अनुदान	१५९३००	३०१०००	३१६०५०	३३१८५३	३४८४४५	३६५८६७	१६६३२१५
२.२.३	स्थानीय पूर्वाधार	४५०२०	४५०२०	४७२७१	४९६३५	५२११६	५४७२२	२४८७६४
२.२.४	विशेष अनुदान	३००७	३००७	३१५८	३३१६	३४८२	३६५६	१६६१८
	जम्मा	**४७९६८२**	**६०९३२७**	**६३९७९४**	**६७१७८४**	**७०५३७३**	**७४०६४१**	**३३६६९१९**
३	**अन्य विविध**	**५००००**	**५५०००**	**६०५००**	**६६५५०**	**७३२०५**	**८०५२६**	**३३५७८१**
	कुल आम्दानी अनुमान	**१०९७४४५**	**१३२९५५५**	**१४२६००३**	**१५३०२७०**	**१६४३०४८**	**१७६५०९१**	**७६९३९६७**
	कुल खर्च अनुमान		**१६९०२५६**	**१८१६६५९**	**१७०७२९०**	**१७३०६३८**	**१८८६२९८**	**८८३११४१**
	वचत तथा नपुग रकम		**-३६०७०१**	**-३९०६५६**	**-१७७०२०**	**-८७५९०**	**-१२१२०७**	**-११३७१७४**

स्रोत : नगरपालिकास्तरीय छलफल, २०७७

नोट :

१. विगत तीन आर्थिक बर्षको औसत रकमलाई आधार वर्षको यथार्थ मानिएको छ ।

२. पहिलो आ.व. २०७७/७८ को राजस्वका लागि आधार बर्षको यथावत अनुमान गरिएको छ भने बाँकी चार आ.व. का लागि बार्षिक ५ प्रतिशतका दरले बढ्न सक्नेगरी राजस्व अनुमान गरिएको छ ।

यस आवधिक योजना अवधिमा कुल रु. ८ अर्ब ८३ करोड ११ लाख ४१ हजार खर्च हुने अनुमान गरिएको छ भने रु. ७ अर्ब ६९ करोड ३९ लाख ६७ हजार विभिन्न स्रोतहरुबाट रकम प्राप्त हुने अनुमान गरिएको छ। कुल अनुमानित खर्च गर्न अपुग हुने रकम रु. १ अर्ब १३ करोड ७१ लाख ७४ हजारका लागि नगरपालिकाले थप श्रोत परिचालन गर्नुपर्ने हुन्छ । सोका लागि नगरपालिकाले निम्नानुसारका रणनीतिहरु अवलम्बन गरी श्रोत व्यवस्थापन गर्नु पर्नेछ ।

- यस आवधिक नगर विकास योजना अवधिमा नगरपालिकाले तर्जुमा गर्ने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुनेगरी तर्जुमा गरिनेछ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरुपमा यस आवधिक नगर विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (साँसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक नगर विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नगरमा आउने रकमलाई नगरस्तरीय महत्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।
- गैरसरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ। कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी नगरपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइने छ ।
- स्थानीय बचत तथा ऋण समुहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- संघीय तथा प्रदेश सरकारबाट विशेष तथा समपुरक अनुदान प्राप्त गरिनेछ ।
- नगर क्षेत्रभित्र राष्ट्रिय र प्रदेशस्तरीय महत्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले संघ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा नगरपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
- नगरपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, श्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरिनेछ ।
- मन्दिर, गुम्बा लगायत सांस्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
- स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
- आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

परिच्छेद एघार : अनुगमन तथा मूल्याङ्कन योजना

११.१ पृष्ठभूमि

कुनै पनि योजना अपेक्षित गति, गुणस्तर र दिशामा अग्रसर भइरहेको छ भन्ने कुरा योजना कार्यान्वयनकै अवधिमा थाहा पाउन सके सम्बन्धित योजना तथा कार्यक्रमहरुलाई आवश्यकता अनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ। यहि भूमिकाका कारण योजना चक्रमा अनुगमनको भूमिका महत्वपूर्ण रहेको छ।[८] नगरपालिकाले आगामी वर्षदेखि कार्यान्वयनमा ल्याउने यस आवधिक योजना तथा कार्यक्रमहरु सही दिशा, गुणस्तर र गतिमा सञ्चालन भइरहेको छ छैन भनी नियमित अन्तरालमा जानकारी दिई निर्दिष्ट लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल गर्न सघाउ पुऱ्याउँन यो अनुगमन ढाँचा तयार गरिएको छ।

मूल्याङ्कन कुनैपनि योजनाको चक्रको अन्तिम क्रियाकलाप हो। यो योजना सम्पन्न भएको सामान्यतया दुई वर्षपछि गरिन्छ र योजनाको मध्य अवधिमा पनि गर्ने चलन छ। मूल्याङ्कनले सञ्चालित योजना तथा कार्यक्रमहरु समय सान्दर्भिक/औचित्यपूर्ण थिए वा थिएनन्, समयानुकूल थिए वा थिएनन्, ती योजना कार्यक्रम आफैमा आवश्यक थिए वा थिएनन् भन्ने विषयमा तथ्यमा आधारित रही जानकारी गराउँदछ। यस अनुगमन मूल्याङ्कन ढाँचाले यस आवधिक योजनाको मूल्याङ्कनका लागि विधि तथा पद्धति स्थापित गर्दछ।

अनुगमन, मूल्याङ्कनको उपरोक्त सैद्धान्तिक पृष्ठभूमिमा यस अनुगमन, मूल्याङ्कन पद्धतिले नगरपालिकाको आवधिक रणनीतिक विकास योजनाको प्रभाव, असर मूल्याङ्कन तथा अपेक्षित प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ। नगरपालिकाले सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरी यस योजनाको कार्यान्वयन प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्नेछ। आवधिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि तपशील बमोजिम प्रस्ताव गरिएको छ :

११.२ अनुगमन संयन्त्र

आवधिक नगर विकास योजनाको अनुगमन प्रक्रियाको सम्पूर्ण सहजीकरणको जिम्मेवारी नगर कार्यपालिका कार्यालयको हुनेछ। नगरकार्यपालिकाको कार्यालयले यस आवधिक नगर विकास योजनाको सोच तालिका तथा कार्यान्वयन योजनामा आधारित भई वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नेछ। योजना अनुगमनमा संलग्न हुने संयन्त्रहरु देहाय बमोजिम हुनेछन्।

- जिल्ला समन्वय समिति

[८] योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ। (राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, २०७० असार)

- नगरकार्यपालिका तथा विषयगत समिति
- वडास्तरीय अनुगमन समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति
- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

११.३ अनुगमन विधि

अनुगमनका विभिन्न विधि तथा प्रक्रियाहरु प्रचलनमा रहेकाछन् । यस आवधिक नगर विकास योजनाको अनुगमनका साधन तथा विधि देहायअनुसार हुनेछ ।

- स्थलगत अनुगमन
- वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना
- आवधिक योजनाको लक्ष्य र प्रगति बीच तुलना
- नागरिक अनुगमन
- कार्यान्वयन योजनामा आधारित क्रियाकलाप अनुगमन र सोच तालिकामा आधारित प्रतिफल अनुगमन
- कार्यान्वयन योजना र सोच तालिकामा आधारित मध्यावधि समीक्षा
- सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछ :

तालिका ११.१ : अनुगमन खाका

के गर्ने	कसले गर्ने	कहिले गर्ने	कसरी गर्ने	फलोअप
अनुगमन प्रक्रिया				
कार्यक्रम वा प्रक्रिया अनुगमन	सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस	आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक	• स्थलगत अनुगमन • वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना • बृहत् योजनाको कार्यान्वयन योजनाको वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन	• अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने • नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नपासमक्ष कार्ययोजना पेश गर्ने
प्रतिफल अनुगमन	नगर कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति	चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि	• स्थलगत अनुगमन • वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना • सञ्चालित योजनाहरुको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने	
असर तह अनुगमन	नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष	वार्षिक, मध्यावधि र अन्तिम वर्ष	• लक्षित समूह तथा सहभागितामूलक छलफल • नमूना सर्वेक्षणमार्फत् सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन	

के गर्ने	कसले गर्ने	कहिले गर्ने	कसरी गर्ने	फलोअप
			• योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन • प्रतिवेदन तयारी र नगरपालिकामा छलफल	
मूल्याङ्कन प्रक्रिया				
असर तह मूल्याङ्कन	स्वतन्त्र तेस्रो पक्ष	योजनाको मध्य अवधि	• लक्षित समूह तथा सहभागितामूलक छलफल • नमूना सर्वेक्षण मार्फत् सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन • असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने • प्रतिवेदन तयारी र नगरपालिकामा छलफल	
प्रभाव तह मूल्याङ्कन	नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष	योजना सम्पन्न भएको दुई वर्षपछि	• लक्षित समूह तथा सहभागितामूलक छलफल • नमूना सर्वेक्षण मार्फत् योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरु हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन • प्रतिवेदन तयारी र नगरपालिकामा छलफल	

सन्दर्भ सामाग्रीहरु

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजना, (२०७६/२०७७-२०८०/२०८१)

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजनाको आधारपत्र, (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

नेपाल सरकार, राष्ट्रिय योजना आयोग, नेपाल दिगो विकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र: (सन् २०१६-२०३०)

नेपाल सरकार, शिक्षा मन्त्रालय, विद्यालय क्षेत्र विकास योजना, (वि.सं. २०७३/०७४–२०७९/०८०)

नेपाल सरकार, नेपालको संविधान, २०७२

नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितिको सन्दर्भमा गाउँपालिका/नगरपालिकाको तात्कालिक आवश्यकता पहिचान तथा कोभिड-१९ संवेदनशील योजना तर्जुमा ढाँचा (नमूना)

नगरकार्यपालिकाको कार्यालय, बूढानीलकण्ठ नगरपालिका, नगर पार्श्वचित्र, २०७५

नगरकार्यपालिकाको कार्यालय, बूढानीलकण्ठ नगरपालिका, वार्षिक नगर विकास योजना, (आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/७७)

नगरकार्यपालिकाको कार्यालय, बूढानीलकण्ठ नगरपालिका, पर्यटन गुरु योजना, (आर्थिक वर्ष २०७५/७६-२०७९/८०)

नगरकार्यपालिकाको कार्यालय, बूढानीलकण्ठ नगरपालिका, बार्षिक नीति तथा कार्यक्रमहरु (आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/७७)

प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ३, २०७५, पहिलो आवधिक योजना, आधार पत्र (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

GOVERNMENT OF NEPAL, MINISTRY OF HEALTH AND POPULATION NEPAL HEALTH SECTOR STRATEGY (2015-2020)

Government of Nepal, Ministry of Urban Development Plan and Physical Planning Development, National Urban Development Strategy (NUDS), 2017

अनुसूचीहरू

अनुसूची १ : पूर्वतयारी कार्यशाला गोष्ठीको संक्षिप्त प्रतिवेदन

१. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको रुपमा परिकल्पना गरेको छ । जसअनुसार आफ्नो अधिकार क्षेत्रको विषयमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी सबै तहमा रहेको छ । जनताको सबैभन्दा नजिकको सरकारका रुपमा नगरपालिकाले संविधान र कानूनी तथा नीतिगत व्यवस्था बमोजिम स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । स्थानीय तहको योजना तर्जुमाका क्रममा दीगो विकास लक्ष्य र संघीय तथा प्रादेशिक योजनासँग तादत्म्यता कायम गर्नु जरुरी हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, गरीबी निवारण, जीवनस्तर सुधार, रोजगारीका वृद्धि, उच्च जनसहभागिता, लक्षित वर्ग हित, दीगो विकास र भाषिक तथा साँस्कृतिक जगेर्ना जस्ता विषयलाई प्राथमिकता दिनुपर्ने कुरालाई जोड दिएको देखिन्छ । यसै सन्दर्भमा काठमाण्डौँ स्थित बूढानीलकण्ठ नगरपालिकाले आगामी ५ वर्षको लागि आवधिक नगर विकास योजना तयार गर्न गईरहेको र सोको तयारी स्वरुप आवधिक योजना पूर्वतयारी कार्यशाला आयोजना गरिएको हो ।

२. कार्यक्रमको उद्देश्य

यस कार्यशालाको मुख्य उद्देश्य नगरपालिकाको आवधिक नगर विकास योजनाको तयारीको लागि आवश्यक विषयहरुमा सरोकारवालाहरु बीच सहमति निर्माण गर्नु रहको थियो । विशिष्ट रुपमा यस कार्यशालाको निम्न अनुसारको उद्देश्यहरु रहेका थिए ।

क) आवधिक नगर विकास योजनाको आवश्यकता, तर्जुमा प्रक्रिया र विषयवस्तु बारेमा नगरका सरोकारवालाहरुलाई जानकारी गराउनु ।

ख) नगरको समग्र विकासका अवसर, सम्भावना तथा समस्या विश्लेषण गर्नु ।

ग) योजना तर्जुमामा प्रशसंनीय खोजको प्रयोगको वातावरण तयार पार्नु ।

३. विधि

यो कार्यक्रम विषेशत प्रस्तुतीकरण, मन्तव्य, समुह अभ्यास तथा छलफल रहेको थियो ।

योजना विज्ञको समूहले आवधिक नगर विकास योजनासँग सम्बन्धित दस्तावेजहरुको पुनरावलोकनको आधारमा तयार गरिएको प्रस्तुतिहरुलाई सहभागिहरु समक्ष प्रस्तुत गरिएको थियो । सम्पूर्ण सहभागीहरुलाई पाँच समूहहरु जस्तै आर्थिक विकास समूह, सामाजिक विकास समूह, भौतिक पूर्वाधार विकास समूह, वन वातावरण तथा विपद् व्यवस्थापन समूह र संस्थागत विकास तथा सुशासन समूहमा विभाजन गरी अवसर सम्भावना विश्लेषण, र समस्या विश्लेषणको कार्य गरिएको थियो ।

३.१ प्रस्तुतीकरणका मूख्य विषयहरु

- योजना तर्जुमाको उद्देश्य

- आवधिक योजनाको अवधारणा र तर्जुमा प्रक्रिया
- नतिजामा आधारित योजना तर्जुमा, अवधारणा र आवधिक योजनामा यसको प्रयोग
- योजना तर्जुमामा प्रशंसनीय खोजको प्रयोग
- विद्यमान ऐन नियम, कार्यविधि तथा दस्तावेजहरुको अध्ययन ।

३.२ कार्यक्रमका सहभागीहरु

बूढानीलकण्ठ नगरपालिकाको लागि तयार हुनगई रहेको यस आवधिक नगर विकास योजना तर्जुमाको पूर्व तयारीको रुपमा सञ्चालन हुन गईरहेको यस कार्यक्रममा नगर प्रमुख लगायत नगरपालिकाका पदाधिकारीहरु, प्रदेश सभाका सदस्यहरु, नगरपालिकाका सल्लाहाकारहरु, प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुख एवं प्रतिनिधिहरु र नगर विकाससँग सम्बन्धित अन्य सरोकारवालाहरुको उक्त कार्यक्रममा सहभागिता रहेको थियो ।

३.३ समूहकार्य : अवसर सम्भावना विश्लेषण

(क) आर्थिक विकास

अवसर	सम्भावना
कृषि	
कृषि योग्य जमीन	व्यवसायिक मौसमी तथा बेमौसमी तरकारी खेती अर्गानिक खेती, हाइड्रोपेनिक खेती
ढलान भएका घरहरु	कौसी खेती
धार्मिक महत्वको क्षेत्र	पुष्प खेती
भिरालो जमिन भएको	फलफूल खेती
साना तथा घरेलु उद्योग तथा वाणिज्य	
साना तथा घरेलु व्यबसाय सञ्चालनमा रहेका	रोजगारको सृजना
सेवामूलक व्यबसाय	
पर्यटन	
होमस्टे सञ्चालन	आम्दानीमा बृद्धि
धार्मिक स्थलको रुपमा स्थापित	होटल व्यवसायको स्थापना र सञ्चालन गर्न सकिने
हरियाली शहर	काठमाण्डौँका पर्यटकलाई आकर्षित गर्न सकिने
सहकारी/वित्तीय क्षेत्र	
व्यवसायमा लगानी	व्यवसायिक रुपमा तरकारी खेती गरी
आर्थिक संकलन	
जनशक्ति प्रशस्त भएको	
रोजगारीमूलक व्यवसाय सञ्चालन	
लगानीमा सहज	
बैक तथा वित्तिय संस्था प्रसस्त रुपमा भएकोले घरघरमा सेवा दिन सक्ने	
रोजगारी	
जनशक्ति प्रशस्त भएको	▪ विभिन्न सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्न सकिने
रोजगारीको अवसर प्रसस्त	▪ होटल व्यवसायको बिकास तथा विस्तार

(ख) सामाजिक विकास

अवसर	संभावना
शिक्षा	
भौतिक पूर्वाधार	प्राविधिक शिक्षा सञ्चालनको आधार तयार भएको
जन शक्ति/विज्ञ	विद्यालय स्तर उन्नती
संगठन संरचना/कानूनी कार्यविधि तयार हुनु	
साझेदार संस्था	
शिक्षाप्रति सचेत नागरिक	
शिक्षण मैत्री वातावरण	
बजेट विनियोजनको लागि स्थानिय तहको हैसियत	शिक्षामा पर्याप्त बजेट कार्यक्रम छनौट
बूढानीलकण्ठ मावि ब्राण्ड	ब्राण्डको आधारमा अन्य विद्यालयलाई उन्नत बनाउने
संघिय प्रादेशिक नीति/बजेट/कार्यक्रम	
स्वास्थ्य	
भौतिक पूर्वाधार	
जन शक्ति/विज्ञ/महिला स्वास्थ्य स्वंयसेविका	
संगठन संरचना/कानूनी कार्यविधि तयार हुनु	नगर अस्पताल
साझेदार संस्था, बजेट स्थानिय तहको हैसियत	बर्थिङ सेन्टर
सचेत नागरिक	
स्वास्थ्य वातावरण	
शिक्षामा योगदान गर्ने	
संघिय प्रादेशिक नीति/बजेट/कार्यक्रम	
लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण	
संगठन संरचना/कानूनी कार्यविधि तयार हुनु	न्यायिक समितिको क्षमता अभिबृद्धी
जनशक्ति/विज्ञ	कार्यबिधि
साझेदार संस्था पर्याप्त	
राष्ट्रियस्तरका साझेदार निकाय विज्ञ नजिकै	
बजेट विनियोजन गर्न स्थानियतहको हैसियत	
संघिय प्रादेशिक नीति /बजेट /कार्यक्रम	
समुदाय स्तरसम्म संरचना नेटवर्क	
उपमेयर न्यायिक समितिको संयोजक हुनु	
संस्कृति	
बिभिन्न जातजाति धर्म संप्रदायको बसोबास	होम स्टे प्रवर्द्धन
बहुसांस्कृतिक समुदाय	बहुसांस्कृतिक क्षेत्रको रुपमा पहिचान गर्न
धार्मिक सहिष्णता/प्रमुख धार्मिक स्थल	धार्मिक पर्यटनको प्रर्वद्धन गर्न
बजेट स्थानिय तहको हैसियत	
पर्यटक आकर्षण गर्ने भूगोल	पर्यटन व्यवसाय प्रवर्द्धन

ग) भौतिक पूर्वाधार

अवसर **(हामीसँग जनताको समृद्धिमा योगदान पुऱ्याउने कुरा के के छन् ?)**	**सम्भावना** **(तिनीहरुको प्रयोगबाट के के प्राप्त गर्न सकिन्छ ?)**
धोवीघाट, विष्णुमति कोरिडोर, बाँसबारी, बूढानीलकण्ठ सडक र अन्य सडकहरुको निर्माण भई सकेको	▪ यस नगरपालिकाको नगर यातायात गुरु योजना बनाई व्यवस्थित यातायात प्रणाली सञ्चालन गर्न सकिने ▪ शहरीकरण सहज हुने

अवसर (हामीसँग जनताको समृद्धिमा योगदान पुऱ्याउने कुरा के के छन् ?)	सम्भावना (तिनीहरुको प्रयोगबाट के के प्राप्त गर्न सकिन्छ ?)
	▪ सडकमा लगाउनु पर्ने लगानी अन्यत्र उपयोग गर्न सकिने ▪ ठूला मल निर्माण
यस नरपालिकाकामा प्रशस्त जग्गा खाली भएको	▪ सो खाली जग्गामा गुरुयोजना बनाई कार्यान्वयन गर्न सकिने ▪ शहरीकरणलाई व्यवस्थित गर्न सकिने

ङ) संस्थागत विकास तथा सुशासन

अवसर (हामीसँग जनताको समृद्धिमा योगदान पुऱ्याउने कुरा के के छन् ?)	सम्भावना (ती अवसरको आधारमा के के गर्न सकिन्छ ?)
आफ्नै सुविधा सम्पन्न कार्यालय भवन भएको	सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिने
प्राय सबै वडाको आफ्नै कार्यालय भएको	सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिने
विभिन्न शाखाहरुको व्यवस्थापन भएको	सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिने
राजस्वका स्रोतहरु प्रशस्त भएको	विभिन्न कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्न सकिने
न्यायिक समिति पूर्ण रुपमा क्रियाशील रहेको	न्याय सम्पादन छिटोछरितो ढंगले सञ्चालन गर्न सकिने
नगर प्रहरिको व्यवस्था भएको	नगर भित्रको सामान्य खालका अवाञ्छित गतिविधि नियन्त्रण गर्न तथा विपद्का घटना राहत कार्य सञ्चालन गर्न सहयोग पुग्ने
नगर पार्श्वचित्र तयार भएको	विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आधार तथ्यांक प्राप्त हुने र योजना तर्जुमा प्रक्रिया सहज हुने

४. सुझाव तथा मार्गदर्शन

मा. श्री भीमसेन खत्री, प्रदेश सभा सदस्य, बागमति प्रदेश

बागमति प्रदेशका प्रदेशसभा सदस्य माननीय श्री भीमसेन खत्रीले उद्घाटन सत्रमा बोल्दै निम्नानुसारका विषयमा जोड दिनु भयो ।



- नगरपालिकाभित्रको बसाई सराई भएर आउनेको दर उच्च रहेकोले जनसांख्यिक आयमहरु परिवर्तनशील रहेको
- भौतिक पूर्वाधारहरु आफैंमा समस्याको रुपमा देखा परेको
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको
- शिक्षाको गुणस्तर कमजोर भएको
- रोजगारी सिर्जना हुन नसकेको
- बूढानीलकण्ठमा एउटा विश्वविद्यालय खोल्न पहल गर्नुपर्ने
- स्वास्थ्य क्षेत्रको विकासको लागि ध्यान दिनुपर्ने
- परियोजनाहरु त्रुटीपूर्ण रहेकोले यसमा बृहत समीक्षा गर्नुपर्ने ।

मा. श्री दीपक निरौला, प्रदेश सभा, बागमति प्रदेश



बागमति प्रदेशका प्रदेशसभा सदस्य माननीय श्री दीपक निरौलाले उद्घाटन सत्रमा बोल्दै निम्नानुसारका विषयमा जोड दिनु भयो ।

- कुनैपनि कार्यक्रम नतिजाको लागि हुनुपर्ने र यस्तो किसिमबाट सञ्चालन भएको कार्यक्रम नतिजामूलक हुन नसक्ने ।
- विकास भनेको सडक र ढल निर्माण मात्रै हो भन्ने धारणा गलत रहेको ।
- गत तीन आर्थिक वर्षको बार्षिक बजेटको समीक्षा हुनुपर्ने ।
- समाजको आर्थिक विकास भयो कि भएन भन्ने समीक्षा गर्नुपर्ने ।
- बूढानीलकण्ठ नगरपालिका देशकै सय वटा पर्यटकीय गन्तव्य स्थलमध्येको एक रहेको ।
- बूढानीलकण्ठ नगरपालिका क्षेत्रलाई सडक मानवमुक्त बनाउनु पर्ने ।
- एक विद्यालय एक नर्सको नीति यस नगरपालिकाले पनि कार्यान्वयनमा ल्याउन सहयोग गर्नुपर्ने ।
- एक स्थानीय सरकार अन्तरगत १५ शैयाको एउटा अस्पतालको नीतिअनुसार बूढानीलकण्ठमा पनि एक अस्पताल सञ्चालनमा आउनुपर्ने ।
- सामुदायिक विद्यालयहरु मर्ज गर्न आवश्यक भएको ।
- कुनै विद्यालयमा विद्यार्थी भएको तर आवश्यक मात्रामा भौतिक पूर्वाधार नभएको कुनै विद्यालयमा विद्यार्थी भएको तर भौतिक संरचना तथा शिक्षक नभएको ।
